# युवा सोच र खेलकुद

✍ खुशराज दाहाल राजन

हाम्रो कानुनी मान्यतामा युवा भनेको १६-४० वर्ष उमेर समूहभित्रको जनशक्ति भनेर परिभाषित भएको अवस्था छ । तर व्यवहारमा भने जोसँग जाँगर छ र जसले बल र बुद्धिबाट समाजलाई सकारात्मकतातर्फ प्रेरित गर्दछ ऊ पनि युवा नै हो भन्दा खासै फरक पर्दैन । जे भए पनि युवा भनेको शारीरिक रूपमा तन्दुरुस्त हुने उमेरसम्मलाई मानिएको छ । जब मानिस ४० वर्ष पार गर्दछ उसका शारीरिक अवयवहरू क्रमशः कमजोर हुँदै जान थाल्छन् । त्यसैले पनि युवालाई उमेर समूहभित्र राखिएको हुनुपर्दछ ।

जब शरीरमा तागत हुन्छ तब उसको सोचाइ पनि अलि भिन्न प्रकृतिको नै हुन्छ । यस्तो भिन्न चिन्तन भएका वेलामा सही मार्ग पहिल्या( उन नसेकेमा त्यस्तो युवा समाज रूपान्तरणमा सहयोगी नबन्न पनि सक्छ । त्यसैले यो उमेरभि( त्रका युवाहरूलाई मानसिक रूपमा जस्तै शारीरिक रूपमा पनि चलायमान गराउन सक्ने खेलकुदप्रति सकारात्मक चिन्तन प्रवाह गराउन सक्नु पर्दछ अनि मात्र उसमा शारीरिक तथा मानसिक तन्दुरुस्ती हुनेछ जसले देश निमार्णमा अहम् योगदान दिन सक्छ ।

## चिन्तनको समस्या

जीवनको पहिलो आवश्यकताको परिभाषामा पर्नुपर्ने खेलकुद नेपाली समाजमा अझै महत्त्वहीन नै छ । जन्मदेखि मृत्युसम्मका सबै क्रियाकलाप खेलकुदको परिभाषाभित्र पर्ने गर्दछन् । तर हामी आज पनि खेललाई केवल रमाइलो विषयका रूपमा ग्रहण गरिरहेका छौँ । के आज विश्व जगत्मा खेलकुद यतिमा मात्र सीमित छ त ? यस कुरालाई गम्भीर भएर अब पनि सोचिएन भने नेपाली खेलकुद निकै पछाडि पर्ने पक्का छ ।

शारीरिक तन्दुरुस्ती विना मानिसले बौद्धिक काम पनि गर्न सक्दैन । अर्थात् स्वच्छ मानसिकता, सकारात्मक चिन्तन र कामप्रतिको लगनशीलत( ाका लागि पनि शारीरिक फुर्ती आवश्यक हुन्छ । यो शारीरिक स्फुर्ति केवल खेलकुदले मात्र दिन्छ । तर आज पनि नीति नियम बनाउनेदेखि समाजका सबै मानिसमा खेलेर पनि खान पाइन्छ र ? भन्ने मानसिकता कायमै छ ।

बिहान उठेर शारीरिक व्यायाम गर्नुका सट्टा चिया पसलदेखि दिनभरि क्यारामबोर्ड खेल्दै र साँझ परेपछि भट्टीमा गफिने क्रममा नेताहरूले केही गरेनन् भन्ने युवा शक्तिको चिन्तनमा परिवर्तन आवश्यक छ । आफूले के गरेको छु भनेर चिन्तन नगर्ने तर नेताहरूले केही पनि



✍मकवानपुर जिल्ला खेलकुद विकास समिति नमुना युवा सूचना केन्द्रका कार्यालय प्रमुख तथा सन्चारकर्मी हुनुहुन्छ /

गरेनन् भनेर सोच्ने दिमागलाई देश विकास र खेलकुद क्षेत्रमा प्रेरित गर्ने हो भने पक्कै पनि देश निर्माणका लागि सकारात्मक सोच भएको युवा शक्ति निर्माण गर्न सकिनेछ ।

## समस्या लागानीको

बजेट बनाउने वेलामा खेलकुदमा लगा( नी गर्नु भनेको बालुवामा पानी हाल्नु बराबर नै हो भनेर ठट्टामा उडाउने गरिएको पनि यदाकदा सुनिन्छ । बजेट विनियोजनको आकार हेर्दा योजना बनाउनेहरूले गरेको ठट्टालाई प्रमाणित गर्दछ । यस किसिमको मानसिकता परिवर्तन नभएसम्म खेल क्षेत्रले पर्याप्त बजेट पाउने छैन । बजेट विना यसको समग्र विकास र विस्तारको कल्पना पनि गर्न सकिँदैन ।

खेलकुदमा गरिने लगानी पक्कै पनि एउटा उद्योगमा गरे जस्तो हुँदैन । लामो अभ्यासबाट मात्र प्रतिफल पाइने क्षेत्र हो खेलकुद । आठ वर्षको बाल( कलाई लगानी गरेर अभ्यास गराएमा उसले बल्ल १५/ १६ वर्षपछि परिणाम दिन सक्छ । तर आज गरेको लगानीले भोलि नै मुनाफा दिने मानसिकता भएका मानिसहरू जबसम्म खेलकुदको नेतृत्वमा पुग्दछन् तबसम्म नेपाली खेलकुदको हबिगत जस्ताको तस्तै रहिरनेछ ।

## दलहरूको भूमिका

युवाका लागि अनेक सपना बाँडेर उनीहरूलाई चुनाव प्रचारमा प्रयोग गर्ने दलहरूले पनि राज्य संयन्त्रलाई घच्घच्याएर खेलकुदको पूर्वाधार विकासमा योगदान किन नगर्ने ? के सत्तामा पुग्नलाई भऱ्याङ बनाउन मात्र युवालाई सपना बाँड्ने काम मात्र हो त दलहरूको ? पक्कै पनि युवाहरूलाई परिचालन गर्ने सशक्त माध्यम भनेको खेलकुद नै हो । तर यसका लागि नेता र दलहरूसँग ठोस योजना हुनुआवश्यक छ । दल र तिनका नेताहरूमा यस किसिमको कुनै पनि योजना भएको पाइँदैन । उनीहरू केवल युवा परिचालन भनेको निर्वाचनका लागि मात्र हो भन्ने ठान्दछन् । अनि युवाहरू पनि यही मानसिकताबाट ग्रसित भएको अवस्था छ । युवाहरूले खेलकुदका लागि दीर्घकालीन योजना माग गर्ने वा आफ्ना तर्फबाट पेस गर्ने प्रयास पनि गरेको अवस्था छैन ।

## निजी क्षेत्रको योगदान

यसै क्रममा निजी क्षेत्रले पनि खेलकुदलाई खासै महत्त्व दिएका छैनन् भन्दा आरोप लगाएको हुँदैन । देशका विभिन्न जिल्लामा ठुला उद्यौगिक क्षेत्रहरू छन् । उनीहरूले करोडौं लगानी गरेर मुनाफा कमाएका छन् । त्यही मुनाफाबाट साम( ाजिक क्रियाकलापका अनेक क्षेत्रमा लगानी गरेको अवस्था पनि छ । त्यसका अनुपातमा निजी क्षेत्रले खेलकुदमा लगानी बढाएको छैन । यसका लागि खेलकुदको जिम्मेवारी बोकेका निकाय तथा व्यक्तिहरूबाट योजना पेस नभएका हुन् वा लगानीकर्ताहरू नै आकर्षित नभएका हुन् ? तर निजी क्षेत्रले खेलकुदमा लगानी गर्ने हो भने स्वास्थ्यका क्षेत्रमा गरिने लागानीको राशी पक्कै पनि घट्नेछ । जब आमनागरिक खेलकुदलाई जीवन शैली बनाउँदछ भने स्वाभाविक रूपमा उसले न त अस्पताल धाउनु पर्दछ न त कुनै औषधिको आवश्यकता नै महसुस गर्नु पर्छ । त्यसैले समाजलाई प्राकृतिक रूपमा नै अगाडि

बढाउनु छ भने खेलकुद क्षेत्रमा सबैको योगदान हुनु आवश्यक देखिन्छ ।

एक उद्योगले कुनै एक खेलका लागि वार्षिक कार्यक्रम आयोजना गर्ने जिम्मा लिने हो भने पनि प्रत्येक जिल्लामा खेलकुद गतिविधि बढ्नेछ । तर दुखका साथ भन्नु पर्दछ कि एकाध बाहेकका कुनै पनि उद्योगले खेलकुदको विकासमा केही योगदान पुऱ्याउनेतर्फ कुनै चासो देखाएको अवस्था छैन । कहिलेकाहीँ कुनै प्रतियोगिताका लागि केही सहयोगको याचना गर्न जाँदा पनि नकारात्मक जवाफका साथ अपमानित भएर फर्कनु पर्ने अवस्था छ । तर तिनै महासेठहरू दलका नेता वा प्रशासनिक व्यक्तिहरूलाई साँझ परेपछि पचासौँ हजार खर्च गर्न तयार हुने गरेका धेरै घटना देखिएका छन् ।

## पदका लागि खेलकुद

यता विभिन्न युवाहरूले खेलकुदलाई पद प्राप्तिको माध्यम बनाउने गरेको अवस्था पनि छ । जुन खेलका खेलाडी र प्रशिक्षक छैनन् तथा स्वयम् पदाधिकारीहरू नै सो खेलबारे अनभिज्ञ छन् तर पदका लागि तिनले सङ्घ गठन गरेको अवस्था छ । सङ्घ गठन गर्नु स्वाभाविक नै हो तर त्यसको उद्देश्य पवित्र रूपमा खेलकुदको विकास गर्ने हुनु पर्छ । तर हाल राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भएका डेढ सय खेल सङ्घहरूले कति वटा कार्यक्रम आयोजना गरे ? त्यसको कुनै अत्तोपत्तो छैन तर ती सबै सङ्घका पदाधिकारीहरू कुनै न कुनै बहानामा विदेश भ्रमणमा जाने गरेका छन् । यस्तै केन्द्रीय सङ्घलाई मान्यता दिनका लागि जिल्लाहरूमा समेत यस्ता सङ्घहरू गठन भएका छन् । उनीहरू पनि केन्द्रीय राजनीतिलाई प्रभाव पार्ने गरी गठन भएका हुन् ।

## युवाहरूको चासो

खेलाडीको भविष्यको ग्यारेन्टी नभ( एकाले पनि खेलकुदप्रति युवाहरूको लगाव कम हुँदै गएको हो । भविष्यप्रति ढुक्क भएर सिङ्गो जीवन नै खेलप्रति समर्पित गर्ने अवस्थामा अझै पनि खेलाडीहरू छैनन् । उमेर र तागत भएसम्म खेलेर बुढेस कालमा के गर्ने वा जीवन कसरी चलाउने भनेर सोच्नुपर्ने अवस्थामा कुनै पनि खेलाडी खेलप्रति समर्पित भएर लाग्न सक्दैन । यस्तो समस्याको उचित समाधान राज्यले गरिदिने हो भने पक्कै पनि युवाहरूको खेलप्रति चासो बढ्ने थियो । यसो हुन सके मात्र खेलाडी उत्पादन हुनेछन् । यसका लागि राज्यले केही नगरे पनि जिल्लाका उद्योग प्रतिष्ठानहरूले कुनै न कुनै एक खेलको टिम तयार गरिरहने वा खेलाडीलाई रोजगारी दिने हो भने खेलकुदको विकास सहज रूपमा हद्रने थियो । यसका लागि स्थानीय निकाय, स्थानीय प्रशासन र स्थानीय राजनीतिक दलको इच्छाशक्ति हुनु आवश्यक छ ।

हाम्रो समाजमा सबैभन्दा बढी राजनीतिक हस्तक्षेप हुने क्षेत्र भनेकै खेल क्षेत्र हो । यसको असर जिल्लाको खेलकुद विकासमा पनि स्वाभाविक रूपमा परेको छ जसले गर्दा जिल्लाको खेलकुद पनि पछाडि परिरहेको छ । नियमित अभ्यास तथा प्रतियोगिता नहुनुलाई पनि खेलकुदको विकासका लागि बाधक मानिन्छ । प्रतियोगिता आयोजना भएको खेलका खेलाडीहरूले मात्र आफूलाई नियमित अभ्यासमा राख्दछन् जसले उनीहरूको

क्षमता विकास हुन सक्छ ।

## खेलिसकेपछि के त ?

धेरै पूर्वखेलाडीहरू यतिवेला जीविकोपार्जनको खोजीमा यताउति भौँतारिएका छन् । उमेर र बल छउन्जेल खेले तर आज खेल्न नसक्ने भएपछि उनीहरू त्यत्तिकै बेसहारा बनेका धेरै उदाहरणहरू हाम्रो समाजमा यत्रतत्र भेटिन्छन् । भनिन्छ देशको सीमा रक्षा गर्न सुरक्षाकर्मीहरूले राष्ट्रिय झन्डाका लागि एक पटक लड्दछन् भने खेलाडीहरूले त्यही झन्डा फहराउनका लागि पटक पटक लडाइँ जित्नु पर्दछ । यति महत्वपूर्ण योगदान गर्ने खेलाडीहरूको जीवन रक्षाका लागि समाज र राज्यले केही गर्नु पर्छ कि पर्दैन ? हो पछिल्लो समय युवा तथा खेलकुद मन्त्रालय र खेलकुद परिषद्ले खेलाडीहरूको जीवन सुरक्षाका लागि केही योजनाहरू नल्याएका होइनन् । तर ती योजनाभित्र सबै प्रकारका खेलाडीहरूले आफ्नो सुरक्षा हुने देखेका छन् ?

खेलाडीहरू जसले पदक दिलाउन सक्छन् उनीहरूका लागि पक्कै पनि यतिवेला राज्य र सामाजिक संस्थाहरू सहयोगी बन्दै गएका छन् । यो परम्परा पछिल्लो समयबाट विकसित भएको हो । तर जसले जीवन खेलकुदमै बिताए तर कुनै महत्वपूर्ण पदक हात पार्न सकेका छैनन् , उनीहरूका लागि चाहिँ के कस्ता योजना छन् ? के उनीहरूले राज्यका लागि खेलेका होइनन् ? यदि खेलेका हुन् भने उनीहरूको पनि भरणपोषणको व्यवस्था हुनुपर्ने खेलाडी र खेलप्रेमीहरूको आवाजलाई नाजायज भन्न मिल्दैन ।

## निष्कर्ष

समग्रमा नेपाली खेलकुद क्षेत्र आज पनि १९औँ शताब्दीको बाध्यताबाट मुक्त हुन सकेको छैन । अभावै अभावका बिच हाम्रा खेलाडीहरूले आफ्नो प्रयास र मिहिनेतबाट देशका लागि पदक उपहार दिएका छन् । न त स्थानीय निकायले नै यस क्षेत्रलाई महत्व दिएका छन् न त राजनीतिक दलहरूले नै । यस्तै नेता, सरकार र प्रशासनलाई गाली गर्दै आफू दिनभरि बरालिएर बस्नुका सट्टा यद्रवाहरूले खेलकुदप्रति थप सकारात्मक हुन प्रेरित हुनु पनि उत्तिकै जरुरी छ । खेलकुदका प्रतियोगिताहरू पनि परीक्षा नै हुन् । त्यसैले जो परीक्षामा उत्कृष्ट हुन्छ उसैले पुरस्कार पाउने गर्दछ । त्यसैले मैले यतिका वर्ष खेलेँ तर केही पाइनँ भन्ने भावना छोडेर प्रत्येक खेलाडीले खेल जीवनलाई निरन्तरता दिन सक्नु पर्दछ । उत्कृष्टता प्रदर्शन गर्न नसकेकामा राज्यलाई मात्र दोष दिने प्रवृत्तिको पनि अन्त्य हुनु आवश्यक देखिन्छ । सबैको सकारात्मक सोचाइ, चिन्तन र कदमले मात्र नेपाली युवाहरूलाई खेलकद्रदप्रति प्रेरित गर्न सकिन्छ र स्वस्थ्य जनशक्ति उत्पादन हुन जान्छ । अस्तु !

**लेखकः मकवानपुर जिल्ला खेलकुद विकास समिति नमुना युवा सूचना केन्द्रका कार्यालय प्रमुख तथा सन्चारकर्मी हुनुहुन्छ ।**

नोटः यदि यो लेख प्रकाशन योग्य भएमा मेरो फोटो पनि attach गरेको छु । नभएमा मेरा फेसबुक

rajan.khushraj@gmail.com बाट लिन सक्नु हुनेछ ।

# युवा रोजगार, स्वरोजगार, उद्यमशीलता र सीपविकास

✍ **प्रदीप परियार**

नेपालको जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ मध्ये एक करोड ६८ लाख नौ हजार ८४२ चाहिँ १६ देखि ४० उमेर समूहभित्र पर्छन् । त्यसमध्ये ५४.५ प्रतिशत महिला र ४५.८ प्रतिशत पुरुष रहेका छन् । यसरी देशको जनसङ्ख्यालाई हेर्दा अहिलेको युवा जनसङ्ख्यालाई बोनस पपुलेसनका रूपमा लिन सकिन्छ। संसारको विकासक्रमलाई हेर्ने हो भने युवा जनसङ्ख्या बढी हुँदा ती देशहरूको प्रगति र विकास छिटो सम्भव हुन्छ। त्यसको पछिल्लो उदाहरणका रूपमा कोरिया, थाइल्याण्ड, सिङ्गापुर जस्ता देशलाई लिन सकिन्छ । तर नेपालका सन्दर्भमा युवाको पूर्ण सम्भाव्यता उपयोग हुन सकेको छैन। नेपालमा युवाको उपयोगिता चाहिँ आन्दोलन र परिवर्तनका बखत भएको भए तापनि त्यसपश्चात् कतै देखिएको छैन ।

भारतमा ब्रिटिस उपनिवेश हुँदादेखि नै युवाहरूमा लाहुर जाने प्रवृत्तिको विकास भएको देखिन्छ । साथसाथै उद्यम वा व्यापार गरेर कमाउनुभन्दा आफ्ना लागि आफै उब्जाउने र परिवार पाल्ने परम्परा चलिआएको छ जसले गर्दा मानिस व्यस्त भए पनि प्रतिफल चाहिँ कम भएको देखिन्छ। अर्को, नेपालमा कामलाई सम्मान गर्नुभन्दा पनि भाग्यमा विश्वास गर्ने संस्कृतिको विकास परम्परादेखि नै भएको पाइन्छ। काम गर्ने मान्छे चाहिँ सानो भन्ने सोच व्याप्त बनाइएको छ। प्रत्येक दिन १५०० भन्दा बढी युवा विमानस्थलको बाटो भएर वैदेशिक रोजगारीका लागि जान्छन् भने भारत जाने र लुकेर चोर बाटो हुँदै जानेको सङ्ख्या यकिन छैन। ५० लाखभन्दा बढी नेपाली युवा सस्तोमा श्रम बेच्न विदेशी भूमिमा छन् । भूकम्पको महाविपत्तिका वेला आफन्त गुमाउँदा अनि सिङ्गो देशमा नै शोकमा हुँदा पनि ती युवाले विदेशबाट नेपाल फर्कन पाएनन्। यस्तो अवस्थामा पनि उनीहरूले विदेशी भूमिमा आँशु, पसिना र रगत चुहाइ रहनु पऱ्यो । देशमा बेरोजगारीको कहालीलाग्दो अवस्था छ । उनीहरूका अघि बाध्यतावश विदेशिनु बाहेक अर्को कुनै विकल्प छैन ।

अहिले कुनै नेपाली युवालाई नेपालको प्रमुख समस्या के हो भनी सोध्यो भने त्यसको उत्तर निश्चित रूपमा बेरोजगारी भन्ने नै आउँछ । रोजगारी र उद्यमशीलताको प्रमुख चुनौती राजनैतिक अस्थिरता हुनु, उत्पादनमुखी उद्योग नहुनु, कृषिको औद्योगिकीकरण नहुनु, उद्योगमैत्री संरचना नहुनुका साथै कामप्रति सम्मान नहुनु नै रहेका छन्। नेपालका एकजना चर्चित समाजशास्त्री डोर बहादुर बिष्टले आफ्नो

किताब **फेटालिज्म एन्ड डेभलपमेन्ट** मा भाग्यवादले गर्दा हामी पौरख शून्य भयौँ भनेर भनेका छन् । त्यसमा थपेर कुरा गर्ने हो भने नेपालमा सबैभन्दा बढी सीप भएको वर्ग वा समुदायलाई सबैभन्दा पछाडि पारियो र विभेदको सिकार बनाइयो जसले गर्दा उनीहरूले आफूले गरिरहेको कामप्रति आत्मसम्मानको अनुभूति गर्न सकेनन् र त्यस समुदायका युवा पुस्ताले न ती पेसा वा व्यवसायलाई अँगाल्न सोचे न औद्योगिकीकरण गर्न नै सोचे । नेपाली समाजमा काम गर्नेहरूप्रति सम्मान नभएका कारण पनि नेपालको विकास हुन नसकेको हो । एउटा युवा नेपालमा बङ्गुरपालन व्यवसाय गर्न हिच्किचाउँछ तर कतारमा उँट चराएर बस्दा आफूलाई स्वाभिमानी भएको महसुस गर्दछ किनकि कामलाई हेर्ने हाम्रो नराम्रो दृष्टिकोणको उपज हो यो भन्दा खासै फरक नपर्ला । नेपालमा कामप्रति सम्मान छैन अनि व्यवसाय, व्यापार गर्दछु भन्ने सोच्यो भने त्यसका लागि पनि उपयुक्त वातावरण नै छैन । एक जना व्यवस्थापनमा स्नातकोत्तर गरेका युवाले व्यवसाय सञ्चालन गर्छु भन्यो भने त्यसका लागि उसले सरकारबाट अर्थात् राज्यका कुनै पनि निकायबाट सजिलै कर्जा पाउँदैन किनभने कर्जा पाउनका लागि अचल सम्पत्ति धितो राख्नु अनिवार्य छ । धितो राख्नु स्वाभाविक होला र हातमा डिग्री पास गरेको युवाका लागि सर्टिफिकेट सबभन्दा महत्त्वपूर्ण कुरा हो तर बैङ्कले अहिलेसम्म सर्टिफिकेटलाई धितो मान्दैन । केही देशहरूमा परियोजना राम्रो छ भने बैङ्क आफै पनि त्यस्तो परियोजनामा शेयर लिएर भए पनि संलग्न हुन्छ र बैङ्कले व्यवस्थापकीय दक्षतालाई प्रयोग गरेर त्यस्ता परियोजनालाई सफल बनाउन मदत गर्दछ तर नेपालमा भने बैङ्कहरूले घरानिया व्यापारीलाई मात्र पत्याउने कुरा घाम जस्तै छर्लङ्ग छ । अर्को कुरा व्यवसाय गर्नेहरूका लागि नेपालका बैङ्कहरूको ब्याजदर निक्कै उच्च छ । नेपाल राष्ट्र बैङ्कले यसबारे सोच्न ढिलो भइसकेको छ । गाउँगाउँमा खोलेका सहकारीले टाठाबाठालाई धेरै नै फाइदा पुऱ्याएका छन् भने गाउँमा सृजनशील परियोजनामा पैसा लगानी गर्नेभन्दा बिहे, व्रतबन्ध र सानो सानो गर्जो टार्ने काममा आम सहकारीको भूमिका रहेको देखिन्छ । नेपालका सहकारीहरूले पनि गाउँको आवश्यकता अनुरुपको योजनामा लगानी गर्न ढिला भइसकेको छ । नेपाल विश्व युवा विकास सूचकाङ्कमा १४५ औं स्थानमा रहेको छ । दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकाङ्क सबैभन्दा कमजोर देखिन्छ । सरकारी तथ्याङ्कमा नेपालमा पूर्ण बेरोजगार युवाको दर २.३ प्रतिशत मात्र देखाइए पनि अर्धबेरोजगार युवाको दर करिब ३६ प्रतिशत छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) का अनुसार पूर्णबेरोजगारी दर १९.२ प्रतिशत र अर्धबेरोजगारी दर २८.३ प्रतिशत छ । अर्धबेरोजगारीमा रहेका नेपालका करिब ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र सीपसँग जोडिन सकेका छैनन् । सीमान्तकृत, अल्पसङ्ख्यक, आदिवासी र अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ । युवा श्रमशक्तिको झन्डै आधा भाग अझै गुजारामुखी कृषिमा आश्रित छ । वैदेशिक रोजगारीमा जाने वार्षिक पाँच लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष छन् । सेवा क्षेत्रमा रोजगारीको अनुपात केही बढेको देखिए पनि औद्योगिक क्षेत्रमा भने यो अनुपात घटेको छ । विप्रेषण गार्हस्थ उत्पादनको २९ प्रतिशत पुगेको भए पनि यसको निकै सानो अंशमात्र उत्पादनका

क्षेत्रमा प्रवाहित भएको छ । प्रत्येक वर्ष ४ लाख ५० हजार युवा श्रम बजारमा प्रवेश गर्छन् तर १० प्रतिशत युवाले पनि नेपालमा रोजगारी पाउँदैनन् । हुनत अहिले संसारभरिका एक अरब युवालाई रोजगारी चाहिएको छ । कामदारका अनुपातमा रोजगारीको कमी छ । यो एउटा ठुलो चुनौती भएको छ । कुनै पनि राष्ट्रको भविष्य युवाको भविष्यसँग जोडिएको हुन्छ । युवाका समस्या, सवाल र सम्भावनाको उचित पहिचान गरी उनीहरूको आवश्यकता र आकाङ्क्षालाई सम्बोधन गरियो अनि साथसाथै राष्ट्रनिर्माणका सबै प्रक्रियाहरूमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकियो भने मात्रै राष्ट्रले विकास तथा उन्नतिको बाटो पहिल्याउन सक्छ । यसका लागि युवाको आवश्यकता सम्बोधन हुनु जरुरी छ। स्वरोजगार, रोजगारी, उद्यमशीलता र सीपविकास पहिलो आवश्यकताका रूपमा खडा भएको छ। एक अरब युवा बेरोजगार भएका अवस्थामा अहिलेको प्रमख आवश्यकता भनेको युवामा लगानी बढाउने र युवा जनशक्तिको सदुपयोग गर्ने नै हो ।

# नेपालका युवा र सीप विकासको अवसर

✍ डा.हरिप्रसाद लम्साल

## विषय प्रवेश

शिक्षाले व्यक्तिका लागि आवश्यक सीप र क्षमताको विकास गर्न सक्नुपर्छ भन्ने आशयबाट नै सबैका लागि शिक्षाको तेस्रो लक्ष्य युवाहरूमा सीप विकास गर्ने विषयसँग सम्बन्धित थियो । यही लक्ष्य हासिल गर्नमा विश्वका अधिकांश मुलुकहरूले सन् १९९० देखि कुनै न कुनै रूपमा आफ्ना स्रोत र साधनलाई प्रयोग गरिरहे । घोषित यो लक्ष्य के कति मात्रामा हासिल हुनसक्यो भन्ने विषयमा हाल विश्वव्यापी एवम् राष्ट्रिय तहमा लेखाजोखा भइरहेको छ । कुन मुलुकले के कति उपलब्धि हासिल गरे र उक्त उपलब्धि हासिल गर्नमा के कस्ता उपायहरू प्रभावकारी देखिए भन्ने विष( यमा केही जानकारी बाहिर आइसकेको छ भने कतिपय विषयहरू अबका दिनमा बाहिर आउने नै छन् । तर एउटा सत्य के हो भने यसमा हासिल गरिएको उपलब्धि मापन गर्ने वस्तुगत सूचकहरू खासै बनेका थिएनन्; त्यसैले प्रगति मापन कति वस्तुगत र विश्वसनीय बन्न सक्यो होला र सक्ला ? यो पक्ष आफैमा विचारणीय छ । यसो भनेर प्रगति मापन गर्न नै सकिँदैन भन्ने पनि होइन, भए गरेका प्रगति यकिन गर्न केही प्रोक्सी सूचकहरू विकास गरिएका थिए र हाल त्यसैको सहयोगमा प्रगति मापन भइरहेको छ । यी विषयहरू नेपालका सन्दर्भमा पनि उत्तिकै मात्रामा मिल्न जाने देखिन्छन् ।

सबैका लागि शिक्षाको विश्वव्यापी प्रतिवेदनमा उपलब्ध तथ्याङ्कहरूले देखाए अनुसार अविकसित तथा कम विकसित मुलुकहरूका धेरै बालबालिकाहरूले विद्यालय जाने अवसर पा( एका छैनन् (UNESCO, 2015), अध्ययन गर्न विद्यालय गएकाहरू पनि सीपभन्दा कोरा ज्ञानमा आधारित शिक्षा प्राप्त गर्न बाध्य बनेका छन्, सीप विकासको अवसर सीमित मात्रामा उपलब्ध छन् र सोको वितरण न्यायपूर्ण बन्न सकेको छैन (UNESCO, 2012)। सर्सर्ती हेर्दा कम विकसित मुलुकमा विद्यालय नजानेहरूले सीप हासिल गर्ने अवसर पाएका छैनन् भने विद्यालय जानेहरूलाई पनि सीपयुक्त बनाउन सकिएको छैन । तसर्थ यी मुलुकहरूका अधिकांश युवाहरू आधारभूत सीप हासिल गर्नबाट वञ्चित छन् । जब युवाहरूले आवश्यक मात्रामा सीप हासिल गर्न सक्दैनन् यसको नकारात्मक प्रभाव मुलुकका धेरै क्षेत्रमा पर्ने निश्चित छ । सीपको अभावमा भविष्यमा स्वरोजगार बन्ने वा रोजगारी प्राप्त गर्ने भन्ने विषय पनि प्रभावित बन्न पुग्दछ । व्यक्तिका अन्य अवसरहरू पनि स्वतः खुम्चिने छन् । अध्ययन अनुसन्धानहरूले देखाए अनुसार यस अवस्थाले

व्यक्तिलाई थप जोखिमतर्फ धकेल्ने पक्का छ ।

माथि नै उल्लेख गरिसकियो कि सीपयुक्त जनशक्तिले सीप नभएको व्यक्तिले भन्दा बढी कमाउन सक्छ । सीपयुक्त हुनु भनेको व्यक्तिको आय आर्जनमा सहयोग पुग्नु हो । यसरी सीप र कमाइ एकआपसमा अन्तर्सम्बन्धित पनि छन् । आय आर्जनले व्यक्तिका आधारभूत आवश्यकता पूरा गर्न पनि सहयोग गर्छ, व्यक्तिलाई थप अवसर हरूको खोजी गर्न सजिलो बनाइदिन्छ । सचेतना सहितको आय आर्जनले व्यक्तिका शिक्षा, स्वास्थ्य, नागरिक कर्तव्य आदिजस्ता विषय प्रभावित बन्न पुग्छन्, पछि यिनै पक्षहरू व्यक्तिको प्रभाव विस्तारमा सहयोगी हुन पुग्छन् । अन्ततोगत्वा सीप हासिल गर्ने भन्ने विषय व्यक्तिको भावी जीवन यापन र समाजमा हैसियत कायम गर्ने कार्यसँग पनि सम्बन्धित छ । तर व्यक्तिमा सीप विकास कसरी त ? यस लेखको प्रमुख विषयवस्तु यसैको सेरोफेरोमा केन्द्रित छ ।

## शिक्षा, सीप र रोजगारी

विज्ञहरूले अब आउने दिनमा बेरोजगारी आधुनिक समाजको सबैभन्दा ठुलो समस्याका रूपमा देखिने अनुमान गरेका छन् । यो समस्या कम विकसित मुलुकको मात्र नभएर विकसित मुलुकका लागि पनि उत्तिकै चुनौतीका रूपमा आउने जस्तो देखिन्छ किनकि सूचना र प्रविधिको विकासले समाज द्रुतगतिमा प्रभावित बनिरहेको छ । हिजो सिकेको विषयवस्तुको महत्व आज कम हुँदै जाने अवस्था सृजना भइरहेको छ । व्यक्तिका चाहना र मागमा निरन्तर फेरबदल आइरहेका छन् । यसबाट रोजगारीको बजार प्रभावित नबनी रहन सक्दैन । यी सबैको बढी प्रभाव कम विकसित मुलुकमा पर्ने निश्चित छ । विकसित मुलुकका सरकारहरूले आफ्ना नागरिकहरूका लागि समयानुकूल सीप विकास वा सामाजिक सुरक्षाका नाममा कुनै न कुनै सुविधा उपलब्ध गराउन सक्छन् । तर कम विकसित मुलुकको कथा व्यथा फरक छ । यस्ता मुलुकका सरकार आर्थिक रूपमा मात्र विपन्न नभएर राजनैतिक रूपमा पनि आफ्ना नागरिकप्रति कम उत्तरदायी रहने प्रवृत्ति बढी छ जसले गर्दा सीप विनाका व्यक्तिहरू अझ बढी जोखिममा रहन्छन् ।

व्यक्ति बेरोजगारीमा किन रहनु पर्छ त ? यसका पछाडि विविध कारणहरू जिम्मेवार हुन सक्छन् । कुनै पनि व्यक्ति बेरोजगारीमा रहनुमा व्यक्ति स्वयम् पनि जिम्मेबार हुन सक्छ, भने व्यक्ति रहने बस्ने आन्तरिक एवम् बाह्य वातावरण पनि उत्तिकै मात्रामा जिम्मेवार हुन सक्छन् । व्यक्तिमा स्वरोजगार गर्ने सीप तथा क्षमता नभएर पनि बेरोजगारीमा रहनु पर्ने हुन सक्छ । यसैगरी रोजगारीका अवसरहरू सीमित भएर पनि रोजगारी नपाउन सकिन्छ । पारदर्शी प्रणाली र निष्पक्षताका अभावमा भएका अवसरहरू पनि न्यायपूर्ण बन्न नसकेका हुन सक्छन् । निजी क्षेत्रको विकास राम्रोसँग नभएको हुनाले पनि बजारमा रोजगारीका अवसरहरू सृजना नहुन सक्छन् । अव्यवस्थित बजार पनि बेरोजगारी सृजनामा सहयोगी बन्न सक्छ । उपयुक्त स्रोत र पूर्वाधारको अभावमा नागरिकहरूमा स्वरोजगारप्रति उत्साह नआउन पनि सक्छ । स्वरोजगारका लागि पुँजीको आवश्यकता छ तर निजी पुँजीको प्रयोग गर्न वातावरण अनुकूल बन्नु पर्छ । जहाँ जोखिम बढी

छ, राज्यका तर्फबाट उपलब्ध गराउनु पर्ने सहयोग पनि सकारात्मक छैन, लगानीका लागि विभिन्न बाधा व्यवधान र अड्चनहरू रहेका छन्, बजारको विकास सुस्त छ, उद्योग कलकारखाना फस्टाएका छैनन् त्यहाँ निजी लगानी निरुत्साहित हुने निश्चत छ । यिनै कारणहरूले गर्दा स्वरोजगारको मात्रा बढ्न सक्दैन र रोजगारीका अवसरहरू पनि सीमित हुन गई बेरोजगारीको मात्रा क्रमशः बढ्न जान्छ । व्यक्तिमा सीप र क्षमता नहुनु भनेको मूलतः शिक्षा प्रणालीको कमजोरीका कारण हुन सक्छ । तर वातावरणले ठुलो प्रभाव पार्ने गर्दछ । हाल संसारमा बेरोजगारी बढ्नुको कारण बजारमा रोजगारका अवसर उपलब्ध नभएर हो वा युवाहरूमा सीप नभएर हो वा वातावरण सहयोगी नभएर हो भन्नेमा विभिन्न मतहरू आउन सक्छन् । सीप र क्षमता हुनेले आफै पनि अवसरहरू खोजी गर्न सक्छन् भन्न सकिएला । तर सीप भएका सबै जना स्वरोजगारीमा आउँछन् भनेर कल्पना गर्नु पनि त्यति व्यावहारिक नहुन सक्छ ।

औपचारिक शिक्षा वा अन्य तालिमजस्ता उपायहरूबाट व्यक्तिलाई सीपयुक्त बनाउन सकिन्छ भन्ने मान्यता विश्वमा स्थापित भइसकेको छ । तर औपचारिक शिक्षामा लगानी बढेको भए तापनि बेरोजगारीको मात्रामा न्यूनता आएको छैन । अध्ययन अनुसन्धानले यसलाई घटेको देखाएका छैनन्, बरु बढिरहेको छ भनेका छन् । सबैका लागि शिक्षाको सन् २०१२ को विश्वव्यापी प्रतिवेदन (EFA Global Monitoring Report) ले हरेक ८ जना युवामध्ये १ जनाले विश्वमा काम खोजिरहेका भेटिन्छन् भनी उल्लेख गरेको छ र यस प्रतिवेदनले विश्वमा रोजगारी खोज्ने व्यक्तिको सङ्ख्या बढ्ने क्रममा छ भनेर उल्लेख गरेको मात्र नभई आगामी दिनमा अझ बढ्ने अनुमान पनि गरेको छ । यसको प्रमुख कारण या त शिक्षा प्रणालीले बजारको आवश्यकता अनुसारका सीपयुक्त व्यक्तिहरूको उत्पादन गर्न सकेको छैन या शिक्षा र बजारको मागका बिचमा तादात्म्य रहेको छैन ।

बेरोजगारी अवस्थाको सन्दर्भका बारेमा चर्चा गर्दा व्यक्ति सीपयुक्त छ छैन भनेर मापन गर्ने विषय पनि मननीय रहेको छ । योग्य र सक्षम खोज्ने नाममा सीप मापनको विषय अझ जटिल बन्दै गइरहेको छ । कति सीप हासिल गरेमा पुग्ने भन्ने कुरा पनि निश्चित छैन । कुनै तहको शैक्षिक प्रमाणपत्र प्राप्त गर्दैमा उसलाई सीप भएको मानिन्छ वा यसको मापन गर्ने अन्य कुनै उपायहरू पनि छन् ? बिना प्रमाणपत्र हासिल गरिएको सीपको मान्यता के कसरी स्थापित गर्न सकिन्छ ? यी प्रश्नहरूका उत्तर खोज्न त्यति सजिलो छैन । सिद्धान्त आफ्नो ठाउँमा ठिक हुँदाहुँदै पनि व्यवहारमा केही मानक र मापदण्डहरू पालना गर्नैपर्ने हुन्छ । जस्तै सीप हासिल भए नभएको यकिन गर्न निश्चित परीक्षा दिनैपर्ने, त्यसमा उत्तीर्ण हुनैपर्ने प्रावधानहरू व्यावहारिक पक्षहरूसँग सम्बन्धित छन् । प्रमाणपत्र हुनेसँग सीप नहुन पनि सक्छ भने प्रमाणपत्र नहुनेसँग पनि उच्चस्तरको सीप हुन पनि सक्छ । प्रमाणीकरण नभएको सीपले औपचारिक संयन्त्रमा मान्यता पाउन सक्दैन । तर व्यवहारमा व्यक्तिले हासिल गरेको सीपको सान्दर्भिकता उसको भावी जीवनयापनसँग सम्बन्धित रहने हुनाले कुनै व्यक्ति म औपचारिक संयन्त्रमा प्रवेश गर्दिनँ भन्न सक्छ । तर राज्यले

त्यस्ता व्यक्तिहरूको सीप प्रमाणीकरण गर्ने अवसर उपलब्ध गराउनु पर्छ । यसरी औपचारिक र अनौपचारिक दुवै पद्धतिबाट सीप हासिल गर्न सकिन्छ तर त्यस्को प्रयोग कहाँ र कसरी हुन्छ भन्ने विषयले व्यक्तिका लागि महत्व राख्दछ ।

## नेपालमा सीपयुक्त युवा जनशक्तिको अवस्था

नेपालको शैक्षिक प्रणालीका समस्याहरूलाई मूलतः पहुँच र समता, गुणस्तर र सान्दर्भिकता, एवम् व्यवस्थापकीय पक्षजस्ता शीर्षकहरूमा वर्गीकरण गरेर हेर्न सकिन्छ (शिक्षा मन्त्रालय, २०६७) । समस्या मात्रामा फरक होला तर पूर्व प्राथमिकदेखि उच्च शिक्षासम्म उस्तै उस्तै रूपमा रहेका छन् । शैक्षिक प्रणालीका समस्याहरूलाई जे जस्तो किसिमबाट वर्गीकरण गरिए पनि व्यक्तिका हकमा भने शिक्षा प्रणालीले उसमा के कति मात्रामा सीप हासिल गराउन सक्यो भन्ने नै हो । शैक्षिक प्रणालीले प्रमाणपत्रधारी व्यक्ति मात्र उत्पादन गऱ्यो कि प्रमाणपत्रसहित गरिखान सक्ने स्वावलम्बी व्यक्ति उत्पादन गर्न सक्यो भन्ने विषय महत्वपूर्ण छ । यहाँ प्रतिनिधि उदाहरणका रूपमा शिक्षाका केही अवस्थाहरू प्रस्तुत गरिएको छ :

१. शिक्षा विभागबाट प्रकाशित शैक्षिक तथ्याङ्कहरूले देखाए अनुसार जति जति विद्यालय तहको कक्षा बढ्दै जान्छ, विद्यार्थीहरूको सङ्ख्या क्रमशः घट्दै गएको छ । सिद्धान्ततः ५ वर्ष उमेर पुगेका बालबालिकाहरू मात्र कक्षा १ मा भर्ना हुनुपर्ने हो । यदि ५ वर्ष उमेर पूरा भएका सबै बालबालिकाहरू विद्यालयमा आए भने कक्षा १ मा भर्ना हुने विद्यार्थीहरूको सङ्ख्या लगभग ६ लाखको हाराहारीमा हुनेछ तर वि. स. २०७२ को शैक्षिक तथ्याङ्क हेर्ने हो भने कक्षा १ मा भर्ना भएका विद्यार्थीको सङ्ख्या लगभग ११ लाखको हाराहारीमा रहेको छ । यो सङ्ख्या बढी हुनुको कारणका रूपमा कम उमेरका विद्यार्थी भर्ना हुन आउनु, बढी उमेरका बालबालिकाहरू विद्यालयमा ढिलो भर्ना हुन आउनु र केही विद्यार्थीहरू पटक पटक उही कक्षा दोहोऱ्याउनुलाई लिन सकिन्छ । नेपालको शैक्षिक प्रणालीको असमक्षताले गर्दा कक्षा १ मा भर्ना भएका मध्ये लगभग ७७ प्रतिशत मात्र कक्षा ८ मा पुग्छन् भने कक्षा ८ पूरा गर्नेको प्रतिशत ७० जति छ । यो प्रतिशत कक्षा १० मा पुग्दा लगभग ३८ को हाराहारीमा आउने देखिन्छ । आधारभूत तह पूरा गर्न नसकेका लगभग ३० प्रतिशत कहाँ गए त ? राज्यको दायित्व भनेको ५ वर्षका बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गराएर आठ वर्षमा कक्षा ८ अर्थात् आधारभूत तह पूरा गराउनु हो । भनाइको मतलब कक्षा १ मा ५ लाख बालबालिका भर्ना भएमा त्यही सङ्ख्याका बालबालिकाहरूले आठ वर्षमा कक्षा ८ पूरा गर्नुपर्छ ।

२. वि. सं. २०७२ असारमा प्रकाशित आर्थिक वर्ष २०७०/७१ को आर्थिक सर्वेक्षणका अनुसार उक्त समयको प्रथम आठ महिनामा ३ लाख ६४ हजार ७ सय ४० जना वैदेशिक रोजगारीमा गएकोमा जम्मा ६.४ प्रतिशत महिला र १२.५ प्रतिशत पुरुष दक्ष रहेको देखिएको छ, सोही वर्षमा ३६४ ओटा शव नेपाल ल्याइएको थियो (अर्थ मन्त्रालय,

२०७२) । आजका मितिसम्म ३० लाखभन्दा बढी युवाहरू विदेसिएको अनुमान गरिएको छ । भारतमा ज्याला मजदुरी गर्न जानेको हिसाब यसमा समावेश छैन ।

३. आर्थिक वर्ष २०७१/०७२ मा मात्र शिक्षा मन्त्रालयबाट No Objection Letter लिएर विदेशमा पढ्न जानेको सङ्ख्या लगभग ३०,००० भन्दा बढी रहेको छ (शिक्षा मन्त्रालय, २०७२) । यसमा पनि भारत जानेको सङ्ख्या समावेश भएको छैन । यीमध्ये के कति फर्कन्छन् र कहिले फर्कन्छन् ? भन्ने पनि यकिन छैन ।

युवापुस्ता विदेशमा हुनु भनेको स्वदेशमा काम गर्ने जनशक्तिको अभाव हुनु पनि हो । युवाहरू आफ्नो थात थलोबाट बाहिरिएपछि गाउँगाउँमा उत्पादनमा मात्र समस्या आएको नभई यसले समग्र सामाजिक एवं सांस्कृतिक अवस्थामा पनि नकारात्मक असर सृजना गरेको छ। परिवार विखण्डन हुन पुगेको छ । कतिमा सांस्कृतिक विचलन आएको छ । यी सबै पक्षको समाजमा दीर्घकालीन रूपमा नकारात्मक असर पर्ने निश्चत छ । मुलुकको युवा शक्ति विदेसिएपछि त्यसको सोझो असर कृषि र यस्तै प्रकृतिका क्षेत्रहरूमा देखिएको छ । भएको जमिन बाँझो छ । प्राकृतिक स्रोत र साधनको यथोचित सदुपयोग गर्न सकिएको छैन । आफ्नो जमिन बाँझो राखेर अरूबाट किनेर खाने संस्कृतिको विकास भइरहेको छ। उद्योग कलकारखाना बढ्न सकेका छैनन् । उद्यमशीलता प्रवर्द्धन हुन सकेको छैन । यी सबै कार्यबाट रोजगारीका अवसरहरू सृजना हुन सकेका छैनन् । युवाशक्तिको पलायनबाट मुलुकको अर्थतन्त्र परनिर्भर बन्दै गएको प्रतीत हुन्छ । युवाहरू आर्थिक रूपमा कमजोर मात्र नभएर मनोवैज्ञानिक रूपमा पनि निराश हुने अवस्था सृजना भएको छ । हरेकले अर्काको कमजोरी देख्ने प्रवृत्ति बढेको छ। मैले के गर्न सक्छु भन्दा पनि अरूले यो गरेन भन्ने बानी हामीमा विकास भएको छ । निराशा र कुण्ठाका बिचमा हाम्रा युवाहरूको जीवनयापन भइरहेको पाइन्छ । भोलि पनि यस्तै हुने त हो नि भनेर बाहिरिने प्रवृत्ति अझ बढ्दो क्रममा देखिएको छ ।

हामीले भोगिआएको संस्कृति पनि युवालाई विदेसिन बाध्य बनाउने कार्यमा केही न केही मात्रामा सहयोगी भएको हो कि जस्तो देखिएको छ । आफ्नो गाँउघरमा ससानो काम गर्न लाज मान्ने संस्कार हामीमा रहेको छ तर बाहिर गएर त्यही प्रकृतिको काम गर्न हामीमा जाँगर आएको देखिएको छ। घरमा खाना खाएको थाल माझ्न नसक्ने हामी विदेशमा अर्काले खाना खाएको थाल उठाउन तयार छौँ । श्रम गर्नुपर्छ भन्ने विषय हामीले पढायौँ तर पढेर त्यसलाई व्यवहारमा उतार्न नसक्ने व्यक्ति हाम्रो शिक्षा प्रणालीले उत्पादन गरिरह्यो । आखिर किन यस्तो हुन्छ त ?

यस क्रममा नीति निर्माताहरूको चासो मुख्यतः चार विषयमा हुनु पर्छ । पहिलो चासो भनेको पढाइ पूरा गरेकाहरूले हासिल गरेको क्षमता के कस्तो छ ? उनीहरूले के कस्ता सीपहरू हासिल गर्न सके ? दोस्रो चासो भनेको भर्ना भएर कक्षा छाड्नेहरूको अवस्था के कस्तो छ ? उनीहरूमा आधारभूत सीप हासिल गराउनमा के कस्ता कार्यहरू गर्नु आवश्यक छ ? तेस्रो चासोका

रूपमा विद्यालय बाहिर रहेकाहरूलाई विद्यालयमा कसरी ल्याउने र आवश्यक आधारभूत सीप हासिल कसरी गराउने भन्ने हो । यसका साथै बढी उमेर समूहका व्यक्तिहरूमा आधारभूत सीप के कसरी हासिल गराउने भन्ने विषय चौथो चासोका रूपमा रहनु पर्छ ।

## सीप विकासका लागि उपयुक्त कार्यक्रमः विश्व( व्यापी अनुभव

सन् २०१२ को सबैका लागि शिक्षा विश्व( व्यापी प्रतिवेदनले युवाको सीप विकासमा संसारमा भए गरेकामध्ये केही राम्रा एवम् प्रभावकारी उपायहरूको चर्चा गरेको थियो (UNESCO, 2012) । तीमध्ये केही उपायहरूका बारेमा तल उल्लेख गरिएको छ, जसबाट नेपालले पनि केही सिक्न सक्छ ।

१. मलावीले विद्यालय छाडेका वा तह पूरा गर्न नसकेका विद्यार्थीहरूलाई लक्षित गरेर Complementary Basic Education Program सञ्चालन गऱ्यो । यस किसिमको शिक्षामा ९ देखि १७ वर्ष उमेर समूहका कक्षा ५ पूरा गर्न नसकेका केटाकेटीहरूलाई लक्षित गरिएको थियो। कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्थासँग साझेदारी गरिएको थियो । यसमा माध्यमिक तह पूरा गरेका ३५ वर्षभन्दा कम उमेर समूहका व्यक्तिहरूलाई सहजकर्ता बनाएर पठाइएको थियो । कक्षा सञ्चालन समुदायका बिचमा पर्ने स्थानमा गर्ने व्यवस्था मिलाइएको थियो । पाठ्यक्रममा आधारभूत साक्षरता र अङ्क गणित समावेश गरिएको भए तापनि कृषि, वातावरण, जीवनस्तर, स्वास्थ्य, उद्यमशीलता, नागरिक शिक्षा जस्ता पक्षहरू समावेश गरेर प्रयोगात्मक पक्षमा बढी ध्यान दिइएको थियो । यस कार्यक्रमबाट विद्यालय छाड्ने विद्यार्थी मात्र लाभान्वित नभएर स्थानीय तहमा रोजगारीको अवसर पनि सृजना भएको थियो । सहजकर्ताहरू रोल मोडेलका रूपमा विकसित भएका थिए ।

२. केन्याले माध्यमिक तहको विद्यालय शुल्क हटाएर धेरै युवाहरूलाई माध्यमिक तहको शिक्षामा भर्ना गर्न प्रोत्साहित गरेको थियो । यसबाट राम्रो र उत्साहजनक नतिजा हासिल भएको देखिएको छ ।

३. फिलिपिन्सले माध्यमिक तहमा भर्ना भएका विद्यार्थीहरूको माध्यमिक कक्षामा हुने कक्षा छाड्ने दर न्यूनीकरण गर्न Drop Out Reduction Program सञ्चालन गरेको थियो । यसमा वैकल्पिक शिक्षण पद्धति पनि प्रयोगमा ल्याइएको थियो ।

४. युवाहरूमा कामको अनुभव प्रदान गर्न र माध्यमिक तहबाट भाग्ने प्रवृत्ति अन्त्य गर्न (Reducing drop out) न्युयोर्क सहरले स्था( नीय सङ्घसंस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरेको थियो । यसले रोजगार उन्मुख सीप प्रदान गर्नका लागि आवश्यक तालिम एवम् स्वाध्यायन जस्ता उपायहरू अवलम्बन गरेको थियो ।

५. इजिप्टमा सञ्चालन गरिएको Ishraq Program ले १३ देखि १५ वर्ष उमेर समूहका केटा केटीहरूमा सीप विकास गरी उनीहरूलाई समाजको सक्रिय सदस्य बनाउन र केही कम(

ाउन सक्ने बनाउन उल्लेख्य भूमिका निर्वाह गरेको थियो ।

६. ग्रामीण क्षेत्रमा रहेको गरिबी उल्लेख्य मात्रामा घटाउन सकेको श्रेय बङ्गलादेशको ब्राक (BRAC) गैरसरकारी संस्थालाई पनि दिने गरिन्छ । यसले विशेष गरेर छात्राहरूलाई लक्षित गरेर शिक्षा, तालिम, क्षमता विकास आदिजस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यसबाट छात्राहरूको शिक्षा र सीप विकासमा ध्यान पुग्नुका साथै उनीहरूको जीवनस्तर उकास्न पनि मदत पुगेको देखिन्छ । यिनै कारणहरूले उनीहरू आयआर्जन गर्न पनि सक्षम भएका छन् ।

७. सामोआमा सरकार र धार्मिक सङ्घसंस्था मिलेर सीप विकास कार्यक्रम सञ्चालन गरेका थिए जसबाट धेरै व्यक्ति लाभान्वित बन्न सके भन्ने गरिन्छ ।

८. लेसोथो (Lesotho) मा एउटा गैरसरकारी संस्थाले रात्रि विद्यालय सञ्चालन गरेर भाषा (अङ्ग्रेजी, लेसोथो) र गणित पढाउने काम गऱ्यो । दिउँसोका समयमा घरपालुवा जनावर हेर्ने युवा केटाहरूलाई लक्षित गरेर सञ्चालित यस कार्यक्रममा बेलुका खाना खुवाउने व्यवस्था समेत गरिएको थियो ।

९. जमैकामा केटाहरूको भर्नादर बढाउन Male Awareness Project नै सञ्चालन गरिएको थियो । यसले केटाहरूलाई लक्षित गरेर व्यावसायिक र जीवनोपयोगी सीप, स्वास्थ्य सम्बन्धी चेतना र सहयोग एवम् सांस्कृतिक र खेलकुद आदि जस्ता क्रियाकलाप सञ्चालन गरेर उनीहरूको आत्मबल, स्वाभिमान, ब( ानी व्यवहार र अभिवृत्तिमा परिवर्तन ल्या( उन खोजेको थियो । यस कार्यक्रमबाट भर्ना भएकामध्ये दुई तिहाइभन्दा बढीले सफलता पाएका थिए भनिएको छ ।

१०. भारतको मुम्बईमा आकाङ्क्षा नामक गैरसरकारी संस्थाले कार्यशाला, मेन्टोरिङ, नाटक, कला, खेलकुद र कथावाचन जस्ता क्रियाकलापहरूका माध्यमबाट सुकुम्वासी वस्तीका युवाहरूमा Non–Congnitive सीप (आत्मबल, आत्म स्वाभिमान, सकारात्मक सोच) विकास गरेको थियो । यस किसिमका सीपले आयआर्जन गर्नमा सहयोग गर्ने मात्र नभई औपचारिक शिक्षा प्राप्तिमा समेत सकारात्मक सहयोग गरेको देखिएको छ ।

११. The Mastercard Foundation ले युवाहरूमा सीप विकास गर्न माध्यमिक शिक्षाको विस्तार, सीप विकासको अवसरको उपलब्धता र रोजगारीसँग आबद्ध गर्ने कार्यलाई सँगसँगै लैजान खोजेको थियो । यस संस्थाले आफ्नो सहयोगमा विभिन्न मुलुकमा यी कार्यक्रमहरू सञ्चालन गरेको भए तापनि यसको प्रभावकारिताको मूल्याङ्कन हुन बा( ँकी छ ।

१२. ट्युनिसियाको तालिम कोषले बेरोजगार युवाहरूलाई लक्षित गरेर On–Site Training Programe, Vocational Apprenticeships/Micro–Enterprise and Self–Employment जस्ता कार्यक्रम सञ्चालन गरेर सुविधा विहीन समूहका युवाहरूमा रामै प्रभाव सृजना गरेको थियो ।

१३. इजिप्टले सन् १९९४ देखि विद्यालय र काममा आधारित प्राविधिक शिक्षा (जर्मनको Dual System मा आधारित) सुरु गरेर सीप विकासका क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको थियो। यसमा भर्ना हुने विद्यार्थीहरूलाई हप्तामा २ दिन विद्यालय र ४ दिन कम्पनी वा काम गर्ने स्थलमा पढ्ने, सिक्ने र काम गर्ने व्यवस्था मिलाइएको थियो।

१४. कतिपय मुलुकहरूले सहर केन्द्रित सीप विकास र दोस्रो अवसरका रूपमा शिक्षा जस्ता कार्यक्रम सञ्चालन गरेर युवाहरूमा सीप विकास गर्नुका साथै विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा पुनः प्रवेश गराएका थिए।

माथिका प्रसङ्गहरूले के देखाउँछन् भने व्यक्तिलाई के कस्तो अवसर उपलब्ध गराउँदा सीप विकास गर्न सकिन्छ भन्ने बारेमा विभिन्न मुलुकहरूमा विभिन्न उपायहरू प्रयोग भइआएका छन्। धेरै स्थानमा केटीहरूका लागि विभिन्न उपायहरू प्रयोग भइआएका देखिन्छन् तर कतिपय अवस्थामा केटाहरूका लागि मात्र पनि फरक उपायहरू अवलम्बन गरिएका भेटिन्छन्। कुन मुलुकले के कस्तो उपाय अवलम्बन गर्दछ भन्ने विषय आफ्नो परिवेश, इच्छाशक्ति, स्रोत र साधनको अवस्था, पूर्वाधारको अवस्था आदिजस्ता पक्षहरूले निर्धारण गर्दछन्।

## नेपालले अबका दिनमा गर्नु पर्ने कार्यहरू

आजका बालबालिका नै भोलिका असल नागरिक हुन्। सीप र उपयुक्त शिक्षाका माध्यमबाट यिनीहरू देश विकासका लागि शसक्त जनशक्ति बन्न सक्छन्। त्यसैले यिनीहरूलाई भविष्यका कर्णधार भनिएको हुनसक्छ। भविष्यमा मुलुक हाँक्ने नेतृत्वकर्तादेखि सफल व्यवसायी यही समूहबाट बन्ने निश्चित छ। तसर्थ हरेक मुलुकको कर्तव्य आजका बालबालिकाहरूलाई उपयुक्त शिक्षा र युवाहरूलाई उपयुक्त सीपले परिपूर्ण बनाउनु नै हो। यसबाट व्यक्ति मात्र सक्षम बन्ने नभएर समग्र समाज र मुलुकले लाभ लिन सक्छ। प्रश्न सीपको आवश्यकता छ कि छैन भन्ने होइन, प्रश्न त के गरेमा सबै युवालाई सीपयुक्त बनाउन सकिन्छ भन्ने हो।

एउटा व्यक्तिलाई न्यूनतम रूपमा जीवनयापन गर्न आधारभूत (Foundation), स्थानान्तरण योग्य (Transferrable) र प्राविधिक व्यावसायिक (Technical and Vocational) किसिमको सीप आवश्यक हुन्छ भनेर सबैका लागि शिक्षा विश्वव्यापी प्रतिवेदनले भनेको छ (UNESCO, 2012)। सीपहरूलाई कतिपय अवस्थामा संज्ञानात्मक (Cognitive), Non-Cogitive र प्राविधिक (Technical) भनेर पनि वर्गीकरण गरिएको पाइन्छ। यसलाई जे जसरी व्याख्या वा वर्गीकरण गरिए पनि शिक्षाले व्यक्तिको सीप र क्षमता विकास गर्न ध्यान दिनु पर्छ। यसका लागि के कस्तो विधि र प्रकृया आवश्यक पर्छ भन्ने विषय आआफ्नो परिवेश, क्षमता र अवस्था एवम् सन्दर्भमा भर पर्छ। माध्यमिक तह पूरा गरेको व्यक्तिलाई आधारभूत सीप भएको मान्ने चलन पनि रहिआएको छ। त्यसैले माध्यमिक तहलाई औपचारिक शिक्षाका माध्यमबाट सीप हासिल गर्ने विधि मान्ने गरिएको हो। औपचारिक पद्धतिभित्रै सीप विकासको अर्को पाटो पनि छ, त्यो हो व्यावसायिक एवम् सीपमूलक तालिमबाट

सीप विकास गर्ने । यस बाहेक अनौपचारिक एवम् इनफरमल (Informal) पद्धतिबाट पनि व्यक्तिले सीप हासिल गर्न सक्छ ।

हाम्रा आफ्नै र विश्वव्यापी अनुभवका आधारमा देहायका उपायहरू नेपालका सन्दर्भमा सबै युवालाई सीपयुक्त बनाउन उपयोगी बन्न सक्छन्:

१. शैक्षिक नीति निर्माताहरूका लागि एकातिर विद्यालय बाहिर रहेकाहरूलाई विद्यालयमा के कसरी ल्याउने भन्ने चुनौती रहेको छ भने अर्कातिर उपलब्ध आधारभूत शिक्षाको गुणस्तर बढाउने कार्य पनि उत्तिकै चुनौतीका रूपमा रहेको छ । आधारभूत तहको शिक्षाको पहुँचबाट बाहिर रहेकाहरू पनि आधारभूत सीपबाट वञ्चित हुन्छन् र यस तहको शिक्षा गुणस्तरीय बन्न नसकेमा विद्यालय गएक(ाहरू पनि आधारभूत सीप बिनाका उत्पादन बन्न सक्छन् । तसर्थ नेपालजस्तो मुलुकका लागि माथि उल्लेख गरिएका दुवै विषय प्राथमिकतामा रहनु पर्ने देखिएको छ ।

२. तत्काल हाम्रो प्रयास भएका वा उपलब्ध कार्यहरूलाई थप प्रभावकारी बनाउनेतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ । अहिले जे जति बजेट उपलब्ध छ, जे जति जनशक्ति उपलब्ध छन्, तिनको परिचालनमा जोड दिनु पर्छ । भन(ाइको मतलब हाल उपलब्ध आधारभूत तहको शिक्षाको गुणस्तर बढाउन सबैले थप मिहिनेत गर्नुपर्ने निश्चित छ । शिक्षकले कक्षाकोठामा बढी मिहिनेत गर्नु पर्छ, सरकारले समयमा बजेट निकासा गर्नुपर्छ, शिक्षक दरबन्दी मिलान गर्नुपर्छ, विद्यालय अनुगमनमा जोड दिनुपर्छ, अभिभावकले पनि शिक्षक एवम् विद्यालयसँग सहकार्य गर्नुपर्छ । यी सबै कार्यहरू बजेट थप नभए पनि गर्न सकिन्छ । तर यसका लागि उच्च तहबाट सुधारको प्रतिबद्धता र इमानद(ारिता देखाउनु आवश्यक छ । उपलब्ध स्रोतको सदुपयोगभन्दा बजेट पुगेन भन्ने गुनासो गर्न अभ्यस्त भइसकेको अहिलेका अवस्थामा हाम्रो आफ्नै कार्य शैलीमा परिवर्तन गर्नु पहिलो तर अनिवार्य सर्त हो । उपलब्ध स्रोतको प्रयोगबाट प्रचलित शिक्षालाई केही मात्रामा भए पनि गुणस्तरयुक्त बनाउन सकिन्छ जसबाट विद्य(ालयमा भर्ना भएकाहरू लाभान्वित बन्न सक्छन् । तह पूरा गरेका व्यक्तिहरू आधारभूत तहको सीपसहितका हुन सक्छन् ।

३. कम विकसित मुलुकहरूमा विविध कारणबाट विद्यार्थीहरूले कक्षा पूरा नगर्ने, बिचमै कक्षा छाड्ने र बिचका तह पूरा गरेपछि पनि कक्षा छाड्ने गरेको पाइन्छ । यिनीहरूका लागि अलि लचक (Flexible) किसिमको शिक्षाको अवसर सुनिश्चित गर्न सकेमा सुविधाविहीन समूहहरूका लागि सीप विकासको अवसर सहज बन्न पुग्थ्यो । विद्यालय छोडेकाहरूलाई विद्यालयमा पुनः ल्याउने वा अन्य सीपमूलक तालिम दिने भनेको उनीहरूका लागि दोस्रो अवसर उपलब्ध गराउनु हो । शिक्षा प्रणाली के कति समावेशी र Responsive छ भन्ने विषय यस किसिमको दोस्रो अवसरको उपलब्धता र प्रकृतिले निर्धारण गर्दछ । राजनीतिज्ञहरू लोकप्रिय हुने लोभले यस्ता कार्यक्रमभन्दा माथिल्लो तहको शिक्षालाई

निःशुल्क बनाउने वा शुल्क घटाउने कार्यमा दत्तचित्त भएको पाइएको छ । यस्ता लोकप्रिय कार्यक्रम गरिब जनताका नाममा त ल्याउने गरिन्छ तर त्यसबाट उनीहरूले अपेक्षित लाभ पाउन सकेको देखिँदैन । उनीहरूका लागि पहिलो आवश्यकता भनेको सुरुका कक्षाहरूमा लगानी बढाउनु हो अनि भएको शिक्षामा विकल्पहरू उपलब्ध गराउनु हो ।

४. सीप विकासका क्रममा विद्यालय बाहिर रहेका तर विद्यालयमा भर्ना हुने उमेर समूहकाहरूलाई के कसरी विद्यालयमा ल्या( उने भन्नेबारेमा ध्यान दिनु आवश्यक छ । यस क्रममा प्राथमिक तहमा भएको लगानीको ढाँचामा नै परिवर्तन गर्नुपर्ने हुन सक्छ । यस समूहका लागि माथिल्लो तहको शिक्षालाई निःशुल्क बनाउने भन्दा पनि प्राथमिक/आधार भूत तहमा लगानी बढाई त्यस्ता समूहको अवसर व्यापक बनाउने कार्य बढी सान्दर्भिक हुन्छ । युवालाई सीप उपलब्ध गराउने पहिलो कार्य भनेको आधारभूत तहसम्मको शिक्षाको सर्वव्यापीकरण नै हो । यसबाट सबैमा न्यूनतम रूपमा भए पनि आधारभूत सीप विकास गर्ने अवसर सृजना हुन्छ । उदाहरणका लागि अति विपन्न समूहका बालबालिकाहरूलाई आवासीय सुविधा सहितको आधारभूत शिक्षा उपलब्ध गराउनु पर्ने हुन्छ । परिवारलाई नै सर्तसहित सहयोग गर्ने अर्को उपाय हुन सक्छ । यस्तै विविध उपयोगी उपायहरू खोजी तिनीहरूलाई प्रयोगमा ल्याउनु पर्ने हुन्छ । यसैगरी विद्यालय बाहिर रहेका तर विद्यालय उमेर पूरा गरेकाहरूलाई वैकिल्पक प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकेमा सो उपयोगी हुन्छ ।

५. युवाहरूमा सीप विकासका क्रममा विचार गर्नुपर्ने अर्को पक्ष भनेको जनशक्ति विकास योजना तर्जुमा र कार्यान्वयन हो । भोलिका दिनमा मुलुकका लागि के कस्तो जनशक्ति आवश्यक पर्छ र त्यसलाई के कसरी पूरा गर्न सकिन्छ भन्ने दृटिकोण बनाउनु अत्यन्त आवश्यक हुन्छ । जनशक्तिको आँकलन गर्दा न्यून सीपयुक्त, मध्यम स्तरीय र उच्च स्तरीय दक्ष जनशक्तिको आवश्यकता निर्धारण गर्न सक्नुपर्छ । यस क्रममा स्वदेशको मागका साथै अन्तर्राष्ट्रिय सन्दर्भलाई समेत ध्यानमा राख्न सकिन्छ ।

६. जब मुलुकका लागि के कति जनशक्ति आवश्यक पर्छ भन्ने विषय यकिन गरिन्छ त्यसपछि यस किसिमको जनशक्ति के कसरी विकास गर्न सकिन्छ भन्नेबारेमा योजना तयार गर्नुपर्छ । जनशक्ति विकासका लागि मुलुकभित्र आवश्यक संस्थाको उपलब्धता के कस्तो छ भनेर सोको आँकलन पनि यसै क्रममा गर्नुपर्छ । विकसित मुलुकका अनुभवले देखाएअनुसार जनशक्ति विकासको योजनासँगै शैक्षिक संस्था विकासको योजना पनि बनाउन सुरु गर्नुपर्छ ।

७. गरिब घरपरिवारमा धेरै समस्याहरू रहेका हुन्छन् । कुनै एक जनालाई मात्र पढ्न पठाएर वा तालिम दिएर समग्र परिवारलाई प्रभावित गर्न कठिन हुनसक्छ, उपलब्ध सुविधाको प्रभाव न्यून हुन सक्छ, यस्ता कार्यहरू

त्यति प्रभावकारी नहुन पनि सक्छन् । यस अवस्थामा सहयोगको एकाइ व्यक्तिभन्दा पनि घरपरिवार बनाउन सकेमा त्यस्ता कार्यक्रमको प्रभावकारिता बढी हुनसक्छ । विश्वमा भए गरेका कार्यहरूको अनुभवले पनि त्यही देखाएको छ । Social safety net का कार्यक्रम सञ्चालन गरेर पनि गरिब घरपरिवारका युवाहरूलाई अगाडि ल्याउन सकिन्छ ।

८. माथि उल्लिखित सोचहरू कार्यान्वयनमा ल्याउनका लागि स्रोत सहितको कार्ययोजना तर्जुमा गरेर कार्यान्वयनमा जानुपर्ने हुन्छ । यस क्रममा पहुँच र अवसर, क्षेत्रगत सन्तुलन, सुविधा विहीनका लागि विशेष व्यवस्था, समन्यायिकता, गुणस्तर र सान्दर्भिकता, वित्तव्यवस्था आदि जस्ता पक्षमा पनि उत्तिकै मात्रामा ध्यान दिनु आवश्यक देखिन्छ ।

**अन्त्यमा,**

सीप विकासको पहिलो पाटो हाल सञ्चालनमा रहेको औपचारिक एवम् अनौपचारिक शिक्षालाई के कसरी बढीभन्दा बढी सान्दर्भिक बनाउन सकिन्छ भन्ने नै हो । हाल उपलब्ध स्रोतबाट बढी लाभ लिने कार्यलाई नै उच्च प्राथमिकतामा राख्नु पर्छ । हाल सञ्चालनमा रहेको आधारभूत तहसम्मको शिक्षालाई थप गुणस्तरीय बनाउन सकिएमा आधारभूत तहको सीप विकासमा ठुलो सहयोग पुग्न सक्छ । यसैगरी व्यावसायिक तालिमका कार्यक्रमहरूलाई बढीभन्दा बढी उपयोगी र सान्दर्भिक बनाउनु आवश्यक छ । विद्यालय बाहिर रहेका विद्यालयमा भर्ना हुन योग्य भइसकेको उमेर समूहका बालबालिकाहरूका लागि वैकल्पिक प्रकृतिका कार्यक्रमहरू सञ्चालनमा ल्याउनु आवश्यक छ । विद्यालय छाडेका तर अलि बढी उमेर भएका युवा तथा प्रौढका लागि छोटो अवधिका सीपयुक्त तालिम सञ्चालन गर्नुपर्छ । स्वरोजगारलाई बढावा दिने खालका आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । यी सबै कार्यका लागि उपलब्ध जनशक्तिले बढीभन्दा बढी मिहिनेत गर्नुपर्छ । यसका लागि नेतृत्व प्रतिबद्ध र इमानदार हुनुपर्छ अनि अनुगमनमा जोड दिनुपर्छ ।

शिक्षाले व्यक्तिलाई भावी जीवनसँग जुध्नसक्ने बनाउनु पर्छ । समयानुसार व्यक्तिमा उपयुक्त सीप र क्षमता विकास गर्नसक्नु पर्छ । राज्यले बजारमा रोजगारीका अवसरहरू उपलब्ध गराउनु पर्छ । स्वरोजगारका लागि पनि उपयुक्त वातावरण बनाउनु पर्छ । अबको शिक्षाको उद्देश्य भनेको शिक्षा प्रदान गर्ने मात्र नभएर व्यक्तिलाई जीवनयापन गर्न सक्ने बनाउनु पर्‍यो, राम्रो काम गर्न सक्ने बनाउनु पर्‍यो, जीवनयापनका लागि आयआर्जन गर्न सक्ने बनाउनु पर्‍यो र आफ्ना लागि मात्र नभएर समुदाय, समाज र मुलुकप्रति पनि केही गर्न सक्ने बनाउनु पर्‍यो । समग्रमा भन्नुपर्दा असल बनाउनेतर्फ ध्यान केन्द्रित गर्नु पर्‍यो ।

आर्थिक वर्ष २०७१/७२. काठमाडौं : अर्थ मन्त्रालय ।

## सन्दर्भ सामग्रीहरू

UNESCO (2012). Education for All Global Monitering Report 2012. Youth and Skills: Putting Education to work. Paris: UNESCO.

UNESCO (2015). Education for All Global Monitering Report 2015.Education for All 2000-2015: Achievements and Challenges. Paris: UNESCO.

अर्थ मन्त्रालय (२०७२). आर्थिक सर्वेक्षण

शिक्षा मन्त्रालय (२०७२). वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष २०७१/७२. काठमाडौं : शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६७). विद्यालय क्षेत्र सुधार योजना मूल दस्तावेज सहित २०६६. काठमाडौं : शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२०७१). विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क २०७१ (Consolidated Report 2071). काठमाडौंः शिक्षा विभ( ाग ।

# नचम्किएका हीराहरू

✍ दिपेश घिमिरे

राष्ट्रिय युवा नीतिले १६ वर्षदेखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानेको छ जुन कुल जनसङ्ख्याको झन्डै ४० प्रतिशत हुन आउँछ । हरेक दिन यही उमेर समूहका युवा विकृति, विसङ्गति, अपराध जस्ता गतिविधिमा संलग्न भएका समाचारहरू आइरहेका छन् । युवा बेरोजगार छन् । बिग्रेका छन् । लागू औषध सेवन गर्ने जस्तो कुलतमा लागेका छन् । सही बाटो नदेखेर अपराधमा संलग्न छन् । के सही के गलत छुट्ट्याउन नसकेर रनभुल्लमा परेका छन् भन्ने गुनासो व्यापक देखिन्छ । छलफल व्यापक सुनिन्छ । तर यो सत्य हो कि यही उमेर समूह नै आर्थिक रूपमा सबैभन्दा सक्रिय छन् । मनोरञ्जनमा संलग्न छन् । खोज अन्वेषणमा लागि परेका छन् । केही गरौं भनेर कम्मर कसेर काममा लागेका छन् । आफ्नै गाउँ ठाउँमा नयाँ नयाँ काम गरिरहेका छन् । व्यावसायिक बनेका छन् । शिक्षक छन्, पत्रकार छन्, जागिरे छन्, व्यापारी छन् । नेपालमा रोजगारीको अवसर नपाएका खण्डमा विदेश जाने गरेका छन् । मरुभूमिमा पसिना बगाएका छन् । नेपालमा रेमिट्यान्स पठाएका छन् । अहिले युवाको यो सकारात्मक पाटो अलि ओझेलमा परेको छ । यस्ता उदाहरणीय घटनाहरू प्रशस्त छन् हाम्रै समाजमा । नचम्किएका हीराहरू धेरै छन् नेपाली समाजमा । त्यस्ता केही उदाहरणहरू यस लेखमा प्रस्तुत गरिएको छ ।

पहिलो उदाहरण हेरौँ - पूर्वी पहाडी जिल्ला खोटाङको जालपा गाउँ । जहाँको रौनक हिजोआज छुट्टै छ । सहर लोडसेडिङ र विद्युत् अभावको मारमा परेको छ तर जालपाका घरघरहरू रातका समयमा बिजुलीले गर्दा झलमल्ल छन् । घरघरमा कम्प्युटरमा रमाइरहेका बालबालिका र युवायुवती भेटिन्छन् । साँझ पर्नै नपाई के बालबालिका के युवायुवती र के बृद्धबृद्धा विभिन्न स्वदेशी र विदेशी च्यानल हेर्न टेलिभिजन अघिल्तिर झुम्मिन्छन् । रातका समयमा टुकी, दियालो र लालटिनको कुनै आवश्यकता छैन । यी कुरालाई त यहाँका मानिसले बिर्सी पनि सके । स्विच दबाउने बित्तिकै टुकी, लालटिन र दियालो भन्दा कैयौं गुणा उज्यालो दिने ट्युबलाइट बल्छ । उज्यालो हुन्छ । विद्युत्को सहारामा चल्ने कुटानपिसान मिल, मोबाइल मर्मत पसल लगायतका विभिन्न पेसा तथा व्यवसाय यहाँ सुरु भएका छन् । यस गाउँलाई हेर्दा रोजगारीको अवसर सहरबाट गाउँतिर छिर्न लागेको भान हुन्छ । यो गाउँ छाडेर सहर पस्ने युवायुवतीको सङ्ख्या दिनदिनै घट्दै गइरहेको छ; बरु गाउँ फर्किनेको सङ्ख्या बढ्दै गएको छ ।

जालपामा देखिएको यो परिवर्तन स्थानीय युवाको पहलमा सम्भव भएको हो । सप्तेश्वर

जालपाका युवाले ३० लाख ५२ हजारको लागतमा गाउँमै केही वर्ष अगाडि २१ किलोवाट क्षमताको विद्युत् उत्पादन गरेपछि गाउँको मुहार फेरिएको हो । उनीहरूले विद्युत् उत्पादन मात्र गरेका छैनन्, कम्प्युटर शिक्षा र केवल नेटवर्क सञ्चालन गरेर दुर्गम गाउँवासीमा सञ्चार पहुँच बढाएका छन् । गाउँ विकासका लागि युवाहरू नै जुट्नु पर्दो रहेछ भन्ने पाठ सिकाएका छन् । अबको नयाँ नेपालको निर्माण युवा सक्रियता, संलग्नता र सहभागितामा मात्र सम्भव छ भन्ने कुरालाई स्थापित गरिदिएका छन् । युवाको सक्रियताले गाउँको मुहार फेर्न सक्छ भन्ने कुराको एक बलियो प्रमाण हो जालपा गाउँ ।

भौगोलिक आधारमा हेर्ने हो भने खोटाङ पूर्वी विकट जिल्लाका रूपमा चिनिन्छ । त्यहाँ बाह्रै महिना मोटर सञ्चालन हुँदैन । विकासका पूर्वाधारको सुरुवात भएको छैन । हर कुराबाट पिछडिएको जस्तो देखिए पनि यहाँका युवाहरू आफ्नो समाज रूपान्तरण गर्न तथा समाजलाई परिवर्तन गरी विकसित तुल्याउने काममा सत्रि( ०यताका साथ लागिपरेका छन् । यस्तो विकटतासँग डराएर पलायन होइन, सङ्घर्ष गरेर विजयी भएका छन् । गाउँमै बसेर गाउँको विकास र समाजको रूपान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् । जालपाका यी युवाले गरेको विकासको कामलाई आदर्श नमुनाका रूपमा लिएर आफ्नो गाउँ ठाउँलाई परिवर्तन गर्नका लागि अन्यत्रका युवाले पनि सक्रियतापूर्वक योगदान गर्न सक्ने प्रशस्त सम्भावना छ ।

दोस्रो उदाहरण हेरौँ- लागू औषध दुर्व्यसनले धेरै युवालाई समस्यामा पारेको छ । त्योभन्दा बढी उनीहरूका अभिभावक तथा आफन्त र छरछिमेकी( लाई पारिरहेको छ । किशोरावस्थामा प्रवेश गरेसँगै मानिसमा बढ्ने हार्मोन र जिज्ञासुपनले बच्चा विस्तारै विस्तारै दुर्व्यसनको सिकार बन्दै गइरहेका छन् । एक तथ्याङ्क अनुसार नेपालमा १ लाख ५० हजारभन्दा बढी लागू औषध दुर्व्यसनीहरू रहेका छन् । जसमध्ये १ लाख सात हजार त स्कुले बालबालिका छन् । लागू औषध दुर्व्यसनको जालो दिनदिनै फैलँदै गइरहेको छ जसले व्यक्ति, उसको परिवार, ऊ बाँचिरहेको समाज र पूरै देशमा नकारात्मक प्रभाव पारिरहेको छ ।

धेरैलाई लाग्छ कि दुर्व्यसनमा एकपटक फसिसकेपछि त्यसबाट उम्कन सकिँदैन तर यो सत्य होइन । छाड्न सकिन्छ दुर्व्यसन । फर्किन सकिन्छ पुरानै जीवनमा । लागू औषध दुर्व्यसनीमा फस्नु जीवनको अन्त्य होइन, निस्किन सकिन्छ यस किसिमको कुलतबाट । बनाउन सकिन्छ जीवनल( ाई फेरि रङ्गीन, मायालु र आत्मीय । रूपन्देहीका एक युवा सन्तोष घिमिरेको जीवनकथाले यही भन्छ । विद्यालयमा अध्ययन गर्ने क्रममै लागू औषधको कुलतमा फस्नु भएको थियो घिमिरे । तर त्यसबाट बाहिर आउने उत्कट चाहनाका कारण उहाँले पूर्ण रूपमा लागू औषध छाड्न सक्नु भयो । अहिले उहाँ काठमाडौँस्थित एक पुर्स्थापना केन्द्रमा परामर्शदाताका रूपमा काम गरेर अन्य युवालाई लागू औषध छुटाउने र लागू औषध दुर्व्यसनी मुक्त समाज निर्माण गर्ने अभियानमा सक्रिय हुनुहुन्छ । सन्तोषको अनुभवलाई हेर्ने हो भने यदि व्यक्तिमा दृढ आत्मविश्वास र सुनौलो भविष्य चुम्ने उत्कट आकाङ्क्षा छ भने पक्कै पनि लागू औषध दुर्व्यसन छाड्न सकिन्छ । नयाँ जीवनको सुरुवात गर्न

सकिन्छ । जीवनका हरेक रङ्गमा फेरि पनि रमाउन सकिन्छ ।

तेस्रो उदाहरण हेरौँ - युवाको सबैभन्दा ठुलो समस्या बेरोजगारी हो तर दोलखा जिल्लाको सैलुङ क्षेत्रका युवा भने यसभन्दा फरक छन् । उनीहरूलाई एक छिन पनि फुर्सद छैन । उनीहरू आफ्नै गाउँमा मिहिनेत गरेर अहिले स्वरोजगार बनेका छन् । केही वर्ष अगाडिसम्म रोजगारीको खोजीमा खाडी राष्ट्रतिर लागेकाहरू पनि अहिले आफ्नै गाउँमा फर्किएर स्वरोजगार बनेका छन् । उनीहरूको स्वरोजगार गाउँमा कुनै उद्योग, कलकारखाना खुलेर भएको होइन । सैलुङका कर्मठ युवाहरू तरकारी खेती गरेर आफै स्वरोजगार भएका हुन् । उच्च हिमाली क्षेत्र भए पनि त्यस क्षेत्रमा उब्जनी हुने आलु, बन्दाकोबी, फुलकोबी, लसुन, प्याज जस्ता तरकारी खेती गरेर अहिले सैलुङ क्षेत्रका युवाहरू आत्मनिर्भरतातर्फ लम्किएका छन् । हिजोका दिनसम्म दुई चार हजार ऋणको खोजीमा भौँतारिनेहरू अहिले ऋणमा पैसा लगाउन थालेका छन् । स्थानीय एक युवा किसान गणेश श्रेष्ठका अनुसार अहिले स्थानीय युवाहरूले आफ्नै गाउँमा बसेर वार्षिक रूपमा ३ लाखभन्दा बढी आम्दानी गरिरहेका छन् ।

धेरैले भन्छन् युवा पलायनवादी हुन् । युवाहरू गर्ने केही होइनन्, गफ मात्र गर्छन् भनेर आलोचना गर्दछन् । तर सैलुङका युवाले यी र यस्ता सम्पूर्ण आलोचनालाई बेवास्ता गर्दै अगाडि बढेर आफूलाई उदाहरणीय बनाएका छन् । काम नपाएर हल्लेर हिँडेको भन्ने अस्वाभाविक जवाफ दिने केही युवाका लागि सैलुङका युवाले उदाहरणीय काम गरेर देखाएका छन् । त्यहाँका युवाहरू आफ्नै गाउँ ठाउँमा बसेर स्वरोजगार मात्र भएका छैनन्, गाउँ नै रूपान्तरणको मेरुदण्ड तयार पार्दै छन् । उनीहरूले तरकारी खेतीमा जिल्लालाई आत्मनिर्भर मात्र बनाएका छैनन्; काठमाडौँ, बनेपा लगायतका क्षेत्रमा समेत पर्याप्त मात्रामा तरकारी निर्यात समेत गरिरहेका छन् । दोलखाको यो अवस्था हेर्दा लाग्छ वास्तवमा सम्भावना तपाइँ हाम्रै करेसामा छ, तपाइँ हाम्रै खेतबारीमा छ । ती सम्भावनालाई चिनेर त्यसको संरक्षण तथा संवर्द्धन गर्ने हो भने जहाँतहीँ रोजगारी छ । जहाँतहीँ छ सम्भावना । देशभरिका युवाले दोलखा सैलुङका युवा साथीबाट प्रेरणा लिएर आफ्नै करेसावारी, खेतवारीमा पसिना बगाउने हो भने तिनै बारीका डल्लाभित्र सुनका गहनाहरू भेट्न सक्छन् ।

चौथो उदाहरण पनि निकै रोचक छ । कृषक भन्ने बित्तिकै हाम्रो दिमागमा झट्ट एउटा यस्तो अनुहार देखा पर्छ, जहाँ झुत्रा लुगा लगाएको, दुब्लो, जतिखेर पनि खेतीपातीमा मात्र व्यस्त रहने, पर्याप्त सरसफाइ गर्न नसकेर मैलो लुगा लगाएको, सँगै अशिक्षित पनि । तर गुल्मी थानापतीका चोलानाथ ज्ञवाली यी सबैको अपवाद हुनुहुन्छ । अङ्ग्रेजी तथा गणित विषयमा स्नातक पूरा गर्नुभएका ज्ञवाली व्यावसायिक कृषकको गतिलो उदाहरण हुनुहुन्छ । पढेलेखेका मान्छे कृषि पेसामा आबद्ध हुनुहुँदैन भन्ने सनातन सोचाइलाई लात हान्दै उहाँ कृषि पेसामा लागेर वार्षिक १० लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ ।

दृढनिश्चय अनि दह्रो आत्मविश्वासले मानिस जुनसुकै पेसामा लागे पनि राम्रो गर्न सक्छ । प्रगतिको बाटोमा अगाडि बढ्दछ अनि सफलताको शिखर चुम्न सक्छ । पढेलेखेकाहरूले

गर्नै हुँदैन भनेर भनिने कृषि पेसामा लागेर पनि मानिस सफल हुन्छ भन्ने कुराको गतिलो उदाहरण हुनुहुन्छ ज्ञवाली । पर्याप्त अध्ययन गरेर र अन्य विकल्प छँदाछँदै पनि कृषि पेसामा सक्रिय रूपमा लागेर उहाँ सफल हुनुभएको छ । उहाँले कोर्नुभएको यस गोरेटोलाई आदर्श मानेर अन्य युवा साथीहरू पनि यस्ता काममा लाग्ने हो भने कृषि पेसाले राजमार्गको रूप लिनेछ । कृषिमै नाम, दाम अनि इनाम सबै छन् ।

पाँचौं उदाहरण पनि कम प्रेरणादायी छैन । यतिखेर एचआइभी धेरै युवाको समस्या बनेको छ । नेपालमै पनि झन्डै २ लाख व्यक्ति एचअ(ाइभी सङ्क्रमणमा रहेको विभिन्न निकायहरूको तथ्यले देखाउँछ । धेरैलाई लाग्छ एचआईभी सङ्क्रमणमा पऱ्यो भने जीवन सकियो । त्यसपछि जिन्दगीमा कुनै काम गर्न सकिन्न । एचआइभी सङ्क्रमणपछिको जीवन पूरै अँध्यारो छ । अन्यौल छ । अनिश्चिततापूर्ण छ । तर समाजमा केही यस्ता व्यक्ति पनि छन् जसलाई हेर्ने हो भने एचअ(ाइभी सङ्क्रमण हुँदैमा सुन्दर जीवन सकिँदैन । बरु जीवनको नयाँ संस्करणको सुरुवात हुन्छ । नयाँ कामको सुरुवात हुन्छ । एचआइभी सङ्क्रम(णपछि नयाँ जीवनको सुरुवात गर्ने मध्येकै एक हुनुहुन्छ गैंडाकोट-३ नवलपरासीकी निर्मला पौडेल । गैंडाकोटको ढोडेनीमा हाँस्दै खेल्दै आफ्नो बाल्यकाल बिताउनु भएकी निर्मलाको १४ वर्षको सानै उमेरमा नै गैडाकोटमै विवाह भयो । सानै उमेरमा विवाह गर्नुभएकी निर्मलाको श्रीमान्सँगको सहयात्रा लामो समयसम्म अगि बढ्न सकेन, उहाँले जीवनको लामो समय पतिका साथमा बिताउन पाउनु भएन । विवाह गरेको २ वर्षमै उहाँका श्रीमान्को एचआइभीका कारण मृत्यु भयो । त्यसबेलामा निर्मलाको ६ महिनाको गर्भ थियो । कलिलै उमेरमा विधवा र श्रीमान्बाट एचआईभी सङ्क्रमित बन्दा पनि समाजले उहाँप्रति साहानुभूति राखेन । बरु हेप्यो र तिरस्कार गऱ्यो । निर्मलाले यस समाजमा बाँच्नका लागि कम्ती सङ्घर्ष गर्नु परेन । यसै क्रममा उहाँको छोरा जा(न्मयो । छोरालाई एचआइभी सङ्क्रमण नभएको रिपोर्ट आएपछि उनलाई जीवनप्रति रहर जाग्यो । उहाँको हिम्मत बढ्यो । बरु हिम्मतका साथ बा(ँच्ने प्रयास गर्नुभयो । उहाँले यस निर्दयी समाजमा बाँच्नका लागि निकै सङ्घर्ष गर्नुपऱ्यो तर हिम्मत हार्नुभएन । यसै क्रममा उहाँले एचआईभीका विरुद्ध जनचेतना फैलाउने र सङ्क्रमितलाई आवश्यक परामर्श दिनका लागि लुम्बिनी प्लस नामक साम(ाजिक संस्था खोल्नुभयो । निर्मला अहिले त्यस संस्थाको अध्यक्षका रूपमा क्रियाशील भएर लागिरहनुभएको छ ।  एचआईभी नियन्त्रण तथा परामर्शका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका कारण निर्मलाले २०५९ सालमा थाइल्यान्डमा एचआईभी सङ्क्रमितहरूको अर्न्तराष्ट्रिय सञ्जा(लबाट सम्मान पाउनुभयो । यसै गरी उहाँ २०६०, २०६१, २०६६, २०६८ र २०६९ सालमा नेपालमै विभिन्न सङ्घ संस्थाबाट सम्मानित भइसक्नुभएको छ ।

एक किशोरी जो आफ्नो श्रीमान्का कारण एचआईभी सङ्क्रमणमा फस्नुभयो उहाँले हिम्मत, आँट साहसिलो कदम चाल्दा अरू धेरै अन्जानवश एचआईभी सङ्क्रमणमा परेकाहरूले बाँच्ने आधार पाएका छन् । निर्मला पौडेलको योगदानले अहिले नवलपरासीमा निकै सकारात्मक परिवर्तनका

लक्षणहरू देखिएका छन् । त्यसैले यदि कुनै युवा एचआईभी सङ्क्रमणको सिकार बन्नुभएको छ भने घरभित्रै मात्र सीमित नभएर बाहिर निस्किने हो भने नयाँ जीवनको, नयाँ समयको र नयाँ बिहानीको निर्माण सम्भव रहेछ भन्ने कुराको उदाहरण बन्नुभएको छ निर्मला । एचआईभी सङ्क्रमण हुँदैमा जीवन सकिँदैन । बरु नयाँ जीवनको सुरुवात गर्न सकिन्छ । यसका लागि आँट, हि(म्मत, आत्मविश्वास र स्पष्ट योजना भने अवश्यै चाहिन्छ । यदि त्यसो भयो भने हरेक युवाले नयाँ इतिहास रच्न सक्दछन् भन्ने बलियो सन्देश निर्मलाको जीवन सङ्घर्षबाट पाउन सकिन्छ ।

माथि उल्लेख गरिएका त केही प्रतिनिधिमूलक घटना मात्र हुन् । देशभर यस्ता नचम्किएका हीराहरू अझ धेरै छन् । उनीहरू आफ्नो श्रम र मिहिनेतले स्थानीय स्तरमा स्थापित भएका छन् । स्वरोजगार बनेका छन् । परामर्शदाता बनेका छन् । सामाजिक अभियन्ता बनेका छन् । सामाजिक रूपान्तरणका अभियन्ता बनेका छन् । घर, परिवार, टोल तथा समाजलाई मार्ग निर्देश गरिरहेका छन् । युवा पलायनवादी मात्र छैनन् । सङ्घर्षशील पनि छन् । युवा अपराधमा मात्र संलग्न छैनन् सृजनशील काममा पनि लागेका छन् । युवा अभाव र अन्यौलताको दुष्चक्रमा मात्र फसेका छैनन्, समाजका अन्य व्यक्तिलाई पनि मार्ग निर्देश गरिरहेका छन् । त्यसैले युवालाई हेर्ने सनातन तथा पुरातनवादी “लेन्स” फुकालौं । युवामाथि भरोसा गरौँ । युवालाई विश्वास गरौँ अनि युवामाथि लगानी गरौँ । त्यसैले बनाउनेछ हामीले भन्दै आ(एको नयाँ नेपाल अनि हाम्रो कल्पनाको सुन्दर र समृद्ध नयाँ नेपाल ।

dipesh.ghimire33@gmail.com

# देश विकासमा युवा, यसरी सम्भव छ विकास र परिर्वतन

✍ धुर्मुस/सुन्तली

देश बनेन । विकास भएन । सरकारले केही गरेन । नेताको विश्वासै रहेन । हाम्रो मस्तिष्कमा यस्तै सोच व्याप्त छन् । सरकार र नेताको काँधमा देश विकासको सबै जिम्मेवारी सुम्पिएर चुपचाप बस्ने प्रचलन छ । उता सरकार, न्यामिट्यान्समै रमाइरहेको छ । विदेशी भूमिमा पसिना बगाउनेहरूले नै देशलाई धानी रहेका छन् । विदेशी भूमिमा ज्यान माया मारेर जीवन बिताउनु पर्दाको पीडा नेपाली युवामा छर्लङ्ग देख्न सकिन्छ । युवाहरूको त्यस्तो पीडामा मलम लगाउन सरोकारवाला निकाय असमर्थ देखिएको छ । तसर्थ नेपाली युवा नै त्यो समस्याको समाधान हो । पीडा कम गर्ने मलम हो, औषधि हो । देश बनाउने मेरुदण्ड हो । सरकारलाई काम सिकाउने शिक्षक हो ।

सबैभन्दा पहिला हामी यो देशका युवा हौँ । त्यही पछि यो देशका कलाकार । कलाकारिता हाम्रो कार्यक्षेत्र हो । जीवन धान्ने आधार हो । कमाइ खाने भाँडो हो । यही भाँडोलाई चम्काउन, टल्काउन वर्षौं परिश्रम गरेका छौँ । भोकभोकै दिन कटाएका थियौँ । सङ्घर्षका दिनलाई जितेर टेलिभिजनमा देखिएका हौँ । धुर्मुस सुन्तलीका रूपमा चिनिएका छौँ । कलाका अलवा देशविकास र सामाजिक काममा सक्रियता बढाउँदै लगेका छौँ । तर हामी आम नेपाली युवाको भन्दा कुनै फरक किसिमको पृष्ठभूमिबाट आएका होइनौँ ।

सोलुमा जन्मिएको सिताराम कट्टेलले ढिँडो खाएर बाल्यकाल बितायो । गाउँभरिको हली बनेर किशोरावस्था पार गऱ्यो । आर्थिक अभावमा अनेक समस्या भोग्यो । एसएलसी पास गरेर १७ सय रुपैयाँ ३६ प्रतिशत ब्याजमा ऋण लिएर राजधानी छिऱ्यो । स्केच बनायो । भाँडा बेच्यो । क्यारिकेचर गऱ्यो । तर कलाकार बन्ने सपना त्यतिन्जेलसम्म पनि देखेको थिएन  जब कलामा रुचि बढ्यो । पेट भोकै राखेर नै सङ्घर्ष गर्न लागि पऱ्यो । नेपाल टेलिभिजनाबाट प्रसारण हुने 'गीताञ्जली' र 'जिरे खुर्सानी' जस्ता अत्यन्त लोकप्रिय टेलिशृङ्खला हुँदै मेरी बास्यै टेलिशृङ्खलासम्म पुग्दा लोकप्रियताको शिखरमा पुग्यो । ललितपुरमा जन्मिएकी कुञ्जना घिमिरे खेतबारीको काम गर्थिन् । घरमा भातभान्छाको काममा निकै सघाउँथिन् । पढाइसँगै नृत्यमा रुचि राख्थिन् । आफ्नो रुचिको क्षेत्रतर्फ तानिँदै अनि धेरै हन्डर र ठक्कर खाँदै अहिले सुन्तलीका रूपमा परिचित भएकी हुन् ।

हरेक युवासँग यस्तो सङ्घर्षको कथा छ । पिर र व्यथा छ । उत्तिकै मात्रामा नैराश्यता छ । तर, थुप्रै युवामा गरेपछि हुन्छ भन्ने मानसिकता

पनि बाँकी छ । सङ्घर्षले कतिपयलाई मिठो फल दिएको होला । कतिपय त्यसका लागि प्रयासरत होलान् । अनि केही स्वदेशमा सम्भावनाको ढोका बन्द भएको देखेर आफ्ना पाइला विमानस्थल हुँदै विदेशतर्फ मोडिरहेका छन् । आफ्नो भाग्यलाई सरापिरहेका छन् । दिनरात नभनी काम गर्दा कतिपयले राम्रै आम्दानी गरेका छन् । आफू र आफ्नो परिवार सँगसँगै देशका लागि केही गर्नुपर्छ भन्ने सोच भएका युवाको जमात बढी हुने हो भने देश परिर्वतन गर्न नेता होइन जनता नै काफी हुन्छन् ।

हामीले भूकम्प पीडितका लागि एकीकृत बस्ती बसाउने निधो गऱ्यौं । सहयोगी हातहरू थुप्रै देखिए । दुखले कमाएको केही रकम मनदेखि साम(ाजिक कामका लागि छुट्ट्यायौं । देशमा एउटा राम्रो बस्ती बसेको हेर्न चाह्यौं । हामी कलाकार भएर मात्र यस्तो सहयोग गर्न जुटेका होइनौं । सामाजिक कामको नेतृत्व गरेको हुँदा सहयोग गर्ने हातहरू धेरै भेटिएका हुन् । हरेक युवाले यस्ता सामाजिक कामको नेतृत्व लिन सक्छ । यस्तै भावना भएका युवा एकजुट हुने हो भने नेपालले छिट्टै काँचुली फेर्न सक्छ । एउटा एउटा टोल, समाज, जिल्ला हुँदै सिङ्गो देश नै विकासको मार्गमा अघि बढ्न सक्छ । यो काम युवाबाट मात्र सम्भव छ । युवा नेतृत्व आवश्यक छ । राजनीति होस् वा सामाजिक काम या जिम्मेवार पद नै किन नहोस् त्यहाँ युवाहरू पुग्नु पर्छ । उमेर पाको भएकाको कामलाई मात्र पत्याउने मानसिकताबाट हाम्रो समाज माथि उठ्नु पर्छ । अहिलेका युवा हर कुरामा अगाडि छन् । एउटा कुनामा बसेर विश्व नियाल्न जान्ने युवालाई कम आँक्नु मूर्खता हो । त्यसैले देश विकास भएको हेर्न चाहने हो भने काम गर्ने जोस जाँगर भएका युवालाई नै देशको सम्पूर्ण काममा अघि बढाउन सक्नु पर्छ ।

# अध्यात्मप्रेरित युवा पुस्ता : आजको आवश्यकता

✍ डा. राजु अधिकारी

आधुनिक भौतिकवादी दृष्टिकोणले के भन्छ भने म ठिक छु, गल्ती र कमी जति बाहिर छ। अरू सबैले म जस्तो बन्नुपर्छ र मैले भनेको मान्नुपर्छ या परिस्थिति मैले भनेअनुसार हुनुपर्छ। अध्यात्म ठिक यसको विपरीत हुन्छ। अध्यात्म भन्छ आफ्नो स्वभाव र चिन्तन ठिक नभएसम्म कुनै पनि परिस्थिति सल्टिँदैन। समस्या र उतारचढाव आफै सही हुन्छ।

आजभोलिका युवायुवती विपरीत लिङ्गीको रङरूप र छालाको आकर्षण हेरेर मोहित हुन्छन्। जो बाहिरबाट जति रूपवान् या रूपवती छे उसका पछि लाग्नेहरू त्यति नै धेरै हुन्छन्। रूपरङको मोहजस्तै धनसम्पत्तिप्रति पनि मान्छे त्यत्तिकै मोहित हुन्छ। धनवान् भनेपछि सबै हुरुक्क हुन्छन्। धन नहुनेहरूको त छिमेकी पनि हुँदैन। यो आजको भौतिकवादी सत्य हो। अध्यात्म विज्ञान योभन्दा भिन्न दृष्टिकोण राख्दछ। यसले बाहिरभन्दा आन्तरिक सौन्दर्य, वैभव र वर्चस्वमाथि भरोसा राख्छ।

तनाव, चिन्ता र थकान मेटाउन अचेल मान्छेहरू मादक पदार्थ सेवन गर्छन्। खुसी तथा उत्सव आयोजना गर्दा पनि यसैको सहारा लिने चलन छ। क्षणिक मस्ती तर दीर्घकालीन प्रताडना दिने मादक पदार्थ यतिबेला प्रतिष्ठा र धनाढ्यत(ाको समेत प्रतीक बनेको छ। यस दुर्दशापूर्ण मानसिकतासँग अध्यात्मक विज्ञान घोर विमति राख्दछ। अध्यात्मवेत्ताहरू भन्छन् - "जो यो मार्गमा अग्रसर हुन्छ ऊ निरन्तर दिव्य आत्मरसको नशामा मस्त हुन्छ। उसलाई बाहिरी नशाको सर्वनाशी दुष्प्रभाव स्पष्टसँग थाहा हुन्छ।"

आधुनिक जमानाले वस्तु, व्यक्ति वा अवसरको भोगमा खुसी खोज्ने प्रवृत्ति सिकाएको छ। यस मान्यताप्रेरित अधिकांश नयाँ पुस्ता पैसा, सुखसुविधा, पद-प्रतिष्ठा, यौन तथा फेसनबाजीमा खुसी खोजिरहेको छ। यस सन्दर्भमा वास्तविकता जगजाहेर छ कि यस्तो प्रवृत्तिको परिणाम भने ठिक विपरीत देखिँदै छ। त्यसैले विकृति, विसङ्गति, अतृप्ति, असन्तुष्टि, तनाव, दिक्दारीपन, पलायनवादिता सर्वत्र व्याप्त छन्। यसबारे आ(ध्यात्मिक मान्यता पूर्णतः पृथक् छ। आध्यात्मिक मान्यतामा खुसी उपभोगमा हैन, उपयोगमा निहित छ। खुसी हुनु एउटा विशिष्ट कला हो जुन भित्री धरातलबाट सञ्चालित हुने गर्दछ। जसको खुसी भित्रैदेखि निष्पन्न भएको हुन्छ उसलाई बाहिरी सुखसुविधाहरूको अनुपलब्धताले प्रभावित गर्न सक्दैन।

आजभोलिको दुनियाँ यस्तो भइसकेको छ कि धनसम्पत्ति, वस्तु र सामग्रीलाई छातीमा टाँसेर राखिन्छ। त्यसलाई माया गरिन्छ। त्यसको खुब स्याहारसुसार गरिन्छ तर मान्छेलाई भने

प्रयोग गरिन्छ । अर्को शब्दमा भन्नुपर्दा आजभोलि वस्तुलाई माया गरिन्छ जब कि मान्छेलाई प्रयोगको साधन मानिन्छ । वैज्ञानिक अध्यात्म यसको ठीक विपरीत धारणा राख्दछ । मान्छेलाई प्रेम गर्नुपर्छ र वस्तुलाई प्रयोग गर्नुपर्छ । उपभोग, प्रयोग या उपयोग जे गरे पनि त्यो केवल वस्तुको गरिनु पर्छ, मान्छेको होइन ।

आजको नयाँ पुस्ता क्यारियर बन(ाउने कार्यमा मरिमेटेर लाग्ने गर्छ । घरपरिवार, अभिभावक, समाज र जन्मभूमि जेसुकै त्याग्न तयार छ ऊ आफ्नो क्यारियरका लागि । उसले राम्रो जागिरलाई सुनिश्चित भविष्य मानेको हुन्छ । उसको नजरमा अरू सबै महत्वहीन हुन्छन् । यस किसिमको दोषपूर्ण मान्यतालाई सुधिने चेतावनी दिँदै अध्यात्म विज्ञान भन्दछ पेट भर्नु र शरीरको बन्दोबस्त मात्रै जीवन हैन । पेट त पशुपन्छीले पनि भरेका छन् । कसैको नोकर बन्ने मानसिकता अत्यन्तै विषाक्त मानसिकता हो । आत्मविश्वासी बनौँ र मालिक तथा स्वामी बन्ने प्रयत्न गरौँ । आ(ध्यात्मिक प्रविधिहरूको प्रयोग गरेर हामी जीवनका जुनसुकै क्षेत्रमा पनि उत्कृष्ट बन्न सक्छौँ । नोकर बन्ने हैन, प्रतिभा परिष्कारको मार्गमा अघि बढौँ । प्रतिभावान् भएपछि व्यक्ति हजारौँलाई जागिर दिन सामर्थ्यवान् बन्न सक्छ ।

अनेकौँ तापहरूबाट तप्त आजको मानव पुस्तालाई अध्यात्मशैलीको सघन आवश्यकता छ भन्दा अब अतिशयोक्ति नहोला । साथै अति(शयोक्ति तब मात्रै हट्नेछ जब हामी अध्यात्मलाई कर्मकाण्ड, धार्मिक क्रियाकलाप, सम्प्रदायवाद तथा(कथित धर्मप्रदर्शनभन्दा पृथक् मान्दछौँ । हामी यहाँ विशुद्ध विज्ञानसम्मत शोध अन्वेषण गर्छौं । त्यस्तो अध्यात्म जहाँ तर्क, तथ्य र प्रमाणका आधारमा वैज्ञानिक अध्ययन-अनुसन्धान गर्न सकिन्छ । जसलाई कसैले पनि अयथार्थ, तर्कहीन र अमूर्त भन्न नसकोस् अनि जसलाई विज्ञानप्रेमीहरूले आधारहीन भन्ने आक्षेप लगाउन नसकुन्; बरु विज्ञानको पूरकका रूपमा निसङ्कोच अवलम्बन गर्न सकून् । यस्ता अध्यात्मलाई युगद्रष्टाहरूले वैज्ञानिक अध्यात्मवाद भनेका छन् । कसैकसैले यसलाई अध्यात्मवादी भौतिकताको संज्ञा पनि दिएका छन् । अध्यात्मशैलीको चर्चा र चित्रण गरिरहँदा हामी यहाँ त्यही वैज्ञानिक अध्यात्म(लाई आलोकित गर्न खोजिरहेका छौँ । व्यक्तिमा सन्निहित आध्यात्मिक सामर्थ्यलाई आजभोलि वैज्ञानिकहरूले एस.क्यू. अर्थात् स्पिरचुअल कोसन्ट वा स्पिरचुअल इन्टेलिजेन्सको नाम दिएका छन् । यसलाई पाश्चात्य जगत्ले अध्ययनको एउटा विशिष्ट विषय बनाएको छ । आज यस विष(यमाथि हजारौँ पुस्तकहरू रचना गरिएका छन् । यसलाई आज हामी वैदिक कालका महान् अध्येता ऋषिमुनिहरूको विधाको आधुनिक संस्करण तथा पुनर्व्याख्या भन्न सक्छौँ । हामी यहाँ त्यस्तो अध्यात्मको परिचर्चा गर्न गइरहेका छौँ जसलाई जीवनमा आत्मसाथ गर्न तपाईंलाई कुनै संशय नहोस् ।

### आध्यात्मिक बुद्धिमत्ता अर्थात् एस.आई.

तपाईंले सुन्नुभएको होला आई. क्यु. का बारेमा । हुनसक्छ आई.क्यु. कै उन्नत अवधारणाका रूपमा ई.क्यु. का बारेमा पनि यहाँ अवगत हुनुहोला । आई. क्यु. को अर्थ बौद्धिक सामर्थ्य हो । त्यस्तै ई. क्यु. को तात्पर्य भावनात्मक बौद्धिकता हो । अब अहिले केही दसकदेखि यी दुवैको समुन्नत

अवधारणाका रूपमा एस.क्यु. अर्थात् आध्यात्मिक बुद्धिमत्ता विकसित भएको छ। यसलाई वर्तमानमा विकसित अवधारणा भन्नु त सही नहोला कि( नकि अध्यात्म विज्ञान हजारौँ वर्षपूर्वका ऋषि आत्माहरूको देन हो। यद्यपि आधुनिक परिप्रेक्ष्यमा सबैलाई ग्राह्य हुने स्वरूपमा र वैज्ञानिक अध्ययनद्वारा प्रमाणित गर्न सकिने ढाँचामा यसको पुनर्व्याख्या एस.क्यु. मार्फत गरिएको हुनाले यसलाई अध्यात्म विज्ञानको आधुनिक अवधारणा भनिएको हो।

'स्प्रिच्युअल इन्टेलिजेन्स (एस.आई.) अर्थात् आध्यात्मिक बुद्धिमत्ता त्यस्तो क्षमता हो जसले व्यक्तिलाई अत्यधिक रचनात्मक बनाउँछ। नियम तथा बन्धनहरूलाई बदल्न र परिस्थितिमा परिवर्तन ल्याउने पात्रता प्रदान गर्दछ।' पाश( चात्य जगत्मा एस.क्यु. लाई विस्तार कार्यमा संलग्न अध्यात्म मनोवेत्ता अमेरिकी अध्येता दा( नाह जोहर यस क्षेत्रकी अग्रणी विशेषज्ञ हुनुहुन्छ। माथिको परिभाषालाई थप बोधगम्य बनाउँदै उहाँ थप्नुहुन्छ- एस.क्यु. को उपयोग हामी असल र खराब छुट्ट्याउने कौशलका रूपमा गर्न सक्छौँ। प्रश्नहरू सुल्झाउने र सम्भावनाहरूका बारेमा चिन्तन गर्ने सन्दर्भमा यो अत्यन्त प्रभावकारी हुन्छ। दुनियाँदारी भीड र तमासाबाट आफूलाई बाहिर निकालेर उत्कृष्ट सपना देख्न र त्यसमा दृढ सङ्कल्पका साथ लागिरहने अभिप्रेरणा हामी एस.क्यु. बाट सहजै प्राप्त गर्न सक्छौँ।

'मैले किन जन्म लिएँ ? जीवनको अर्थ के हो ? निराश, हतास र असफल भएपछि पनि किन फेरि अघि बढ्नुपर्छ मैले ?' यी तिन प्रमुख प्रश्नहरूको सर्वाधिक सटीक उत्तर खोज्ने राजपथ नै 'आध्यात्मिक बुद्धिमत्ता' हो। यसमा न कुनै वाद छ न कुनै पन्थ र जातको कुरा नै छ। अझ धरातलमा ओर्लिएर भन्ने हो भने यसमा देवता, भगवान् वा कुनै अमूर्त अस्तित्वको परिकल्पना समेत छैन। अध्यात्मको एक निर्दिष्ट उचाइमा पुगेपछि यी तत्वहरू स्वयमेव प्रतिभासित हुन्छन्। जब कि आरम्भिक यात्रामा कुनै किसिमका असमञ्जस्यता र अमूर्तता रहँदैनन्। वैज्ञानिक अध्यात्मवादका प्रवर्तक डा. प्रणव पण्ड्या यस परिप्रेक्ष्यमा भन्नुहुन्छ- "एस.क्यु. मानव चेतनाको अन्तर्जगत्को महाविज्ञान हो। यसमा न कुनै रहस्यवाद छ न कुनै अतिवाद। मानव कायाभित्र अन्तर्निर्हित अजस्र क्षमताहरूको उद्घाटन गर्ने यस महाविज्ञानको अन्वेषण प्रत्येक व्यक्तिले गर्न सक्छ।"

आध्यात्मिक कुशलताको प्रयोग हामी हाम्रो जीवनचर्या, कार्यशैली, निर्णयशैली या सोचविचार प्रत्येक क्षेत्रमा गर्न सक्छौँ। विशेष गरी कार्यशैलीमा आध्यात्मिक कुशलताको प्रयोग गर्ने प्रेरणा पाश्चात्य अध्यात्मवेत्ताहरूले आजभोलि खुलेरै दिन थालेका छन्।

'परिस्थिति जीवनमा सधैँ अनुकूल हुँदैन। जस्तोसुकै परिस्थितिमा पनि आफ्नो आन्तरिक एवं बाह्य शान्ति र समतालाई विचलित हुन नदिईकन निरन्तर मैत्रीपूर्ण अनि प्रज्ञानपूर्ण व्यवहार गर्ने विशिष्ट कौशललाई आध्यात्मिक बुद्धिमत्ता भनिन्छ।' अति व्यावहारिक तथा अति अर्थपूर्ण शब्दमा अध्यात्मलाई परिभाषित गर्ने व्यक्ति सिडी विग्गल्सवर्थ हुन्। उनी 'गहन परिवर्तन' नामक अभियानद्वारा अध्यात्म विज्ञानलाई विश्वभरि फैलाउने कार्यमा संलग्न छन्। 'अध्यात्म त्यो

अन्तर्निहित मानवीय आवश्यकता हो जसले व्यक्तिलाई सीमित दायराबाट उठाएर महान् बना( उँछ ।Ú उनले यस मान्यतालाई विशेष गरी नेतृत्व क्षमताको अभिवर्धनमा प्रयोग गर्ने गरेका छन् .

**हरेक समस्याको निर्विकल्प समाधान**

जीवन जिउन नजान्दा जीवन समस्यैसमस्याको प्रपञ्च बन्दछ . एकमाथि अर्को समस्या थपिनु जीवनको नियति नै हो . यसै कारणले होला जो हेर्‍यो उही दुःखी छ, व्याकुल छ, अशान्त छ . आध्यात्मिक कुशलता छाडेर अरू जुनसुकै उपायहरू अपनाए पनि समस्याको अन्तिम समाधान कुनै पनि हालतमा प्राप्त हुँदैन . जुन आज यत्रतत्र सर्वत्र देखिएकै कुरा हो । हजारौं वर्षपूर्वका सुखसाधनका अन्वेषकहरूले त भनेकै थिए, अध्यात्म प्रसाद नै सर्वोपरि समाधान हो । अध्यात्मको प्रतिफल भनेकै अध्यात्म प्रसाद अर्थात् सुख एवं परम शान्ति हो ।

आज यही तथ्यलाई नवीन र समसामयिक भाषाशैलीमा आधुनिक सुखसाधनका अन्वेषकहरूले उन्मुक्त कण्ठले पुनर्व्याख्या गरेका छन् । अमेरिकी वैज्ञानिक रोबर्ट सिमोन्स भन्छन्- “आध्यात्मिक सामर्थ्यले समस्या समाधान गर्न र लक्ष्य प्राप्ति गर्नका निम्ति आध्यात्मिक ज्ञानलाई अनुशीलन गर्ने कला सिकाउँछ ।” जो व्यक्ति यस ज्ञानल( ाई प्रयोग गर्छ उसमा निम्न पाँच क्षमताहरू उद्घाटित हुन्छन् :

१. शारीरिक एवं भौतिक सामर्थ्यलाई अभिवृद्धि गर्छ,

२. अन्तर्चेतनाको स्तरलाई उर्ध्वगामितातर्फ लैजान्छ,

३. अनुभवलाई परिशुद्ध र परिपूर्ण बनाउँछ,

४. आध्यात्मिक प्रतिभाले समस्याहरूको समाधान गर्न सकाउँछ,

५. सद्गुणहरूले आच्छादित बनाउँछ ।

अध्यात्म विज्ञानको समस्या निदानात्मक क्षमतालाई बौद्ध अभिमतले अत्यन्त वैज्ञानिक तरिकाले चित्रण गरेको छ । भगवान् बुद्धद्वारा प्रतिपादित विपस्यना ध्यानलाई विश्वव्यापी समा( धानका रूपमा प्रतिस्थापित गर्ने कार्यका महान् आचार्य सत्यनारायण गोयन्का विगत केही दसकदेखि निरन्तर कटिबद्ध हुनुहुन्छ । विपस्यना ध्यान प्रयोगका क्रममा मन तथा अन्तर्चित्तलाई निर्मल गर्न सिकाइन्छ । गोयन्का भन्नुहुन्छ -“जे र जुन विधिले मनलाई परिशुद्ध र परिपूर्ण बन( ाउँछ त्यो नै धर्म हो, अध्यात्म हो । जस्तासुकै विशालकाय र विकाराल समस्या आउँदा पनि यसको सहारामा व्यक्ति विवेकवान् र समतावान् रहिरहनसक्छ । जहाँ विवेकज्ञान र समता हुन्छ त्यहाँ समस्या कुनै समस्या बनेर रहनै सक्दैन ।”

जसले वैज्ञानिक अध्यात्मलाई जीवनको आदर्श र पथप्रदर्शक बनाएको हुन्छ उसमा गहन अन्तर्दृष्टि हुन्छ । त्यहाँ प्रत्येक समस्या एक अवसर बन्दछ । जसले अन्तरस्थलमा प्रखर प्रज्ञा जगाएको हुन्छ ऊ सम्पूर्ण प्रश्न, शङ्का र समस्याहरूभन्दा धेरै टाढा रहन्छ । अध्यात्मविद् दानाह जोहज्ञले यसैलाई आध्यात्मिक लब्धि अर्थात् एस. क्यु. नाम दिनुभएको छ । श्रीमद्भागवद्गीताले यसलाई ‘स्थिंतिप्रज्ञता’ भनेको छ . पूर्वीय अध्यात्म विज्ञानको भाषामा उपनिषद्कारहरूले यस परमसामर्थ्यलाई अतिचेतनको संज्ञा दिएका छन् . बौद्ध साहित्यमा यसलाई अन्तर्बोध तथा सम्बोधी शब्दले सुभाषित गरिएको छ . शब्द र उपमा जे जे प्रयोग गरिए

तापनि जुन विभूति-वैभवको यहाँ चर्चा गरिँदैन त्यसको उद्‌गाता भनेको अध्यात्म विज्ञान नै हो .

ठुला र गहकिला शब्द प्रयोग भइरहँदा तपाईं यदाकदा भ्रममा पनि पर्न सक्नुहुन्छ। भ्रमित नहुनुहोस्। यो तपाईं, केवल तपाईंका लागि भनिँदै छ। अध्यात्म पथमा कदम त उठाउनुहोस् असम्भव भन्ने नै के छ र ? तपाईंमध्ये जसले जति बढी समस्याको सामना गरिरहनु परेको छ तपाईंका लागि अध्यात्म विज्ञान त्यति नै बढी जरुरी छ। भौतिकवादी संसारको चरम प्रतिस्पर्धी बजारमा एप्पल कम्पनी खडा गरेर उचाइमा पुऱ्याउने स्टिब जब्स त भन्दै छन्-"मेरो जीवनमा नआएका समस्या के होलान्। यद्यपि म धैर्यच्यूत भइन।" पूर्वीय खोजकर्ताहरूको त्यही अध्यात्म विद्या हो जसको सम्बलले एउटा टुहुरोबाट विश्वश्रेष्ठ बन( ायो। "तपाईंको समय सीमित छ। अरूको जिन्दगी जिएर यसलाई व्यर्थ नगुमाऊ। कुवाको भ्यागुतो बन्न छोड। अरूको इसारामा होइन आफ्नो पाराले जिन्दगी जिउन सिक। अरू कसैको होहल्लामा आफ्नो अन्तरात्मालाई डुब्न नदेऊ। बाँकी सबै चीज महत्त्वहीन छन्।" आखिर यही त हो आ( ध्यात्मिक अन्तर्दृष्टि। स्टिब जब्सले भनेजस्तो अन्तर्दृष्टिले जाग्यो भने कुनै समस्या जीवित रहला र जीवनमा ?

## बेफाइदा रत्तिभर छैन

समता अमृत हो भने विषमता विष हो। युवा जति जति अध्यात्म उन्मुख हुन्छ त्यति त्यति सफलता आत्मसात् गर्न सक्ने हुन्छ। विष( मता अर्थात् व्याकुलता, उद्विग्नता, बेचैनी आ( जको मान्छेको दैनिकी बनेको छ। मान्छे प्रत्येक क्षण जे जति दुख, तनाव र अशान्ति बटुलिरहेको छ, त्यसको एक प्रमुख कारण विषमता नै हो। यो विषमता भन्ने दुर्गुण कति खतरनाक हुन्छ भने यसले मनलाई एकक्षण शान्त र निष्पक्ष हुन दिँदैन। त्यस माथि युवा मन। अनवरत तृष्णा, राग र द्वेषमा डुब्न बाध्य बनाउँछ। महात्मा बुद्धको धम्मोपदेश अनुसार जीवनका सारा दुखको उत्पत्ति यही राग र द्वेषबाट हुने गर्छ। यसले अविच्छिन्न प्रतिक्रियावादी बनाउँछ। व्यक्ति जति बढी प्रतिक्रिया गर्छ त्यति बढी दुखीयारा हुन्छ।

तसर्थ विवेकदर्शी ऋषिमहात्माहरूले अध्यात्मको अनुशरण गर्ने सुझाव दिए। मान्छे आफ्नो तर्कबुद्धि र भ्रामक मान्यताको बडो व्यसनी हुन्छ। त्यसैले ऊ अध्यात्ममा पनि खोट देख्ने गर्छ। 'हे मनुवा ! आखिर के घाटा छ यो जीवन-रत्न अध्यात्मको अनुशरण गर्दा ?' सन्त कबीर प्रश्न गर्नुहुन्छ तपाईं हामी प्रत्येक मनुवालाई।

केहीबेरको मस्तीको लोभमा नशाभाङ चाख्ने गरिन्छ। तर त्यो कहिले कुलत बन्छ पत्तै हुँदैन . कामभोगको एक क्षणको सुखलाई बारम्बार चिन्तन गर्ने व्यक्ति आजन्म कामवासनाग्रस्त भएर बाँच्दछ . सामाजिक सञ्जाल सिक्न खोज्ने व्यक्ति फेसबुक र ट्विटरको घोर व्यसनी बन्ने तपाईं हामीमध्ये धेरै छौं . दिमागमा नकारात्मक मात्रै सोच्ने व्यक्ति जीवनभर त्यसैको घनचक्करमा पिसिन्छ . यो प्रकृतिको अकाट्य नियम हो . यदि तपाईं कसो कसो अध्यात्म विधाको नशामा पर्नुभयो भने आखिर के घाटा ? मलविकार, नशाभाङ, कामवासना, आधुनिक प्रविधिको नशा र नकारात्मक सोचको नशालाई निर्मलीकरण गरेर श्रेष्ठता, पूर्णता र शुद्धताको नशा लगाउनु नै अध्यात्मको प्रयोजन हो . यस परमदिव्य नशाको

नशाडी हुन पाए आखिर के विग्रन्छ र ?

यो मानव काया बाहिरबाट हेर्दा चिल्लो देखिए तापनि भित्र मलैमलले भरिएको छ. त्यसैले त शरीरका नौवटै द्वारबाट जहिल्यै मलविकार मात्रै निस्किरहन्छ. शरीरजस्तै मन पनि सदासर्वदा मलविकारग्रस्त छ . मनको मललाई क्लेश र संस्कार भन्छन् . प्रत्येक क्षण कि त शरीरको कि त मनको विकार बाहिर निस्किरहेको हुन्छ . त्यसैले ऊ जहाँ रहन्छ त्यस ठाउँ र वातावरणलाई पनि विकारमय बनाएको हुन्छ . हाम्रो पर्यावरण, नदीनाला र गाउँठाउँलाई हेरे यसको प्रमाणैप्रमाण पाउन सकिन्छ. यदि कसैले हे मनुवा, तेरो शरीर र तेरो मन दुवैको मैले कसिङ्गर धुने काम गर्छु मलाई स्वीकार गर, मलाई धारण गर भन्यो भने यसमा के कुनै आपत्तिजनक विषय बाँकी रहला ?

भौतिक विषयवस्तुको खोजअन्वेषण र उपयोगको विज्ञानलाई भौतिकवाद भनिन्छ . चिन्तन र चेतनालाई सुसंस्कृत एवं सुविकसित गर्ने विज्ञानलाई अध्यात्मवाद भनिन्छ. आखिर दुवै विज्ञानको क्षेत्र हो . एउटा प्रत्यक्षवादमा आधारित छ भने अर्को अनुभववादमा आधारित छ . जुन कुरा नाङ्गो आँखाले देख्न सकिँदैन र कठिन अन्तर्दृष्टिद्वारा मात्रै अनुभूति गर्न सकिन्छ त्यस्तो झन्झटको सामना गर्न नसकेर प्रत्यक्षवादीहरू अध्यात्म विज्ञानमाथि प्रश्न उठाउने गर्छन् . अन( ादिकालदेखि नै ऋण गरेर भए पनि घिउ खान रमाउने भोगवादीहरूले अध्यात्मलाई मिथ्या, अवैज्ञानिक र सनकी क्षेत्र भन्ने आरोप लगाउँदै आएका छन् . आजसम्म पनि यो प्रवृत्ति जारी छ .

वस्तुतः अध्यात्म भौतिकवादसँगै अविच्छिन्न जोडिएको चेतनाको महाविज्ञान हो . विज्ञानको आविष्कारले घडी बनायो तर अध्यात्मबेगर समयको गरिमा, सीमा र सूक्ष्मता कदापि अनुभव गर्न सकिँदैन . भौतिक विज्ञानको विकासक्रमले यन्त्रउपकरण, प्रविधि र साधनसुविधाहरू जुटायो . यो निर्विवाद छ . तर जसमा आध्यात्मिक चेत हुँदैन उसका लागि साधन अभिशाप र बन्धनको कारण बन्दछ . धनदौलतसँगै त्यसको सदुपयोग जानिएन भने त्यसैले पतनतर्फ लैजान्छ. धनदौलतको सार्थक र सृजनात्मक सदुपयोग जान्नका लागि आध्यात्मिक अन्तर्बोध बेगर सम्भवै हुँदैन . समयक्रमले व्यक्ति जब बाल्यकालदेखि किशोर, किशोरदेखि यौवनमा प्रवेश गर्छ, उसमा भौतिक क्षेत्रमा सफल हुने सपना-तृष्णा हुर्कन थाल्छ . यो सपनासँगै उसमा आध्यात्मिक अन्तर्दृष्टि र अन्तर्बोधले स्पर्श गरेन भने ऊ एकदिन मनोरोगी र व्यसनी बन्दछ . अध्यात्मको स्पर्श भयो भने ऊ सद्गुण, सद्भाव र सद्व्यवहारसम्पन्न मानव बन्दछ .



# युवाका लागि वित्तीय साक्षरता र उद्यमशीलता

✍ इन्दिरा पन्त

सदस्य, अन्तर्राष्ट्रिय सहकारी महासङ्घ
एसिया प्रशान्त क्षेत्र, युवा समिति

पृष्ठभूमि

साक्षरता र समृद्धिका बिच अन्योन्याश्रित सम्बन्ध रहेको छ । साक्षरता र समृद्धिको गहिरो सम्बन्ध भएकाले नै साक्षरतालाई समाजको दिगो विकासको सूचकका रूपमा लिइएको छ । जब हामी स्वाधीनता, समृद्धि, विकास, आत्मनिर्भरता, सशक्तीकरण, पहुँच वा समावेशीकरण जस्ता कुरा गर्छौं त्यहाँ स्वाभाविक रूपमा आर्थिक पक्ष जोडिएको हुन्छ । समाजका सबै वर्ग, क्षेत्र, लिङ्ग, जातजाति, तथा विभिन्न उमेरका मानिसहरू वित्तीय रूपमा साक्षर र वित्तीय क्षेत्रमा उनीहरूको पहुँच नहुन्जेलसम्म समृद्धि सम्भव हुँदैन । सामान्यतया वित्तीय साक्षरता भन्नाले पैसाले संसारमा कसरी काम गर्छ, पैसा मानिसले कसरी कमाउँछन् र जोगाउँछन्, कसरी लगानी वा खर्च गर्छन् भन्ने सवालमा बुझ्ने क्षमता हो । विशिष्ट रूपमा भन्दा वित्तीय साक्षरताले व्यक्तिलाई आफ्ना सम्पूर्ण स्रोत र साधनको प्रभावकारी परिचालनका लागि सूचित गराउनुका साथै तिनको सही व्यवस्थापनका लागि ज्ञान, सीप र कला पनि दिन्छ । वित्तीय साक्षरताले आम नागरिकलाई वित्तीय कारोवार गर्दा विवेकपूर्ण ढङ्गले निर्णय गर्ने क्षमता प्रदान गर्छ । वित्तीय रूपमा साक्षर व्यक्तिले आय आर्जनका क्षेत्र र तरिका पत्ता लगाउन सक्छन् । योजनाबद्ध ढङ्गले बचत वा खर्च गर्ने तरिका र स्रोतको सही व्यवस्थापनका लागि कर्जा लिन र सम्पत्तिको व्यवस्थापन गर्न चाहिने ज्ञान, सीप तथा कला सिक्छन् । यसले व्यक्तिलाई आफ्ना आवश्यकताको प्राथमिकीकरण गर्दै उपलब्ध सीमित स्रोत साधनको प्रभावकारी ढङ्गले उपयोग गरी उचित वित्तीय निर्णय लिन सक्ने क्षमता विकास गराउँछ । जब समाजका सबै क्षेत्र र समुदायसम्म वित्तीय सेवाको सहज र सुलभ पहुँच पुऱ्याउन सकिन्छ यसले वित्तीय समावेशीकरण प्रभावकारी हुन्छ । । वित्तीय पहुँच र समावेशीकरणले स्वाभाविक रूपमा उद्यमशीलताको आधार तयार गरिदिन्छ । त्यसैले वित्तीय समवेशीकरणका लागि वित्तीय साक्षरता अनिवार्य हुन्छ । वित्तीय रूपमा साक्षर व्यक्तिले मात्र वित्तीय अनुशासनको पालना गर्न सक्दछ । यसरी हेर्दा वित्तीय साक्षरताले व्यक्तिको बहुआयामिक पक्षलाई प्रभावित गर्दछ भन्न सकिन्छ ।

## वर्तमान अवस्था

मान्छेको जीवन पैसाविना चल्न सम्भव छैन । यस हिसाबले पैसा नितान्त मानवीय वस्तु हो । त्यसैले आर्थिक पक्षको परिचालन र व्यवस्थापन सीप तथा कला हरेक मानिसका लागि

आवश्यक हुन्छ । मानव जीवनका हरेक आयाममा पैसाको महत्त्वपूर्ण भूमिका छ । तर, यो मानवीय वस्तुको प्राप्ति र प्रयोगको विधि के हो भन्ने विषयमा आवश्यक छलफल हुने गरेको छैन । पैसा कमाउने, जोगाउने, खर्च गर्ने, आवश्यक पर्दा ऋणै लिने अनि लगानी गर्ने, प्रतिफल प्राप्त गर्ने काममा संसारका सबै मानिस संलग्न छन् । मानिसको जन्मदेखि मृत्युसम्म पैसाको आवश्यकता हुन्छ, प्रयोग हुन्छ । तर यो पैसा भन्ने वस्तु के हो भन्ने विषयमा आवश्यक र औपचारिक ज्ञानविना नै यसको प्रयोग र परिचालन गर्ने क्रम चलिरहेको छ । पैसाको आवश्यकता हरेक मानिसलाई भएपछि यसको विषयमा ज्ञान, सीप र चेतना हरेक मान्छेका लागि आवश्यक हुन्छ । वित्तीय ज्ञान र चेतना नपढेका मानिसलाई मात्र होइन पढेलेखेका र विद्वान्लाई पनि आवश्यक हुन्छ । हरेक वर्ग, लिङ्ग, क्षेत्र, समुदाय वा उमेर समूहका मानिसले यस विषयमा जानकार हुनु आवश्यक छ । त्यसमा पनि युवाहरू वित्तीय रूपमा अझ बढी साक्षर हुनु जरुरी छ ।

नेपाली युवाको वित्तीय साक्षरताको अवस्थाका विषयमा चर्चा गर्दा हाम्रो पारिवारिक संरचनाभित्र वित्तीय पहुँच र परिचालनको अवस्था केलाउन जरुरी हुन्छ । नेपालको वर्तमान पारिवारिक संरचनाभित्र तोकिएका निश्चित व्यक्तिले मात्र आर्थिक पक्षको व्यवस्थापन गर्ने र वित्तीय निर्णय लिने प्रचलन रहेको छ । यसले गर्दा परिवारका सबै सदस्य वित्तीय निर्णयमा सहभागी हुँदैनन । यसले गर्दा युवाहरूले वित्तीय व्यवस्थापनका विषयमा आवश्यक ज्ञान लिन सकेका छैनन् । समाजमा पनि युवा वा विद्यार्थीलाई वित्तीय विषयमा जानकारी गराउने कार्यक्रम छैनन् । शैक्षिक संस्थाका पाठ्यक्रममा वित्तीय साक्षरतासँग सम्बन्धित विषय कम छन् । वित्तीय ज्ञानको अभावले गर्दा कहिलेकाहीँ शिक्षित व्यक्ति पनि आर्थिक उल्झन र कठिनाइको सामना गर्न असमर्थ हुन्छन् । वित्तीय चेतनाको अभावका कारण यस क्षेत्रमा अनुशासन कायम गर्न नसक्दा व्यक्तिगत तथा संस्थागत जीवन धराशायी बन्न पनि सक्छ । वित्तीय साक्षरताको ठुलो महत्त्व हुँदाहुँदै पनि नेपालमा सरकारी वा गैरसरकारी कुनै पनि क्षेत्रले यसलाई प्रभावकारी अभियानका रूपमा लैजान सकेका छैनन् । युवाहरूको ठुलो पङ्क्तिमा वित्तीय ज्ञान, सीप र चेतना पुऱ्याउन नसकिरहेको अवस्था छ । यसले गर्दा वित्तीय क्षेत्रमा युवाको पहुँच र समावेशीकरण तुलनात्मक रूपमा कम छ ।

## युवाः चुनौती र सम्भावना

नेपालको युवा नीति सन् २०१० ले १६ देखि ४० वर्ष उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गीलाई युवा भनेर परिभाषित गरेको छ । साथै युवालाई देशको बहुमूल्य सम्पत्तिका रूपमा लिँदै युवाहरू राज्यको महत्त्वपूर्ण स्रोतका रूपमा लिएको छ, सोही नीतिले युवालाई आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक विकास र परिवर्तनका संवाहक स्वीकार गरेको छ । संयुक्त राष्ट्र सङ्घले १५ देखि २५ वर्ष उमेर समूहलाई युवा मानेको छ भने अन्य सङ्घ संस्था तथा विभिन्न मुलुकले आआफ्नै तरिकाले युवा उमेरलाई परिभाषित गरेका छन् । युवाको उमेर समूह १६ देखि ४० वर्षलाई आधार मान्दा पछिल्लो राष्ट्रिय जनगणना अनुसार नेपालमा करिब ३९ प्रतिशत

जनसङ्ख्या युवाहरूको छ । यस सङ्ख्यालाई सही तरिकाले सम्बोधन गर्न सक्ने हो भने देशको विकास हुने सम्भावना निकै ठुलो रहेको हुन्छ भन्ने मान्दा खासै फरक पर्दैन ।

उमेर समूहका हिसाबले साहस, नयाँ कुरा आविष्कार गर्ने खुबी वा क्षमता, इच्छाशक्ति र उच्च आत्मविश्वासका कारण युवालाई देशको महत्त्वपूर्ण सम्पत्ति मानिएको हो । जीवनको ऊर्जाशील समय र उनीहरूले गर्ने कामका आधारमा हेर्दा युवा उमेर जीवनको सबैभन्दा महत्त्वपूर्ण समय हो । देशको विकास र समृद्धिका लागि युवा शक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । देशको विकास प्रकृयामा युवाले सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् । तर, अन्य विकासोन्मुख देशमा जस्तै नेपालमा पनि युवाहरूको अवस्था सन्तोषजनक छैन । युवा सशक्तीकरण, सहभागिता र नेतृत्व विकासका लागि उनीहरूको आत्मविश्वास बृद्धि गर्नु जरुरी छ । यसका लागि युवाका बिचमा वित्तीय साक्षरता र उद्यमशीलताका कार्यक्रम व्यापक रूपमा लैजानु आवश्यक हुन्छ । तब मात्र देश विकास र समृद्धिमा युवाले प्रभावकारी योगदान मार्फत अपेक्षित नतिजा दिन सक्दछन् । तर यी कुरा योजनाबद्ध तरिकाले हुन सकिरहेको छैन ।

नेपाली युवाका सन्दर्भमा कुरा गर्दा अशिक्षा, गरिबी, बेरोजगारी, अर्धबेरोजगारी, व्यावसायिक कामका लागि ज्ञान, सीप पुँजीको अभाव जस्ता विषय समस्यका रूपमा रहेका छन् । सरकारी तथ्याङ्कलाई आधार मान्दा हरेक वर्ष ४ देखि ५ लाख युवा श्रम बजारमा प्रवेश गर्छन् । यो विषय राज्यका लागि ठुलो चुनौतीका रूपमा रहेको छ । त्यसमध्ये करिब आधा युवा जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन हुन्छन् । सरकारी तथ्याङ्कलाई आाधार मान्दा हाल दैनिक सरदर १५ सयको सङ्ख्यामा नेपाली युवा औपचारिक माध्यमबाट विदेश जाने गरेका छन् । भारत लगायत अनौपचारिक ढङ्गले अन्य मुलुकमा गएका युवाको सङ्ख्या पनि ठुलो छ । एकातिर यसरी रोजगारीको खोजीमा ठुलो मात्रामा श्रमशक्तिको पलायन भएको छ भने अर्कातर्फ श्रमशक्तिकै अभावमा हाम्रो गाउँघरका खेतबारी बाँझो बन्दै गएका छन् । साथै विभिन्न क्षेत्रमा काम गर्ने मानिस पाउन गाह्रो भइरहेको छ । सबै पेसा एवम् व्यवसायलाई समान खालको सामाजिक सम्मान नभएका कारण देशभित्रै पनि बेरोजगार, अर्धबेरोजगार युवाको ठुलो जमात रहेको छ । रोजगारी र स्वरोजगारीका लागि आवश्यक नीति निर्माण र योजनाबद्ध पहल नहुँदा अहिले गाउँघरमा युवा भेट्न मुस्किल पर्दै गएको छ । यसले आर्थिक क्षेत्रमा मात्र होइन सामाजिक रूपमा पनि क्षति पुग्दै गएको अवस्था छ ।

देशको पछिल्लो राजनीतिक अवस्था र युवा लक्षित आवश्यक नीतिका अभावका कारण शिक्षित, अशिक्षित, अर्धशिक्षित, सीप सिकेका, नसिकेका जो कोही पनि रोजगारीका लागि विदेश जाने गरेका छन् । देशका अधिकांश वयस्कहरू आफ्नो ऊर्जाशील समय खाडी मुलुकमा बिताउन बाध्य छन् । शिक्षित युवाहरू पनि राजनीतिक अस्थिरता, प्रशासनिक झन्झट लागायतका समस्याले गर्दा नेपालमै बस्ने रहर गर्दैनन् । विदेशमा पढेका युवालाई देश फर्कने वातावरण

तयार गरी उनीहरूको ज्ञान, सीप र चेतनालाई देश निर्माणमा प्रयोग गर्ने उपयुक्त कार्यक्रम छैनन् । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले अर्थतन्त्रमा ठुलो योगदान गरेको छ तर त्यसलाई पनि उत्पादन र पुनर्उत्पादनका क्षेत्रमा परिचालन गर्न सकिएको छैन । रेमिट्यान्सको पैसाको सही सदुपयोग गर्न नसक्दा मानिसहरू विस्तारै उत्पादनमूलक कामबाट विमुख हुँदै विलासी बन्दै गएका छन् । रेमिट्यान्सबाट आएको धेरैजसो पैसा दैनिक उपभोग्य सामानको खरिदमा खेर गइरहेको छ । गाउँघरमा समेत काम नगर्ने अनि किनेर खाने प्रवृत्ति हाबी हुँदै गएको छ ।

## सहकारी पृष्ठभूमि र महत्त्व

समुदायमा आधारित व्यावसायिक ढाँचाका माध्यमबाट समाजको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको प्रमुख उद्देश्य हो । सहकारी अभियानको अन्तर्राष्ट्रिय छाता सङ्गठन अन्तर्राष्ट्रिय सहकारी महासङ्घले सहकारी सञ्चालनका लागि सन् १९९५ मा सहकारीलाई एक किसिमले परिभाषित गरेको थियो । त्यसमा ७ वटा सञ्चालन सम्बन्धी सिद्धान्त अनि १० वटा सहकारी मूल्य र मान्यता पारित गरेको छ । त्यसैका आधारमा आज विश्वभरका ९४ देशका २८३ सदश्य संस्था मार्फत १ अर्बभन्दा बढी मानिसहरू महसङ्घको छाताभित्र सङ्गठित छन् । आंशिक र पूर्ण गरेर विश्वका २५ करोड मानिसले यस क्षेत्रबाट रोजगारी प्राप्त गरेका छन् । नेपालमा सहकारी अवधारणाको प्रारम्भ भएको करिब छ दशक भएको छ । नेपालको वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्र नेपालको राष्ट्रिय अर्थतन्त्रका विकासको माध्यमका रूपमा रहने कुराको सुनिश्चितता प्रदान गरेको छ । हालसम्म नेपालमा ३२ हजारभन्दा बढी प्रारम्भिक सहकारी संस्था, तिन सयभन्दा बढी जिल्ला स्तरीय सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैङ्क सहित २१ वटा विभिन्न विषयका केन्द्रीय सहकारी सङ्घ निर्माण भइसकेका छन् । नेपालका सबै जिल्लामा सहकारी संस्था गठन भएका छन् । करिब ४७ लाख मानिस यस अभियानमा सहभागी छन्, करिब ७ लाख ५० हजार मानिसलाई यसले रोजगारी दिएको छ । यस अभियानमा करिब ४७ प्रतिशत महिला सहभागिता हुनुलाई ठुलो उपलब्धिका रूपमा लिन सकिन्छ ।

सहकारी क्षेत्रले प्रत्यक्ष मात्र होइन अप्रत्यक्ष रूपले पनि ठुलो सङ्ख्यामा रोजगारी तथा स्वरोजगारी प्रदान गरेको छ । स्थानीय स्रोत र साधनमा आम मानिसको पहुँच, परिचालन र सहभागिता बृद्धि गरेको छ, मानिसहरूमा बचत गर्ने बानीको विकास गर्न, पुँजीको परिचालन गर्ने सीप प्रदान गर्न र आम नागरिकको वित्तीय पहुँच र समावेशीकरणका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । सहकारीले आफ्ना सदस्यको बचत गर्ने बानीलाई जीवन पद्धतिका रूपमा विकास गरेको छ । सहकारीले पुँजी निर्माण, परिचालन, कृषि, पशुपालन, दुध तथा दुधजन्य पदार्थको उत्पादन, पर्यटन लगायतका क्षेत्रमा राम्रै योगदान गरेको छ । यी कुरालाई सहकारी क्षेत्रका सकारात्मक पक्षका रूपमा लिन सकिन्छ ।

यति हुँदा हुँदै पनि सहकारी क्षेत्रले सङ्ख्यात्मक वृद्धिका अनुपातमा गुणात्मक नतिजा दिन सकिरहेको छैन । युवका बिचमा सहकारीको

पहुँच कम देखिन्छ । सहकारीमा युवाको पहुँच र सहभागिता अनि नेतत्वका बारेमा न त कुनै आधिकारिक तथ्याङ्क भेटिन्छ न त योजनाबद्ध कार्यक्रम नै बनाएको अवस्था छ । सहकारीले आफ्नो योगदानलाई गुणात्मक ढङ्गले विकास गर्न युवाको सहभागिता अपरिहार्य छ । तर अहिलेसम्म व्यवस्थित ढङ्गले सहकारी र युवाको आपसी सम्बन्ध विस्तार हुन सकेको पाइँदैन ।

सहकारीले यसका सदस्यलाई वित्तीय साक्षरतका साथै उद्यमशीलताका लागि ज्ञान, सीप र पुँजी उपलब्ध गराउन सक्छ । सहकारी व्यवसायका माध्यमबाट रोजगारी तथा स्वरोजगारी तथा उत्पादनमूलक पूर्ण रोजगारीको सृजना, उत्पादन वृद्धि, आयात प्रतिस्थापन निर्यात वृद्धि गर्न सकिन्छ । युवा सहकारीको निर्माण गरेर धेरै हदसम्म युवाको रोजगारीका क्षेत्रमा देखिएका केही समस्याहरू हल गर्न सकिन्छ । सहकारी व्यवसाय समुदायमा आधाीित व्यवसाय भएकाले यसमा आबद्ध सदस्यको साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूरा गर्ने भूमिका सहकारीले खेल्दछ । हाम्रो जस्तो कृषि प्रधान देशमा युवालाई सङ्गठित गरी सहकारी मार्फत कृषि क्षेत्रको विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्न सकिन्छ । हाल सञ्चालनमा रहेका सबै सहकारीमा युवा समितिको निर्माण गरेर वा युवाहरूको सामूहिक पहलमा युवा सहकारी गठन गरेर रुचि र क्षमता अनुरुपको व्यवसाय गर्न प्रेरित गर्न सकिन्छ ।

## सहकारी मार्फत वित्तीय साक्षरता

आर्थिक क्षेत्रको प्रभावकारी पक्ष भनेर दाबी गरिरहेको सहकारी क्षेत्रले पनि हालसम्म वित्तीय साक्षरतालाई अभियानको मूल मुद्दा बनाउन सकेको छैन । यस क्षेत्रले वित्तीय साक्षरता अभियान सँगसँगै व्यावसायिक ज्ञान, उद्यमशीलता, रोजगारीको सृजना र नेतृत्व क्षमताको विकासलाई अभियानसँग एकीकृत गरेर लैजान जरुरी छ । यसका लागि सरकारी तथा गैरसरकारी तबरबाट व्यापक रूपमा औपचारिक तथा अनौपचारिक कार्यक्रमहरू सञ्चालनको आवश्यकता छ । वित्तीय साक्षरता अभियानलाई प्रभावकारी बनाउन सहकारी नै सबैभन्दा उपयुक्त माध्यम हो । सहकारी अभियान अहिले देशका सबै जिल्ला र गाउँ तहसम्म पुगेको छ । सहकारी अभियान मार्फत देशभरि उद्यमशीलताका विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिन्छ । युवा समूहको निर्माण गरेर ज्ञान, सीप र पुँजी उपलब्ध गराउन सकिन्छ ।

पैसाका विषयमा अनुशासित नभएका मानिस जीवनका कुनै पनि क्षेत्रमा अनुशासित बन्न सक्दैनन् । पैसाका विषयमा ज्ञान, सीप र चेतनाको कमीका कारण मानिसको जीवन असन्तुलित बन्दै गएको छ । वित्तीय योजना र व्यवस्थापनको कमीले गर्दा नै संस्थागत र व्यक्तिगत जीवनमा विभिन्न खालका वित्तीय समस्या आउने गरेका छन् । यी समस्यको समाधानका लागि सबै नेपाली युवालाई वित्तीय ज्ञान, सीप तथा वित्तीय सेवा सुविधा सम्बन्धी जानकारी उपलब्ध गराई प्राप्त ज्ञानलाई व्यवहारमा रूपान्तरण गर्दै वित्तीय रूपमा सचेत युवा तयार गर्न सहकारी तथा अन्य सबै सरोकारवाला निकायको भूमिका आवश्यक छ । वित्तीय साक्षरता मार्फत युवाका समस्याको

सम्बोधन गरी जीवनस्तरमा सुधार ल्याएर समृद्ध समाजको निर्माण गर्न सकिन्छ । सबै खालका युवालाई उनीहरूको रुचि र छनोट अनुरुप सहकारी व्यवसायलाई बहुआयामिक क्षेत्रमा विस्तार गर्दै गरिबी निवारण, उत्पादनमूलक रोजगारीको सृजना, पूर्ण रोजगारीको विकासका कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसले समाजमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देखिएका सामाजिक समस्यालाई न्यूनीकरण गर्दै स्वस्थ समाज निर्माणमा समेत योगदान गर्दछ । आर्थिक असमानताका साथसाथै सामाजिक कुरीति, विसङ्गति, विभेद, हिंसा र सामाजिक अपराधको अन्त्यका लागि युवालाई सङगठित ढङ्गले क्रियाशील बनाउन सकिन्छ । हरेक क्षेत्रको नेतृत्व तहमा युवा सहभागिता सुनिश्चत गर्न उनीहरूलाई सक्षम र प्रतिस्पर्धी बनाउन सहकारी अभियानले आधारभूमि तयार गर्न सक्छ ।

सहकारीका माध्यमबाट वित्तीय साक्षरताका सबै पक्षका विषयमा औपचारिक र अनौपचारिक अभियान सञ्चालन गर्न सकिन्छ । यस अभियान मार्फत युवालाई साक्षर र उद्यमशील बन्न प्रेरित गर्न सकिन्छ । विद्यालयदेखि नै आर्थिक क्षेत्रका विषयमा जानकारी गराउन सकिन्छ । शैक्षिक संस्था, वित्तीय सङ्घ संस्था तथा निकाय मार्फत वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत बैङ्किङ क्षेत्र, गैरबैङ्किङ क्षेत्र, सहकारी क्षेत्र, बिमा क्षेत्र, पुँजी बजार, वित्तीय बजारका पूर्वाधार क्षेत्र तथा अनौपचारिक वित्तीय क्षेत्रका विषयवस्तुहरूबारे जानकारी गराउन सकिन्छ । वित्तीय साक्षरता कार्यक्रम अन्तर्गत विशेक्ष गरी बचत, कर्जा, लगानी, बजेट, बिमा र वित्तीय प्रणाली तथा रेमिट्यान्स लगायतका सेवा सुविधा जस्ता विषयवस्तुहरूबारे युवाका बिचमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सकिन्छ । औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट वित्तीय सचेतना फैलाउने तथा योजनाबद्ध ढङ्गले बित्तीय पहुँच र समावेशीकरण वृद्धि गर्न सकिन्छ । सहकारी मार्फत विभिन्न आय आर्जन तथा स्वरोजगार कार्यक्रमहरू लक्षित क्षेत्रहरूमा लैजान सकिन्छ । वित्तीय साक्षरता सम्बन्धी विषयवस्तुलाई विद्यालय स्तरको आधारभूत शिक्षाको पाठ्यक्रम, सीप विकास सम्बन्धी तालिमको पाठ्यक्रम तथा अनौपचारिक शिक्षाको पाठयक्रममा समावेश गर्दै लैजान सकिन्छ ।

औपचारिक ढङ्गले वित्तीय सेवा उपयोग गर्न प्रोत्साहित गर्नका लागि वित्तीय क्षेत्रका विषयमा जानकारी गराउनुका साथै बचत के हो र किन आवश्यक छ, कर्जा कहाँबाट लिनु उचित हुन्छ, कर्जाको सदुपयोग कसरी गर्ने, बिमाको आवश्यकता र महत्त्व के छ, खर्चमा मितव्ययिता कसरी गर्ने, लगानी गर्नुपूर्व सम्भाव्यता अध्ययन तथा विश्वसनीय वित्तीय संस्थाको छनोट लगायतका विविध विषयहरूमा युवालाई सुसूचित गर्न सकिन्छ । सबै नेपाली युवालाई वित्तीय ज्ञान र सचेतना मार्फत वित्तीय कारोबार, वित्तीय सेवा सुविधाका विषयमा जानकारी गराउने, वित्तीय कारोबार गर्दा हुने फाइदा एवं यसको जोखिमका विषयमा सचेत गराउन सहकारी मार्फत साक्षरता अभियानलाई सञ्चालन गर्न सकिन्छ । वित्तीय क्षेत्रका बारेमा जानकारी गराई उपयुक्त वित्तीय निर्णय लिन सक्षम युवा जनशक्ति तयार गर्न सकिन्छ ।

## सहकारीमा युवा सहभागिता

अन्तर्राष्ट्रिय सहकारी महासङ्घले सन् २००३ मा युवा समिति निर्माण गरी त्यस मार्फत विश्वभरका सहकारीमा आबद्ध युवाको सञ्जाल निर्माण गरी उनीहरूका अनुभव र उपायलाई आदान प्रदान गर्ने मञ्च तयार गरेको छ। सहकारी क्षेत्रमा युवा सहभागिताको विषयलाई महत्त्व दिँदै अन्तर्राष्ट्रिय सहकारी महसङ्घले सन् २०११ को अन्तर्राष्ट्रिय सहकारी दिवसका सन्दर्भमा "Youth–the future of cooperatives enterprises" नारा तय गरी सबै देशका सरकार र सदस्य संस्थालाई सहकारीमा युवा सहभागिताका लागि जोड दिन आह्वान गरेको थियो । यस पृष्ठभूमिका सहकारी क्षेत्रमा युवा सहभागितका लागि नेपालको सहकारी अभियानले पनि योजनाबद्ध पहल गर्न आवश्यक छ। सहकारी व्यवसायका माध्यमबाट धेरै मात्रामा युवाको क्षेत्रका समस्यालाई सम्बोधन गर्न सकिन्छ। वित्तीय साक्षरता सम्बन्धी विषयवस्तुलाई सहकारी तथा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्था, गरिबी निवारण तथा युवा स्वरोजगार कोष जस्ता सरकारी कार्यक्रमहरू मार्फत व्यापक रूपमा युवा समूहमा लैजान आवश्यक छ।

सहकारी क्षेत्रमा युवालाई आकर्षित गर्नका लागि केही चुनौतीहरू अवश्य छन् । ती चुनौतीलाई सम्बोधन गर्न सरकारी र सहकारी क्षेत्र तयार हुनुपर्दछ । केही विशेष कार्यक्रम सञ्चालन गरी युवाका बिचमा सहकारीलाई पुऱ्याउन सकिन्छ। उनीहरूको शैक्षिक योग्यताको प्रमाणपत्र धरौटी राखी सहज रूपमा ऋण प्रवाह गर्नुपर्ने, हरेक सङ्घ संस्थामा युवा समितिको निर्माण गर्ने र सञ्चालक समितिमा समेत प्रतिनिधित्व गराउने, सहकारी अभियानका बारेमा आम जागरण सृजना गर्ने, स्कूल तथा कलेजका पाठ्यक्रममा सहकारी विषयलाई अनिवार्य गर्ने, बाल तथा युवा बचत क्लबहरूको निर्माण गर्ने र नियमित रूपमा आर्थिक एवम् सामाजिक विषयमा विभिन्न जानकारीमूलक सामग्री सिकाउने, स्कुल तथा कलेज सहकारीहरूको निर्माणका लागि सहजीकरण गर्ने, युवा विद्यार्थीको पहलमा शैक्षिक संस्था लक्षित व्यवसाय सञ्चालनका लागि सहजीकरण गर्ने, बचत गर्ने बानीलाई जीवन पद्धतिका रूपमा विकास गर्न आम जागरण सृजना गर्ने, युवालाई सहकारी क्षेत्रमा लाग्ने र सामूहिक व्यवसाय सञ्चालनका लागि ज्ञान, सीप र पुँजीको प्रबन्ध गरिदिने, सहकारीका माध्यमबाट सुन्दर भविष्य निर्माण गर्न सकिन्छ भन्ने आशा र भरोसाको सृजना गर्ने, तालिम पूर्वाधार निर्माणका लागि पर्याप्त पहलकदमी लिने, युवा मैत्री नीति निर्माण र कार्यान्वयनका लागि पहलकदमी लिन आवश्यक छ।

सरकारी, सहकारी तथा अन्य निकायबाट हालसम्म भइरहेका युवा लक्षित कामलाई थप प्रभावकारी बनाउन ती कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्न आवश्यक छ । सबै पेसाप्रतिको सामाजिक सम्मानलाई एकैनासको बनाउन आवश्यक छ जसले गर्दा डाक्टर, इन्जिनियर, पाइलट जस्ता केही पसशा बाहेक कृषि, जडीबुटी, पर्यटन लगायतका अन्य पेसा वा व्यवसायमा पनि युवाको आकर्षण बढाउन सकिन्छ। सहकारी क्षेत्रबाट हाम्रो मुख्य आर्थिक क्षेत्रका रूपमा रहेको कृषि तथा कृषिमा आधारित उद्यममा गरिने

लगानीलाई प्राथमिकतामा राख्न आवश्यक छ । कृषिलाई आधुनिकीकरण गरी उद्यमका रूपमा विकास गर्ने र उत्पादनलाई बजारसँग जोड्ने काममा सहकारी मार्फत युवालाई सहभागी गराउन सकिन्छ । सामूहिक खेती प्रणाली, एक गाउँ एक उत्पादन तथा मूल्य शृङ्खला व्यवस्थित गर्न जरुरी छ । युवालाई कृषिमा आधारित उद्योगको निर्माण, पर्यटन क्षेत्रको विकास, अन्य सेवा व्यवसायमा लाग्न सीपमूलक तालिम तथा पुँजीको व्यवस्था गर्न सहकारी अभियान तयार हुनुपर्छ । युवा स्वरोजगार तथा गरिबी निवारणका लागि सरकारद्वारा सञ्चालन गरिएका कार्यक्रमलाई एकीकृत गरी सहकारी मार्फत ग्रामीण तहसम्म पुऱ्याउन सकिन्छ ।

## निष्कर्ष

नेपाल जस्तो अतिकम विकसित मुलुकले आर्थिक विकासमा सफलता हासिल गर्न, उत्पादन वृद्धि, आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न, कृषि, जलस्रोत, पर्यटन लगायतका क्षेत्रमा अधिकतम मात्रामा युवाको परिचालन, सहभागिता र नेतृत्व विकासबाट मात्र सम्भव हुने देखिन्छ । तसर्थ वित्तीय साक्षरता, उद्यमशीलता लगायतका कार्यक्रमका माध्यमबाट युवालाई सङ्गठित गरी समृद्धिको अभियान सञ्चालन गर्न सकिन्छ । सहकारीमा आबद्ध गरी सुरक्षित भविष्यको खोजीमा विदेश जाने क्रमलाई कम गरेर देशको विकासमा युवा शक्तिलाई परिचालन गर्न सकिन्छ । यस अभ्यासले पुँजी निर्माण र व्यवसाय सञ्चालनको आधारभूमि तयार गरिदिन्छ । व्यावसायिक सीप प्रदान गरी स्थानीय उत्पादकत्वमा टेवा पुऱ्याउन सकिन्छ । उत्पादन वृद्धि, रोजगारी स्वरोजगारीको सृजना, आयात प्रतिस्थापन र निर्यात वृद्धिको दिशातर्फ अगाडि बढ्न सकिन्छ। सामाजिक एकता, सहयोग, सम्मान र विश्वासको वातावरण निर्माण हुन्छ । वित्तीय साक्षरता अभियानका माध्यमबाट मान्छेलाई असल बनाउन सकिन्छ । फलस्वरुप न्यायपूर्ण, अनुशासित र मर्यादित समाजको निर्माण हुन्छ । आर्थिक क्षेत्रमा युवाको पहुँच एवम् परिचालनले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको विकासका साथै समृद्ध मुलुक निर्माण गर्न सकिन्छ । यसका लागि युवाहरूको अग्रसरतामा सञ्चालित समुदायमा आधारित सहकारीको ढाँचा नै प्रभावकारी विकल्प हुन सक्छ ।

indirapanta2011@gmail.com

# राज्यको दायित्व र आजका युवा

✍ जीवनाथ धमला

**मेरो दृष्टिमा नयाँ विचारहरूको ग्रहणशीलता, सामाजिक मूल्यहरू, राष्ट्रिय-अन्तर र्राष्ट्रिय घटना, परिस्थिति र तिनका प्रभावप्रतिको स जगता जस्ता कुराहरूबाट नै खास युवाको पहिचान हुन्छ ।**

-

वीपी कोइराला (तरुण दलको अधिवेशन, २०१७)

युवाजगत् राष्ट्रनिर्माणको सबैभन्दा ब( लयो जनशक्ति हो । समग्र मानव सभ्यताको निर्माण युवा वर्गले गरेको हो भन्न सकिन्छ । कुनै पनि देशको निर्माण, समृद्धि र गतिशीलताका लागि युवा वर्गको मुख्य भूमिका रहन्छ । राजनेता वी.पी कोइरालाले भन्नु भएझैँ युवामा नयाँ नयाँ विचारहरू ग्रहण गर्ने वा वैचारिक नवीनताको खोजी गर्नेतर्फको उत्सुकता निरन्तर रहन्छ । समाजप्रति युवा वर्ग जागरुक रहन्छ, राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाक्रमहरूप्रति चासो रहनुका साथै त्यस्ता घटना वा परिस्थितिहरूबाट उत्पन्न हुनसक्ने परिणामहरूप्रति पनि युवा वर्ग सचेत र होसियार रहन्छ । युवा वर्ग अन्य उमेर समूहका मानिसहरू भन्दा सचेत र जागरुक रहन्छ । एउटा विचारशील र चैतन्यवान् युवाको पहिचान गर्ने आधारलाई वीपीले केलाउनु भएको हो । एउटा युवाका लागि उल्लिखित क्षमता उसको युवापन जाँच्ने महत्पूर्ण कसी हो ।

नेपालका सन्दर्भमा युवा वर्गको भूमिका बहुआयामिक छ । युवा वर्ग देशका हरेक क्षेत्रमा क्रियाशील छ । कृषि क्षेत्रमा संलग्न युवा वर्गको जनसङ्ख्या सबभन्दा ठुलो छ । औद्योगिक क्षेत्र एवं निर्माण कार्यमा पनि युवा वर्गको ठुलो सङ्ख्या कार्यरत छ । त्यस्तै व्यापार तथा यातायातका क्षेत्रमा संलग्न युवा वर्गको सङ्ख्या पनि अत्यधिक छ । त्यसैगरी निजामती सेवा, सेना, प्रहरी, शिक्षक, सरकारी संस्थानहरू, निजी एवं गैरसरकारी सङ्घ संस्थाहरूमा युवाको ठुलो हिस्सा कार्यरत छ । अर्को, युवा जगत्को ठुलो जमात विद्यार्थी वर्ग हो । वैदेशिक रोजगारीमा ३० देखि ४० लाखसम्म युवाहरू बाहिरिएको अनुमान छ । त्यसैगरी खेलकुद, साहित्य, कला, सङ्गीत, सञ्चार एवं पत्रकारिता, स्वास्थ्य एवं बैकिङ्ग क्षेत्र, घरेलु उद्योग, राजनीति लगायतका क्षेत्रहरूमा पनि उल्लेख्य मात्रामा नेपाली युवा वर्ग क्रियाशील छ ।

सामान्यतया नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या युवा वर्गमा पर्दछ । विभिन्न पेसा, व्यवसाय र कर्मक्षेत्रमा आबद्ध यसै उमेर समूहको जनशक्ति नै राष्ट्रिय विकासको मेरुदण्ड हो । यो जनशक्ति नै सबैभन्दा भरलाग्दो, सक्रिय र सृजनशील जनशक्ति हो ।

यस वर्गले आआफ्नो क्षेत्रबाट सङ्गठित, व्यवस्थित र मर्यादित भएर जिम्मेवारीबोधका साथ कार्य गर्ने हो भने देशले समृद्धि हासिल गर्न लामो समय लाग्दैन । यहाँ खाँचो छ; राजनीतिक स्थिरताको, स्पष्ट र राष्ट्रिय स्वार्थ केन्द्रित युवा नीतिको, राष्ट्रिय आवश्यकता केन्द्रित युवा परिचालनको । यहाँ खाँचो छ; इमानदारी, नैतिकता र कर्तव्यनिष्ठताबोध गराउने शैक्षिक पृष्ठभूमि निर्माणको । यहाँ खाँचो छ; युवाहरूमा **'यो देश मेरो हो र यसलाई अलिकति उठाउने दायित्व मेरो पनि हो'** भन्ने राष्ट्रिय सोच निर्माणको; युवाहरूमा साहस, आत्मविश्वास र लगनशीलताको अनि वैयक्तिक र सामाजिक संस्कार निर्माणको । यहाँ उल्लिखित **'खाँचो'** भनिएका विषय वा अवधारणाहरूबाट नेपाली युवा जगत् बिल्कुलै अनभिज्ञ छ, उदासीन छ र निःस्पृह छ भन्न खोजिएको होइन । तर ती **खाँचो** अर्थात् अभाव अनुभूत गरिएका विषय वा सन्दर्भहरूको परिपूर्तिका लागि वैचारिक, संस्थागत वा नीतिगत तहबाट जे जस्तो तत्परता, व्यवस्थापन र त्यसको कार्यान्वयन हुनुपर्ने हो त्यो भने हुन सकेको छैन । बहुसङ्ख्यक नेपाली युवालाई उद्देश्यमुखी, कर्तव्यमुखी र दायित्वमुखी बनाउनका लागि राज्य तहबाट सघन प्रयास गरिएको छैन । तसर्थ अब राज्यले अत्यन्तै गम्भीरतापूर्वक युवालक्षित अल्पकालीन र दीर्घकालीन नीति निर्माण गरेर राष्ट्र निर्माणमा यस वर्गको ऊर्जालाई खर्चने तत्परता देखाउनै पर्छ । स्वरोजगार कार्यक्रम जस्ता केही कार्यक्रमहरू युवालक्षित देखिन्छन् तर तिनमा राजनीतिक स्वार्थ मिसिएको आभास देखिएको छ । यस बाहेकको यदि अरू कुनै युवाकेन्द्रित नीति छ भने त्यो युवाको आँखामा परेको छैन । हरेक नेपाली युवालाई जानकारी हुनुपर्छ कि उसको आवश्यकता, योग्यता र महत्वलाई राज्यले कुन ठाउँमा राखेर सम्बोधन गरेको छ ? आम नेपाली युवा जगत् यस कुराको जानकारी पाउनबाट पनि प्रायः वञ्चित छ । अनि उसले आफूलाई राज्यस्तरबाट प्रवाहित कुन नीतिमा टेकेर, कुन लक्ष्यका साथ अघि बढाउने ? युवाको आत्मसम्मानका लागि राज्यले अहिलेसम्म के गर्‍यो त ! व्यवस्थापिका संसद्बाट अहिलेसम्म युवाकेन्द्री बहसको प्रारम्भ भएकै छैन । राजनीतिक दलहरूले राष्ट्रको युवाशक्तिलाई समेट्ने साझा धारणा र नीतिको तर्जुमा गरी त्यसलाई राष्ट्रिय जनशक्ति निर्माणको सङ्कल्पका रूपमा आत्मसात् गरेर तत्कालै कार्यान्वयनमा ल्याउनु जरुरी छ ।

युवा वर्गले यस राष्ट्रका लागि ऐतिहासिक भूमिकाहरू निर्वाह गरेको छ । यसले अनेकौँ चुनौतीहरू बेहोरेको छ । यस राष्ट्रका लागि युवा वर्गले रगत र पसिना बगाएको छ । हरेक राजनीतिक परिवर्तनका घटनाक्रमहरूमा असङ्ख्य युवाहरूले शहादत प्राप्त गरेका छन् । २००७ सालको जनक्रान्ति युवाहरूको नेतृत्वमा भयो । २०१७ सालपछिको निरङ्कुश पञ्चायती कालखण्डमा कैयौँ युवाहरू सहिद भए । २०३६ सालको प्रथम विद्यार्थी आन्दोलन युवा विद्यार्थीहरूकै अग्रसरतामा भयो । २०४६ सालको प्रथम राष्ट्रिय जनआन्दोलन र २०६२/०६३ सालको दोस्रो राष्ट्रिय जनआन्दोलन अनि त्यसपछिको मधेस आन्दोलनमा गोलीको पर्वाह नगरी सडकमा निस्कनेहरू प्रायः युवाहरू नै थिए र अधिकांशतः युवाहरू नै सहिद भए । जनआन्दोलनहरू सफल पनि भए । यी ऐतिहासिक परिवर्तनका वाहक शक्ति

- **'युवा शक्ति'** प्रति किन राज्य अझै उदासीन छ ? प्रजातन्त्र एवं गणतान्त्रिक लोकतन्त्रको स्थापनार्थ भएका तमाम ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनहरूका क्रममा शहादत प्राप्त गर्ने युवा वीर-वीराङ्गनाहरूका भावनालाई सम्मान गर्न राज्य किन कृतघ्न हुन्छ ? परिवर्तनका लागि प्राणाहुति गर्न तयार युवा वर्ग राष्ट्रोत्थानका लागि पसिना बगाउनुका साथै सृजनात्मक काम पनि गर्न सक्छ भन्ने चेतनाबोध गर्नबाट राज्य किन उदासीन छ ? उनीहरूको सृजनशीलतालाई सम्मान गर्न राज्यले किन सकिरहेको छैन ? किन राज्य युवाको ऊर्जा र प्रतिभालाई कुण्ठित पारेर राष्ट्र निर्माणको महान् अभियानबाट उनीहरूलाई वञ्चित गरिरहेछ ? यी यस्ता प्रश्नहरू हुन् जसलाई अब गम्भीर रूपमा बहसको विषय बनाइनुपर्छ अनि युवा शक्ति नै राष्ट्रिय शक्ति हो भन्ने भावनालाई आम जनमानसमा स्थापित गरेर युवाको कर्मशीलताबाट राष्ट्र सुन्दर र उज्यालो गन्तव्यतर्फ लम्किनु अत्यावश्यक छ ।

अनेकौं प्रतिभाशाली युवाहरू विदेशको श्रम बजारमा गएर आफ्नो पसिना बगाइर हेछन् । उनीहरूको श्रम, सीप र पसिनाबाट स्वदेशले वञ्चित हुनुपरेको छ भने अर्कातिर कैयौं युवा-युवतीहरूले विदेशमै बसेर ज्ञान-विज्ञानका अनेक क्षेत्रमा उल्लेखनीय प्रगति गरी नेपालीको इज्जत बढाउने काममा सफलता पनि हासिल गरेका छन् । विदेशमा गएर विशेष योग्यता प्राप्त गरेका कैयौं युवालाई फर्केर स्वदेशकै लागि काम गर्ने उपयुक्त वातावरण बनाउन राज्यले सकिरहेको छैन । सोच (vision), नीति (policy), कार्यक्रम (program) र कार्यान्वयन (implementation) सबै पक्षमा राज्य गतिहीनताको सिकार भइरहेको देखिन्छ । यसै कारण विभिन्न क्षेत्रका प्रतिभाशाली युवाको श्रम, पसिना, प्रतिभा र सम्भावनाका सुन्दर परिणामहरू देशले पाउन सकेको छैन । योभन्दा दुखद कुरा एउटा राष्ट्रप्रेमी युवाका लागि अनि समस्त देशवासीका लागि के हुनसक्छ ?

राज्यले देशको ढुकढुकीका रूपमा रहेको युवा शक्तिलाई राष्ट्र निर्माणमा सक्रिय बनाउनका लागि मूलभूत रूपमा निम्नानुसारका कार्यहरू गर्न जरुरी छ :

- **हरेक जिल्लामा रहेको युवा जनशक्ति (महिला वा पुरुष) को जनसङ्ख्या सुनिश्चत गर्ने, रोजगार, अर्धरोजगार र बेरोजगारको तथ्याङ्क छुट्टयाउने, अर्धरोजगार र बेरोजगारलाई पूर्ण रोजगारी उपलब्ध गराउन जिल्लाको क्षमता, साधन स्रोत र वस्तुस्थितिको मूल्याङ्कन गरी विकासका आधारभूत पूर्वाधारहरू सडक, बिजुली, सिँचाइ, बजार र प्राविधिक जनशक्ति तालिम केन्द्रहरूको निर्माण एवं व्यवस्थापन गर्न राज्य तहबाटै पहल गर्ने ।**
- **उच्च शिक्षाका पूर्वाधारहरू जिल्लामै उपलब्ध गराई शिक्षाका हरेक तह अनुसारका रोजगारीका सम्भावनाहरू पनि सकेसम्म जिल्लामै उपलब्ध गराउने ।**
- **जनआन्दोलन-२ पछि बेला-कुबेला राजनीतिक दलहरूले युवा जनशक्तिको अत्यधिक दुरुपयोग गर्दै आएका छन् । त्यत्रो ऐतिहासिक जनआन्दोलन सफल**

बनाउन सक्ने युवा शक्तिको ऊर्जालाई एकीकृत गरी राष्ट्र निर्माणमा लगाउन आवश्यक व्यवस्थापनको तयारी गरि नुपर्थ्यो तर त्यसो भएन । उनीहरू ठूलो संख्यामा विदेसिए । बसेकामध्ये अनगिन्ती युवालाई आन्दोलन र समाजमा द्वन्द्व नि(म्त्याउने खालका अनुत्पादक र सामाजिक तनाव वृद्धि गर्ने खालका कार्यक्रमहरूमा उकासिएको छ । यस्तो कार्यको अन्त्य गरी युवाहरूलाई सृजनात्मक काममा अग्रसर गराउन दलहरूबाट साझा धारणा बनाई त्यसको सफल कार्यान्वयन गर्न राज्यलाई घच्घच्याउने ।

- आम युवाहरूलाई प्रथमतः न्यूनतम शैक्षिक योग्यता प्राप्त जनशक्तिका रूपमा तयार गर्नुपर्छ । त्यसो भएमा कुनै पनि युवालाई शैक्षिक कारणले हीनताबोध हुँदैन । उसले देशको जुनसुकै ठाउँमा गएर पनि कामको अवसर पाउन सक्छ । युवाको योग्यता, सीप र रूचि अनुसार काम गरेपछि जुनसुकै ठाउँ वा संस्थाबाट होस्, उसको दक्षता अनुसारको समान ज्याला वा तलब सुविधा प्रदान गरिने वातावरण बनाइनुपर्छ । यसो गरिएमा एउटा निश्चित शैक्षिक योग्यता प्राप्त युवालाई आफू कुनै पनि ठाउँ वा पेसामा रहेर कति आयआर्जन गर्न सक्छु भन्ने सुनिश्चित हुन्छ । ऊ बेरोजगार रहने सम्भावना पनि न्यून हुन्छ । सरकारी निक(ायमा समान तलब सुविधाको व्यवस्था देशभरि भए पनि निजी वा गैरसरकारी क्षेत्रमा मनलागी छ । यस्तो असमानता र मनोमानीको अन्त्य गरिनुपर्छ ।

- वैदेशिक रोजगारका लागि बाध्यतावश विदेश जान चाहने बेरोजगार नेपाली युवा नेपालमै बसेर के काम गर्न चाहन्छन् , त्यस्तो काम गर्ने वातावरण यहीँ भएमा उसले विदेश गएर जति कमाउन सक्छ, त्यति र त्यसभन्दा बढी पनि यहीँ कमाउन सक्ने कुराको सुनिश्चित गर्न आवश्यक पूर्वाधार, अवसर र प्रोत्साहनको व्यवस्था राज्य तहबाटै गरिनुपर्छ ।

- कुनै पनि दलीय दृष्टिकोण नराखी साझा राष्ट्रिय धारणाको निर्माण गरी युवा स्वरोजगार कार्यक्रमलाई उच्च प्राथमिकतापूर्वक अघि बढाइनु पर्छ । हरेक युवाले राज्यस्तरबाट उपलब्ध अवसर र सुविधाको उपयोग सहज ढङ्गमा गर्न पाउने वातावरणको सुनिश्चितता हुनुपर्छ ।

- उच्चस्तरीय शैक्षिक जनशक्तिको समुचित उपयोग हुन सक्ने गरी निजी वा सरकारी स्तरबाट स्वास्थ्य, यातायात, शिक्षा, कृषि, विज्ञान प्रविधि, सूचना तथा सञ्चार, पर्यटन आदि क्षेत्रसँग सम्बन्धित परियोजना वा प्रतिष्ठानहरूको स्थापना हुन सकेमा ती क्षेत्रहरूमा उच्च दक्ष युवाहरूले काम गर्ने अवसर पाउँछन् ।

- कति वर्षमा, कुन कुन क्षेत्रमा कति उच्च स्तरीय, कति मध्यम स्तरीय जनशक्तिको आवश्यकता पर्छ त्यसको लक्ष्य निर्धारण

**गरी त्यस अनुसार निश्चित जनशक्तिको उत्पादन भएमा त्यसबाट शैक्षिक बेरोजगारी घटाउन मदत पुग्नेछ। अन्यथा आवश्यकता थोरै र जनशक्तिको उत्पादन बढी हुनसक्ने सम्भावना रहन्छ । यस्तो व्यवस्था नभएको हुँदा कतै आवश्यकता छ, जनशक्ति छैन ; कतै जनशक्ति बढी छ, त्यसको उपयोग हुने ठाउँ छैन । यसतर्फ राज्यले स्पष्ट दृष्टिकोण र कार्ययोजना बनाउनु जरुरी छ ।**

- **स्ंगठित युवा जनशक्तिलाई राष्ट्र निर्माणका अनेकौं कार्यमा परिचालन गर्न सकिन्छ। सैनिक र प्रहरी शक्तिलाई थप गरी प्रत्यक्षतः राष्ट्र निर्माणमा अझै बृहत् रूपमा परिचालन गर्न सकिन्छ । सेना र प्रहरीबाट विकास निर्माणमा महत्त्वपूर्ण काम भएका छन् तर उनीहरूलाई अझै जिम्मेवारी दिनु आवश्यक छ। निजामती सेवाका युवा कर्मचारीहरूलाई पनि अझै जिम्मेवारी थप गर्न सकिन्छ । कर्मचारी वर्गमा राजनीति हाबी हुनु हुँदैन ।**
- **साहित्य, कला, संस्कृति, पत्रकारिता, अनुसन्धान वा वैज्ञानिक खोज, आवि( ष्कार, पर्वतारोहण, बौद्धिक जागरण, खेलकुद एवं अन्य सृजनात्मक कार्यमा संलग्न युवा वर्गको हितको सुरक्षा र प्रतिभाको प्रोत्साहनका लागि उचित र सम्मानित वातावरणको निर्माण हुनुपर्छ। 'राज्यले मेरो पनि हेरचाह गर्दछ है' भन्ने कुराको प्रत्याभूति ती क्षेत्रमा क्रियाशील युवाहरूमा जाग्न सक्ने वातावरण भएमा संलग्न युवाहरूले राष्ट्रको इज्जत बढाउन अझै धेरै काम गर्न सक्छन् ।**

यस्ता अरू पनि धेरै विषयहरू छन् जसलाई राज्यले सम्बोधन गर्न सक्छ र युवा जनशक्तिको उच्चतम सदुपयोग गरी राष्ट्रलाई अग्रगति प्रदान गर्न सक्छ । राज्यस्तरबाट लिइनुपर्ने अग्रसरताको अभावमा उत्पन्न यी सबै बेथितिहरूका बाबजुद युवा वर्गले देशका लागि जे जति काम गरिरहेको छ त्यसप्रति उच्च सम्मान गर्न सकिन्छ ।

म अब यहाँ नेपाली युवा वर्गलाई व्यक्तिगत तबरले केही मनमा लागेका कुराहरू बाँड्न चाहन्छु । यो अर्ती उपदेश होइन ; एउटा दाजुले भाइ-बहिनीहरूलाई सम्झाउन गरेको प्रयत्न मात्र हो ।

**"पला पलामा जति सास फेरुँ, म त्यति ताजा बनि विश्व हेरुँ**

**सँधैभरि नै हरियोपना द्यौ, नयाँ नयाँ स्वप्न र कल्पना द्यौ"**

-

कविवर माधव घिमिरे

(धर्तीमाता खण्डकाव्यबाट)

युवा ! तिमीमा अनन्त सृजना शक्ति छ। त्यसको उपयोग गर्‍यौ भने तिमीले आफ्नो मुलुकका लागि अतुलनीय योगदान दिन सक्छौ । आफ्नो रुचिको क्षेत्र पहिल्याएर उद्देश्य निश्चित गर अनि त्यसको प्राप्तिका लागि निरन्तर क्रियाशील भयौ भने सफलता तिम्रो पछि लाग्नेछ । कामप्रतिको

निष्ठा र इमानदारीलाई आफ्नो सिद्धान्त बनाएर कर्मशील बन ।

युवा ! तिमी आफ्नो सृजना शक्तिको दुरुपयोग बिल्कुलै नगर । जीवन एक पटकका लागि मात्र हो । जीवनको दुरुपयोग हुनसक्ने आत्मघाती तत्त्वहरूले तिमीलाई छुन सक्छन् । आलस्य, अकर्मण्यता, लागू पदार्थको सेवन, अनैतिक आचरण, मादक पदार्थ सेवन आदि आत्मघाती तत्त्वहरू हुन् । यी अनेकौं गलत र नकारात्मक कार्यहरूले जीवनलाई नष्ट गर्न सक्छन् । त्यसबाट बचेर आफ्नो कर्मपथ र कर्तव्यपथमा लाग्यौ भने तिमीले आफू र देशका लागि आफ्नो जीवन सार्थक पार्न सक्छौ ।

युवा ! पहिले तिमी आफू तयार होऊ । तयारीको अर्थ आफ्नो योग्यता बढाऊ । सफल जीवनका लागि शैक्षिक योग्यता (औपचारिक वा अनौपचारिक) एउटा अनिवार्य आधारशीला हो । त्यसपछि तालिमको जरुरत पर्छ । स्वस्थ शरीरमा नै स्वस्थ मस्तिष्कको विकास हुन्छ भन्ने तिमीलाई थाहै छ । अनि कर्ममा हात लगाऊ । सफलता ढिलो वा चाँडो पनि हुनसक्छ तर आफ्नो निरन्तरतालाई खण्डित नगर ।

युवा ! तिमी आशावादी बन । जस्तै कठिन परिस्थितमा पनि तिमी आफ्नो आशावादीतालाई नत्याग । रिस र अहङ्कार तिम्रा ठुला शत्रु हुन् । यी खराब कुराबाट आफूलाई जोगाउने प्रयत्न गर । आफूभित्रको संशय त्याग्यौ भने लक्ष्यमा पुग्न सजिलो हुनेछ । विगतप्रति चिन्तित पनि हुनु नहुने कुरा तिमीलाई थाहा नभएको हैन । तिमीले खप्तड स्वामीको विचार विज्ञान नामक पुस्तक त पढेकै हौला । नपढेका भए अरू सबै छाडेर पनि त्यो पुस्तक एक पटक पढ्न सक्छौ । उनले अनेक जीवनोपयोगी कुराहरू त्यसमा लेखेका छन् । उदाहरणका लागि -

**“संशयलाई हटाऊ । आफ्नो पूर्व चरित्रलाई बिर्सिदेऊ। भूतकाल व्यतीत भइसक्यो। वर्तमानमाथि तिम्रो अधिकार छ। त्यसैले भविष्य जस्तो चाहन्छौ उस्तै बनाउने प्रयत्न गर।”**

-खप्तड स्वामी,

**विचार विज्ञान**

युवा ! तिमी नेपाल आमाका सबैभन्दा भरोसायोग्य सन्तान हौ । तिमीमाथि आमाले आफ्नो सुन्दर सपना सजाएकी छिन् । तिमीले आँट्यौ भने नेपाल आमाको मुहारलाई धपधपी उज्यालो पारिदिन सक्छौ । तिम्रो पाखुरीमा बल मात्र होइन, मन र मस्तिष्कमा बुद्धि र विवेक पनि छ । तिमी प्रतिभाका खानी हौ । बुद्धि, विवेक र प्रतिभाको प्रयोग सृजना र देशको समृद्धिका लागि गऱ्यौ भने यहींको माटोमा सुन फल्नेछ । तिमीले आफ्नो जवानी, सामर्थ्य, बुद्धि, जाँगर सबै यहीँ खर्च गऱ्यौ भने आफू, आफ्नो परिवार अनि देशलाई खुसी र सन्तुष्टि दिन सक्छौ । तिमीले विदेश गएर अर्काको मुलुकमा पसिना चुहाउनै पर्दैन । तसर्थ हे युवा ! तिमी विदेश गएर होइन, आफ्नै आँगनमा रमाउँदै आफ्नो पसिनाले आफ्नै मुलुकलाई रङ्ग्याउने प्रयत्न गर । उद्देश्य महान् राखेर पसिना र विवेकको प्रयोग गर ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको तलको गहकिलो भनाइ तिमीले अवश्यै पढिसकेका छौ

भन्ने लागेको छ :

**"के हो ठूलो जगतमा ? पसिना, विवेक**

**उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक ।"**

**प्रश्नोत्तर** कविता

युवा ! यस सुन्दर देशको वर्तमान र भविष्य तिमी नै हौ । तिमीले भित्रैदेखि आँटेमा कुनै पनि अप्ठ्याराहरूमाथि तिमी  विजय हासिल गर्नेछौ । तिमी उठ, तिम्रो साहस, बुद्धि, प्रतिभा र पसिना पर्खेर देश तिम्रै बाटो हेरिरहेछ ।

# नेपाली युवाको समस्या, अवसर र चुनौती

✍ दिलिप कुमार श्रीवास्तव

शासकीय अधिकृत

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)

सम्पर्कः ९८४१४५६८३८

## पृष्ठभूमि

देशको विकास र समृद्धिमा युवाहरूको अहम् भूमिका हुने गर्छ। कुनै पनि देशको विकास प्रक्रियामा युवाले सक्रिय भूमिका निर्वाह गर्न सक्छन्। उमेर र उनीहरूले गर्ने कामका आधारमा हेर्दा युवा उमेर जीवनको सबैभन्दा महत्त्वपूर्ण समय हो । युवाहरूको शक्तिलाई राष्ट्रको मेरुदण्ड र परिवर्तनको संवाहकका रूपमा चिनिन्छ। त्यसैले युवाशक्ति देशको महत्त्वपूर्ण सम्पत्ति मानिन्छ । अन्य विकासोन्मुख देशमा जस्तै नेपालमा पनि युवाहरूको अवस्था सन्तोषजनक छैन । संयुक्त राष्ट्र सङ्घ लगायतका सङ्घ र संस्थाहरूले आआफ्नै तरिकाले युवा उमेरलाई परिभाषित गरेका छन् । नेपालका सन्दर्भमा राष्ट्रिय युवा नीतिले निर्धारण गरेको युवाको उमेर समूह १६ देखि ४० वर्षलाई आधार मान्दा राष्ट्रिय जनगणना अनुसार करिब ३९ प्रतिशत जनसङ्ख्या युवाले ओगटेको छ। देशका युवाहरूको ठुलो हिस्सा रोजगारीको खोजीका लागि श्रम बजारमा प्रवेश गर्छन् । यो राज्यका लागि ठुलो चुनौतीका रूपमा रहेको छ। त्यसमध्ये करिब आधा युवा जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन हुन्छन्। हाम्रो देशको हाल दैनिक सरदर १ हजार ५ सयको सङ्ख्यामा नेपाली युवा औपचारिक माध्यमबाट विदेश जाने गरेका छन्। भारतलगायत अन्य मुलुकमा अनौपचारिक ढङ्गले जाने गरेका युवाको सङ्ख्या पनि ठुलो छ । यसरी एकातर्फ रोजगारीको खोजीमा ठुलो सङ्ख्यामा श्रमशक्तिको पलायन भएको छ भने अर्कातर्फ श्रमशक्तिकै अभावमा हाम्रो गाउँघरका खेतबारी बाँझो बन्दै गएका छन्।

## नेपाली युवाको समस्या

नेपाली युवाहरू धेरै समस्याको सामना गरिरहेका छन्। राज्य युवाहरूको समस्याप्रति खासै गम्भीर बन्न नसकेकाले नै युवाहरूका मूलतः निम्न समस्याहरू रहेका छन् :

### १. प्राविधिक तथा बहुआयामिक शिक्षाबाट वञ्चित

विश्वमा जुन ढङ्गले शैक्षिक परिवर्तन भएको छ त्यसका तुलनामा हाम्रो देशको शिक्षा नीतिमा परिवर्तन भएको छैन । आज पनि नेपाली युवा तथा विद्यार्थीहरू बहुप्राविधिक तथा बहुआयामिक शिक्षा लिनबाट वञ्चित भएका छन्।

परम्परावादी शिक्षाका कारण नेपाली युवाहरूले सीप सिक्न सकेका छैनन् । राज्यले शिक्षा नीतिमा समयानुकूल परिमार्जन गर्न सकेको छैन । यही कारण आज नेपाली युवा तथा विद्यार्थीहरू बहुप्राविधिक तथा बहुआयामिक शिक्षा लिनबाट वञ्चित भएका छन् ।

## २ बेरोजगारीको समस्या

युवाहरूको अर्को समस्या बेरोजगारी हो । लाखौँ युवाहरू स्वदेशमा रोजगारी नपाएर विदेसिन बाध्य भएका छन् । अझै युवाहरू काम नपाई भौँतारिएर बसेका छन् । उच्च शिक्षाको प्रमाणपत्र राखेर बस्न विवश छन् । हजारौँ ऊर्जाशील , गतिशील , श्रमशील युवाहरू विना काम बस्न बाध्य छन् । उनीहरूले राज्यमा कुनै काम पाउन सकेका छैनन् । बेरोजगारीको समस्या बढेकाले युवाहरूलाई राजनीतिमा प्रवेश गराई देशमा अस्थिरता उत्पन्न गर्न लागिएको छ । राजनीतिका नाममा हुने विभिन्न उच्छृङ्खल गतिविधिमा निर्दोष युवाहरूलाई प्रयोग गरिएको छ र नेपाली युवाहरू एकअर्काका विरुद्धमा लड्न विवश भएका छन् । देश यसरी अस्थिर हुनुको प्रमुख कारण बेरोजगारी नै हो । यदि राज्यका सबै नागरिक आआफ्ना काममा व्यस्त हुने हो भने राजनीतिक पार्टीले नेपाली युवालाई राजनीतिक रूपमा प्रयोग गर्न सक्दैनन् ।

## ३. कुलत र दुर्व्यसन

युवाहरूको अर्को समस्या भनेको कुलत तथा दुर्व्यसन हो । आज पनि नेपाली युवाहरू कुलत तथा दुर्व्यसनको प्रत्यक्ष सिकार भएका छन् । उनीहरू धूम्रपानका साथै मद्यपान गर्ने गर्दछन् । त्यस्तै उनीहरू विभिन्न लागू पदार्थहरूको पनि प्रयोग गर्ने गर्दछन् । सिरिन्च लगाउने ,चरेश खाने ,गाँजा खाने ,ट्याब्लेट खाने, हिरोइन र अफिम खाने लगायतका कार्यहरूमा युवाहरू अग्रसर भएका छन् । यही दुर्व्यसनका कारण उनीहरू विभिन्न आपराधिक गतिविधिमा पनि संलग्न भएका पाइन्छन् । हत्या ,हिंसा, बलात्कार ,लुटपाट ,चोरी डकैती ,अपहरण जस्ता घटनामा समेत युवाहरूकै संलग्नता रहेको पाइन्छ ।

## ४.साहस र आत्मविश्वासमा कमी

युवाहरूको अर्को समस्या भनेको साहस र आत्मविश्वासको कमी हो । देशका हरेक क्षेत्र समस्याग्रस्त भएकाले नै नेपाली युवाहरूमा साहस र आत्मविश्वास आउन नसकेको हो । उनीहरू आशावादी र जोशिला हुन नसकी निराश र थकित हुन पुगेका देखिन्छन् । साथै केही गर्न नसकेकामा पनि उनीहरू दुखी हुनु पर्ने अवस्था आएको छ र उनीहरूमा केही गर्ने हिम्मत समेत देखिएको छैन । आफूहरूलाई परेका विविध समस्याको समाधान गर्न नसक्दा उनीहरूमा एक प्रकारको विचलन आउँछ र यही कारण उनीहरू आत्महत्या समेत गर्न पुग्दछन् ।

## नेपाली युवाका अवसर

युवाहरू भविष्यका कर्णधार हुन् । देशलाई विकास र संवृद्धितर्फ उन्मुख गर्ने काममा युवाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसका साथै परिवर्तन र देश विकासका क्रममा युवाहरूका लागि सरकारी तथा निजी क्षेत्रहरूबाट विभिन्न अवसर सिर्जना गर्ने गरिन्छ । आफ्नो क्षमता र योग्यताका आधारमा ती अवसरहरूलाई उपयोग गर्दै प्रगति पथमा लम्कन सकिन्छ । ज्ञान, क्षमता, लगन, अनुशासन र दृढताले उनीहरू सधैँ आफ्नो

उद्देश्य प्राप्तिको आधार तयार पार्दछन् । नेपालका सन्दर्भमा युवाका अवसरहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

## १. युवा स्वरोजगार कोष कार्यक्रम

नेपाल सरकारले सुरु गरेको युवा स्वरोजगार कोष कार्यक्रम एउटा महत्त्वपूर्ण कदम मान्न सकिन्छ । युवा स्वरोजगार कार्यक्रमलाई हालको सरकारले पनि निरन्तरता दिएको छ। यस कोषले आर्थिक रूपले पछि परेका विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाइते परिवार तथा सहिद परिवार एवम् परामपरागत सीप भएका जात-जातिहरूलाई व्यावसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रति व्यक्ति बेरोजगार युवाहरूलाई रु.२ लाखसम्म आवधिक ऋण र निःशुल्क व्यावसायिक तालिम उपलब्ध गराई उनीहरूको आय-आर्जनमा बृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउन मदत गर्दछ ।

## २. शिक्षा

अहिले युवाहरूका लागि शिक्षाका विभिन्न अवसरहरू आइरहेका छन् । नेपाल सरकार तथा गैरसरकारी सङ्घ/संस्था, वैदेशिक दुतावास मार्फत छात्रवृत्तिका विभिन्न अवसरहरू पनि सृजना गरिएका छन् जसलाई ग्रहण गर्ने वा नगर्ने भन्ने कुरा चाहिँ युवाहरूकै हातमा छ । यसका साथै सरकारी तथा गैरसरकारी निकायहरूले शिक्षाको गुणस्तर र पहुँचका लागि विभिन्न उपाय तथा योजनाहरू लागू गरिरहेका छन् जसले गर्दा कम शुल्कमा गुणस्तरीय शिक्षा आर्जन गर्न सक्ने वातावरण तयार भइरहेको छ। अपाङ्ग, अल्पसङ्ख्यक, सीमान्तकृत आदि वर्गका युवाका लागि लागि विशेष सुविधा पनि उपलब्ध हुने गरेको छ। यी सबै अवसर र शैक्षिक वातावरण खासै सन्तोषजनक नभए पनि प्रगतिशील भने अवश्यै छ ।

## ३. खेलकुद, कला र साहित्य

व्यक्तिको आफ्नो पहिचान र सफल जीवनका लागि कला, साहित्य र खेलकुद उत्तम विकल्प हुन सक्छन् । नेपालमा कला, साहित्य र खेलकुद जस्ता सृजनात्मक क्षेत्रमा व्यावसायिक वातावरण निर्माण हुन थालेसँगै यस क्षेत्रमा आफ्नो करियर बनाई सफल हुनेहरूको लामै सूची तयार पार्न सकिन्छ । गीत, सङ्गीत, हस्तकला, चित्रकला, नृत्य, अभिनय, कथा, निबन्ध, पुस्तक आदि क्षेत्रमा लागेर पनि आफ्नो सफल जीवनयापन गर्न सकिन्छ ।

## ४.सूचना र प्रविधि

नेपालको समग्र विकास कछुवाको गतिमा भए पनि सूचना प्रविधिको विकास र विस्तार भने द्रुत गतिमा भइरहेको छ जसले हामीलाई विश्व समाजमा घुलमिल हुन, सूचना हासिल गर्न, नयाँ नयाँ कुराको जानकारी हासिल गर्न अनि नयाँ-नयाँ कुराहरू सिक्न मदत मिलेको छ । योसँगै विज्ञान तथा सूचना प्रविधिका क्षेत्रमा अवसर पनि बढ्दै गइरहेको छ जसले गर्दा यसको अध्ययन, सहज पहुँच र रोजगरी सृजना गर्न समेत मदत मिलेको छ । अहिलेको युवा पुस्ताको सूचना प्रविधिमा रहेको पहुँचले रोजगारी तथा अन्य अवसरको दायरा फराकिलो हुँदै गइरहेको छ ।

## ५.समाजसेवा

देशका विभिन्न सरकारी तथा गैरसरकारी

निकाय, सामाजिक सङ्घ/संस्थाहरूको गतिविधि र उपस्थितिले युवाहरूलाई आफ्नो फुर्सदको समय सदुपयोग गरी सामाजिक उत्तरदायित्व निर्वाह गर्ने थलो निर्माण गरिदिएको छ । साथै समाजसेवा मार्फत आफ्नो व्यक्तित्व, नेतृत्व ,सीप, क्षमता अभिवृद्धि गर्न मदत मिलेको छ । यसरी सिकेका ज्ञान र सीपले रोजगारीको अवसर प्राप्त गर्न समेत सहयोग पुग्दछ । त्यसैले आफ्नो अध्ययनपछिको खाली समय सामाजिक क्षेत्रमा लगाउनु उपयुक्त हुन्छ जसका लागि नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब, युवा क्लब आदि सङ्घ/संस्थाका गतिविधिहरूमा सहभागी हुन सकिन्छ ।

## नेपाली युवाका चुनौती

नेपालका सन्दर्भमा कुरा गर्दा युवाका चुनौतीहरू बढ्दै गइरहेका छन् । बेरोजगारी, अल्प शिक्षा, अपराध आदि चुनौतीहरू पहाड बन्दै गइरहेका छन् । भूगोल, वातावरण र क्षेत्रका आधारमा युवाका अवसर, चुनौती र समस्या फरक-फरक हुन्छन् जसमध्ये युवाहरूले भोग्दै आएका चुनौतीहरूलाई मुख्य रूपमा निम्नानुसार राख्न सकिन्छ :

## १.गरिबी तथा बेरोजगारी

ग्रामीण क्षेत्रका तुलनामा सहरी क्षेत्रमा बेरोजगार मुख्य समस्याका रूपमा रहेको छ । हरेक वर्ष शैक्षिक बेरोजगारहरूको सङ्ख्या बढ्दो छ जसले गर्दा बेरोजारीको समस्या देखा परेको छ । त्यसमा पनि लोकसेवा आयोगले खुलाउने सीमित कोटामा पर्ने आवेदनले पनि यो तथ्यलाई थप पुष्टि गर्दछ । हालको सङ्क्रमणकालीन राज(नीतिक पृष्ठभूमिमा सरकारी, गैरसरकारी र निजी क्षेत्रमा रोजगारी पाउन कि भाग्यमानी हुनु पर्‍यो कि त ठुला र पहुँचवालाका नजिकका नातेदार हुनु पर्‍यो । यसरी सक्रिय रहनु पर्ने युवा जमात फुर्सदिला भएपछि उनीहरूमा विभिन्न किसिमका विकृतिहरू देखा पर्दछन् । युवाहरू लागू पदार्थको दुर्व्यसनीमा लाग्ने, आपराधिक क्रियाकल(ापमा संलग्न हुने, मानसिक रोगी बन्ने जस्ता समस्याहरूलाई उनीहरू बेरोजगार हुनुकै परिणाम मान्न सकिन्छ ।

## २ मार्ग निर्देशनको कमी

बढ्दो व्यस्तताले गर्दा अभिभावकहरू आफ्ना बालबच्चाहरूप्रति प्रर्याप्त ध्यान र समय दिन सक्दैनन् । केटाकेटीहरूको बढ्दो उमेरसँगै उनीहरूलाई असल बनाउने र रचनात्मक सोच विकास गराउने क्रियाकलापमा अभिभावकहरूले खासै चासो दिएको पाइँदैन । उनीहरूलाई राम्रा काममा न प्रेरित गरिन्छ न निर्देशन नै दिने गरिएको पाइन्छ जसले उमेर अनुसारको विकास क्रमसँगै आफ्ना जिज्ञासा, एक्लोपनाको समाधानको उपायका रूपमा नकारात्मक क्रियाकलापहरूमा संलग्न हुन थाल्दछन् र उनीहरू गलत बाटोमा हिँड्न प्रेरित हुन्छन् । परिणामस्वरूप उनीहरूको आफ्नो भविष्य त बिग्रन्छ नै साथै परिवारको भविष्य समेत बिग्रन पुग्दछ । हामी युवाहरूले पनि आफ्नो जिज्ञासा, समस्या, विचार आदिका बारेमा परिवारका सदस्य वा अग्रजहरूसँग सल्लाह एवं सुझाव लिनु आवश्यक हुन्छ ।

## ३. लागू पदार्थ सेवन तथा असुरक्षित यौनजन्य गतिविधि

वर्तमान परिवेशमा युवाको बेरोजगार हुँदाको सबैभन्दा ठूलो चुनौती भनेको लागू पदार्थ दुर्व्यसनी तथा असुरक्षित यौनजन्य गतिविधि

हो । देशमा लागू पदार्थको प्रयोग निरन्तर बढ्दै गएको छ । हाम्रो देशमा लागू पदार्थको प्रयोगमा देशको ठुलो धनराशि खर्च भएको छ । यदि यसलाई विकास निर्माणका क्षेत्रमा खर्च गर्न सकिएको भए देशले उहिल्यै प्रगति गर्ने थियो । यो युवा, परिवार, समाज र राष्ट्रका लागि खतराको सङ्केत हो । त्यस्तै, असुरक्षित यौन व्यवहार पनि अहिलेका किशोरकिशोरी तथा युवाका लागि अर्को मुख्य चुनौती बनेको छ । आवश्यक जानकारी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको कमी तथा साथीको लहैलहैमा लागेर उनीहरू असुरक्षित यौन व्यवहारमा लाग्दछन् । लागू पदार्थ दुर्व्यसनी तथा असुक्षित यौन व्यवहारका कारण यौन रोग/एच.आइ.भी/एड्स, असुरक्षित गर्भपतन गर्ने, चाडो विवाह गर्ने आदि गम्भीर समस्या सृजना हुन पुगेको छ । जसका कारण उनीहरू आफ्नो भविष्य निर्माण गर्ने कार्यबाट विमुख हुन पुग्दछन् । बेरोजगार, अशिक्षा, गरिबी, मार्ग निर्देशनको कमी, अवसरको कमी आदि कारणले यो समस्या देखा परेको हो । यो समस्या देखा पर्नुमा युवासँगै परिवार, समाज र देश पनि उत्तिकै दोषी छन् । देशको युवा शक्तिलाई उत्पादन र देश विकासका क्षेत्रमा लगाउन आवश्यक अवसर सृजना गरी क्षमता र रुचि अनुसारको जिम्मेवारी प्रदान गर्नु जरुरी छ ।

## ४. मानव तस्करी तथा मानव बेचबिखन

नेपालको अर्को गम्भीर समस्या मानव तस्कारी तथा मानव बेचबिखन हो । नेपालबाट बालबालिका, महिला र पुरुषहरू श्रम शक्ति र यौन व्यपारका लागि बेचबिखन तथा मानव तस्करीमा पर्ने गर्दछन् । मानव बेचबिखन र तस्करी नेपाल( भित्रै, भारत, अरब राष्ट्रहरू तथा अन्य देशहरूमा हुने गर्दछ । जहाँ उनीहरूलाई यौनकर्मी, घरेलु कामदार, कारखानाका कामदार, खानी कामदार, सर्कस आदि जोखिमपूर्ण कामहरूमा जबर्जस्ती लगाइन्छ । नेपाल र भारतका सन्दर्भमा मानव तस्करी तथा बेचबिखन मुख्य रूपमा यौन व्यापारका लागि गरिन्छ । हरेक वर्ष करिब ५ देखि १० हजार महिला तथा युवतीहरू भारतमा बेचिन्छन् । नेपालका सन्दर्भमा मानव तस्करी तथा मानव बेचबिखनले आश्रय पाउनुको मुख्य कारण खुल्ला सिमाना, गरिबी, अशिक्षा, चेतनाको कमी, बेरोजगार आदि हुन् । आफ्नो र परिवारको पेटका लागि जोखिम मोल्न किशोरकिशोरी तथा युवाहरू बाध्य छन् । यसले युवाहरूलाई मृत्यु, एच.आई.भी/एड्स र यौन रोगको जोखिममा पार्दछ । यस प्रकारको समस्याको निराकरणका लागि व्यावहारिक/सीपमूलक शिक्षा, रोजगारीका अवसर आदिको सृजना गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा समाज लागि पर्नु आवश्यक छ ।

अन्त्यमा, युवा समाज र राष्ट्र निर्माणका संवाहक हुन् । युवामा भएको ऊर्जा तथा सृजन( शीलतालाई समाज र राष्ट्र निर्माणका क्षेत्रमा लगा( उनु आवश्यक छ । यसका लागि परिवार, समाज र राष्ट्रको साथ र सहयोगको अवश्यकता पर्दछ । युवाको सोच, विचार र दृष्टिकोणलाई रचनात्मक ढङ्गले समर्थन र मार्गदर्शन गर्नु परिवार र समा( जको दायित्व हो । युवासँग सम्बन्धित अन्य धेरै मुद्दाहरू हामी सामु रहेका छन् । युवाका समस्या तथा चुनौतीहरू र तिनको जोखिम कम गर्नका लागि युवा, परिवार, समाज, राज्य र निजी क्षेत्र मिलेर वैकल्पिक व्यवस्था र गतिविधिहरू सञ्चालन गरिनु आवश्यक छ ।



# मानव सेवा नै धर्म हो

✍ दिपक चौलागाइ

२०६७ साल भदौ महिना मेरो लागि ज्यादै उत्साहित र चुनौतीपूर्ण रह्यो । उत्साहित यो अर्थमा कि मैले खाई-पाई आएको महाराजगञ्ज स्थित एकेडेमी बोर्डिङ स्कुलको जागिर पूर्ण रूपमा छोडी नयाँ सामाजिक संस्था दर्ता गर्न लागेको र अर्को चुनौती चाहिँ मैले दर्ता गर्न लागेको सामाजिक संस्थाका लागि चाहिने दर्ता शुल्कदेखि कार्यालय सामान आदि इत्यादिको खरिदका लागि मसँग स्कुलले अन्तिममा दिएको ५/७ हजार रुपैयाँ बाहेक केही थिएन । मलाई एउटा कुरा मात्र थाहा थियो कि मैले गरिब, असहाय, अशिक्षित र पिछडिएकाका लागि केही गर्नुपर्छ अनि त्यसका लागि एउटा संस्था चलाउनु आवश्यक छ । यो संस्था कस्तो हुने, कसरी काम गर्ने, कहाँबाट पैसा ल्याउने, कसरी सुरु गर्ने भन्नेबारेमा मलाई केही पनि थाहा थिएन । यस क्रममा मलाई मेरा भाइ र बहिनीले टेबुल, कुर्सी किन्न केही पैसा सहयोग दिए । मैले मेरो कोठाबाट कम्प्युटर लगायतका कार्यालयमा आवश्यक सामानहरू संस्थाका लागि लगेँ । संस्था दर्ता र यसको नाम राख्ने सिलसिलामा विभिन्न व्यक्तिहरूसँग भेटघाट गर्न थालेँ । मैले मेरो गाउँको एउटा घडेरी बेचेको थिएँ र त्यही पैसाबाट लगभग मैले ५ महिनापछि प्रोग्रेस नेपाल नामक गैरसरकारी संस्था काठमाडौँ जिल्ला प्रशासनमा दर्ता गरेँ र मैले पहिलो औपचारिक कार्यक्रम चार वर्षे क्यान्सर पीडित सिन्धुपाल्चोकका एक बालकलाई केही आर्थिक सहयोग गरेर सुरु गरेँ । यस कार्यक्रमका सिलसिलामा गोरखा एफएमले हाम्रो अन्तर्वार्ता पनि प्रसारण गरेको थियो । यो नै मेरो पहिलो रेडियो अन्तर्वार्ता हो । त्यसपछि संस्थाद्वारा विभिन्न सामाजिक कामहरू गरियो । यस संस्थाद्वारा काठमाडौँ, धादिङ, काभ्रे, कैलाली र रौतहटका विभिन्न ठाउँमा विभिन्न खालका सामाजिक कामहरू गरिएका छन् ।

यस संस्था मार्फत स्वास्थ्य, शिक्षा, आर्यआर्जन, न्यानो लत्ताकपडा वितरण लगायतका विभिन्न क्षेत्रमा कामहरू गरिएका छन् । स्वास्थ्य क्षेत्रमा देशका विभिन्न जिल्लाहरूबाट काठमाडौँमा स्वास्थ्य उपचार गराउन आएका मृगौला, क्यान्सर रोगका बिरामीहरूलाई आर्थिक सहयोग गर्नुका साथै रेडियो, टेलिभिजन, पत्रपत्रिकाद्वारा समाचार प्रसारण गराई उनीहरूलाई विभिन्न खालका सहयोगहरू गरिएको छ । विभिन्न जिल्लाका यस्ता बिरामीहरूलाई हामीले सहयोग पुऱ्याएका छौँ । मोरङका पदम भण्डारीको मृगौला प्रत्यारोपण पनि हाम्रो यसै संस्थाद्वारा आर्थिक सहयोग जुटाई गरिएको हो । "जहाँ इच्छा त्यहाँ उपाय" भन्ने उखान झैँ हामीले भित्री आत्माबाट सुरु गरेको

निस्वार्थ सामाजिक सेवाको यो एउटा दृष्टान्त हो । हामीलाई कुनै पनि ठुला अन्तर्राष्ट्रिय संस्थाहरूबाट अहिलेसम्म पनि सहयोग प्राप्त भएको छैन तैपनि हाम्रा सेवा गर्ने हातहरू रोकिएका छैनन् । मलाई कतिपयले सोध्ने पनि गर्नुहुन्छ कि तपाईंलाई कुन कुन राष्ट्र र संस्थाहरूले सहयोग गरेका छन् भनेर ।

त्यस्तै, अर्को शिक्षा क्षेत्रमा पनि हामीले धादिङको तिप्लिङ स्थित दोङदेन माविका विद्यार्थीहरूलाई निःशुल्क कापी वितरण गरेका छौं । हामीले काभ्रेमा पोखरीचौरीको अरनिको स्कुलमा एउटा पुस्तकालय स्थापना गरेका छौं जसमा अहिले स्कुलका अधिकांश बालबालिकहरू सो पुस्तकालयमा अध्ययन गरिरहेका छन् । त्यसै गरी हामीले काठमाडौंको थापाथली खोला किनारामा बस्ने सुकुम्बासी महिलाहरूलाई आधारभूत सिलाइ कटाइ तालिम प्रदान गरेका छौं । हामीले कैलाली र रौतहट जिल्लामा जाडोको समयमा गरिब, दलित र सुकुम्बासीहरूलाई न्यानो कपडा वितरण गरेका छौं । यी उल्लिखित सामाजिक कामहरू हामीले भित्री मनबाट गरेको हौं; कुनै ठुला दाताले दिएको रकम खर्चेर गरेका होइनौं । साना साना सहयोगबाट हामी यस्ता कामहरू गर्न सफल भएका छौं ।




हामीहरूमध्ये बियर खानेले महिनामा एउटा बियर कम खाएर अनि चिया पिउनेले महिनामा आठ-दश कप चिया कप कम पिएर मासिक रूपमा जम्मा भएको रकमलाई सामाजिक काममा लगाउन सकेमा गरिब, पिछडिएका, असहाय, अशिक्षितहरूलाई सहयोग गर्न सकिनेछ भन्ने भावना राखेर काम गरेका हौं । भनिन्छ, "विशुद्ध समाजसेवाबाट प्रतिफल वा कृतज्ञता खोजिँदैन" मैले समाजसेवी स्व.जगदीश घिमिरे, काभ्रेको अरनिको माविमा प्रोग्रेस नेपालद्वारा स्थापित पुस्तकालय

समाजसेवी रवीन्द्र मिश्र, प्रा. डा. गोविन्द के.सी., प्रा.डा. भगवान कोइराला, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, अमेरिकाका राष्ट्रपति बाराक ओबामा, स्व.नेल्सन मण्डेला, आधुनिक सिङ्गापुरका निर्माता स्व. लि क्वान बि, स्व. मदर टेरेसा, स्व. महात्मा गान्धी लगायतकाको जीवनी अध्ययन गरेर बुझ्ने मौका पाएको हुँ र उनीहरूबाट म पनि केही हदसम्म प्रभावित भई यी कार्यहरू गर्न थालेको हुँ र केही काम गर्न पनि सकिरहेको छु ।

हामी मानव जाति अधिकांश रूपमा साँच्चिकै सर्वश्रेष्ठ बन्न नसकिरहेको अवस्था छ। आडम्बरी खोल ओडेर हामीले आफ्नो शरीरलाई नाश गराउँदै आइरहेका छौँ। कर्मभन्दा हामी रूप, रङ, जात, धनी, गरिब आदि अनुसार सम्मान र अपमान गर्दै आइरहेका छौँ। महान् आत्माहरू एवम् विचारकहरूलाई कुनै सांसारिक तत्त्वले पनि असफल बनाउन सक्दैन। कहिलेकाहीँ बाधा, अड्चन पुऱ्याए पनि अन्त्यमा महान् आत्माहरूकै जित भएको छ। यी सब कुराहरू किन गरिएको हो भने असल कामका लागि धेरै बाधा एवम् अवरोधहरू आउन सक्छन् तर असल कर्म गर्नेहरूको जित भएरै छाड्नेछ। त्यसका लागि आफ्नो आत्मा( लाई बलियो बनाउनु जरुरी छ। मैले पनि विशुद्ध सामाजिक भनेर गरेका कतिपय काम पूरा गर्ने सिलसिलामा धेरै बाधा-व्यवधान र आर्थिक सङ्कट आए तर पनि भित्री रूपमा म कहिल्यै कमजोर भइनँ। मलाई एउटा चिन्ता छ त्यो हो गरिबी घटाउने वा न्यूनीकरण गर्ने। सोही उद्देश्यका लागि २०६७ सालमा प्रोग्रेस नेपालको स्थापना भएको हो र यसको प्रस्तावनामा नै यस बारेमा प्रस्ट रूपमा लेखिएको छ। नेपालका अधिकांश राजनीतिक नेताहरूले विकासलाई कहिल्यै आफ्नो मुद्दा बनाउन सकेनन्। कर्मचारीतन्त्र त स्वभावैले स्वपोषित समूह हो, यसैका लागि उनीहरूले जागिर खाएका हुन्छन्। आधुनिक सिङ्गापुरका निर्माता लि क्वान बिलाई पनि देश निर्माण गर्ने क्रममा धेरै ठूलो चुनौती थियो जुन उनले पार गरेर आज आफ्नो देशलाई यस अवस्थामा पुऱ्याएका छन्। त्यसैले सक्षम राजनैतिक नेतृत्वको दिशानिर्देशबाट नै देशको समग्र विकास गर्न सकिन्छ। हामी सबै युवाहरू मिली देशको विकासमा जुट्नुको विकल्प छैन। र, अन्त्यमा के भन्न चाहन्छु भने मानव सेवा नै ठूलो धर्म हो, सबै मिली यो कार्यमा आजैदेखि लागौँ।

(लेखक प्रोग्रेस नेपाल गैरसरकारी संस्थाका अध्यक्ष तथा युवा विकास मञ्चका कार्यकारी सम्पादक हुनुहुन्छ।)

# युवा हकहितका लागि भएका प्रयास र आगामी दिनमा चाल्नुपर्ने कदम



✍ रमेश अर्याल

प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, काठमाडौँ क्षेत्र नं. १
सम्पर्क नं. ९८५११५१२०९

सामान्य अर्थमा बाल्यावस्था पार गरिसकेका र प्रौढावस्था पुगि नसकेका उमेर समूहका व्यक्तिहरू युवा हुन् । युवाहरू देशको विकासका प्रमुख आधारशिला हुन् । राष्ट्रका उदयीमान् शक्ति एवं भोलिका खम्बा हुन् । कुन उमेरदेखि व्यक्ति युवा कहलिन्छ भन्ने सबालमा एकरुपता भएको पाईँदैन । विभिन्न राष्ट्रहरूले युवाको उमेर सम्बन्धमा आ-आफ्नै मापदण्ड र परिभाषा तयार गरेका छन् । संयुक्त राष्ट्र सङ्घले तथ्याङ्कीय प्रयोजनका लागि १५ देखि २४ वर्ष बिचको उमेर समूहलाई युवाको परिभाषा भित्र राखेको छ। दक्षिण कोरियाले १५ देखि २९ वर्षसम्म र भारतले १३ देखि ३५ वर्षसम्मको उमेरलाई युवा मानेको छ । नेपालका सन्दर्भमा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षसम्मका नागरिकलाई युवा भनी परिभाषित गरेको छ । नेपालमा युवा समूहले कुल जनसङ्ख्याको ४० दशमलव ३५ प्रतिशत हिस्सा ओगटेको सरकारी तथ्याङ्क छ । यसरी सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले युवाहरू राष्ट्रका महत्त्वपूर्ण शक्ति हुन् ।

युवाहरू परिर्वतन, विकास, रूपान्तरण र समृद्धिका पर्याय हुन् । युवाहरूले सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक लगायत समग्र क्षेत्रको विकासमा सहभागिता जनाएर देशलाई उन्नतिको शिखरमा पुऱ्याएका हुन्छन् । समाजमा भएका विकृति एवं विसङ्गतिका विरुद्ध बुलन्द आवाज उठाउँदै सभ्य र सुसंस्कृत समाजको स्थापना गर्ने काममा महत्त्वपूर्ण योगदान पुऱ्याएका हुन्छन् । विकास निर्माणका कार्यमा बलबुताले भ्याएसम्म खटिएकै हुन्छन् । सुशासनलाई व्यवहारमा लागू गर्न खबरदारी गरिरहेका हुन्छन् । देशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र संवर्द्धन गर्दै दिगो विकास र वातावरण बिचको सम्बन्धलाई कायम राख्ने कार्यमा पनि युवाले सक्रिय योगदान दिएका हुन्छन् । दलित, जनजाति, आदिवासी, महिला, उपेक्षित, उत्पीडित वर्गको उत्थानमा पनि सक्दो योगदान गरेकै हुन्छन् । युवाहरूले राजनैतिक क्षेत्रमा देखा परेका विकृति एवं विसङ्गतिका विरुद्ध आवाज उठाएर राजनैतिक संस्कार र लोकतन्त्रको सुदृढीकरणका लागि पहल गरेका हुन्छन् ।

अनुशासित युवा देश विकासका आधारस्तम्भ हुन् । यस कुरालाई मनन गरी विश्वका युवाहरू आआफ्नो क्षेत्रबाट आफ्नो देशको निर्माणमा सहभागी बन्दै विकासमा सक्रिय भूमिका खेल्न सकून् भन्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घले सन् १९८५ लाई अन्तर्राष्ट्रिय युवा वर्षका रूपमा मनाएको थियो । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) ले पनि सन् १९९६ लाई युवा वर्षका रूपमा मनाएको थियो । हरेक वर्ष अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउँदै आइएको छ। युवालाई लक्षित गरी अन्तर्राष्ट्रिय स्तरमा विभिन्न अभिसन्धि, मार्गदर्शन, कार्ययोजना तर्जुमा जस्ता उल्लेखनीय कार्यहरू भएका छन् । युवाका क्षेत्रमा योजना र अनुसरण सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय मार्गदर्शन १९८५, युवाका लागि विश्व कार्य योजना १९९५, वर्गा युवा कार्ययोजना १९९८, युवा नीति तथा कार्यक्रम सम्बन्धी लिस्वन घोषणापत्र १९९८, डकार युवा सशक्तीकरण रणनीति २००१ आदि युवा सम्बन्धी महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेका छन् ।

नेपालको संविधान, २०७२ को धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार हरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ । सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवाहरूलाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाहरूको भूमिका र तिनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्यका साथ राष्ट्रिय युवा नीति, २०७२ जारी भई कार्यान्वयनमा आइसकेको छ ।

युथ भिजन २०२५ मा दश वर्षे रणनीतिक योजनाको तर्जुमा गरी नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण गर्ने भिजन लिइएको छ । त्यस्तै जीवनोपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षा लगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकास मार्फत आगामी १० वर्षभित्र राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिल गर्दै देशलाई अति कम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने दीर्घकालीन लक्ष्य लिइएको छ ।

चालू तेह्रौं त्रिवर्षीय योजनामा युवाहरूको आधारभूत अधिकारको प्रत्याभूति गर्दै उनीहरूमा उद्यमशीलता, सिर्जनशीलता एवं सकारात्मक सोचका साथै सीप र क्षमता अभिवृद्धि गर्ने दीर्घकालीन सोच राखिएको छ भने युवाहरूलाई सृजनात्मक तथा उत्पादनमूलक कियाकलापहरूमा संलग्न गराई मुलुकको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने उद्देश्य लिइएको छ । चालू आ.व.२०७२।७३ को बजेटमा युवाहरूलाई देश विकासका विभिन्न क्रियाकलापमा अभियानका

रूपमा सहभागी गराउने उल्लेख छ । राष्ट्रिय रोजगार नीति २०७१ मा युवा लक्षित रोजगारका अवसरहरू सृजना गर्न प्राथमिकता दिने उद्देश्य लिइएको छ ।

युवाहरूको हकहितको प्रवर्द्धन गर्न स्थापित युवा तथा खेलकुद मन्त्रालय मार्फत युवा सूचना केन्द्रको स्थापना, युवा साझेदारी कार्यक्रमको सञ्चालन, देशीय तथा अन्तर्देशीय युवा अनुभव आदानप्रदान कार्यक्रम, युवा प्रतिभा सम्मान जस्ता युवा लक्षित कार्यक्रमहरू कार्यान्वयन हुँदै आएका छन् । २०६५ सालमा युवा स्वरोजगार कोषको स्थापना भई उक्त कोषले सस्तो ब्याजदरमा युवाहरूलाई विना धितो ऋण दिँदै आएको छ । त्यस्तै कृषि विकास मन्त्रालयले युवालाई कृषि अनुदान उपलब्ध गराउने कार्यक्रम ल्याएको पाइन्छ ।

अहिले युवाहरूको प्रमुख समस्या भनेको बेरोजगारी नै हो । कोरियामा काम गर्न जानका लागि फाराम भर्नेको सङ्ख्या होस् वा सीमित पदका लागि लिइने लोक सेवा आयोगको परीक्षामा फाराम भर्ने शिक्षित युवाहरूको जमात होस् यसले नेपालमा युव बेरोजगारको अवस्थालाई राम्रैसँग चित्रित गरेको छ । गैरकृषि क्षेत्रमा लगानी विस्तार हुन नसक्दा र कृषि क्षेत्रमा व्यवसायीकरण हुन नसक्दा बेरोजगारी समस्या झ्याङ्गिँदै गएको छ । बढ्दो गरिबी, राजनीतिक अस्थिरता र घट्दो आन्तरिक रोजगारीका कारण विदेसिने युवाको सङ्ख्या बढ्दै गएको छ । सरकारी तथ्याङ्क अनुसार रोजगारका लागि करिब ४० लाख नेपाली युवा विदेसिएका छन् । भारतलाई छाडेर खाडी लगायतका मुलुकमा वैदेशिक रोजगारीका लागि दैनिक २ हजारका हाराहारीमा युवाहरू विदेसिने गरेका छन् ।

रोजगारीका लागि युवाहरू खाडी लगायतका मुलुकमा जाने गरको भए पनि प्राविधिक दक्षता हासिल नगरी जाने हुँदा झन्डै ९५ प्रतिशतले निर्माण कार्यमा कुल्ली भएर काम गर्ने गरेका छन् । सीपविहीन भएकाले एकातिर अन्य मुलुकका कामदारका तुलनामा कम पारिश्रमिक पाउने स्थिति छ भने अर्कातिर थ्री डी अर्थात् डर्टी, ड्यान्जरस र डिफिकल्ट कामहरू गर्नुपर्ने बाध्यता समेत रहेको छ । वैदेशिक रोजगारलाई व्यवस्थित र सुरक्षित बनाउन नसक्दा तथा वैदेशिक रोजगारमा हुने ठगीलाई नियन्त्रण गर्न नसक्दा हजारौँ युवा ठगिने गरेको अवस्था विद्यमान छ । रोजगारीमा गइसकेपछि पनि करार बमोजिमको काम र तलब नपाउने गरेको दुखद स्थिति पनि छँदै छ । अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरुपको सीपयुक्त जनशक्ति आपूर्ति गरिने भनिए तापनि व्यवहारमा त्यसो हुन सकेको छैन । वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको रेमिट्यान्सको अंश अर्थतन्त्रमा २५ प्रतिशत भए तापनि यसलाई उत्पादनमूलक कार्यमा प्रयोग गर्न सकिएको छैन । रेमिट्यान्सको अधिकांश भाग दैनिक उपभोगमा खर्च भएको पाइन्छ ।

विभिन्न विधामा मुलुकले लगानी गरेका युवा विशेषज्ञहरू विदेश पलायन हुने हुँदा उनीहरूबाट लिनुपर्ने सेवाबाट देश वञ्चित भएको अवस्था छ । देशका बलिया र होनहार युवावर्ग रोजगारीका लागि विदेशी मुलुकमा जाँदा गाउँघरमा कि त बुढापाकाको सङ्ख्या बढी छ कि त बालबालिका र महिलाको । जसले गर्दा जग्गा

जमिन बाँझो रही  कृषि उत्पादन घट्दो छ । खेतबारीमा काम गर्ने मानिसको अभाव भएको छ। केही समय अगाडि खाद्यान्न निर्यात गर्ने नेपाल अहिले खाद्यान्न आयात नगरे भोकभोकै  रहने अवस्थामा पुगेको छ । नेपालले भारत लगायतका मुलुकबाट चामल, गहुँ, तेल, दाल, तरकारी, फलफूल र मासुजन्य लगायतका कृषिजन्य उत्पादन वार्षिक रु.१ खर्बको हाराहारीमा आयात गरिरहेको छ जसले गर्दा व्यापारघाटा बढिरहेको छ । युवावर्गको विदेश पलायनबाट प्राप्त रेमिट्यान्सले तत्काल फाइदा पुगे पनि कालान्तरमा यो अर्थतन्त्रको मन्द विष भएकाले स्वदेशमै रोजगारको सृजना गर्नु अत्यावश्यक छ ।

विश्वमा युवाको जनसङ्ख्या कम भएको अवस्थामा  नेपालमा युवा जनशक्तिको हिस्सा बढी हुनु आर्थिक विकासका लागि ठुलो अवसर हो । विकासका निम्ति आवश्यक पर्ने जोश, जाँगर र विशेषताहरू युवावर्गमा निहित हुने हुँदा राज्यले युवावर्गको क्षमता एवं शक्तिलाई बुझेर उनीहरूलाई सही रूपमा परिचालन गर्नुपर्दछ । उनीहरूलाई अनुशासित र जिम्मेवार नागरिकका रूपमा विकसित गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ । युवावर्ग सामु देखापरेका बेरोजगारी लगायतका समस्यालाई समयमै समाधान गर्न ठोस कदम चाल्नु पर्दछ ।

नेपालको विकासलाई अग्रगति दिने क्षेत्रहरू जलविद्युत्, कृषि र पर्यटन हुन् । सरकार र निजी क्षेत्रले  जलविद्युत्, पर्यटन, उद्योग र सेवा जस्ता गैरकृषि क्षेत्रमा लगानी बृद्धि गरेमा थप रोजगारी सिर्जना गर्न सकिन्छ ।  नेपाललाई प्रत्यक्ष विदेशी लगानीका लागि आकर्षक गन्तव्य बनाउन सरकार, निजी क्षेत्र र राजनीतिक दलले वातावरण बनाउनुपर्छ । यी क्षेत्रमा लगानी हुने बित्तिकै रोजगारी सिर्जना हुन बेर लाग्दैन । तर, जलविद्युत् लगायतका पूर्वाधार क्षेत्रमा लगानी गर्नका लागि ठुलो रकमको आवश्यकता पर्ने र रकम जुटाउन बढी समय लाग्ने भएकाले यसबाट रोजगारी सृजना गर्न पनि समय लाग्दछ। तत्काल रोजगारी सृजना गर्नका लागि कृषि क्षेत्रमा लगानी बढाउनुपर्दछ । कुल जनसङ्ख्याको ६५ प्रतिशतभन्दा बढी मानिस संलग्न कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिब ३३ प्रतिशत योगदान दिएको छ । इजरायलको मरुभूमिलाई हराभरा बनाएर ३ प्रतिशत कृषकले ९७ प्रतिशत जनताका लागि खाद्यान्न उत्पादन गरेर विदेशमा समेत इजरायली किसानले कृषिजन्य बस्तु निर्यात गरेका छन् । आधुनिक प्रविधिको प्रयोग गरेर इजरायलले कृषिमा सफलता पाएकाले नेपालले इजरायलको अनुभवबाट लाभ लिनुपर्ने देखिन्छ ।

परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण, आधुनिकीकरण र विविधीकरण गरी खाद्यान्न निर्यात गर्ने देशका रूपमा नेपाललाई उभ्याउनुपर्दछ । कृषि क्षेत्रलाई आफै रोजगारी सृजना गर्ने क्षेत्र बनाउनुपर्दछ । कृषि पेसाबाट आयआर्जन गरी सम्मानित जीवनयापन गर्न सकिन्छ भन्ने खालको जनचेतना फैलाउनु पर्छ । अहिले विदेशबाट नेपाल फर्किएका थुप्रै युवाले गाँउघरमै गाईभैंसीपालन, कुखुरापालन, बाखापालन, बङ्गुरपालन, तरकारी खेती आदि गर्न लागेका छन् । यस्ता सिर्जनशील, कर्मठ र मिहेनती युवा व्यवसायीहरूको सफलता विद्युतीय

तथा छापा सञ्चार माध्यमबाट प्रचारप्रसार गरिरहने हो र सरकारले तिनीहरूलाई उचित सम्मान गर्ने हो भने थुप्रै युवाहरू नेपालमा पनि काम गरेर जीवनयापन गर्न सकिने रहेछ भन्ने बोध गरी स्वदेशमै उद्यम व्यवसाय सञ्चालन गर्नेछन् र स्वरोजगार बन्नेछन् ।

देशको परिस्थिति र युवाको क्षमता अनुसारको कामको उपलब्धताको पहिचान गरी सरकार र निजी क्षेत्रले आन्तरिक रोजगारीका अवसरहरूको विस्तार गर्ने र उत्पादनमूलक रोजगारीमा युवावर्गको पहुँच बढाउने कार्यमा ध्यान दिनुपर्दछ । बजारमा दक्ष जनशक्तिको माग र युवाहरूलाई दिने शिक्षाबिच सामन्जस्यता हुने गरी व्यावसायिक र सीपमूलक शिक्षामा जोड दिनुपर्छ । युवाले विदेशमा सिकेको सीपको सही उपयोग स्वदेशमा गर्न सक्ने खालको वातावरण सरकारले वातावरण बनाइदिनुपर्दछ । अदक्ष युवालाई तालिम दिएर दक्ष बनाउनुपर्दछ। वैदेशिक रोजगारबाट फर्केका र नेपालमा बेरोजगार भएका युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने गरी कार्यक्रम ल्याउनुपर्छ । युवालाई कृषि अनुदान उपलब्ध गराउने कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ। यसो गरेमा “काम पाइएन डिग्री पास गरेर, भैँसी पाले गाँउतिरै फरेर, चिन्ता छैन केही, मलाई अमेरिका यै, मलाई जापान पनि यै... बाख्रा पाल्छु राम्रै छ बजार, दुईटा बोका बेच्यो कि बिस हजार, चिन्ता छैन केही, मलाई कतार पनि यै, मलाई दुवई पनि यै..” गीतले भने भैँ युवाहरूका लागि नेपालका गाँउघर नै विदेश हुनेछन् ।

शान्ति सुरक्षा र राजनीतिक स्थिरता विना लगानी नहुने, लगानी विना विकास र रोजगारीको अवस्था सिर्जना नहुने भएकाले शान्ति सुरक्षा र राजनीतिक स्थिरताका लागि दबाब सृजना गर्दै समृद्ध नेपाल निर्माण गर्न सबै युवाहरू अग्रसर हुनु जरुरी छ । खोला तऱ्यो लौरो बिर्स्यो भनेभैँ राजनीतिक दलले युवाहरूलाई केवल आन्दोलनको औजारका रूपमा मात्र प्रयोग गरेका छन् । यथार्थमा राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा मात्र नभई व्यवहारमै रोजगारीको सृजना हुने वातावरण बनाइदिएमा स्वदेशमा नै रोजगारमूलक उद्योग एवं कलकारखानाको स्थापना भएर बेरोजगारी समस्या क्रमशः कम हुँदै जाने थियो र रोजगारीका लागि युवाहरूले विदेशी भूमिमा गएर पसिना बगाउन पर्दैनथ्यो ।

सारमा भन्नुपर्दा चिन्नेलाई श्रीखण्ड, नचिन्नेलाई खुर्पाको बिँड भने भैँ राष्ट्रले युवाशक्तिलाई राम्ररी चिन्न सक्नु पर्दछ । त्यसै खेर गइरहेको युवा शक्तिलाई सत्मार्ग र राष्ट्र निर्माणमा सदुपयोग गर्न रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्नमा जोड दिनुपर्दछ । युवाहरूको क्षमता र स्तर अनुसार व्यावहारिक, प्राविधिक तथा श्रम बजारलाई चाहिने शिक्षा तथा तालिममा जोड दिँदै उद्यमशीलता र स्वरोजगारी विकासलाई प्राथमिकता दिइनुपर्दछ । कृषि, परम्परागत पेसा, स्थानीय स्रोत साधनका साथै नवीन सोच तथा नयाँ सूचना प्रविधिमा आधारित उद्योगहरू खोल्न प्रोत्साहन गर्नुपर्दछ । युवावर्गको जोश, जाँगर, सीप र प्रतिभाको उचित मूल्याङ्कन गरी प्रोत्साहन र पुरस्कारको परिपाटीलाई व्यापक पार्नुपर्दछ । युवाहरूलाई अपराध र दुर्व्यसनबाट मुक्त राख्न तथा एड्स, धूम्रपान,

मादक पदार्थ तथा लागूपदार्थ सेवनका विरुद्धमा विभिन्न प्रचारात्मक र निरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । साहित्य, कला, सङ्गीत र खेलकुदका क्षेत्रमा युवाहरूको संलग्नतालाई प्रोत्साहित गर्नुपर्दछ। युवा प्रतिभाहरूको खोजीलाई संस्थागत गर्दै उनीहरूको ज्ञान, सीप र क्षमतालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न समुचित लगानी गर्नुपर्दछ। नीति निर्माणका तहमा युवालाई पु¥याउन क्षमता अभिवृद्धि गर्नुपर्दछ । युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकका रूपमा विकास गर्नुपर्छ ।


## सन्दर्भ सामग्री


- रमेश अर्याल, **युवा, रोजगारी र आर्थिक विकास,** कारोवार राष्ट्रिय दैनिक, २०७१ जेठ ३० ।
- नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौँ ।
- तेह्रौँ योजना, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौँ ।
- राष्ट्रिय युवा नीति, २०७२, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
- युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
- आ.व. २०७२।७३ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
- युवा पत्रिकाका विभिन्न अङक, युवा तथा खेलकुद मन्त्रालय, सिहदरबार, काठमाडौँ ।

# सामाजिक आर्थिक रूपान्तरणका लागि उडान भर्ने अवधारणा र युथ भिजन २०२५

✍ योगेन्द्र शाही

**युथ भिजन २०२५** ले आगामी दश वर्षमा नेपा( लमा सक्षम र सबल युवा तयार गरी एक समृद्ध र तीव्र विकासशील राष्ट्र निर्माण गर्न शान्तिपूर्ण सामाजिक आर्थिक रूपान्तरणका लागि उडान भर्ने अवधारणा (take off approach for socio-economic transformation) तय गरेको छ । भिजनलाई सङ्क्षिप्त बनाउनका लागि त्यसको संरचना र तत्त्वहरू उल्लेख गरिएको भए पनि त्यसको औचित्य र महत्त्वलाई पर्याप्त व्याख्या गर्न सकिएको थिएन । कुनै पनि भिजन अझ रणनीतिक योजनाका लागि कुन बाटो, किन र कसरी जाने भन्ने पुष्टि गर्नु आवश्यक हुन्छ । नेपाल सरकारले युथ भिजन सहित रणनीतिक कार्ययोजना पास गरिसकेको छ । युवा काउन्सिल विधेयक पारित भई कार्यकारी संरचना बन्ने प्रक्रियामा रहेकाले युथ भिजनमा उल्लेख गरिएका कतिपय विषयवस्तुको थप व्याख्या, अनुसन्धान र विवेचना गरी युवामाझ कार्यान्वयनका लागि बहसको विषय बनाउन आज झनै जरुरी भएको छ ।




शान्तिपूर्ण सामाजिक आर्थिक रुपान्तरणका लागि उडान उपागम (Take-off approach for peaceful socio-economic transformation)

पहिलो कुरा नेपालको सामाजिक आर्थिक रूपान्तरणको कार्यक्रमलाई केन्द्रमा राखी यो भिजन र रणनीति पेपर तयार भएको छ । नेपा( लमा पछिल्लो अवधिमा विकास सम्बन्धी बनेका अधिकांश रणनीतिक पेपरहरूमा अधिकारलाई केन्द्रमा राख्ने तर आर्थिक विकास र समुन्नतिलाई नजरअन्दाज गर्ने परिपाटी रहँदै आएको छ । यस अर्थमा नेपाली युवा[1] आफैले ४ महिनामा बनाएको

1 २०७१ कार्तिक २३ को मन्त्रिस्तरीय निर्णयबाट गठित कार्यदलले आफनो जिम्मेवारी सम्हाली ४ महिनामै युवा नीति परिमार्जन र युथ भिजन २०२५ रहितको १० वर्षे रणनीति व्यापक छलफलका साथ तय गरी युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेललाई बुझाएको थियो । योगेन्द्र शाहीको संयोजकत्वमा गठित कार्यदलमा प्रमोद शर्मा, सरोजदिलु विश्वकर्मा, प्रदिप परियार, सविता शर्मा

यो विस्तृत १० वर्षे भिजन र रणनीतिक योजनाले अब युवा र देश विकासका लागि नेपालले जोड दिनु पर्ने मूल विषयवस्तुलाई तय गरेको छ । यसले ती कार्ययोजना कहाँ, कसरी र कहिलेसम्म गर्ने भन्ने बाटो देखाएको छ । यसले आर्थिक रूपान्तरणलाई केन्द्रमा राखी युवा अधिकार, पैरवी, नीतिगत र संरचनागत सुधार, युवा जागरण, तलदेखि माथिसम्म रूपान्तरण, शसक्त र वैचारिक नेतृत्वका लागि गरिएको पहलकदमीलाई त्यसको अभिन्न अङ्गका रूपमा प्रस्तुत गरेको छ ।

( हेर्नुहोस् तलको चित्र नं. १) ।

कुनै पनि देश र युवाको विकासका लागि अधिकारको सुनिश्चितता आवश्यक छ । तर आर्थिक रूपान्तरणलाई केन्द्रमा राखी विकास रणनीति तय हुन नसक्ता अधिकारहरू कागजका खोस्टा मात्र बन्न पुग्दछन् । तिनीहरूले सारमा युवा विकासका लागि अपेक्षित योगदान गर्न सक्दैनन् । त्यस्तै आर्थिक वृद्धि विनाको समानत( ाको कुरा पनि त्यही नै हो जसले बारम्बार हामी( लाई सानो उत्पादनको रोटीबाट गरिबी बाँड्न मात्र उत्साहित गरिरहेको हुन्छ । हामीले जुन युवा अधिकार, त्यसको पैरवी, जागरण र नेतृत्व विकासको कुरा गरिरहेका छौं यसलाई शान्तिपूर्ण सामाजिक आर्थिक रूपान्तरणका लागि उडान भर्न संकेन्द्रित गर्नु पर्दछ । आर्थिक रूपान्तरणलाई आधार वा केन्द्रका रूपमा बुझ्दै परिधि वा उपरी संरचनाका उपर्युक्त तत्त्वहरूलाई विशेष ध्यान दिँदै अन्तर्सम्बन्धित गर्नु आवश्यक छ ।


युवा विकास र अधिकारको कुरा गरिरहँदा युवाका लागि राम्रो शिक्षा, रोजगार, उद्यमशीलता, स्वास्थ्य, सामाजिक सुरक्षा, मनोरञ्जन, खेलकुद आदिको राम्रो प्रबन्ध कसरी गर्ने भन्ने प्रश्न टड्कारो रूपमा हाम्रा अगाडि आउँछ । त्यसका लागि ती क्षेत्रमा व्यापक लगानी आवश्यक हुन्छ । यसको अर्थ के पनि हो भने शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा आदिमा लगानी बढाई सक्षम युवा तयार गर्न प्रथमतः आर्थिक उत्पादनका क्षेत्रमा व्यापक लगानी आवश्यक हुन्छ । अहिले ज्वलन्त रूपमा देखिएको रोजगारीको समस्यालाई हल गर्न त उत( पादनका क्षेत्रहरू विस्तार हुनु अनिवार्य छ ।

आर्थिक रूपान्तरणका लागि उडान भर्ने (take off approach) नामकरणका कारण यो त रोष्टोको (take off approach) को पाँच तह वा रोजेस्टाइन रोडनको ठुलो धक्का (big push theory ) वा माओले प्रयोग गरेको छलाङ (great leap forward) जस्तै अवधारणा हो कि भन्ने भान पनि पर्न सक्दछ । नाममा सामीप्यता देखिए पनि यो उपागमले माथिको कुनै पनि सिद्धान्तसँग पूर्ण सामीप्यता राख्दैन । यसले नेपा( लको युवा जनसङ्ख्याको विशेष अवस्था, नेपालको तुलनात्मक र प्रतिस्पर्धी लाभका क्षेत्रह¿, भूराज( नीतिक अवस्था, द्वन्द्वपछिको लामो सङ्क्रमण, परनिर्भरता, अझ पछिल्लो अवधिमा रेमिटेन्समा ठुलो निर्भरता आदि नेपालका विशिष्ट अवस्था र अन्तर्राष्ट्रिय विकासका विविध अनुभवलाई अध्ययन गरी अघि सारिएको अवधारणा हो । यसले

र केशव शाह हुनुहुन्थ्यो । सदस्य सचिवका ¿पमा महेन्द्र पौडेल (सुरुको अवधिमा ज्ञानराज सुवेदी) रहनु भएको थियो । मन्त्रालयका तत्कालीन सचिव दिपेन्द्रनाथ शर्मा र सहसचिव चुडामणि पौडेल सहितको टिमले अन्य मन्त्रा( लयका थप रायहरू समेटी क. वामदेव गौतम कार्यवाहक प्रधानमन्त्री भएको क्याबिनेट बैठकबाट यो भिजन तथा नीति पास गरिएको थियो ।

माथि भनिएका मोडलका कतिपय केन्द्रीय विशेषतालाई सीधै अस्वीकार गर्दछ । विकासका अन्तर्राष्ट्रिय सकारात्मक अनुभव र मोडलबाट शिक्षा लिनु अनिवार्य छ । नेपालका सन्दर्भमा माथिका तिनवटै मोडल उपयुक्त हुँदैनन् । झनै माओले अघि सारेको छलाङ (१९५८–६१)का कारण चीनले निकै ठुलो आर्थिक क्षतिहरू भोग्नु पर्‍यो । रोष्टोका अनुभवहरू युरोप र पश्चिमा देशको विकासको अनुभवमा आधारित छन् र यसले आधुनिकीकरणको स्वत: विकास हुने सीधा रेखाको कल्पना गर्दछ । यसले परनिर्भरताका चक्रहरु, संरचनागत विभेद, भूगोलको विशिष्टता र असमानताहरू नजरअन्दाज गर्दछ । रोस्टोको यो विकासको सिद्धान्त खुला बजारले विकासको बाटो आफै तय गर्ने मान्यतामा बढी आधारित छ । यसले रिकार्डोको तुलनात्मक लाभको अवधारणालाई आत्मसात् गर्दछ जुन कुरा नेपालका सर्न्दभमा भने मेल खान्छ । डा. हर्क गुरुङले नेपालको अर्थतन्त्र रजहाँसजस्तो ढल्किँदै हिँडेको छ, उडाउन सक्दा धेरै माथिबाट उड्न सक्छ भनेर भन्थे । उनले सङ्केत गरेको कुरा नेपालसँग भएको तुलनात्मक लाभका क्षेत्रकै कुरा हो ।

तर तुलनात्मक लाभका साथै युवा विकासका लागि प्रतिस्पर्धी लाभका क्षेत्र तय गर्ने कुरालाई भने हामीले भुल्नु हुँदैन । पछाडि परेका देशहरूले विकासमा फड्को मार्न ठुलो लगानी आवश्यक हुन्छ जसले जहाजलाई उडान भर्न निश्चत गति देओस् । वास्तवमा यो आवश्यक लगानीको अवधारणा रोसेन्टाइनको ठुलो धक्का कुनै पनि देशको विकासका लागि आवश्यक छ । तर हामीले हेक्का राख्नु पर्ने विषय के हो भने दक्षिण




यसै सन्दर्भमा हामीले यहाँ छलफल गर्ने अर्को विषय पनि छ । त्यो पराधीनताको चक्र कसरी तोड्ने भन्ने हो । संरचनागत विभेदलाई कसरी सँगसँगै हल गर्ने भन्ने पनि हो । तर यसको अर्थ यो होइन कि पराधीनताको चक्र तोड्न नेपालका सर्न्दभमा डिपेन्डेन्सियाका सम्पूर्ण निष्कर्षहरू हाम्रा लागि रामवाण होऊन् । पछिल्लो अवधिमै दक्षिण पूर्वी एसिया र ल्याटिन अमेरिकी अनुभवले पनि यस कुराको सम्पूर्ण ¿kdf k'li6 हुँदैन । नेपालका सन्दर्भमा आयात प्रतिस्थापन र सबै क्षेत्रमा आˆनै उत्पादनåारा आन्तरिक निर्भरता कायम गर्ने कुरा लाभदायक नहुन सक्छ । हामीले सृजना गर्ने अन्तरनिर्भरताको अवस्था हो । हामीले हाम्रो स्रोत त्यसरी सबै क्षेत्रमा आत्मनिर्भर हुने तबरले खन्यायौँ भने दुई वटा ठुला र सक्षम अर्थतन्त्रका बिचमा हामी कुनै मानेमा टिक्नै सक्दैनौँ । तर हामीले कृषि र ऊर्जा लगायतका केही आधारभूत सुरक्षाका क्षेत्रमा आत्मनिर्भरता कायम गर्दै राम्रो पूर्वाधार र उद्यमशीलताको वातावरण निर्माण गर्ने हो भने नेपालले तरक्की गर्न सक्ने आफ्ना केही क्षेत्रहरू छन् । त्यहाँ बाह्य लगानी पनि पर्याप्त

आउन सक्छ । परनिर्भरताको सिद्धान्तले- (Dependencia Theory) नेपालको आर्थिक केन्द्र र परिधिको चरित्र चित्रण गर्न मदत गरे पनि समाधानका लागि हामीले आँनै खाले बाटो खोज्नु पर्दछ । नेपालकै सन्दर्भमा बाटोले ल्या( उने पराधीनता र स्थानीय उद्योग तहसनहस गर्ने विश्लेषण पनि नेपालका लागि अहिले त्यति सान्दर्भिक छैन । अब नेपालको ग्रामीण समाजमा पराधीनताले तहसनहस गर्नु पर्ने खासै कुनै कुरा नै केही बाँकी छैन । अब त दुई ठुला अर्थतन्त्र माझ आउने बाटोसँगै आर्थिक गतिविधि, लगानी र युवा रोजगारीको अवस्था कसरी सृजना गर्न सकिन्छ भन्नेमा ध्यान दिनु पर्दछ । हामीले दक्षिण र उत्तरमा रहेका पुँजी विकासका तीव्र केन्द्रबाट कसरी परिधिमा आर्थिक गतिविधि सार्न सकिन्छ भन्ने रणनीतितर्फ ध्यान दिनु पर्दछ । यसो गर्दा हिमालय क्षेत्र परिधि रहँदैन । दुई केन्द्र बिचको अर्को केन्द्र बन्न पुग्दछ । यो बनाउन विल्कुलै सम्भव छ । यसरी उडान भर्ने यो अवधारणा भारत र चीनको तीव्रतर आर्थिक वृद्धिलाई कसरी लगानीका क्षेत्रह;मा प्रवाहित गर्ने भन्ने प्रश्न पनि हो । यो नेपालका लागि विशिष्ट अवस्था हो । यो विशिष्ट परिस्थिति नेपालका लागि चुनौती र अवसर दुबै हो । एकापट्टि हामीसँग छिमेकमा ठुलो बजार छ । हाम्रो आन्तरिक बजार निकै सानो छ । तर हामीले उनीहरूको ठुलो बजार देखेर मात्र हुँदैन । हाम्रो प्रतिस्पर्धी क्षेत्र के हो र हाम्रो तुलनात्मक लाभ के हो त्यो पहिला हेरिनु पर्दछ र त्यस अनुसार लगानी परिचालन, आमन्त्रण, उद्य( मशीलताको विकास र हाम्रो युवा सीप, क्षमता र दक्षता विकास गर्नु पर्ने छ । सियोदेखि जहाज आफै बनाउने कुरा हामीले सोच्यौं भने हामी नि( श्चय नै असफल हुनेछौँ ।

जहाजलाई जमिनबाट छुटाउन इन्धन;पी लगानी मार्फत गति दिने कुरा नेपालका सन्दर्भमा पनि अनुपयुक्त होइन । तर नेपालमा ठुलो पुँजी लगानी हाम्रो आँनै इच्छामा मात्र निर्धारण नहुन सक्दछ । यसको अर्थ सम्भावना नै नभएको भन्ने होइन । नेपालमा यसका पर्याप्त सम्भावना भने छन् । त्यसैले सर्वप्रथम नेपालका सन्दर्भमा हाम्रो आर्थिक वृद्धिका विन्दुहरू के हुन् भन्ने पहिचान गरी लगानी परिचालन गर्नु आवश्यक हुन्छ । हामीले हाम्रै बुतामा थोरै लगानी गरेर रोजगारी सृजना गर्न सक्ने क्षेत्रहरू के के हुन् भन्ने कुराहरूमा विशेष ध्यान दिनु पर्दछ । हामीले संरचनागत विभेद हटाउँदा र समानताका उपयुक्त आधारहरू तय गर्दा त्यसले आर्थिक वृद्धिलाई मदत गर्दछ भन्ने मान्यतालाई हरदम हेक्का राख्नै पर्दछ । (हेर्नुहोस् रेखा चित्र २) ।




यसले तलबाट माथि, अधिकारको सुनिश्चितता,

व्यापक नीतिगत, संस्थागत र व्यक्तिका तहमा पनि सुधारको परिकल्पना गर्दछ । देश परिवर्तन गर्न चाख भएका युवा प्रतिभाहरूलाई खोजेरै पनि यो रूपान्तरणको प्रक्रियामा लगाउनु पर्दछ । यी कुराले बाह्य र आन्तरिक लगानीका लागि एउटा गतिलो वातावरण तयार गर्नेछ र यसले देशको अर्थतन्त्रलाई फड्को मार्ने जबर्जस्त आधार तयार (Spring board) गरिदिनेछ ।

नेपालको अर्थतन्त्रलाई उडान भर्ने केही तत्त्वहरू छन् । त्यसमा विशेष ध्यान दिनु पर्नेछ । पर्यटनका क्षेत्रमा गरिने लगा( नीले ठुलो युवा रोजगारी सृजना हुन सक्दछ । सरकारले उचित पूर्वाधार र दक्ष युवा तयार गर्दा नेपालीह¿n] नै गर्न सक्ने व्यवसाय हो यो । नेपालको पर्यटन क्षेत्रमा भार वहन गर्न सक्ने अझै ठुलो क्षमता छ र व्यापक सम्भावना पनि छ । ऊर्जा, पूर्वाधार विकास, कृषि र हिमालयन स्रोतमा आधारित औद्योगीकरणमा व्यापक लगा( नी परिचानलन गरेर मात्र नेपालको अर्थतन्त्रलाई उडान भर्न सकिनेछ । उच्च पूर्वाधार र पर्याप्त ऊर्जाको विकासले ऊर्जा सुरक्षा र निर्यात मात्र होइन लगानी र औद्योगीकरणको गति समात्न सक्दछ । वन र कृषिको व्यवसायीकरणले हाम्रो कृषिमै रहेको निर्भरता तोड्ने मात्र होइन उपभोग्य र निर्यातमूलक उत्पादनका लागि लगानीको वातावरण सृजना हुन्छ । यसले हाम्रो अर्थतन्त्रको पृष्ठ र अग्रभागलाई जोड्नेछ ।

विशिष्ट भौगोलिक अवस्था भएकाले नेपालले चीन र भारतका बिचमा पुलको काम गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नले हामीलाई आवश्यक लगानी आमन्त्रण हुन्छ वा हुँदैन भन्ने प्रश्नको निर्क्योल गर्दछ । नेपालले लगानी मैत्री वातावरण बनाउन राजनीतिक स्थिरता र शान्ति, असल सरकार र नीतिगत गतिशीलता र स्थायित्व हुन आवश्यक हुन्छ । लगानीका लागि उदारवादले भने झैँ सस्तो श्रमको सुनिश्चिता र नाफाको अधिकत( ालाई हामीले मूल प्रस्तान विन्दु बनाउनु हुँदैन । नाफाको सुनिश्चिता गरी त्यसका लागि श्रमको उचित मूल्य प्रदान हुने अवस्था भने सृजना गर्नै पर्दछ । त्यसका लागि एकापट्टि प्रविधिको प्रयोगबाट प्रतिस्पर्धी उत्पादन, विशिष्ट उत्पादन क्षेत्रमा दक्षता, श्रमशक्तिको दक्षता वृद्धिका साथै उत्पादकत्वमा वृद्धि र उच्च गुणस्तरीय वस्तुहरू (High end products) उत्पादनमा विशेष ध्यान दिइनुपर्दछ । अहिलेको गुजरामुखी कृषिबाट व्यावसायिक कृषिमा ¿पान्तरण हुनै पर्दछ र यो उद्योगसँग जोडिनु पर्दछ । हुनत कमसल र कच्चा पदार्थमा आधारित उद्योगमा अनुभव हासिल गरी गुणस्तरीय अर्थतन्त्रमा जाने तेस्रो विश्वको नियम जस्तै बनेको छ । तर नेपालले त्यो बाटोबाट अधि बढेर द्रुत गतिमा विकास हासिल गर्न सक्दैन । हामीले ज्ञान, सीप र उच्च प्रविधियुक्त द्रुत गतिको गुणस्तरीय अर्थतन्त्रका लागि सीधै आधार निर्माण गर्नु पर्दछ । नेपालको श्रम शक्ति दक्षिण एसियामा महँगो हुँदै गइरहेको छ । हाम्रा ५० लाख युवा तुलनात्मक रूपमा राम्रो कामको खोजीमा विदेश गइरहेका बेला सस्तो श्रम र कच्चा पदार्थमा आधारित उद्यमले मात्र नेपाली युवालाई उन्नत रोजगारी र जीविकाको प्रत्याभूति दिन सकिँदैन । नेपालको करिब ३८ प्रतिशत युवा जनसङ्ख्या अब्बल काम र मामका लागि सङ्क्रमणमा रहेकाले सस्तो श्रमको अवधारणाले लगानी भिŒयाउने रणनीति उपयुक्त नहुन सक्दछ। करिब उच्च शिक्षा

प्राप्त गर्ने २६.१ प्रतिशत स्नातक बेरोजगारह¿लाई राम्रो काममा लगाउने र भइरहेको प्रतिभा पल(ायन रोक्न पनि गुणस्तरीय अर्थतन्त्रका लागि हाम्रो राम्रो तयारी हुनु पर्दछ । तर राज्यले अनावश्यक हडताल, औद्योगिक असुरक्षा, चन्दा आतङ्क जस्ता कुराह¿ हटाई लगानीको वातावरण सुनिश्चित भने गर्नै पर्दछ। यसका लागि युवालाई गुणस्तरीय सीप, तालिम र शिक्षा प्रदान गर्नु अनिवार्य हुन्छ।

अब प्रश्न उठ्छ त्यसो भए लगानी कहाँ छ त ? करिब ५० लाख नेपाली युवाहरूलाई विदेश पठाएर उनीहरूको रेमिटेन्सबाट देशले अर्थतन्त्र धानिरहेको छ । हाम्रो ग्राह्यस्थ उत्पादनको तुलनामा २९ प्रतिशत रेमिटेन्स पुग्नु एउटा स्वस्थ्य अर्थतन्त्रका लागि राम्रो सङ्केत होइन । हाम्रो वैदेशिक मुद्राको मौजातको मूल स्रोत नै अहिले रेमिटेन्स बनेको छ तर हामी यसलाई लगानीमा परिवर्तन गर्न चुकिरहेका छौँ। देशको अर्थतन्त्रलाई उडान भर्ने हो भने र युवाका लागि रोजगारी सृजना गर्ने हो भने युवा पसिनाको कमाइलाई नेपालको अर्थतन्त्रमा उडान भर्न सक्ने विन्दुहरूमा लगानी गर्नु पर्दछ । यसमा राज्यले ग्यारेन्टी लिनु पर्दछ । हाम्रो व्यापार घाटा, बजेटको आकार र प्राप्त गर्ने रेमिटेन्सको आकार बराबरीको नजिक रहेकाले रेमिटेन्स र प्रवासी नेपालीको आय हाम्रा लागि एउटा महत्त्वपूर्ण लगानीको आधार बन्न सक्दछ।

आम युवा र आम जनताको लगानी मोडेलबाट हामीले आन्तरिक लगानी मोडेल तयार गरी समतामुखी विकासको आगामी खाका तयार गर्नु पर्दछ । एउटा कामदार देश उत(पादन परियोजनाको सेयर धनी बन्नु देशका लागि गौरवको विषय होइन र ? अहिले रेमिटेन्सको २ प्रतिशत मात्र पुनःउत्पादनका क्षेत्रमा लगानी हुने गर्दछ । युथ भिजन २०२५ ले ५ वर्षमा यसलाई १० प्रतिशत पु¥याउनु पर्ने सोच अघि सारेको छ। यो हाम्रा लागि सबैभन्दा भरपर्दो र दिगो लगानी बन्न सक्छ। यसले आम समृद्धि र समानता कायम गर्न ठुलो भूमिका खेल्न सक्दछ । हाम्रा आ^नै अनुत्पादक भएर थन्किएका अरबौँका कोषहरू आर्थिक वृद्धिका विन्दुहरुमा परिचालन हुनै पर्दछ। नागरिक कोषको पैसाले नेपाल आफै तामाकोशी परियोजना बनाउन सक्छ भन्ने नमुना त हामीकहाँ प्रस्तुत भइसकेकै छ । अन्य कोषहरूको परिचा(लनबाट पनि यस्ता थुप्रै परियोजनाहरू निर्माण हुन सक्दछन् । हाइड्रो, पूर्वाधार, कृषि र साना उद्योगमा गरिने यस्ता लगानीले थप बाह्य लगा(नीको वातावरण निर्माण गर्नेछ। विश्वकै दुई वटा ठुलो बजारका बिचमा हामी रहेकाले उद्यमशीलता र लगानीको वातावरण तयार हुनासाथ अमेरिका, युरोप, जापान, आसियान लगायतका देशको गुणस्तरीय लगानी पनि नेपालमा तीव्र रूपमा आकर्षित हुन सक्दछ। त्यसबेला नेपालमा लगा(नीका नयाँ दायराहरू पनि विकास हुन पुग्नेछन्। यसले आन्तरिक रोजगारी सृजना गरी हाम्रो युवा श्रम विदेश निर्यात गर्ने परिपाटीको सजिलै अन्त गर्न सकिनेछ भने नेपाललाई आर्थिक दृष्टिकोणले छिट्टै एक उम्दो देश बनाउन सकिन्छ।

यस अवधारणाले उठाउन खोजेको अन्तिम तर महत्त्वपूर्ण कुरा युवा जनसाङ्ख्यिक लाभको विशिष्ट अवस्थालाई ध्यान दिनु हो । यसले नेपा(लमा युवामा लगानी किन भोलि होइन अहिले गर्न आवश्यक छ भन्ने कुरालाई विशेष जोड

दिन्छ । उत्पादन र आर्थिक वृद्धिलाई केन्द्रमा राखी सरकारले युवाका लागि राम्रो शिक्षा, रोजगार, उद्यमशीलता, सामाजिक सुरक्षा र स्वास्थ्य, नेतृत्व विकास, खेल, मनोरञ्जन आदिमा लगानी बढाउने हो । त्यसका लागि २०११ को तथ्याङ्कलाई आधार मान्दा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसङ्ख्या नेपालमा ४०.३८ प्रतिशत रहेको छ । सन् २०१५ साल नेपालमा युवा जनसङ्ख्या सबैभन्दा धेरै भएको वर्ष हो र युवा जनसङ्ख्या अहिले ४३ प्रतिशत नाघिसकेको छ। यो नेपालका लागि जनसाङ्ख्यिक लाभ लिने विशिष्ट अवस्था हो । राज्यले युवामा व्यापक लगानी गरी देश निर्माणमा लगाउन सक्दा देश विकासका लागि यो सुनौलो अवसर बन्न पुग्दछ भने त्यसलाई उचित व्यवस्थापन गर्न नसक्दा देश द्वन्द्व, गरिबी, पराधीनता र अविकासको परचक्रमा झनै फस्न पुग्दछ । **युथ भिजन २०२५** ले सामाजिक आर्थिक ;पान्तरणका निमित्त उडान भर्नका लागि व्यापक लगानी गर्नुपर्ने कुरामा जोड दिन्छ । रेखा चित्र ३ ले कसरी युवामा गरिने लगानीले देशलाई त्यो भन्दा ठुलो प्रतिफल दिन सक्दछ भन्ने तथ्यलाई उजागर गरेको छ । युवा शक्ति सबैभन्दा गतिशील र लामो अवधिसम्म उत्पादनमा रहिरहने शक्ति हो । यसलाई दक्ष, उद्यमशील, गुणस्तरीय, शिक्षित र सबल बनाउँदा यसले देशलाई दिने योगदान स्वभावतः निकै बढी हुन्छ ।

यसरी युथ भिजनको शान्तिपूर्ण सामाजिक आर्थिक रूपान्तरणका लागि उडान भर्ने अवधारणाले नेपा( लको विशिष्ट सन्दर्भमा निम्न ५ विशेषताहरूलाई आत्मसात् गर्दछ :

- भूराजनीतिक चुनौतीलाई अवसरका रूपमा प्रयोग गर्ने र नेपालले पुलका रूपमा आफूलाई विकास गरी छिमेकी र बाह्य लगानी आमन्त्रण गर्ने ।

- युवाको सुनौलो जनसाङ्ख्यिक लाभांश लिन युवा केन्द्रित लगानी गर्ने । युवा सीप, दक्षता र उद्यमशीलताको विकास गर्ने ।

- संरचनागत विभेद हटाउँदै युवाका अधिकार, समानता र न्यायलाई आर्थिक रूपान्तरणको कार्यक्रमसँगै अघि बढा( उने । लगानीको वातावरण बनाउन व्यापक संस्थागत सुधारहरू गर्ने र राज( नीतिक अस्थिरता हटाउने ।

  विशेषतः युवाको रेमिटेन्स, विविध सरकारी र गैरसरकारी कोषहरू र नागरिक आयलाई लगानीका ;पमा उत( पादन क्षेत्रमा परिचालन गर्ने । आन्तरिक लगानीलाई आम लगानीको अवधारणा अनुरुप अघि बढाउने ।

- बैङ्किङ क्षेत्रलाई युवामैत्री बनाउँदै लगा( नीलाई तुलनात्मक र प्रतिस्पर्धी लाभका क्षेत्रका परिचालन गर्ने । नेपालका आर्थिक वृद्धि विन्दुहरूलाई सञ्चालन गरी आर्थिक उडान भर्ने ।

# युवा, सहकारी र विकास

✍ केशवप्रसाद बडाल

## परिभाषा र क्षेत्र

अन्तर्राष्ट्रिय सहकारी महासङ्घको परिभाषा अनुसार सहकारी भनेको “सहकारी संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणयुक्त व्यवसाय मार्फत साझा आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र आकाङ्क्षा पूर्ति गर्ने, स्वेच्छाले सङ्गठित भएका व्यक्तिहरूको स्वायत्त संस्था हो । ”

माथि उल्लिखित परिभाषाकै आधारमा भन्न सकिन्छ- “सहकारी आन्दोलन सामाजिक न्याय, उत्पादकत्व वृद्धि, वैज्ञानिक प्रयोग तथा आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा लोकतान्त्रिक आर्थिक आधार र व्यवस्थापन विधिसहितको व्यवसायिक संरचना हो ।”

सहकारी यस्तो सामाजिक व्यवसाय हो जसले सामाजिक न्याय र उत्पादकत्व वृद्धिलाई समानान्तर ढङ्गले अघि बढाउन चाहन्छ । सामाजिक न्याय हेर्दा उत्पादकत्व वृद्धि पक्ष बिर्सने र उत्पादकत्व वृद्धि पक्षलाई ध्यान दिँदा सामाजिक न्याय बिर्सने कार्य सहकारीले गर्दैन ।

सहकारी क्षेत्रको विकास सामान्य स्तरबाट उठेर विशाल आकार लिने र लिनसक्ने सामाजिक न व्यवसाय हो । यसलाई भन्न सकिन्छ- सहकारी पीपलको भित्री दाना जस्तो हो जुन सानोबाट विकसित हुँदै पीपलकै वृक्ष जस्तो विशाल आकार लिनसक्ने सामाजिक व्यवसाय हो ।

सहकारी मानवीय आवश्यकताका यावत् क्षेत्रमा जानसक्छ र जानुपर्दछ । सहकारीले गर्न नहुने चार क्षेत्र मात्रै हो ।

- मानव चरित्रमा प्रतिकूल असर पर्ने कुनै पनि प्रकारको सेवा वा वस्तु, व्यवसायमा सहकारी जानु हुँदैन ।
- मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने कुनै पनि सेवा वा वस्तु व्यवसाय गर्नु हुँदैन ।
- द्वन्द्वलाई बढाउने खालको कुनै पनि सेवा र वस्तु व्यवसायमा जानु हुँदैन ।
- राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता, लोकतान्त्रिक आचरण र आधार विपरीत हुने कुनै पनि सेवा र वस्तु व्यवसाय गर्नु हुँदैन । अरू मानवीय आवश्यकताका जुनसुकै क्षेत्रको र जस्तोसुकै आकारको वस्तु तथा सेवा व्यवसायमा सहकारी जान सक्दछ र जानु पनि पर्दछ ।

## युवा र सहकारी

युवा देशको भविष्य हो । युवा जस्तो



✍ *शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालयमा ।*

सोचाइ, चिन्तन, चरित्र र व्यवहारबाट गुज्रन्छन् त्यसले देशको भविष्य कता जाँदै छ भन्ने कुराको स्पष्ट सङ्केत गर्दछ । संयुक्त राष्ट्रसङ्घले १५ वर्षदेखि २४ वर्ष उमेरकालाई युवा भनेको छ । विश्व स्वास्थ्य सङ्गठनले पनि १५ देखि २४ वर्षसम्मको उमेरकालाई युवा मानेको छ । १० वर्षदेखि १९ वर्षसम्मलाई युवा उन्मुख (Teen-ager) मानिएको छ । हाम्रो देशमा १६ वर्षदेखि ४० वर्षकालाई युवा भनेर परिभाषित गरिएको छ । युवा स्वरोगजार कोषले १६ देखि ५० वर्षकालाई युवा स्वरोजगार कोषबाट ऋण दिने गरेको छ । जेहोस्, युवाको परिभाषातिर भन्दा पनि युवाका समस्या र ती समस्याको सही सम्बोधन गर्नु आजको आवश्यकता हो । अङ्ग्रेजी गण( नाको थर्टिनदेखि नाइन्टिनसम्म अर्थात् तेह्रदेखि उन्नाइससम्मको उमेरलाई "टिनएज" भनिन्छ । यो उमेर अत्यन्त तरल हुन्छ । टिनएजरहरूप्रति बढी सतर्क रही तिनलाई बढी स्नेह दिनुका साथै तिनलाई सुव्यवस्थित गर्नु जरुरी हुन्छ । टिनएज अर्थात् यस उमेरलाई काँचो माटो मान्ने गरिन्छ जसलाई जस्तो आकारमा पनि ढाल्न सकिन्छ अर्थात् जस्तो चाह्यो त्यस्तै बनाउन सकिन्छ भन्ने गरिएको छ । यस उमेरमा उपयुक्त वातावरण, शिक्षा, स्वास्थ्य, आचरण, जीवनशैलीको विकास गर्न गराउन जरुरी छ । नेपाल अब आशालाग्दो विकास सम्भावनाको स्तरमा छ । दशकौं पहिलेदेखि थातिरहेको जनताका आफ्नै प्रतिनिधिले बनाएको संविधानबाट अघि बढ्ने चाहना पूरा भएको छ । संविधानले नेपाली जनताको भावना समेटेको छ । त्यसलाई व्यवहारमा उतार्न सम्भव रहेका सबै प्रयास गर्नुपर्ने अवस्था उपलब्ध छ । अब राज्य व्यवस्थाको परिवर्तनका लागि ऊर्जा खर्च गर्नुपर्ने अवस्थाबाट समृद्ध नेपाल र सुखी नेपाली बनाउन सबै लाग्नुपर्ने कामका अवस्थामा हामी आएका छौं । नेपालमा अहिले १५ वर्षदेखि ५९ वर्षसम्मको अर्थात् काम गर्नसक्ने सक्षम उमेरका नेपाली ५७ प्रतिशत छन् । यो अति नै महत्त्वपूर्ण अवस्था हो । जनसङ्ख्या वृद्धि २.५बाट १.२ प्रतिशतमा झर्नु भनेको विकासको गतिबाट समृद्ध नेपाल निर्माण गर्ने आधार बनेको छ । नेपालमा २०७० सालमा भएको प्रथम जनसाङ्ख्यिक सम्मेलन भएको थियो । त्यहाँ भएको वृहत् छलफलमा नेपालको जनसङ्ख्या १५ वर्षदेखि ५९ वर्ष उमेर समूह ५७ प्रतिशत हुनुलाई अत्यन्त उत्साहवर्द्धक मानिएको छ । यसलाई त्रिभुवन विश्वविद्यालयका जनसङ्ख्या विभागका प्रमुख प्राध्यापक रामशरण पाठक भन्नुहुन्छ- "हाम्रो देशमा यति उत्पादन( शील उमेरका जनसङ्ख्या देखेर सबै विकासोन्मुख देशका विज्ञ/विशेषज्ञले यसलाई लोभलाग्दो भनेका छन् ।"

त्यस्तै जनसङ्ख्या शास्त्री रामहरि अर्याल भन्छन्- "हामीसँग मानवस्रोतरूपी भण्डार नै छ ।" यस किसिमको स्थितिलाई जोड दिँदै प्राध्यापक रामशरण पाठक भन्छन्- "अबको ध्यान स्कुल, कलेजको उमेरका जनसङ्ख्यालाई गुणस्तरीय शिक्षा दिने र उत्पादनमूलक काममा लगाउनुपर्छ ।"

हो, वास्तवमा नेपालको अहिलेको अवस्था विकासका लागि जमिन, जङ्गल, जल, जडीबुटी, खनिज, प्राकृतिक स्रोत, मनोरञ्जन मात्र होइन जनसाङ्ख्यिक हिसाबले पनि उपयुक्त छ । यस अवस्थालाई अधिकतम उपयोग गर्नका लागि आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासका लागि युवालाई प्रोत्साहन गर्नु जरुरी छ । छरिएको पुँजी, स्रोत, साधन र युवा श्रमशक्तिलाई

सहकारी क्षेत्रबाट अघि बढ्न जरुरी छ । सहकारी दर्शन, सहकारी सिद्धान्त, सहकारी आचरण र व्यवहारले अनेकता बिचको एकतालाई बल पुऱ्याउने भएकाले सहकारी सिद्धान्तको गहिराइमा पुग्न जरुरी छ । युवा जनशक्ति सिर्जनशील, ऊर्जावान्, गतिवान् हुनाका साथै त्यसमा केही गरौँ भन्ने भावना हुने भएकाले देशको समग्र विकासमा यस समुदायभित्रका ऊर्जालाई सदुपयोग गर्न सम्बन्धित सबैले योजनाबद्ध र व्यावहारिक रूपमा लागिपर्नु जरुरी छ ।

## युवा र आशावादिता

उत्साह, आशावादिता, आत्मविश्वास सहितको ऊर्जायुक्त युवाले देश निर्माणमा महान् योगदान गर्न सक्छन् । हाम्रो देशले पनि प्रगति गर्नसक्छ । प्रकृतिले हाम्रो देशलाई धेरै कुरा दि(एको छ । जमिन, जङ्गल, जल, जडीबुटी, खनिज पदार्थ, सक्षम जनशक्ति यस देशका मूल्यवान् स्रोत हुन् । विश्वका अरबौँ नागरिकले सम्मान गर्ने गौतम बुद्ध नेपालको लुम्बिनीमा जन्मेका हुन् । सर्वोच्च शिखर सगरमाथा हाम्रो देशमा छ । विश्वका करोडौं हिन्दुहरूकी आराध्य देवीका रूपमा मानिएकी सीता जन्मेको जनकपुर छ । हिमाल पर्वतका देवादिदेव महादेवको जन्मस्थान हिमालय पर्वत नेपालमै छ । विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमशिखरमध्ये आठवटा नेपालमै छन् । ५६ लाख हेक्टर वनमा १० अर्बभन्दा बढी उमेर पुगेका रूखहरू छन् । अनेक ताल, तलैया, हिमताल, हिमनदी, मनोरम पहाडी शृङ्खला, अत्यन्त उब्जाउ तराईका मैदान नेपालकै सम्पदा हुन् । विदेश पढ्न गएकाहरूमा गोल्ड मेडल पाउने धेरै छन् । विदेशी भूमिमा लड्न गएका नेपालीहरूमा भिक्टोरिया क्रस पाउने धेरै छन् । अरू देशमा नपाइने कतिपय कुराहरू हामीसँग मात्र छन् ।

आजका युवाहरूका लागि भूस्वर्ग मा(नएको संयुक्त राज्य अमेरिका सन् १८३४ तिर अभाव, गरिबी, भोकमरीको दलदलमा फसेको थियो । त्यस्तो अवस्थामा सहकारीका पिता मा(नएका बेलायतका रबर्ट ओवेनले त्यहाँ गएर सहकारीको प्रचार गरे, त्यो प्रचार सन् १८४४ मा बेलायतका रोचडेली पायोनियरहरूले संस्थागत रूपमा सहकारी स्थापना गरेपछि संयुक्त राज्य अमेरिकामा पनि यसको व्यापक प्रचार भयो । अमेरिकाका ६ वटा स्टेटमा त रबर्ट ओवेन आफैले गएर प्रचार गरे । त्यसपछि त्यस सङ्कटबाट उत्रने उपायकै रूपमा अमेरिकामा सहकारीले नयाँ जीवन दियो । अहिलेका विकसित अमेरिका बन्नमा सहकारीको पनि बहुत ठुलो योगदान छ । अमेरिकाको विद्युत् उत्पादन वितरण लग(ायतका क्षेत्रमा अहिले पनि ३५ प्रतिशत योगदान सहकारीको छ । यसरी सहकारी क्षेत्रबाट सम्वृद्ध समाज निर्माण गर्न अमेरिकी युवा सहकारीकर्मीको ठूलो योगदान थियो । अमेरिकीहरु निरास भएर बसेको भए, अर्काले गरिदिन्छ भनेर पर्खेर बसेको भए यो प्रगति हुने थिएन ।

यसैगरी हाम्रो उत्तरतर्फको छिमेकी जोसँग हाम्रो १४०८ किलोमिटर सिमाना जोडिएको छ, त्यहाँपनि समस्या थियो । गरिवी थियो, भोकमरि थियो । वर्षको लाखौं लाख जनता खानै नपाएर मर्थे । १९४९ मा क्रान्ति भयो । त्यति बेला प्रति व्यक्ति आय जम्म २७ अमेरिकी डलर थियो । देशको एक भागबाट अर्को भागमा जान महिनौं पैदल हिड्न पर्थ्यो । एक स्थानको घटनाको सुचना अर्को स्थानमा पुऱ्याउन महिनौं लाग्थ्यो । रोग, भोक

र सोकको भण्डार भनेर चीनको गाउँवस्तीलाई भनिन्थ्यो । देशका कतिपय प्रदेशमा भुदास प्रथानै कायम थियो । मान्छेले मान्छेलाई गर्ने शोषणको कुनै सिमा थिएन । यस्तो अवस्थाको विरासत पाएको जनावादी गणतन्त्र चीनले, चीनका युवाले यस्तो देशमा किन बस्नु भनेर देश छाड्दै हिड्दै गरेको भए, देशलाई बृद्धाश्रम बनाउँदै हिडेको भए । "हाम्रो देशमा केहि हुँदैन" भनेर निरासाको खेति गरेर हिडेको भए चीनले पनि प्रगति गर्ने थिएन । तर चीनको युवाले त्यसो गरेनन् । देश छाडेर हिडेनन् । आफ्नो देश आफैं बनाउँछौं भनेर कम्मर कसे । अर्काले बनाइदिएको यूरोप, अमेरिका गएर आरामको जीवन बिताउन चाहेनन् । बरु यूरोपले विकास गर्न सकछ, अमेरिकाले विकास गर्न सक्छ, जापानले विकास गर्न सक्छ भने हामी पनि हाम्रो देशलाई सुन्दर, सभ्य, समृद्ध र विकसित गर्न सक्छौं भनेर भगीरथ प्रयत्न गरे । देश छाडेर गएनन्, निराशाको खेती गरेनन्, विरोधको खेती गरेनन्; बरु विकासबाट प्रतिस्पर्धा गर्न तयार भए । युरोप, अमेरिका, जापान भन्दा विकसित चीन बनाउँछौं भनेर लागे । सरकार लाग्यो, सहकारी लागे, उद्यमी व्यवसायी लागे, बुद्धिजीवी लागे, वैज्ञानिक लागे, शिक्षक-विद्यार्थी लागे, आज चीनको विकासले चमत्कार गरेर देखायो । आज चीनलाई कसैले हेप्दैन, नाकाबन्दी गर्दैन, यो दिन्न भनेर कसैले भन्दैन ।

आज चीनमा विश्वकै ठुलो विमानस्थल, विश्वकै लामो पुल, विश्वकै लामो ग्यास पाइप लाइन र २४०० किलोमिटर लामो नहर बनाएर दक्षिणको पानी उत्तर लाने नहर बनाएको छ । विश्वको सबैभन्दा ठुलो खेल मैदान, डालियान जान समुद्रमुनिको सुरुङ मार्ग, पहाड सम्याएर मैदान बनाउने लगायतका विश्वलाई आश्चर्य लाग्ने विकास निर्माण गरेर इतिहासको चीनिया पर्खाल भन्दा धेरै आश्चर्यजनक काम गर्न सफल भए । यो सरकार, सहकारी र निजी सबै क्षेत्रका युवा लागेर भएको हो । चीनियाहरूलाई विदेशीले हेप्थे, चीनिया युवाले इख लिए, हामी पनि गर्न सक्छौं भनेर निर्माणमा लागे र त्यसको नतिजा आज विश्वसामु छ । विश्वकै दोस्रो ठुलो अर्थतन्त्र हुन सफल भएको छ । स्वाभिमान, स्वाधीनता, आत्मसम्मान आफैमा ऊर्जा हो । आज नेपाली युवाले पनि स्वाधीन नेपाल, स्वाभिमानी नेपाली, समृद्ध नेपाल, सुखी नेपालीका लागि एकताबद्ध, सशक्त र सृजनशील भएर नेपाली युवाहरू लाग्नुपर्छ । समृद्ध नेपाल निर्माण गर्न सक्छौं भन्ने आत्मविश्वास लिनु जरुरी छ ।

त्यसैगरी अर्को छिमेकी भारत छ । भारत लामो समय बृटिसको उपनिवेशमा रह्यो । सन् १९४७ मा उपनिवेशमुक्त भएपछि पनि त्यहाँ धेरै समस्या थिए । अमेरिका र क्यानाडाबाट गहुँ आयात नगरी खाने स्थिति त्यहाँ थिएन । सन् १९६५ तिर म भारतका केही सहरमा पुगेको थिएँ । सहरका चौबाटोमा ठुला ठुला होडिङ बोर्ड हुन्थ्यो जसमा लेखिएको हुन्थ्यो "सिर्फ दो रोटी" अर्थात् आम नागरिकलाई २ वटा भन्दा बढी रोटी नखाऊ भन्ने त्यसको आशय थियो । राज्यले त्योभन्दा बढी दिन सक्दैन भन्ने बोर्ड झुन्ड्याइएको थियो । यसरी जनताले किनेरै खान पनि नपाउने अवस्था थियो । यस्तो अवस्थालाई हटाउन सरकारले निकै कठिनाइ बेहोर्नु पर्ने अवस्था थियो । खरिद क्षमता भएकाले पनि पर्याप्त खरिद गर्न नपाउने, नसक्ने अवस्था थियो । यस्तो अवस्थामा भारत स्वतन्त्र भएपछिका तेस्रो प्रधानमन्त्री इन्दिरा गान्धीले खाद्य उत्पादनमा जोड दिन विज्ञहरूसँग सल्लाह गरेर

हरित क्रान्तिको प्रयास गरिन् । त्यस बेलाका कृषि सचिव डा. स्वामिनाथनको विज्ञता र इन्दिरा गान्धीको अठोटले हरित क्रान्ति अघि बढ्यो । अमेरिका र क्यानडाबाट हुँदै आएको गहुँ आयात हट्यो । उत्पादन बढाउने काम साधन, उत्पादन प्रणाली र आधुनिक प्रविधिको प्रयोगबाट सम्भव भयो ।

यद्यपि भारतमा अहिले पनि ३० करोडभन्दा बढी जनता दुई छाक खान पाउँदैनन् भनेर इण्डिया टुडेको दुई वर्षअघिको एक अध्ययनले देखाएको छ । यो वितरण प्रणालीको समस्या हो । तर भारतमा अन्नको अभाव अझै हटेको छैन । प्राध्यापक अमर्त्य सेन (नोबल पुरस्कार विजेता) ले भने जस्तै खाद्यान्न नभएर मात्रै भोकमरी हुने होइन खाद्य गोदामकै बाहिर पनि भोकभोकै मरेका जनता मैले देखेको छु भनेर लेख्नु भएको छ । अर्थात् अप्ठेरो अवस्थाबाट धेरै देशहरू गुज्रेका छन् । तिनले अभाव, गरिबी, अविकास र असमानताबाट गुज्रँदै प्रगति गरेका छन् । हाम्रो देश गरिब छैन, जनता गरिब छन् । देश स्रोत साधनले सम्पन्न छ । नेपाली जनता आँटी, साहसी र परिश्रमी छन् । यसो हुनु विकासका लागि अवसर पनि हो । यस कारण पनि नेपाली युवाहरू आशा, उत्साह, आत्मविश्वास र जाँगरका साथ अघि बढेमा नेपाललाई सजिलैसँग समृद्ध बनाउन सकिन्छ । नेपालीहरूलाई सुखी बनाउन सकिन्छ । आजका युवा नै भोलिका जिम्मेवार नेतृत्वदायी व्यक्ति हुन् । देशले ३ खम्बे अर्थ नीति अँगालेको छ । राज्यको भूमिका, सहकारीको भूमिका, निजी क्षेत्रको भूमिका तय गरिएको छ । आफ्नो गाउँ आफै बनाउँछौँ, आफ्नो प्रदेश आफै बनाउँछौँ, आफ्नो देश आफै बनाउँछौँ भन्ने अठोट र सङ्कल्प लिएर अघि बढ्नु आजका प्रत्येक युवाको कर्तव्य हो । आर्थिक रूपले देश स्वाधीन भएन भने राजनीतिक रूपले स्वाधीन हुन कठिन हुन्छ । त्यसैले छरिएको पुँजी, छरिएको श्रम, छरिएको स्रोतलाई एकत्रित गरेर अघि बढ्नु हरेक युवाको कर्तव्य हो । आर्थिक विकास र सामाजिक रूपान्तरणका लागि सहकारी एक अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो । सहकारी दर्शन, सहकारी सिद्धान्तले राष्ट्रिय एकता, अखण्डता, लोकतन्त्रलाई आधारभूत तहसम्म स्थापित गर्न मदत पुऱ्याउँछ । संसारबाट सिक्ने कुरा भनेकै आफ्नो देश आफै बनाउने अठोट गर्नु हो ।

# प्रेरक व्यक्तित्व : सहकारीकर्मी तिखबिर राई

-गणेश राई

ललितपुर जिल्लामा करिब तेह्र सय सहकारी संस्था छन् र तीमध्येको शुभलाभ सहकारी संस्था पनि एक हो । यस सहकारीले 'उत्कृष्ट सहकारी पुरस्कार-२०७१' प्राप्त गरेको छ। आयात प्रतिस्थापन र सामाजिक न्यायका लागि सहकारी भन्ने नारासाथ ५८ औं राष्ट्रिय सहाकारी दिवस-२०७१ जिल्ला मूल समारोह समिति ललितपुरले उक्त पुरस्कार प्रदान गरेको हो । 'सबैका लागि एक, एकका लागि सबै' सहकारी अभियानको मूल नाराले समाजलाई डोऱ्याएको छ । राईका नेतृत्वमा सञ्चालित शुभलाभ सहकारीमा १६६६ सदस्य छन् जसमा ९३८ पुरुष छन् भन् ७२८ महिला रहेका छन्। यस सहकारीमा १९ कर्मचारी कार्यरत छन् । त्यहाँका सबै जना पढेलेखेका युवा छन् । योग्यता र क्षमताका आधारमा ती कर्मचारीले मासिक ७ लाख ३४ हजार ७ सय ६४ रुपैयाँ तलब बुझ्दछन् । उत्कृष्टता हासिल गरेका यस सहकारीले राज्यप्रतिको आफ्नो दायित्व पनि भुलेको छैन । यसै वर्ष यस संस्थाले सरकारलाई ३१ लाख ४४ हजार ६ सय ४० रुपैयाँ राजस्व बुझाएको छ ।

उनलाई चिन्नेजान्ने र समकालीनहरू भन्छन् - "यो मान्छे किन नबोलेको होला ?" आखिर उनी अन्तर्मुखी स्वाभावका पनि होइनन् । धेरै नबोली समाजले दिएको काम दृढतापूर्वक गर्छन् । उनी यसो गरेँ र उसो गरेँ पनि भन्दैनन् । यो भएन, ऊ भएन पनि भन्दैनन् । बोल्न नआउने पनि होइन । कसैले फ्याट्ट केही भनिहाले पनि जबाफ फर्काइहाल्ने बानी छैन । आफूले गरेको कामको चर्चा आफैले गर्दै हिँड्न पनि रुचाउँदैनन् । कसैले आफ्नो कामको प्रशंसा गरे पनि निन्दा गरे पनि त्यसको मतलब गर्दैनन् । जस्तालाई त्यस्तै जबाफ दिने आदत पनि छैन । वेला न कुवेला बोल्नुको औचित्य हुन्न भन्ने मान्यता राख्दछन् । आफ्नो काममा मात्र विश्वास राख्छन् । जिम्मेवारी लिएको काम फत्ते नभएसम्म त्यसलाई चुपचाप गरिरहन्छन् । काम पूरा भएपछि पनि त्यसबारे हल्लीखल्ली गर्न चाहँदैनन् । यस किसिमको बानी भए पनि समाजलाई अगि बढाउन चाहने उनको प्रयास भने स्तुत्य छ । उनी हुन् -तिखबिर राई । उनी ललितपुर जिल्लामा युवा व्यवसायी अर्थात् सहकारीकर्मीका रूपमा चिनिन्छन् । उनी लगनखेल स्थित शुभलाभ बहुउद्देश्यीय सहकारी संस्थाको कार्यकारी अध्यक्षका रूपमा सक्रिय भई काम गरिरहेका छन् ।

यस संस्थाले ललितपुर उपमहानगरपालिका-१५ सातदोबाटो चोक परिसरमा ११ आना क्षेत्रफल जग्गामा आफ्नै भवन निर्माण गर्दै

छ। साढे चार तल्ले उक्त भवन निर्माणको अन्तिम चरणमा रहेको छ। यसको लागत कुल पाँच करोड रुपैयाँ रहेको छ । सहकारीका नाउँमा उपभोक्ता(लाई ठगेर भाग्ने कुराले समाज आतङ्कित भएको अहिलेका अवस्थामा यस संस्थाले समाजमै आफ्नो जरा गाडेको छ। आम नागरिकलाई विश्वास दि(लाउनकै लागि स्थायी संरचना निर्माण गर्नु परेको कुरा संस्थाका कार्यकारी अध्यक्ष राई बताउँछन् । अब संस्थाको यस भवनमा कार्यालयका अतिरिक्त तालिम केन्द्रको स्थापन पनि गरिनेछ। सहकारीमा आबद्ध सदस्यहरूलाई आवश्यक तालिम, सेयर सदस्यहरूको कृषिजन्य उत्पादन तथा घरेलु उद्य(मबाट उत्पादित सामग्रीहरूको प्रदर्शनी राखेर व्यावसायिक प्रवर्द्धन  गर्ने थलोका रूपमा संस्थाको उक्त कार्यालय भवन रहने कुरा पनि अध्यक्ष राई बातउँछन् ।

शुभलाभ सहकारीले भर्खरै आफ्नो १७ औँ वार्षिकोत्सव मनाएको छ । यसपल्ट आफ्ना सदस्यहरूलाई यसले १२ प्रतिशत लाभांश बाँडेको छ। प्रत्येक सदस्यहरूलाई आफ्नै उत्पादन गोलभेँडा डेढ किलोका दरले बाँडेर नौलो अभियान समेत थालेको छ। वार्षिकोत्सव समारोहका प्रमुख अति(थि तथा राष्ट्रिय सहकारी सङ्घका अध्यक्ष सांसद् केशव बडालले सेयर सदस्यलाई आफ्नो उत्पा(दन चखाउने काम बिल्कुलै नयाँ र अनुकरणीय भएको भन्दै निकै तारिफ गरेका थिए । 'पैसा मात्र सबै थोक होइन,, कृषिमा आत्मनिर्भर बन्न सक्छौं भन्ने अभियान सहकारीले चलाउन सक्छ जुन अभियानको थालनी शुभलाभ सहकारीले गरेको छ'-बडालको भनाइ छ। हो, यस सहकारीले दुई वर्षदेखि कृषिमा लगानी गर्दै आएको छ। कृषि प्रधान देशमै विद्यमान कृषि परनिर्भरता जस्तो विडम्बनापूर्ण अवस्थालाई हटाउने उद्देश्य राखेर नै सहकारीले देशको कृषि क्षेत्रमा एक करोड रुपैयाँ लगानी गरेको हो भन्ने कथन यसका अध्यक्ष राईको छ । यस संस्थाले ललितपुरका साना गाउँमा २२ रोपनी र ठैबमा १२ रोपनी जग्गामा तरकारीजन्य बाली उत्पादन गर्दै आएको छ। कृषिमा १८ जना श्रमिक कार्यरत छन् । सहकारीले कृषिलाई थप व्यवस्थित र दीर्घकालीन रूपमा सञ्चालन गर्नका लागि जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिँदै आएको छ ।  स्वदेशमा दिइने विभिन्न तालिममा कामदारलाई सहभागी गराउँदै आएको छ । यति मात्र होइन, यस संस्थाले आफ्ना एक सदस्यलाई थाइल्यान्डको बैङ्ककस्थित चेङमाई चिताई कम(पनीको कृषि फार्म विश्वविद्यालयमा दुई महिने तालिम पनि दिलाउने जस्तो सराहनीय काम पनि गरेको छ । यसरी तालिमले कृषिमा थप ऊर्जा मिलेको र तालिमप्राप्त सदस्यबाट अब कृषि फार्म वरिपरिका कृषकहरूलाई तालिम दिएर सक्षम बन(ाउने, इच्छुक सेयर सदस्यलाई कृषि तालिम दिने र विद्यमान निर्वाहमुखी कृषिलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्नका लागि अझ प्रभावकारी योजना अघि बढाउने कुरा यस संस्थाका कार्यकारी अध्यक्ष राईले बताउँदै आएका छन् ।

सामग्रीको नापजोख तुलो या ढक तराजुले गरिन्छ। मान्छेको मूल्याङ्कन सामाजिक कार्यका आधारमा हुँदो रहेछ । नेपाल बहुजाति, बहुभाषिक, बहुधर्म, बहुसंस्कृति मान्ने समुदायका मानिसहरूको साझा थलो हो । नेपालका विभिन्न जातिहरूमध्ये विविधतायुक्त समुदायको छुट्टै विशिष्ट एवं ऐतिहासिक पहिचान बोकेको जाति

हो - किराँत । किराँत जातिभित्र राई, लिम्बू, याक्खा (देवान) र सुनुवार (कोइच) पर्दछन् । सरकारले सूचीकृत गरेको आदिवासी जनजाति राई जातिभित्र पनि पनि २५ भन्दा बढी भाषा बोल्ने सामुदाय छन् । तीमध्ये वाम्बुले राई पनि एक भाषिक समुदाय हो र त्यही समुदायका एक अगुवा हुन् तिखबिर राई ।

२०४६ सालमा भएको मुलुकको राज( नीतिक परिवर्तनका कारण किराँतले पनि वाम्बुले राई जातिलाई आत्मसात् गर्न पुगे । फलस्वरूप वाम्बुले राई भाषा, लिपि, मुन्धुम संस्कार, संस्कृति र परम्पराको जगेर्ना गर्ने उद्देश्यका साथ 'वाम्बुले राई समाज, नेपाल' (वाम्रास) अर्थात् ध्कदगभि च्बष क्यअष्भतथ, ल्भउबा (ध्च्च्ब) नामक संस्था २०५४ सालमा स्थापित भयो । तिखबिर राई यही संस्थाका संस्थापक अध्यक्ष हुन् । उनकै संयोजन तथा व्यवस्थापनमा ललितपुरको महा( लक्ष्मी नगरपालिका वडा न. १६ इमाडोल नयाँ वस्तीमा साढे चार तले 'वाम्रास भवन' निर्माण भएको छ । यस भवनको २०७२ साल माघ १ गतेका दिन नेपाल सरकारका प्रवक्ता सूचना तथा सञ्चार मन्त्री माननीय शेरधन राई र वाम्रासका अध्यक्ष हिराकाजी राईबाट उद्घाटन भइसकेको छ । समाजकै सदस्यहरूबाट सङ्कलित रकमबाट जग्गासहित ७५ लाख रुपैयाँका लागतमा सो भवन बनेको हो ।

भवन निर्माण संयोजक राई पेसागत रूपमा सहकारीकर्मी मात्र हुन् । उनले तन, मन, धन, कर्म र समय खर्चेर भवन निर्माण कार्य सम्पन्न गरेका हुन् । यस किसिमको सामाजिक कार्यमा आर्थिक कठिनाइका बाबाजुद पनि भवन निर्माण गर्नु कम्ती चुनौतीपूर्ण काम होइन । अझ २०७२ साल वैशाख १२ गतेको महाभूकम्प सबैका निम्ती त्रासपूर्ण भयो नै । यद्यपि भूकम्पले वाम्रास भवनलाई कुनै क्षति पुऱ्याएन ।

राई सामाजिक सेवामा समर्पित संस्था इन्टरनेसनल लायन्स क्लब अफ काठमाडौँ पिपल्सका द्वितीय उपध्यक्ष समेत हुन् । त्यसै गरी उनी नेपाल केन्द्रीय बहुउद्देश्यीय सहकारी सङ्घका सञ्चालक सदस्य समेत हुन् । "पद मात्रै लिने तर पदको दायित्व वहन नगर्दा खराब असर पर्छ अनि सामाजिक रूपमा नकारात्मक असर पर्छ, त्यसैले पदप्रति न्याय गर्नु पर्दछ" - राईको कथन छ ।

तिखबिर राईको जन्म ओखलढुङ्गाको सदरमुकामभन्दा दक्षिण पर्ने उँबु गाविस वडा न. ७ मा ४१ वर्षअघि भएको हो । आमा ढुक्कमाया र बुवा करबिर राईका एक्ला छोरा हुन् उनी । उनका चार दिदीबहिनी छन् । सामाजिक कार्यमा सक्रिय उनका बुवाले सधैँ पढ्नु पर्छ भन्थे तर उनी कक्षा आठमा पढ्दै गर्दा उनका बुवाको निधन भयो । बुवाको निधनपछि काँधमा आएको जिम्मेवारीलाई सङ्घर्षपूर्वक अघि बढ्न आमा र दिदीहरूको साथ उनले पाएका थिए । २०४८ सालमा एसएलसी पास गरेपछि उच्च शिक्षा हासिल गर्ने उद्देश्य लिएर उनी राजधानी छिरेका थिए । पढाइमा अघि बढाउँदै लगेका उनले त्रिभुवन विश्वविद्यालयबाट २०५४ सालमा बिकम उत्तीर्ण गरे । बिकम पूरा गरेपछि भने उनी पेसागत उद्यमतर्फ होमिएका हुन् ।

तिखबिर राईले २०६८ सालमा ललितपुर उपमहानगरपालिका १५ स्थित खुमलटारमा

आफ्नै घर बनाएका छन् । उनी एक पत्नी र दुई छोराछोरीका साथ त्यही घरमा बस्दै आएका छन् । सवारी साधनका रूपमा उनीसँग आफ्नै कार छ । उनी भन्छन् -“म एक हदसम्म सफल छु ।” उनी आफूलाई नसोचेको सफलता मिलेको ठान्दछन् । कहिले घडेरी किनेर घर बनाइला भनेर सोचेर बसेका अवस्थामा आज ती सबै पूरा भई कार समेत चढ्न सफल हुनुलाई उनले आफ्नो जीवनको ठुलै उपलब्धि ठानेका छन् । उनले घरपरिवारका लागि मात्र नभएर आफ्नै कार्यालयमा गाउँका केही युवाहरूलाई रोजगारी दिएका छन् अनि आवश्यक परेका खण्डमा ऋण समेत दिएका छन् । उनले युवाहरूलाई साझा प्रयासमा जोड्ने काममा पनि सफलता हासिल गरेका छन् ।

राजधानी नछिरेको भए गाउँतिरै कुनै स्कुलको मास्टर हुन्थेँ हुँला भन्ने राईलाई लागेको छ । जानीनजानी कमर्स (व्यवस्थापन) पढेपछि भने उनले बैङ्कमा जागिर खाने सोचेका थिए । यसै सिलसिलामा सहकारीमा जागिर खाएपछि व्यावसायिक मोडले नयाँ रफ्तार लिएको उनी बत(ाउँछन् । यद्यपि सफलता एकैचोटि हात लागेको भने होइन । साथीभाइसित साझेदारीमा रेस्टुरेन्ट व्यवसाय थाल्दै गर्दा २०५८ साल जेठ १९ गतेको ‘दरबार हत्याकाण्ड’ ले गर्दा व्यवसाय फस्टाउन नसकेपछि आफूमाथि उठ्नै नसक्ने गरी ऋणको बोझ थोपरिएको कुरा उनी बताउँछन् । यही भएर होला उनी भन्छन्-“व्यवसाय भनेको आँट हो । जोखिम मोल्नैपर्छ नत्र व्यापार हुन सक्दैन ।”

सहकारीकर्मी तिखबिर राईका अनुभवमा समयप्रति इमानदार बन्न सक्नु सफलताको एक मात्र सूत्र हो । समय महत्त्वपूर्ण छ । जुनसुकै कार्य समयमै सम्पन्न गरियो भने मात्र त्यसको महत्त्व हुन्छ भन्ने उनको ठम्याइ छ । समयमा गर्न सकिएन भने समय घर्किएपछि त्यही काम महत्त्वपूर्ण नहुन पनि सक्छ भन्ने उनको बुझाइ छ । उनको यस किसिमको बुझाइ आजका युवाका लागि प्रेरणादायी हुन सक्ने भएकाले नै राई युवाहरूका लागि प्रेरक व्यक्तित्व बन्न पुगेका छन् ।

# एक खेल एक विद्यालय : एक दृष्टिकोण

✍ ज्ञानेन्द्र श्रेष्ठ

प्रशासकीय अधिकृत

खेलकुद विकास विभाग

खेलकुदको स्रोत खेलाडी हो, खेलाडीको स्रोत विद्यालय हो । त्यसैले विद्यालय स्तरबाट खेलकुदको विकास सम्भव हुन्छ भन्ने तथ्य साबित भइसकेको छ । हाल विद्यालयहरूले विद्यार्थीहरूलाई आआफ्नै किसिमले विभिन्न खेलकुदहरू खेलाउने प्रचलन रहेको देखिन्छ । विभिन्न खेलहरूका अतिरिक्त कुनै एक खेललाई विशेष रूपले दक्ष प्रशिक्षकहरूबाट नियमित प्रशिक्षण गराउनका लागि प्रयास गरिएका अधिराज्यभरका विद्यालयहरूबाट सो विशेष खेलमा बहुसङ्ख्यक खेलाडीहरू उत्पादन हुन सक्छन् । यसबाट उत्कृष्ट खेलाडी छनोट गर्न सकिने हुँदा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा स्वर्ण पदक हासिल गरी देशको प्रतिष्ठा अभिवृद्धि गर्न सकिन्छ जसका लागि 'एक खेल एक विद्यालय कार्यक्रम' लाई सम्बन्धित निकाय शिक्षा मन्त्रालय अन्तर्गत जिल्ला शिक्षा कार्यालय, राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत जिल्ला खेलकुद विकास समिति, विभिन्न खेलका राष्ट्रिय सङ्घहरू र जिल्ला सङ्घहरू, प्याब्सन, एन-प्याब्सन, हिसान, सामुदायिक विद्यालय तथा निजी विद्यालयहरू सहित खेलकुद सङ्घसंस्थाहरूको समन्वयमा युवा तथा खेलकुद मन्त्रालयको विशेष पहलबाट शिक्षा मन्त्रालय मार्फत विद्यालयहरूमा लागू गरी सशक्त रूपमा सहयोग एवम् पहल गर्नु आजको आवश्यकता रहेको देखिन्छ ।

अन्तर्राष्ट्रिय खेलकुद जगत् दिन प्रतिदिन खेलकुदको प्रतिस्पर्धा र चुनौती सामना गर्न हाम्रो जस्तो विकासोन्मुख राष्ट्रलाई कठिन परिरहेको अवस्था छ । खेलाडीहरूले अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षणका अवसरहरू प्राप्त गर्न सकिरहेका छैनन् भने सो अवसरका लागि वर्तमान राष्ट्रिय अर्थतन्त्रको हिसाबले पहल गर्न सक्ने अवस्था पनि छैन । अतः स्वदेशमै खेलकुदको विकास विस्तारका लागि राष्ट्रिय खेलकुद परिषद्ले जिल्ला शिक्षा कार्यालय मार्फत नेपाल अधिराज्यभरका विद्यालयहरूमा यस्ता कार्यक्रमहरूलाई लागू गरी अभियानका रूपमा सञ्चालन गरेमा लागू भएको पाँच वर्षभित्र नेपालले अन्तर्राष्ट्रिय खेलकुद जगत्मा दक्षिण एसियाली खेलकुद स्तरका खेलाडी उत्पादन गर्न सक्ने कुरामा कसैको दुई मत नरहला ।

खेलकुदका माध्यमबाट बौद्धिक, सृजनशील, प्रतिस्पर्धी, गतिशील, शारीरिक तन्दुरुस्ती तथा अनुशासित खेलाडीको उत्पादन गरी अन्तर्राष्ट्रिय जगत्मा देशको प्रतिष्ठा अभिवृद्धि गर्ने नागरिक जन्माउने मुख्य थलो भनेकै विद्यालय हो ।



✍ *लेखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय ।*

यस गहन विषयलाई मनन गरेर विद्यालयहरूले पनि आफ्नो दायित्व सम्झी 'एक खेल एक विद्यालय कार्यक्रम' लाई आफ्नो विद्यालयको नीति तथा कार्ययोजनामा समावेश गर्नु अति जरुरी भइसकेको छ ।

दक्षिण एसियाली, एसियाली तथा ओलम्पिक खेलकुदका स्वर्ण पदक हासिल गर्ने खेलाडी उत्पादन गर्ने लक्ष्य निर्धारण गरी विद्यार्थीहरूलाई खेलकुदप्रति आकर्षित गर्न उत्कृष्ट विद्यार्थी खेलाडीहरूलाई निःशुल्क अध्ययन, छात्रवृत्ति तथा नगद पुरस्कारको व्यवस्था, वैदेशिक प्रशिक्षण, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा सहभागिताको व्यवस्था गर्न विद्यालय, राष्ट्रिय सङ्घ, राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालयले नीति तथा योजना बनाई कार्यान्वयनतर्फ नेपाल सरकारबाट घोषणा गराई प्रचार प्रसार गर्नु अत्यावश्यक भइसकेको छ । सो लक्ष्य प्राप्तिका लागि शैक्षिक क्षेत्रबाट एक खेल एक विद्यालय मार्फत ठुलो टेवा पुग्ने पनि देखिन्छ ।

एक खेल एक विद्यालय कार्यक्रमलाई उपलब्धिमूलक बनाउन राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद प्रशिक्षकहरूलाई विद्यालयहरूमा व्यापक रूपमा परिचालन गर्ने नीति अख्तियार गर्नु पर्दछ। अपुग प्रशिक्षकहरूको परिपूर्तिका लागि परिषद्मा कार्यरत खेलकुद प्रशिक्षक एवम् अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूलाई प्रशिक्षक तालिम दिई विद्यालयमा परिचालन गर्नु पर्दछ । प्रशिक्षक परिचालन भएपछि खेलकुद क्षेत्रबाट रोजगारीका् अवसर पनि प्राप्त हुन्छ भन्ने नयाँ सन्देश समाजमा फैलिन गई खेलकुदप्रति जनआस्था समेत वृद्धि हुने देखिन्छ ।

एक खेल एक विद्यालय कार्यक्रमलाई स्थायी रूपमा स्थापित गर्न एवम् परिचालन गर्न विद्यालयहरूलाई जिल्ला खेलकुद विकास समितिहरू मार्फत सशुल्क खेलकुद सदस्यता वितरण गर्नु आवश्यक छ । खेलाडीहरूको स्तर वृद्धिका लागि सम्पूर्ण खेलकुद प्रशिक्षण कार्यक्रमभित्र प्रत्येक तिन तिन महिनामा ग्रेडिङ टेस्ट प्रणाली अपनाउनु पर्दछ । विद्यार्थीहरूलाई खेलकुद सामग्रीहरूको व्यवस्था गर्नका लागि सम्बन्धित विद्यालयहरूले खेलकुद शीर्षकमा आय आर्जन गर्ने हुँदा खेल सामग्रीको अभाव पनि कहिल्यै हुँदैन । वार्षिक खेलकुद सदस्यता शुल्क र ग्रडिङ टेस्टबाट प्राप्त हुने शुल्क आदिबाट प्रशिक्षकहरूका लागि पारिश्रमिकको व्यवस्था गर्न सकिन्छ तथा विद्यालय स्तरका प्रतियोगिताहरू पनि आयोजना गरी केही रकम सङ्कलन गर्न सकिने हुँदा जिल्ला शिक्षा कार्यालय, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई आर्थिक व्ययभार समेत न्यून हुन्छ ।

अन्त्यमा, विद्यालय स्तरबाट खेलकुदको विकास विस्तार गर्नका लागि 'एक खेल एक विद्यालय कार्यक्रम' को नारा व्यापक गर्न सकेमा बौद्धिक, सृजनशील, प्रतिस्पर्धी, गतिशील, अनुशासित र स्वस्थ खेलाडी तयार भई अन्तर्राष्ट्रिय जगत्मा देशको प्रतिष्ठा अभिवृद्धि गरी नयाँ नेपाल निर्माणका लागि केही सघाउ पुऱ्याउन सकिने हुँदा खेलकुद क्षेत्रको विकासका लागि यस कार्यक्रमलाई हरेक क्षेत्रबाट सक्दो सहयोग गर्नुपर्ने टड्कारो आवश्यकता रहेको देखिन्छ ।

# युवाकी प्रेरणा निर्मला

✍ ।

**धेरैले एचआइभी सङ्क्रमण भएसँगै जीवन सकियो भन्छन्, सपना सकियो भन्छन् । जीवनप्रतिको आशा मार्छन्  तर १४ वर्षमै बालविवाह गर्न बाध्य भएर १५ वर्षको उमेरमा श्रीमान्बाट एचआइभी सङ्क्रमणको सिकार भएकी एक महिलाले जीवनमा सङ्घर्ष गरिन् र अन्य एचआइभी सङ्क्रमितहरूलाई जीजिविषा प्रदान गर्न लागि परिन् । पढौँ नवलपरासीबाट प्रकाश बस्यालले पठाएको यो रिपोर्टः**

निर्मला पौडेलको जन्म २०३९ सालमा नवलपरासी जिल्लाको गैँडाकोट गाविस वडा नं. ३ ढोडेनीमा  भएको थियो । बाल्यकालमै बाबु गुमाएका कारण निर्मलाले चार कक्षाभन्दा बढी पढ्न पाइनन् । बरु परिवारले उनलाई १४ वर्षको कलिलो उमेरमै जबर्जस्ती विवाह गरिदियो । लाऊँलाऊँ र खाऊँखाऊँको कलिलो उमेरमै निर्मलाको गैँडाकोटकै २५ वर्षीय एकनाथ पौडेलसँग विवाह भयो । विद्यालय जाने र पढ्ने रहर हुँदाहुँदै पनि निर्मला परिवारको दबाब सामु निरीह भएर बाल्यकालमै विवाह गर्न बाध्य भइन् । भारतको नयाँदिल्लीमा काम गरिरहेका एकनाथसँगको विवाहले उनको जीवनमा सबैभन्दा ठुलो बज्रपात बोकेर आयो ।

विवाहपछि उनको जीवन झन्झन् समस्यामा फस्दै गयो । विवाहपछि उनले हरेक दिनजस्तो श्रीमान्बाट हिंसा, कुटपिट र ज्यादती सहनुपर्‍यो । श्रीमान् मानसिक समस्याबाट पीडित भएको थाहा पाएपछि मानसिक अस्पताल लगेर उनले श्रीमान्को उपचार गरिन् । मानसिक रोगको औषधी खान थालेपछि उनका श्रीमान्मा केही सुधार त देखियो तर पटक पटक ज्वरो आउने, पखाला लाग्ने जस्ता समस्या भने नियमित भइरह्यो । निर्मलाले श्रीमान्लाई विभिन्न अस्पताल पुर्‍याइन् । आफ्ना गरगहना, पेवा आदि सबै मासेर श्रीमान्को उपचारका लागि खर्च गरिन् । तर उनका श्रीमान्लाई जति उपचार गरे पनि उनको स्वास्थ्यमा बिसको उन्नाइस पनि सुधार भएन । यसरी पटक पटक अस्पताल लैजाँदा पनि निको नभएपछि डाक्टरहरूको सल्लाहमा उनले श्रीमान्को एचआइभी परीक्षण गराइन् । नभन्दै एकनाथमा एचआइभी पोजेटिभ देखियो ।

निर्मला एक्कासि छाँगाबाट खसेजस्तो भइन् । आफूमाथिको आकाश आफ्नै टाउकामा खसेजस्तो भयो उनलाई । यसपछि निर्मलालाई पनि एचआइभी परीक्षण गर्न डाक्टरले सल्लाह दिए । उनले पनि भरतपुर अस्पतालमा गएर तत्काल एचआइभी परीक्षण गरिन् । त्यस वेला उनमा एचआइभी पोजेटिभ देखिएन । उनी निकै



✍ *शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय ।*

खुसी भइन् । नयाँ जीवन पाएको अनुभव गरिन् । संसारै जितेको ठानिन् । उनी यति खुसी भइन् कि त्यसको शब्दमा वर्णन नै गर्न सकिन्न । तर उनको यो खुसी धेरै समय टिक्न सकेन । उनलाई पुनः परीक्षण गर्नका लागि २०५६ सालमा टेकु अस्पताल लगियो । त्यस वेलामा उनको पेटमा ६ महिनाको गर्भ थियो । टेकु अस्पतालले उनको रगत परीक्षण गर्न भारत पठायो । त्यहाँ भने उनमा एचआइभी पोजेटिभ देखियो । यो थाहा पाएपछि निर्मला बेहोस जस्तै भइन् । बेहोसमै उनी काठमाडौँबाट गैँडाकोट आई पुगिन् । उनलाई संसारै अँध्यारो लाग्यो । दुनियाँ नीरस लाग्यो । संसार भासिए जस्तै लाग्यो । संसार सकिए जस्तै भयो । बेसाहारा भएको अनुभव भयो । यसको लगत्तै उनका श्रीमान्को मृत्यु भयो । एकातिर बालविवाहको समस्या भोगेकी कलिली बच्ची, अर्कातिर उमेर नै नपुगीकनको गर्भवती अवस्था झन् त्यही माथि एचआइभी र श्रीमान्को निधन भएपछि त संसारको सबै दुख एकसाथ निर्मलामाथि बज्रियो ।

निर्मलाले गर्भवती महिलाले पाउनुपर्ने आधारभूत सहयोग र सुविधा कहीँ कतैबाट पनि पाइनन् । उनले समाजको गलत दृष्टिकोण र अनावश्यक लाल्छना भोगिन् । हरेक व्यक्तिका छिछि र दुर्दुर् उनले सहिन् । मर्नका लागि कैयौँ पटक डोरी खोजिन् । कैयौँ पटक मेटासिटका बोतल खोलिन् । कैयौँ पटक डरलाग्दा अक्करे भिर चढिन् अनि कैयौँ पटक नारायणीको किनार पुगिन् । तर त्यही पेटको गर्भले उनलाई रोक्यो । त्यही पाठेघरमा हुर्कँदै गरेको भ्रूणले छेक्यो । समाजले विभिन्न लान्छना लगाए पनि, छिछि र दुर्दुर् गरे पनि त्यही पाठेघरमा हुर्कँदै गरेको बच्चाको मायाले गर्दा उनले मृत्युको बाटो त्यागिन् र जीवनको बाटो समातिन् । यस क्रममा उनलाई एचआइभीका क्षेत्रमा काम गर्ने त्रिनेत्र नामक गैरसरकारी संस्थाले साथ दियो । त्यही संस्थाका कर्मचारी तथा स्वयंसेवकले उनलाई घर र माइतीको अभाव पूरा गरिदिए । गर्भवती अवस्थामा त्यही संस्थाले उनको हेरचाह गरिदियो ।

यसै क्रममा उनलाई सुत्केरी व्यथाले च्याप्यो । त्यसपछि उनलाई भरतपुर अस्पताल लगियो र भर्ना गरियो । डाक्टरहरूले उनको कमजोर शारीरिक अवस्था देखेर अप्रेसन गर्नुपर्ने सल्लाह दिए । निर्मलाले आफू एचआइभी सङ्क्रमित भएको कुरा डाक्टरलाई बताइन् । यसपछि त डाक्टरको व्यवहारमा परिवर्तन देखियो । केही समय अगाडिसम्म अत्यन्तै राम्रो व्यवहार गरिरहेका डाक्टरले तत्काल अस्पतालबाट उनलाई निकालिदिए । छुँदैमा अनि सँगै बस्दैमा एचआइभी सर्दैन भन्दै सार्वजनिक ठाउँमा चर्को भाषण गर्ने डाक्टरहरूको क्रूर रूप उनले देखिन् । घर, टोल, छिमेक, माइती सबैतिर उनका लागि बाटो बन्द थियो । घरमा बस्न नदिएर उनलाई गोठमा बस्न दिएका थिए । त्रिनेत्र संस्थाका स्वयंसेवकले बाहेक अन्यले उनलाई राम्रो र मानवीय व्यवहार कसैले गर्दैनथे । तिनै स्वयंसेवकका सहयोगमा अस्पतालले निकालिदिएको तेस्रो दिनमा उनले घरमै नवजात शिशुका रूपमा एक छोरालाई जन्म दिइन् । डाक्टरले अपराध गरे पनि भगवान्ले उनलाई न्याय दिए । कमजोर शारीरिक अवस्थाका बाबजुद पनि उनले नर्मल रूपमा बच्चालाई जन्माइन् । भगवान्ले अर्को कुरामा उनीप्रति न्याय

गरे र त्यो के थियो भने उनको छोरामा चाहिँ एचआइभी पोजेटिभ देखिएन । उनका छोरा गणेश पूर्ण रूपमा स्वस्थ जन्मिए ।

सुत्केरी अवस्थामा पनि निर्मलाले समाजका विभिन्न लान्छना र भेदभाव खेप्नु पर्‍यो । घरपरिवारले उनलाई अछुतलाई जस्तो व्यवहार गरे । भाडाकुँडादेखि शौचालयसम्म छुट्टै प्रयोग गर्नुपर्‍यो । परिवार तथा छिमेकीले उनलाई रोग सर्ने भन्दै बाहिर घुमफिर नगर्न र आफूहरू नजिक नआउन सचेत गराउँदै रोग सर्ने कारण देखाई छिछि दुर्दुर् गरे । यस्ता कुराले उनलाई जीवनको भारीले उठ्नै नसक्ने गरी थिच्न थाल्यो । तर सानो छोराको हँसिलो चेहेराले उनलाई जीजिविषा प्रदान गर्‍यो । त्रिनेत्र नेपालका कर्मचारी तथा स्वयंसेवकहरूले जीवनप्रति उत्प्रेरणा र हौसला जगाइदिए । सुत्केरीबाट तङ्ग्रिएपछि उनी नियमित रूपमा त्रिनेत्रका गतिविधिहरूमा सहभागी भई एचआइभीका बारेमा जनचेतना फैलाउँदै गइन् ।

२०५६ सालमा त्रिनेत्र नेपालबाट सुरु भएको निर्मलाको कर्मक्षेत्रको यात्रा माइती नेपालमा परामर्शदाता, सक्रिय समूह चितवनको संस्थापक अध्यक्ष, राष्ट्रिय एचआइभी एड्स महासङ्घ काठमाडौंको केन्द्रीय उपाध्यक्ष, सिसिएम बोर्ड सदस्य हुँदै अहिले लुम्बिनी प्लसमा पुगेको छ । यस १६ वर्षको अवधिमा निर्मलाले एचआइभी सङ्क्रमितहरूलाई सहयोग गरी उत्प्रेरणाा जगाएर परामर्श दिँदै बिताएकी छिन् । कलिलै उमेरमा नजान्दा नजान्दै एचआइभी सङ्क्रमणमा परेर पनि उनी अरूलाई यसबाट जोगाउन र सङ्क्रमणमा परेकालाई उत्प्रेरणा जगाउनमा सक्रिय छिन् । उनी एचआइभी सङ्क्रमित हुनुलाई जीवनको अन्त्य नभई सृजनशील र चुनौतीपूर्ण जीवनको सुरुवात मान्दछिन् । गाउँगाउँमा पुगेर लुकी बसेका सङ्क्रमितहरूलाई सहयोग गर्ने, उत्प्रेरणा दिने, अन्य व्यक्तिलाई सम्झाउने जस्ता काममा उनको दिनचर्या बित्ने गरेको छ ।

निर्मलालाई नवलपरासीमा एचआइभी सङ्क्रमितको एक बलियो साहारा र भरोसाका रूपमा लिइन्छ । कुनै बेला आफै बेसाहारा रहेकी निर्मला अहिले सयौं सङ्क्रमितहरूको एक मात्र साहारा बनेकी छिन् । उनी अहिले एचआइभी सङ्क्रमित बालबालिकाहरूलाई आवास सहितको शिक्षाका लागि सहयोग जुटाउने अभियानमा जुटेकी छिन् । एचआइभी सङ्क्रमित कलिला बालबालिकालाई सहयोग गर्नका लागि यो काम अत्यावश्यक रहेको उनको बुझाइ छ । त्यसैले चिनेजति र भेटिएजतिसँग उनी सहयोगको याचना गरिरहेकी छिन् ।

एचआइभीका क्षेत्रमा उनले पुर्‍याएको योगदानको कदर स्वरूप २०५९ मा थाइल्यान्डमा एचआइभी सङ्क्रमितहरूको सन्जालले निर्मलालाई सम्मान गर्‍यो । यसै गरी २०६०, २०६१, २०६६, २०६८ र २०६९ सालमा राष्ट्रिय स्तरका विभिन्न सङ्घसंस्थाले उनलाई सम्मान गरेका छन् । उनको जीवनमा आधारित **द निर्मला** नामक चेतनामूलक नेपाली चलचित्र पनि निर्माण भएको छ । कुनै वेलामा छिछि र दुर्दुर् गर्ने छिमेकी, परिवारका अन्य सदस्य तथा आफन्तहरू यतिखेर निर्मलासँग नजिक हुन चाहन्छन् । उनको नामले चिनिन चाहन्छन् । सङ्घर्षले निर्मलालाई यस समाजमा स्थापित मात्र गराएन बलियो पहिचान समेत बनाइ दिएको छ । दुखमा नआत्तीकन आफ्नो जिम्मेवारी

पूरा गऱ्यो भने समाजलाई हामीले चाहे जस्तै बनाउन सक्छौँ भनेर निर्मला आत्मविश्वासका साथ भन्ने गर्छिन्। दुनियाँको पर्वाह नगरी आफ्नो लक्ष्य र उद्देश्यमा हिँड्न सकेमा मात्र सफलता पाउन सकिन्छ भन्ने उनको ठम्याइ छ।

विगत १६ वर्षदेखि म शरीरमा एचआइभीको भाइरस बोकेर हिँडेकी छु तर म थाकेकी छैन भनेर उनी भन्छिन्। सधैंभरि एचआइभीका क्षेत्रमा रहेर सङ्क्रमितका लागि काम गर्ने उनको अठोट छ। आगामी दिनमा सङ्क्रमित बालबालिका तथा प्रभावित बालबालिकाहरूका लागि पुनर्स्थापना केन्द्र खोली सङ्क्रमित बालबालिकाको आमाका रूपमा काम गर्ने आफ्नो योजना रहेको कुरा उनी बताउँछिन्। निर्मला त कठिन भन्दा कठिन समय र अवस्थालाई सङ्घर्षका माध्यमबाट पार गरेर अगाडि बढेकी छिन्। उनको जीवनबाट युवाले ठुलो शिक्षा लिन सक्छन् अनि त्यसलाई व्यवहारमा पनि लागू गर्न सक्छन्। त्यसो भयो भने युवालाई आफूले लिने महान् लक्ष्यलाई चुम्न कसैले रोक्न सक्दैन।

# युवाका कथाभित्रका व्यथा

✍ प्रकृति अधिकारी

दुवै हात खुट्टा टेक्दै शौचालयमा जानुपर्ने अवस्थाका बारेमा कल्पना गरौँ । योभन्दा पीडादायी अवस्था के होला ? यस्ता अनगिन्ती अवरोधबाट गुज्रिएर अझै पनि सङ्घर्ष गरिरहेका छन् अपाङ्गता भएका युवा कृष्ण गौतम ।

हो, शारीरिक अपाङ्गता भएका कृष्णले भोगेका ती मर्मस्पर्शी कथा सुन्दा दुवै आँखा रसाउँछन् । जीवनमा बेहोर्नु परेका ती अत्यासलाग्दा घटना उनका स्मरणबाट सायदै हट्ला । "घरबाट स्कुल झन्डै चार किलोमिटर टाढा थियो । "बुबाआमाले दैनिक पिठ्यूँमा बोकेर स्कुल पुऱ्याइदिनुहुन्थ्यो" १२ वर्षको हुँदा कक्षा १ मा भर्ना भएका कृष्णले कक्षा १० सम्मको अवस्थाका बारेमा यसरी स्मरण गरे - "चार हातखुट्टाले टेक्दै शौचालय जानुपर्थ्यो । अपाङ्गता भएको विद्यार्थी म मात्र भएकाले पनि होला स्कुलले मेरा लागि अलग्गै शौचालयको व्यवस्था गरिदिएन । त्यसैले दिनभरि शौच रोकेर बस्नुपर्थ्यो । यही कारणले गर्दा घरबाट पानी नै नपिई र टन्न खाना नखाई स्कुल पुग्थेँ । कथम्कदाचित् स्कुलमा शौच आइहाल्यो भने नियन्त्रण गर्नुबाहेक अर्को कुनै उपाय हुँदैनथ्यो । स्कुल पढ्दासम्म मैले सहनुपरेका तनाव निकै कष्टकर थिए ।"-उनले आफ्नो अनुभव सुनाए ।

जन्मिएको साढे दुई वर्षसम्म कृष्ण मज्जाले हिँडे । २०३५ सालमा रुकुमको मग्मा बाफिकोटमा जन्मिएका कृष्णलाई पोलियो रोगले च्याप्यो । गाउँमा धामीझाँक्रीबाट फुकाइयो । अनेक औषधिमूलो गरियो । अभिभावकले जेठो छोराको उपचारका लागि भारतको लखनऊसम्म पुऱ्याए । अभिभावक थाके । केही सीप चलेन । अन्ततः उनको जीवन अपाङ्गताकै अवस्थामा बढ्ने निश्चित भयो । बाँकेको कोहलपुरमा रहेको तत्कालीन रामजानकी प्राथमिक विद्यालयमा उनी भर्ना भए । १२ वर्षको छोरालाई दैनिक पिठ्यूँमा बोकेर स्कुलसम्म आउजाउ गराउनु पनि अभिभावकका लागि कम सकस थिएन । अपाङ्गमैत्री नभएकाले बसमा यात्रा गर्न सम्भव नै थिएन । अभिभावकले बोक्नै नसक्ने भएपछि रिक्साको प्रबन्ध गरियो । अभिभावकले सपना देखेका थिए- राम्ररी पढ्यो भने छोराले गरी खाला ।

कृष्ण गाउँमै एसएलसी परीक्षामा पहिलो श्रेणीमा उत्तीर्ण हुने पहिलो व्यक्ति बन्ने कीर्तिमान राख्न सफल भए । उच्च शिक्षाका लागि काठमाडौँ आउन चाहे । सँगैका साथीहरूमध्ये कोही नेपालगन्जतिर लागे भने कोही चाहिँ काठमाडौँ हिँडे । उनलाई पनि ठुलै सहरमा जान पाए हुन्थ्यो



*✍ उपसचिव, युवा तथा खेलकुद मन्त्रालय ।*

भन्ने लाग्यो, तर अभिभावकको आर्थिक अवस्था र आफ्नो शारीरिक अवस्थाले गर्दा त्यो सम्भव हुन सकेन । उनी कोहलपुरकै बागेश्वरी बहुमुखी क्याम्पसमा भर्ना भए । कक्षाकोठा उक्लिन सम्भव भएन । घरमै स्वाध्ययन गर्नुबाहेक उनका अघि अर्को कुनै विकल्प थिएन । जसोतसो प्रमाणपत्र तह पूरा गरे ।

आफूले भोगेको दुखबाट अपाङ्गता भएका अन्य बालबालिकाहरूले गुज्रिन नपरोस् भनेर सामाजिक सेवा गर्ने निर्णयमा कृष्ण पुगे । एउटा संस्था स्थापना गरे । स्थानीय अपाङ्गता भएका युवालाई पनि उनले संस्थामा समेटे । २०५५ सालमा अपाङ्ग नवजीवन केन्द्र बाँके नामक संस्था स्थापना गरियो । त्यो त्यस क्षेत्रको पहिलो स्वावलम्बी संस्थामा दरियो । उनले २०५७ सालमा राष्ट्रिय अपाङ्ग महासङ्घको मध्य पश्चिमाञ्चल क्षेत्रीय अध्यक्ष बन्ने अवसर पाए । उता अध्ययनलाई पनि निरन्तरता दिए र स्वाध्ययन गरी २०६० सालमा स्नातक पनि पूरा गरिछाडे ।

एक दिन अचानक कृष्णले डस्किन लिडर सिप ट्रेनिङका लागि जापान जाने अवसर पाए । एसियाबाट प्रत्येक वर्ष सात जना अपाङ्गता भएका युवालाई त्यस तालिममा सहभागी गराइँदै आएको छ । तालिम एक वर्षको हुन्छ । जापान जानका लागि पाएको त्यस अवसरले उनको जीवनमा परिवर्तन ल्याइदियो । २६ वर्षको हुँदा उनी जापान पुगे । पहिलो पटक ह्विलचियरमा बस्दाको खसी अनुभव गर्न पाए उनले । उनले अपाङ्गता सम्बन्धी नयाँ अवधारणाको अध्ययन गर्ने अवसर पाए- स्वावलम्बन जीवन पद्धति । आफ्नै निर्णयमा आफ्नो समुदायमा स्वतन्त्र, स्वावलम्बी र स्वाभिमानपूर्वक जिउने कला उनले सिके । अपाङ्गता भएका नेपाली युवा तालिम लगायतको अवसर मिलाएर जापान जाने थुप्रै छन् र उनीहरू त्यतै भासिने गरेका छन् । कृष्णले पनि जापानमा कमाउने राम्रो अवसर पाएका थिए तर उनी स्वदेशमै फर्किन चाहे र फर्किए पनि । उनको लक्ष्य थियो- अपाङ्गता भएका नेपाली युवाको अधिकार स्थापित गर्ने । उनी अचेल स्वावलम्बन जीवन पद्धति केन्द्र (आइएलसी) का संस्थापक महासचिवका हैसियतले स्वदेशमा कार्यरत छन् । यस संस्थाको देशका १४ जिल्लामा शाखा छ । अपाङ्गता भएका युवाका पक्षमा वकालत गर्दै आएको छ यस संस्थाले ।

पछिल्लो राष्ट्रिय जनगणना अनुसार कुल जनसङ्ख्याको एक दशमलव ९६ प्रतिशत नागरिक अपाङ्गता भएका छन् । तिनमा शारीरिक, बहिरा तथा सुस्त श्रवण, दृष्टिविहीन, बौद्धिक लगायतका विभिन्न खाले अपाङ्ता भएकाहरू छन् । अपाङ्गता भएकामध्ये ८० प्रतिशत शिक्षाबाट बन्चित भएको ठम्याइ कृष्णको छ । "बहिरा र दृष्टिविहीन भएकाहरू तैबिसेक स्कुलसम्म पुगेका छन्, तर बहुअपाङ्गता, शारीरिक, बौद्धिक अपाङ्गता भएकाहरू घरभित्रै छन् । उनीहरूलाई नियमित रूपमा स्कुल पुऱ्याइ दिने व्यक्ति पनि छैनन्, पढाइ दिने संस्था पनि छैन" उनले भन्ने गर्दछन् । "स्कुल र कलेजको भौतिक संरचना अपाङ्गतामैत्री नभएकाले 'ड्रपआउट' को समस्या छ । उपयुक्त सहायक सामग्री छैनन् । भौगोलिक विकटता छ ।"-उनी भन्छन् ।

शिक्षकलाई अपाङ्गता भएका विद्यार्थीलाई गर्ने व्यवहारका बारेमा थाहा छैन, कक्षाकोठा र शौचालय अनुकूल छैन, पाठ्यपुस्तक उपलब्ध

छैन । अपाङ्गता भएकाहरूको साझा समस्या यिनै हुन् । सवारी साधन पनि अपाङ्गमैत्री छैनन् । नियमित कलेज जान नसक्दा र कलेजमा पुगे पनि तिन, चार तल्ला माथि रहेको कक्षाकोठासम्म उकालिदिने समस्याले शारीरिक अपाङ्गता भएकाहरू स्वाध्ययनमै भर पर्नुपर्ने हुन्छ ।

अपाङ्गता भएका युवाका लागि हक अधिकार स्थापना गर्ने उनको महान् अभियान जारी छ । साझा यातायातले राजधानीका सडकमा बस सेवा सुरु गर्ने भन्ने समाचार सञ्चार माध्यमहरूमा प्रकाशित भएको देख्नासाथै उनी सो यातायातको कार्यालय पुगे । उनले आग्रह गरे तर त्यसको कुनै सुनुवाइ भएन । उनले अपाङ्गतामैत्री बस ल्याउन सुझाएका थिए । त्यसका लागि अतिरिक्त खर्च लाग्ने पनि थिएन । फेरि काठमाडौँ महानगरपालिकाले नयाँ बस ल्याउने भन्ने समाचार पढ्नासाथै उनी त्यहाँ पुगिसकेका छन् । अपाङ्गतामैत्री सवारी साधन उपलब्ध हुन नसक्दा शारीरिक अपाङ्गता भएकाहरू राम्रा शिक्षण संस्था र रोजगार प्रदत्त संस्थासम्म पुग्न नसकेको गुनासो उनको छ ।

कृष्ण अपाङ्गता भएका युवालाई ह्विलचियर, सेतो छडी, वैशाखी लगायतका सहायक सामग्री राज्यले निःशुल्क उपलब्ध गराउनु पर्ने माग गर्छन् । अपाङ्गता भएका युवलाई सूचना तथा सञ्चार प्रविधिमा पहुँचको व्यवस्था हुनुपर्ने बताउँछन् । भारी बोक्ने जस्ता श्रम गर्न नसके पनि सूचना प्रविधिको पहुँच हुन सकेमा यस्ता युवाले रोजागरी प्राप्त गर्न सक्ने सुझाव उनको छ ।

सिंहदरबारभित्रका मन्त्रालयहरू अपाङ्गमैत्री छैनन् । शारीरिक अपाङ्गता भएका युवाको पहुँच ती मन्त्रालयका भवनभित्र हुन सकेको छैन । राज्यले तिनका लागि र्‍याम्पको समेत व्यवस्था गरिदिएको छैन । सडक र सार्वजनिक शौचालय पनि अपाङ्गतामैत्री हुन नसकेकामा उनको निकै दुखेसो छ ।

राज्यले विभिन्न सेवा आयोगमा कुल आरक्षणको पाँच प्रतिशत कोटा अपाङ्गता भएकाहरूका लागि छुट्ट्याएको छ । त्यस्ता कोटामा गम्भीर (अति अशक्त) भन्दा सामान्य, मध्यम खाले वा अवास्तविक अपाङ्गता भएकाहरूको पहुँच बढी हुने गरेको अनुभव उनी सुनाउँछन् । निजी क्षेत्रले अझै पनि कोटा नछुट्ट्याएकामा उनको चित्त दुखाइ छ । “स्कुल, रेस्टुरेन्ट, होटेल, कलकारखाना, उद्योग लगायतका निजी क्षेत्रले एक जना मात्रै अपाङ्गता भएका कर्मचारी राखेमा थुप्रै अपाङ्गता भएका युवाले रोजगारी पाउने थिए । निजी क्षेत्रमा उनीहरूको प्रवेश झन्डै झन्डै शून्य जस्तै छ । त्यसैले धेरै जसो अपाङ्गता भएका युवा बाआमाकै आश्रयमा बाँचिरहेका छन्”- उनले भने ।

राज्यले यस्ता युवालाई सहयोगी उपलब्ध गराउनेपर्ने उनको भनाइ छ । सहयोगी सेवा उपलब्ध गराउनासाथ अपाङ्गता भएका धेरै युवाहरूले घरबाट बाहिर निस्किने अवसर पाउने थिए । जीवन निर्वाह हुनसक्ने जति भत्ता दिनुपर्ने बताउँदै उनी भन्छन्, “बेरोजगार भत्ता उपलब्ध गराउनुपर्दछ । अहिले पाउने गरेको तिन सय र एक हजार रुपियाँले महँगीमा के धान्थ्यो र ? यो रकम लिन पनि गाउँमै पुग्नुपर्ने सास्ती छ ।”

अर्का युवा सुमन घिमिरेको कथा पनि कम मार्मिक छैन । एमएड पूरा गर्दैगर्दा दृष्टिविहीन बन्न पुगेका घिमिरे शिक्षक सेवा आयोगद्वारा

सञ्चालित स्थायी शिक्षक पदको लिखित परीक्षामा नाम निकाल्न सफल भए । दृष्टिविहीन भए पनि माध्यमिक तहमा स्वास्थ्य तथा शारीरिक शिक्षा विषयको शिक्षक बन्न पाउनेमा उनी पूर्ण आशावादी थिए । आफू दृष्टिविहीन भएकाले अन्तर्वार्ताकार हरूले आफूप्रति सदाशयता देखाउनेछन् भन्ने पनि उनलाई लागेको थियो । अन्तर्वार्ताकारहरूले उनलाई उल्टै "दृष्टिविहीनलाई कसरी त्रिभुवन विश्वविद्यालयले स्वास्थ्य र शारीरिक शिक्षामा बीएड र एमएड पढ्न अनुमति दियो ?" भन्दै दृष्टिविहीनहरूले यस विषयमा अध्यापन गर्न सक्दैनन् भन्दै उल्टै प्रतिप्रश्न गरे । उनले आफ्ना आँखा सद्दे हुँदा ती विषय अध्ययन गरेको तर अध्ययन पूरा गर्दैगर्दा दृष्टिविहीन बन्न पुगेको कुरा बताउँदै यति हुँदैमा आफूलाई अध्यापन गर्न कुनै कठिन नहुने तर्क राखे । उनको तर्कको सुनुवाइ हुने छाँटकाँट नै देखिएन । अन्ततः निराशाजनक नतिजा प्राप्त गर्नैपर्‍यो उनले । उनले दृष्टिविहीन भए पनि यो विषय जसरी भए पनि अध्यापन गर्नसक्छु भन्ने आँट बोकेका थिए र अझै पनि त्यो आँट उनमा कायमै छ ।

चितवनको पिठवा-१ का सुमन जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर अन्तर्गतको गोदावरी हेल्थपोस्टका हेल्थ असिस्टेन्ट पदमा कार्यरत छन् । लोक सेवा आयोगद्वारा सञ्चालन हुने शाखा अधिकृत पदमा नाम निकाल्नेमा उनी ढुक्क छन् । "सामान्य ज्ञान लगायतका सामग्री ब्रेल लिपिमा छैन । कसैलाई भन्न लगाएर सुनेका भरमा सेवा आयोगको परीक्षाको तयारी गर्नुपर्ने समस्याबाट युवा दृष्टिविहीनहरू गुज्रिरहेका छन् । लोक सेवा आयोगले लिखित परीक्षामा हामी जस्तालाई सहयोगीको व्यवस्था गरिदिन्छ, तर अन्य सेवामा हामी आफैले खोज्नुपर्ने हुन्छ । हामीले खोजेका व्यक्तिलाई सदर गराउन निकै समस्या झेल्नुपर्ने हुन्छ" -उनले गुनासो गरे ।

सुमन पनि अति अशक्तभन्दा सामान्य अपाङ्गता भएकाहरूको पहुँचमा सेवा आयोग रहेको बताउँछन् । अपाङ्गता भएकाहरूले खुलामा पनि नाम निकाल्छन्, तर अन्तर्वार्तामा फालिन्छन् भन्ने बुझाइ छ उनको । उनी अपाङ्गता भएका युवाका लागि गम्भीरताका आधारमा कोटा निर्धारण गर्नुपर्ने धारणा राख्छन् । अति अशक्त, मध्यम र साधारण अपाङ्गता भएकाहरूबिच फरक फरक प्रतिस्पर्धा गर्नुपर्ने माग उनको छ ।

दृष्टिविहीनका लागि विद्यालय र कलेजमा पर्याप्त ब्रेल पुस्तक उपलब्ध नभएको र अडियो बुक सुगममा मात्र उपलब्ध भएको उनी बताउँछन् । विशेष शिक्षा लिएका शिक्षक अभाव हुनु पनि एउटा समस्याका रूपमा रहेको छ । "हामी दृष्टिविहीनहरूले जुनसुकै परीक्षामा पनि ब्रेलमा लेखेका हुन्छौं भने हाम्रा उत्तरपुस्तिकाहरू पनि ब्रेलमै परीक्षण हुने व्यवस्था हुनुपर्दछ," सुमनले भने । अपाङ्गता भएका युवालाई शिक्षण, विभिन्न तालिम केन्द्र, कम्प्युटर लगायतका क्षेत्रमा रोजगारीको अवसर उपलब्ध गराइनुपर्ने माग उनको छ ।

माथि उल्लेख गरिएका अपाङ्गता भएका युवाका मार्मिक कथाहरूलाई मनन गर्दा यस्ता युवाका लागि विशेष आवश्यकता शिक्षाको व्यवस्था गर्नु वाञ्छनीय हुने देखिन्छ ।

नेपालमा अपाङ्गता भएका विद्यार्थीहरू जम्मा ७३ हजार ५६९ छन् । शिक्षा विभागका अनुसार प्राथमिक तहमा ४७ हजार ८८२, निम्न माध्यमिक तहमा १६ हजार ४६५, माध्यमिक

तहमा छ हजार ९३७ र उच्च माध्यमिक तहमा दुई हजार २८५ जना अपाङ्गता भएका विद्यार्थीहरू अध्ययनरत छन् । ती सबैभन्दा बढी शारीरिक अपाङ्गता भएकाहरू छन् भने बाँकी बौद्धिक अपाङ्गता भएका, दृष्टिविहीन, अल्पदृष्टि भएका लगायत छन् । उनीहरूलाई अपाङ्गताको स्तर हेरी एक हजारदेखि ३० हजार रुपियाँसम्म छात्रवृत्ति उपलब्ध गराउँदै आइएको छ। सरकारले अपाङ्गता भएकाहरूलाई भत्ता पनि उपलब्ध गराउँछ । रातो कार्डधारी अपाङ्गता भएकाले मासिक एक हजार रुपियाँ र निलो कार्ड भएकाले तिन सय रुपियाँ प्राप्त गर्न सक्दछन् भने पहेँलो र सेतो कार्ड भएकाहरूले भत्ता पाउँदैनन् । जिल्ला महिला तथा बालबालिका कार्यालयले अपाङ्गता भएकाहरूलाई परिचयपत्र वितरण गर्दछ। तर सो कार्यालयमा प्राविधिक जनशक्ति नभएकाले कार्ड वितरणमा पनि समस्या आउने गरेको अपाङ्गता भएका युवाको गुनासो छ ।

नेपालमा विशेष आवश्यकता शिक्षा विद्यालय ३४ वटा मात्र छन् । तिनमा तिन सय शिक्षक कार्यरत छन् । उनीहरू स्थायी दरबन्दीका होइनन्। सामान्य तालिम लिएर त्यस्ता विद्यालयमा अध्यापन गर्दै आएका छन् । करारमा कार्यरत ती शिक्षकहरू अन्यत्र राम्रो अवसर पाउनेबित्तिकै जाने गरेकाले विशेष आवश्यकता शिक्षाका विद्यालयहरूमा उपयुक्त र दक्ष शिक्षकको सधैँ खाचो पर्ने गरेको छ ।

विशेष आवश्यकता शिक्षाका लागि औपचारिक पठनपाठन हुनुपर्ने भन्दै दक्षिण कोरियाको चाङवाङ राष्ट्रिय विश्वविद्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा त्रिभुवन विश्वविद्यालयले बीएड र एमएडमा विशेष आवश्यकता शिक्षा विषयमा अध्यापन सुरु गरेको छ। २०७१ सालबाट कीर्तिपुरस्थित विश्वविद्यालय क्याम्पसमा एमएड र २०७२ सालबाट सानोठिमी क्याम्पसमा बीएडको पठनपाठन हुँदै आएको छ । ती क्याम्पसमा त्रिविका एकमात्र स्थायी शिक्षकले अध्यापन गर्छन् भने अन्य शिक्षकका रूपमा विभिन्न सरकारी सेवाका कर्मचारीहरूलाई प्रयोग गरिँदै आइएको छ। सरकारी सेवाका ती कर्मचारीहरूले भने विदेशमा विशेष आवश्यकता शिक्षा अध्ययन गरेकाले नै उनीहरूले अध्यापनको अवसर पाएका छन् ।

कोरियाको चाङवाङ राष्ट्रिय विश्वविद्यालयको विशेष आवश्यकता शिक्षा विभागका डीन प्रा.डा. दे योङ जङ नेपाल भ्रमणमा आएका थिए। उनले १० वटा त्यस्ता विद्यालयमा गई अनुगमन गरेको तर तीमध्ये कुनै पनि विशेष आवश्यकता शिक्षाका विद्यालय नलागेको बताए। उनले आफूहरूले नेपालमा एउटा नमुना विशेष आवश्यकता शिक्षा सम्बन्धी विद्यालय स्थापना गरिदिने बताए। उनले भने - "अपाङ्गता भएका धेरै विद्यार्थी प्रतिभाशाली छन् । तिनलाई शिक्षा दिएर समाजमा पुनर्स्थापना गर्न सकिन्छ । शिक्षा दिनुभन्दा घरमा राख्न आठ गुणा बढी लगानी हुन्छ भन्ने अध्ययनले देखाएकाले

अपाङ्गता भएकालाई घरमा नराखौँ। उनीहरूलाई शिक्षा दिएर आत्म निर्भर बनाऔँ ।"

# आर्थिक पुनर्निर्माणमा युवाको भूमिका

-प्रा.डा.गोविन्दराज पोखरेल[ञ]

दश वर्षको आन्तरिक द्वन्द्व, झन्डै दश वर्षको सङ्क्रमण काल, त्यसपछि वैशाख १२ गते गएको भूकम्पले हाम्रो देश आर्थिक रूपले तहस नहस भएको छ। झन् संविधान जारी गरिएपछिको तराई आन्दोलन र नाकाबन्दीले देशको अर्थतन्त्र सोच्नै नसक्ने अवस्थामा पुगेको छ । माओवादी द्वन्द्वकालबाट सुरु भएको चन्दा, जबरजस्ती असुली, अपहरण, बन्द आदिले सृजना गरेको विशेष परिस्थितिमा खास गरी ग्रामीण क्षेत्रमा उद्यमशीलताको उन्मूलन अभियान सङ्क्रमण कालभरि नै कुनै न कुनै रूपमा रहिरह्यो । भूकम्प र संविधान घोषणापछिको नाकाबन्दीले पनि केही समयका लागि उद्यमशीलताको र उद्यमी बन्ने चाहनाको ढाडै नै भाँच्चियो । दोस्रो संविधान सभापछि लगानीका केही शुभ सङ्केत देखिएका थिए । पिडिए, पिटिए, सिमेन्ट होटल लगायतका ठुला लगानीको माहोल बन्न लागेको थियो । तर भूकम्प र लगातारको परकम्प अनि संविधान घोषणापछिको अकल्पनीय राजनैतिक कम्पनले देशको अर्थतन्त्रको ओरालो लाग्ने क्रम कहिले रोकिने हो आगामी दिनमा युवाहरूको परिचालन र युवा पुस्ताको देशप्रतिको जिम्मेवारीबोधले कतिसम्म गम्भीर रूपमा लिएर अघि बढ्छ त्यसैले नै बताउला ।

यही पृष्ठभूमिमा सरकारले ३१ जिल्लामा भूकम्पपछिको पुनर्निर्माण कार्य सुरु गर्न लागेको छ। राष्ट्रिय योजना आयोगले छोटो समयमा तयार गरेको विपद्पछिको आवश्यकताको आँकलन, अनुमानित लागत र ध्यान दिनु पर्ने २१ वटा क्षेत्र र विषयहरू पहिचान गरी चिसो र वर्षामा कष्टकर दिन बिताएका जनतालाई ध्यानमा राखी ५ वर्षसम्म चाहिने अनुमानित वार्षिक बजेट पनि सालाखाला रूपमा औँल्याएको छ। तर पुनर्निर्माणमा धेरै चर्चा परिचर्चा भौतिक र पुरातात्त्विक पुनर्निर्माणको नै भएको छ । जोखिमयुक्त वस्तीको पहिचान, एकीकृत वस्तीको विकासको योजना र खाका तयार गरिसकेपछि ग्रामीण क्षेत्रमा थुप्रै युवाहरूका निमित्त तालिम र क्षमता अभिवृद्धि कार्य सुरु गर्दै निजी घर र सार्वजनिक पूर्वाधारहरूको निर्माण कार्य सुरु हुनेछ । सुरक्षित, एकीकृत र भौतिक रूपले दरिलो गाउँ, सहर र वस्तीहरू र पूर्वाधारको निर्माण तोकिएको समयमा हुने नै छ। यी कार्यमा अर्को थप महत्त्वपूर्ण र चुनौतीपूर्ण कार्य भनेको आर्थिक पुनर्निर्माण हो जसका अभावमा बनाएका सुन्दर ग्रामीण वस्तीहरू पछि युवा विहीन नहोलान्

1 पूर्वउपाध्यष, राष्ट्रिय योजना आयोग

पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

ञ शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय ।

भन्न सकिन्न । त्यसैले पुनर्निर्माणलाई दिगो र सफलीभूत पार्न व्यापक रूपमा युवाहरू परिचालन गरी आर्थिक विकासका कार्यक्रम र स्थानीय स्तरमा युवामार्फत उत्पादनशील गतिविधि बढाउन जरुरी छ ।

आर्थिक पुनर्निर्माणमा पहिलो ध्यान केन्द्रित चाहिँ पहिले गरिएका संयुक्त राष्ट्र विकास कार्यक्रम र केही सरकारी तथा दातृ निकायबाट गरिएका स-साना उद्यमी विकासका गतिविधिलाई छोड्ने हो भने हाम्रो झन्डै एक पुस्ताले ग्रामीण क्षेत्रमा गुमाएको विशेष गरी युवावर्गको उद्यमशीलता र तिनीहरू मार्फत स्थापना हुने उद्योगको विकास गर्नु हो । हामीले अब एक युवा उद्यमी निर्माण गर्नु भनेको राष्ट्रलाई तिन वटा शुभ कार्य गरेसरह हुन्छ जुन मानसिकता कम्तीमा पनि पुननिर्माण गरिने ३१ जिल्लाका युवाहरूमा फैलाउनु पर्छ । एक व्यक्ति उद्यमी हुँदा पहिले ऊ आफै सरकारको बोझबाट स्वतन्त्र हुन्छ भने दोस्रो कुरा उसले तिरेको करबाट सरकारी र विकास खर्चका लागि केही रकम राज्यको ढुकुटीमा जम्मा हुन्छ । तेस्रो कुरा भनेको उक्त युवा उद्यमीले केही व्यक्तिलाई रोजगारी दिएर ती व्यक्तिलाई पनि सरकारमाथि भार पर्नबाट जोगाइदिन्छ ।

अब कसरी गर्ने त ? ३१ जिल्लाका करिब ६०० गा.वि.स. अहिले प्रभावित छन् । ती गा.वि.स.मा कृषि विज्ञ, उद्यम तथा व्यवसाय विज्ञहरू पठाई क्षेत्रगत रूपमा केके उत्पादन गर्न सकिन्छ, वजारमा पुऱ्याउनलाई स्थानीय उत्पादनलाइ के गर्नु पर्छ, कुन कुन प्राविधिकको खाँचो छ र लगानी आवश्यकता के छ र कस्तो नीति ल्याउँदा दीर्घकालीन रूपमा ती उद्योग तथा उत्पादन कार्यहरू दिगो रूपमा चल्न सक्दछन् भनेर युवाहरूसँगको छलफलबाट प्राप्त सुझावलाई समेत अध्ययन गरी प्रतिवेदन जम्मा गर्ने । पुनर्निर्माण प्राधिकरणले अन्य सरकारी निकाय निजी क्षेत्रसँग सहकार्य गरी ती प्रतिवेदन अध्ययन गरी त्यस्ता क्षेत्रमा इच्छुक युवाहरूको चयन गरी बजार केन्द्रका र सहर केन्द्रित निजी क्षेत्रसँग समन्वय गरी सम्बन्धित विषयका तालिमहरू युवाहरूलाई संलग्न गराई सञ्चालन गर्ने ।

उक्त तालिम प्राप्त युवाहरूलाई सहर केन्द्रित निजी क्षेत्र या साल्टट्रेडिङ्ग, खाद्य संस्थान वा अन्य निजी सरकारी एवं गैरसरकारी सङ्घसंस्थासँग उत्पादन खरिद गर्ने करार सम्झौता गराई ती संस्थामार्फत बैङ्ककहरू परिचालन गरी युवाहरूलाई सहुलियत ऋण उपलब्ध गराउने । यसरी स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरू बजार र सहरमा आई पुग्दछन् । ग्रामीण वस्तीमा पुनर्निर्माणका सामग्री लिएर जाने सवारी साधनहरू कम्तीमा केही सामग्री लिएर फर्किऊन् भन्ने अवधारणा अनुरुप कार्य गर्नु पर्दछ । केही नभए पनि उदाहरणका लागि दोलखाको कुनै गाउँमा ढुङ्गा मात्रै छन् भने त्यस गा.वि.स. मा बिजुली बत्ती पनि छैन भेन सोलार पाता राखी दिउँसोमा ढुङ्गा काट्ने स-साना मेसिन चलाई कुँदिएका वा इँटा आकारका ढुङ्गा गाउँमै उत्पादन गर्दा सहर फर्किने ढुवानी साधनमा ती उत्पादन बढाउन सकिन्छ र यसरी गाउँ सहर जोडी आर्थिक गतिविधि बढाउन सकिन्छ र ग्रामीण युवालाई प्रविधिमा पहुँच पुऱ्याई

स्वावलम्बी बनाउन सकिन्छ ।

पुनर्निर्माण कार्यमा हामीले निजी क्षेत्र र युवा उद्यमशीलता विकास गर्ने सङ्घसंस्थासँग बढी सहकार्य गर्दा सृजनशीलताको प्रयोग हुन जान्छ जसले गर्दा पुनर्निर्माण गरिने क्षेत्रमा युवाहरूमाझ उद्यमशीलताको संस्कृतिको विकास हुन्छ। प्रभावित क्षेत्रलाई उत्पादनशील क्षेत्र बनाउन जतिसक्दो निजी क्षेत्रको र युवाको सहभागिता बढी र गैरसरकारी संस्थाहरूको संलग्नता कम गर्नु पर्दछ। लगानी आयव्यय र ऋण लिई पुँजीको विकास गर्ने संस्कृतिको सन्देश फैलाउने निजी क्षेत्र नै हुन् र त्यसलाई दिगो बनाउने युवा नै हुन् । द्वन्द्व र सङ्क्रमण कालका वेला गैरसरकारी संस्थाले सेवामा सहयोग पुऱ्याए तापनि अबका दिनहरूमा हामीले स्थानीय उत्पादन बढाउने, ती वस्तुहरूलाई बजारसम्म पुऱ्याउने र लगानीको वातावरण सृजना गर्ने स्थानीय निजी क्षेत्रको विकास गरी तिनीहरूको सञ्जाल सहरसम्म फैलाई दिने काम गर्नु पर्दछ ।

पुनर्निर्माणका क्रममा थुप्रै रोजगारीका अवसरहरू सृजना हुनेछन् र रोजगारीको आशा गरी बसेको युवाहरूलाई उचित र राम्रो रोजगारीका अवसरहरूमा पहुँच पुऱ्याउनका लागि तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नु पर्छ। कम्तीमा पनि प्रत्यक्ष रूपमा बिस (२०) हजारभन्दा बढी दक्ष मिस्त्रीले रोजगारी पाउनेछन् । धेरै मात्रामा निर्माण सामग्रीको प्रयोग हुनेछ । सहर, बजार र गाउँमा यातायात र ढुवानीका सञ्जाल र कार्यहरूको वृद्धि हुन जानेछ । हस्तकला उद्योगहरूको वृद्धि र विकास गरी सहुलियत रूपमा ऋण उपलब्ध गराई यस्ता उद्योगहरूको थप विस्तार गर्नु पर्ने हुन्छ । परम्परागत रूपमा अपनाइएका सीप, कलालाई अझ बढी प्रोत्साहन गर्दै युवा पुस्तालाई बढीभन्दा बढी संलग्न गराई यस्ता सीपहरू नयाँ पुस्तामा हस्तान्तरण गराई रोजगारीका अवसरहरू सृजना गर्नुपर्ने हुन्छ । पुनर्निर्माणका क्रममा “Revenue from Rubble” भन्ने अवधारणालाई अबलम्वन गरी पर्यटकहरूलाई भूकम्प अघि र पछिका धरोहरहरूका बारेमा जानकारी दिनका लागि व्यापक प्रचार प्रसार गरी रोजगारी बढाउदै थुप्रै आर्थिक आम्दानी गर्न सकिन्छ ।

पुनर्निर्माण भनेको केवल भौतिक पूर्वाधारको निर्माण मात्र होइन; बरु दिगो, सक्षम र गतिशील आर्थिक गतिविधि सृजना गर्दै गरिने सामाजिक तथा पूर्वाधारको विकास हो जसले देशमा दिगो आर्थिक वृद्धिको वातावरण र सम्भावना पैदा गर्दछ । पुनर्स्थापना, पुनर्निर्माण र फराकिलो अनि दिगो आर्थिक वृद्धिका लागि विभिन्न प्रकारका नीतिगत र आर्थिक सुधारको आवश्यकता पर्दछ । युवा, किसान र मझौला तथा साना उद्योगीहरूलाई अनुदान र सहुलियत ऋण उपलब्ध गराई उपकरण, बीउबिजन, बजार, तालिम र प्रविधिमा उनीहरूको पहुँच पुऱ्याउन सहजीकरण गर्नु पर्दछ। नगदका लागि रोजगारी, श्रममा आधारित उत्पादन, निजी क्षेत्रको संलग्नताले श्रम गर्ने वर्गमा तुरुन्तै नगद प्रवाह गरी ग्रामीण बजारहरूलाई चलायमान बनाउन सकिन्छ जसले गर्दा ग्रामीण क्षेत्रमा उत्पादित वस्तुहरूले सजिलै बजार पाउनेछन्। पुनर्निर्माणको मौकामा नै नयाँ

प्रविधिको हस्तान्तरण, निर्माण सामग्रीको उत्पादन गर्ने उद्योगहरूको विस्तार गर्नमा उचित राहतका प्याकेज सहित उपयोग गर्नु पर्दछ । सृजनशील लगानीका औजारहरूको उपयोग, उद्यमशील क्षमताको अभिवृद्धि र युवा उद्यमी र प्राविधिक व्यक्तिहरूलाई परिचालन गर्नु पर्दछ ।

देशको जनसङ्ख्याको ४०.३ प्रतिशत हिस्सा ओगटेको युवा वर्गलाई उद्यमशील बनाउनुका साथै उद्योगको विकासतिर आकर्षित गर्न सके आर्थिक विकास दिगो हुनेछ । यी कार्यहरू मार्फत आर्थिक पुनर्निर्माण भई हाम्रो ग्रामीण अर्थतन्त्र उत्पादनशील गतिशील र दरिलो भई बनाइएका दरिला र सुन्दर घरहरूमा युवा पुस्ता रमाएर बस्ने छन् अन्यथा जति सुन्दर वस्ती भए पनि आर्थिक गतिविधिका अभावमा ती वस्तीहरू युवा विहीन हुनेछन् ।

# युवा विकासका सन्दर्भमा युथ भिजन - २०२५

✍ -महेन्द्र प्रसाद पौड्याल

युवा समाज र देश विकासका संवाहक शक्ति हुन् भन्ने तथ्यलाई सबैजसो राष्ट्र र संयुक्त राष्ट्र सङ्घले स्वीकारेको देखिन्छ । युवा जनशक्तिको सही व्यवस्थापन गर्न सक्षम मुलुकहरूले सामाजिक र आर्थिक विकासमा फड्को मार्न सफल भएको यथार्थ सबैका अघि छर्लङ्ग छ । अर्कातिर, उपलब्ध युवा जनशक्तिको सही व्यवस्थापन गर्न नसक्दा धेरै मुलुकहरू गरिबी, सामाजिक विकृति र द्वन्द्वका चपेटामा परेका छन् जसले विश्वव्यापी रूपमा दिगो शान्ति र समृद्धिमा गम्भीर समस्या र चुनौती सिर्जना भएको छ ।

नेपाल लगायत दक्षिण एसियाली राष्ट्रहरूमा जनसङ्ख्यामा युवाको समूह (Youth Bulge) ठुलो भएको हुँदा जनसाङ्ख्यिक लाभ (Demographic Dividend) लिन सक्ने सुनौलो अवसर विद्यमान छ । तर हामीले यस महत्त्वपूर्ण अवसरको सदुपयोग गर्न ढिलो भइसकेको अवस्था छ । देश विकासका लागि वरदानका रूपमा प्राप्त ४० प्रतिशत युवा जनशक्तिलाई वैदेशिक श्रम बजारमा सस्तो श्रम बेच्न पठाएर राष्ट्रिय अर्थतन्त्रलाई विप्रेषणमा निर्भर गराउँदै लानु निश्चय नै देशका हितमा हुन सक्दैन (Ministry Of Youth and Sports, 2014) । यो यथार्थलाई स्वीकार गर्दा गर्दै पनि युवाको क्षमता तथा सीप विकास, विकास प्रक्रियामा सार्थक सहभागिता, नेतृत्व विकास, उद्यमशीलता विकास र उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गरी लगानी मैत्री वातावरण सिर्जना गर्ने हाम्रा प्रयासहरू त्यति पर्याप्त र प्रभावकारी हुन सकेका छैनन् । यसै बिच नेपाल सरकारले नेपाली युवाको विकासका लागि राष्ट्रिय युवा नीति, २०६६ को पुनरावलोकनपछि उक्त नीतिलाई प्रतिस्थापन गरी राष्ट्रिय युवा नीति - २०७२ जारी गरेको छ (युवा तथा खेलकुद मन्त्रालय, २०७२क) । उक्त नीतिले परिलक्षित गरेका नीति, रणनीति र कार्यनीतिको कार्यान्वयनका लागि सन् २०२५ सम्मको दूरदृष्टि हासिल गर्न युथ भिजन - २०२५ (Youth Vision -2025) सहितको दश वर्षीय रणनीतिक योजना मन्त्री परिषद्बाट २०७२ असोजमा स्वीकृत भई कार्यान्वयनमा आएको छ (युवा तथा खेलकुद मन्त्रालय, २०७२ख) । संयोग नै मानु पर्छ यसै वर्ष लामो प्रतीक्षापछि व्यवस्थापिका संसद्बाट राष्ट्रिय युवा परिषद् ऐन, २०७२ पास भई २०७२ फागुनमा राष्ट्रिय युवा परिषद्को गठन भइसकेको छ । उक्त ऐनको प्रस्तावनामा नै युवाको हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवाको सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म

आवश्यकता अनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले ऐन तर्जुमा गरिएको (कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, २०७२) भन्ने उल्लेख भएबाट युवा परिषद् युवाको समग्र विकास र राष्ट्र निर्माणमा उनीहरूको सार्थक सहभागिताका लागि पूर्ण रूपमा जिम्मेवार निकाय भएको कुरा स्पष्ट हुन आउँछ ।

यसरी यसै वर्ष युथ भिजन -२०२५ जारी हुनु र यसै वर्ष राष्ट्रिय युवा परिषद्को गठन हुनुले सबै नेपाली युवा र युवा विकासमा सरोकार राख्ने सबैमा अब नेपाली युवाले व्यावसायिक शिक्षा तथा सीपमूलक तालिमको अवसर प्राप्त गरी स्वदेशमै चाहेको पेसा, व्यवसाय र उद्यममा संलग्न भई रोजगार तथा स्वरोजगार बन्ने अवसर प्राप्त गर्नेछन् र बाध्यतावश वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य हुनेछ भन्ने आशाको सञ्चार गराएको छ । यसको अर्थ यस अघि युवाका लागि कार्यक्रम सञ्चालन गर्ने निकाय नै नभएको भन्ने होइन । विभिन्न निकायहरूबाट युवा लक्षित सीप र उद्यमशीलता विकासका तालिम तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, परामर्श प्रदान गर्ने, युवा प्रतिभा तथा युवा उद्य(मीलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रमहरू विभिन्न निकायबाट सञ्चालन भइरहेका छन् । तर ती कार्यक्रमहरू content र delivery दुवै दृष्टिले युवाका आवश्यकता, माग र आकाङ्क्षालाई उचित रूपमा सम्बोधन गर्न तथा युवामा उद्यमशीलता विकास गर्न असफल रहेको तथ्य आफ्ना खेतबारी बाँझै राखेर वैदेशिक रोजगारीमा भौंतारिने युवाको सङ्ख्यामा कमी नआउनुले पुष्टि गरिरहेको छ । जसले नयाँ पुस्तामा स्वदेशमा उपलब्ध अवसरको उपयोग उपयोग गरी देशमै केही गर्ने सकारात्मक सोचभन्दा पनि स्वदेशमा केही नदेख्ने बरु वैदेशिक रोजगारीलाई सजिलो विकल्पका रूपमा लिने संस्कृतिको विकास हुँदै गएको पाइन्छ । परिणामतः यति धेरै कृषि योग्य जमिन भएर पनि हामी खाद्य(ान्नमा परनिर्भर बन्दै गएको छौं । युवा शक्तिको ऊर्जा बेचेर अर्थतन्त्रलाई विप्रेषणमा निर्भर बन(ाउँदै लाने कार्य हाम्रा लागि कति आत्मघाती छ भन्ने विषयमा उच्च राजनीतिक र प्रशासनिक तहले गम्भीरतापूर्वक सोच्न ढिलो भइसकेको छ ।

## किन तयार भयो युथ भिजन - २०२५ ?

जनसङ्ख्याको ठुलो हिस्सा युवा क्षेत्र cross-cutting sector भएकाले कुनै एउटै निक(ायले युवा विकासका सबै माग र आवश्यकतालाई सम्बोधन गरी कार्य गर्न सम्भव देखिन्न । यसका लागि विभिन्न निकाय बिच सुदृढ समन्वय हुन जरुरी छ । अहिले एकातिर युवमैत्री बजेट नभएको भन्ने गुनासो सरोकारवालाको छ भने अर्कातिर कृषि विकास, शिक्षा, स्वास्थ्य, पर्यटन, श्रम तथा रोजगार, अर्थ, युवा तथा खेलकुद आदि मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट सञ्चालित युवा लक्षित कार्यक्रमका बजेटलाई एकीकृत गरेर हेर्दा पर्याप्त नभए पनि ठुलो खर्च हुने गरेको देखिन्छ । तर त्यसबाट ठोस परिणाम हासिल हुन सकेको देखिन्न । अन्तर निकाय समन्वय र एकीकृत प्रयास मार्फत युवालाई राष्ट्रको विकासमा ठोस रूपमा सहभागी हुन पाउने वातावरण निर्माण गर्ने उद्देश्यले युवा तथा खेलकुद मन्त्रालयका पहलमा सबै युवा सम्बद्ध निकायसँग समन्वय गरी **युथ भिजन -२०२५** तयार पारी नेपाल सरकारबाट

स्वीकृत समेत भएको हो ।

## कसरी तयार भयो युथ भिजन - २०२५ ?

राष्ट्रिय युवा नीति पुनरावलोकन तथा सो नीतिको कार्यान्वयनका लागि युथ भिजन -२०२५ सहितको दश वर्षीय रणनीतिक योजना तयार पार्न युवा तथा खेलकुद मन्त्रालयले युवाको विकास तथा सशक्तीकरणका क्षेत्रमा अनुभव हासिल गरेका र युवा सम्मिलित एक कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले ७५ जिल्लाका युवाको प्रतिनिधिमूलक सहभागिता हुने गरी देशका ५ क्षेत्रमा गोष्ठी आयोजना गरेको थियो । उक्त गोष्ठीमा युथ भिजनको प्रारम्भिक खाका प्रस्तुत गरी समेटिनु पर्ने विषयवस्तुका बारेमा राय सुझाव लिने कार्य गरिएको थियो । त्यसपछि केन्द्रीय स्तरमा विभिन्न क्षेत्रका युवा युवा विकाससँग सरोकार राख्ने विभिन्न व्यक्ति तथा सङ्घसंस्थाहरूसँग चरणबद्ध रूपमा छलफल तथा परामर्श कार्यक्रमहरू आयोजना गरी प्राप्त सुझावहरूलाई समेट्ने कार्य गरिएको थियो । त्यस्ता छलफल कार्यक्रममा राजनीतिक क्षेत्रमा क्रियाशील युवा, विद्यार्थी, अपाङ्गता भएका युवा, महिला युवा, तेस्रो लिङ्गी युवा, युवा सशक्तीकरण तथा युवा अधिकारका लागि क्रियाशील युवा, युवाका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर ाष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि र युवासँग सरोकार राख्ने अन्य मन्त्रालय तथा निकायका युवा सम्पर्क विन्दुदेखि नेपाल सरकारका पूर्वसचिवहरू, प्राध्यापक तथा बुद्धिजीवीहरू, युवा सांसद्हरू तथा युवा नेताहरूको सहभागिता रहेको थियो जसले युथ भिजन -२०२५ लाई comprehensive document का रूपमा विकास गर्न सहज हुनुका साथै सबैले यसको स्वामित्व ग्रहण गर्ने वातावरण निर्माण हुन पुगेको छ । यसरी कार्यदलले विभिन्न क्षेत्रबाट प्राप्त राय, सुझाव तथा युवाको अवस्था र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति विश्लेषणका आधारमा सन् २०२५ सम्मको दूरदृष्टि सहितको दश वर्षीय रणनीतिक योजनाको मस्यौदा तयार पारी युवा तथा खेलकुद मन्त्रालयमा पेस गरेको थियो ।

जनसङ्ख्याको ठुलो हिस्सा ओगट्ने युवा क्षेत्र ज्यादै व्यापक र बृहत् भएकाले युवा विकासका विषयहरू विभिन्न मन्त्रालय तथा निकायहरूसँग अन्तर्सम्बन्धित हुनु स्वाभाविक हो । यसै तथ यलाई मनन गरी मन्त्रालयले कार्यदलबाट प्राप्त मस्यौदा युवासँग सरोकार राख्ने अन्य मन्त्रालय तथा निकायहरूको राय सुझाब तथा सहमति लिई मस्यौदालाई अन्तिम रूप प्रदान गर्न मन्त्रालयका सहसचिवको संयोजकत्वमा शिक्षा, श्रम तथा रोजगार, स्थानीय विकास मन्त्रालयका प्रतिनिधि सम्मिलित एक समिति गठन गरेको थियो । उक्त समितिले अर्थ, कानुन लगायत युवासँग सरोकार भएका सबै मन्त्रालय तथा निकायहरूको राय र सहमतिका लागि मस्यौदा पठाई सुझाव तथा सहमति प्राप्त गरी मस्यौदालाई अन्तिम रूप दिई मन्त्रालयमा पेस गरेपछि २०७२ असोजमा स्वीकृतिका लागि नेपाल सरकार मन्त्री परिषद् मा पेस गरियो र यो मस्यौदा मन्त्री परिषद्बाट २०७२ असोज १९ गते स्वीकृत भएको हो । सबैको सहभागितामा तयार भएको हुँदा आज सबै क्षेत्रबाट युथ भिजनको कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्

लाई घचघच्याउनुका साथै सहकार्य र समन्वयका लागि तत्परता समेत देखिएको छ । यसलाई **युथ भिजन -२०२५** निर्माणमा सबैको सहभागिताको परिणामका रूपमा लिन सकिन्छ ।

## के छन् युथ भिजन-२०२५ मा युवा विकासका दूरदृष्टि र उद्देश्य ?

राष्ट्रिय युवा नीति २०७२ ले परिलक्षित गरेका युवा विकासका लक्ष्य, उद्देश्य तथा नीतिका सापेक्षतामा युथ भिजन-२०२५ ले नेपाली युवाको समग्र तथा समावेशी विकासका लागि निम्नानुसारको दूरदृष्टि निर्धारण गरेको छ :

नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने ।

उल्लिखित दूरदृष्टि हासिल गर्नका लागि निम्नानुसार दीर्घकालीन लक्ष्य राखिएको छ :

जीवनोपयोगी शिक्षा, रोजगार, स्वास्थ्य र सामाजिक सुरक्षा लगायतका युवा विकासका क्षेत्रमा व्यापक लगानी गरी आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकास मार्फत आगामी १० वर्षभित्र राष्ट्रिय समृद्धि, समानता र सामाजिक न्याय हासिल गर्दै देशलाई अति कम विकसित राष्ट्रबाट द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन सक्षम जनशक्ति तयार गर्ने ।

उल्लिखित लक्ष्य प्राप्तिका लागि निम्नलिखित पाँच वटा उद्देश्यहरू राखिएका छन् :

१) युवा विकासको दूरदृष्टि तथा आगामी १० वर्षका लक्ष्य सूचक तय गर्ने ।

२) युवा विकासका मूल आधारस्तम्भ निर्धारण गरी आगामी १० वर्षका लागि मूल रणनीति तय गर्ने ।

३) राष्ट्रिय युवा नीति, २०७२ ले निर्दिष्ट गरेका नीति र कार्यनीतिहरूलाई कार्यान्वयनका लागि मार्गनिर्देश गर्ने ।

४) युवा क्षेत्रको विकासका मूल समस्या, चुनौती र सम्भावना पहिचान गरी तदनुरूप योजना तथा कार्यक्रम तय गर्ने ।

५) राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास लक्ष्यसँग एक(ाकार गर्दै सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर युवा तयार गर्ने ।

## केके छन् युथ भिजन-२०२५ मा युवा विकासका आधारहरू ?

नेपाली युवाको अवस्था विश्लेषण र जिल्ला स्तरदेखि राष्ट्रिय स्तरसम्म युवाका सरोकारवालासँगको सल्लाह तथा सुझावसमेतलाई मनन गरी युथ भिजन-२०२५ मा युवालाई १६–२४ वर्ष र २५–४० वर्ष उमेर समूहमा वर्गीकरण गरी उमेर समूहका आधारमा विकासका आवश्यकता र प्राथमिकता पहिचान गरी सोहीबमोजिम युवा विकासका पाँच आधारस्तम्भहरू निर्धारण गरिएका छन् । जसअनुसार १६–२४ वर्ष उमेर समूहलाई व्यावसायिक शिक्षा, सीपमूलक तालिम, स्वास्थ्य तथा व्यक्तित्व विकासमा जोड दिइएको छ भने २५–४० वर्ष उमेर समूहलाई पेसा, व्यवसाय, उद्यमशीलता, सहभागिता, नेतृत्व विकास आदिमा मुख्य जोड दिइएको छ ।

आधारस्तम्भ १ : गुणस्तरीय र व्यावसायिक शिक्षा

आधारस्तम्भ २ : रोजगारी, उद्यमशीलता र सीप विकास

आधारस्तम्भ ३: युवा स्वास्थ्य र सामाजिक सुरक्षा

आधारस्तम्भ ४: परिचालन, सहभागिता र नेतृत्व विकास

आधारस्तम्भ ५: खेलकुद र मनोरञ्जन

**केके छन् युथ भिजन-२०२५ मा आधारस्तम्भगत लक्ष्य तथा कार्यक्रमहरू ?**

**आधारस्तम्भ १ :गुणस्तरीय र व्यावसायिक शिक्षाः** यस आधारस्तम्भ अन्तर्गत राखिएका लक्ष्य यस प्रकार छन् :

१. युवा निरक्षरता उन्मूलन गरी शतप्रतिशत कार्यमूलक साक्षरता अभियान सञ्चालन गरिएको हुने ।
२. प्राविधिक, सीपमूलक र व्यावसायिक शिक्षा विस्तार भई कुल विद्यार्थीको एक चौथाइ विद्यार्थी यस क्षेत्रमा भर्ना भएको हुने ।
३. शिक्षामा कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत लगानी भएको हुने र शिक्षाको कुल बजेटको उच्च शिक्षामा छुट्ट्याइएको लगानीलाई दोब्बर बनाइएको हुने ।
४. युवालाई गुणस्तरीय र व्यावसायिक शिक्षा प्रदान गर्न व्यवस्थापन, पाठ्यक्रम, संस्थागत संरचना, सिकाइ आदिमा समयानुकूल सुधार गरिएको हुने ।
५. शिक्षामा लैङ्गिक समानता कायम गरी विशेष प्राथमिकतामा राखिएका युवा विद्यार्थीको पहुँच सुनिश्चित भएको हुने ।

**योजना तथा कार्यक्रम**

**उल्लिखित लक्ष्य हासिल गर्नका लागि निम्नानुसार योजना तथा कार्यक्रमहरू निर्धारण गरिएका छन् :**

सबैका लागि निःशुल्क अनिवार्य माध्यामिक शिक्षा

खुला विश्वविद्यालय प्रवर्द्धन

तालिम र सीपमा जोड

आधुनिकीकरण र प्रविधि विकास

एक निर्वाचन क्षेत्र  एक प्राविधिक शिक्षालय

अध्ययनका लागि कर्जा

शिक्षामा गुणस्तर मापन र प्रोत्साहन

अध्ययनशील युवा विकास कार्यक्रम

अङ्ग्रेजी लगायत अन्तर्राष्ट्रिय भाषा सिकाइ

युवा विद्वत् छात्रवृत्ति

युवा शिक्षण स्वयंसेवा कार्यक्रम

ग्रामीण र विपन्न वर्गको शैक्षिक सुधारका लागि निजी क्षेत्रको दायित्व र सहकार्य

एउटा जिल्लामा एउटा नमुना सामुदायिक आवसीय विद्यालय

युवा साक्षरता तथा तालिम सीप विकास एकीकृत कार्यक्रम

आइटी पार्कको विकास

शैक्षिक तथा रचनात्मक युवा प्रोत्साहन कार्यक्रम

'युथ भिजन - २०२५' छात्रवृत्ति कोष स्थापना

लोपोन्मुख पेसा र सीप प्रवर्द्धन तथा प्रमाणीकरण

युथ नलेज बैङ्क स्थापना

उद्यमशीलता र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम

लैङ्गिक अल्पसङ्ख्यक शिक्षा

नागरिक र अभिभावक शिक्षामा जोड

गैरआवासीय नेपालीका छोराछोरीसँग भाषिक र सांकृतिक चेतना अभिवृद्धि गर्न कार्यक्रम

**आधारस्तम्भ २ : रोजगारी, उद्यमशीलता र सीप विकास**

यस आधारस्तम्भ अन्तर्गत राखिएका लक्ष्य यस प्रकार छन् :

१. उच्च शिक्षा प्राप्त युवामा रहेको बेरोजगारी दर ५ प्रतिशतमा र अर्ध बेरोजगारी दर १० प्रतिशतभन्दा कममा झारिएको हुने ।

२. अदक्ष युवा श्रमशक्ति वैदेशिक रोजगारका लागि विदेश पठाउने दर शून्य भएको हुने र वैदेशिक रोजगारीका लागि विदेश जाने अहिलेको सङ्ख्या दुई तिहाइले घटेको हुने ।

३.कुल विप्रेषणको २० प्रतिशत उत्पादनका क्षेत्रमा पुऱ्याई आन्तरिक लगानी, उद्यमशीलता विकास र रोजगारी सिर्जना गरिएको हुने ।

४.वार्षिक पर्यटकको सङ्ख्या २० लाख पुऱ्याई पर्यटनमा तिन लाख प्रत्यक्ष रोजगारी सिर्जना गरिएको हुने ।

५ रोजगारीमा लैङ्गिक असमानता अन्त्य गरी विशेष प्राथमिकतामा रहेका युवाको पहुँच वृद्धि भएको हुने ।

६.कृषि, पर्यटन, जलस्रोत, वन, जडीबुटी पूर्वाधार, उद्योगमा लगानी वृद्धि गरी सन् २०२५ सम्म वार्षिक थप ५ लाख युवा श्रमशक्तिका लागि रोजगारी सिर्जना भएको हुने ।

७. सीमान्तकृत, अल्पसङ्ख्यक र अपाङ्गता भएका युवाहरूको बेरोजगारी दर चारगुणाले घटेको हुने ।

८. विश्वविद्यालय स्नातक युवाहरूको सहकारी मार्फत युवा स्वरोजगारका अवसर बढेको हुने ।

**योजना तथा कार्यक्रम**

उल्लिखित लक्ष्य हासिल गर्नका लागि निम्नानुसार योजना तथा कार्यक्रमहरू निर्धारण गरिएका छन् :

बहुद्देश्यीय युवा सीप विकास तालिम केन्द्र स्थापना

वैदेशिक रोजगार अनुसन्धान

परम्परागत सीप विकास

रोजगारी तथा उद्यमशीलता विकास

युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष

युवा उत्थान बैङ्क मार्फत युवामा लगानी

युवा लक्षित कृषि कार्यक्रम

प्रत्येक जिल्लामा नमुना कृषि फारम स्थापना

पर्यटन प्रवर्द्धनका लागि युवा दूत कार्यक्रम

सहासिक खेल पर्यटन महोत्सव

एक गाउँ एक युवा उद्यमी कार्यक्रम

शैक्षिक प्रमाण पत्रका आधारमा ऋण कार्यक्रम

घरेलु उद्योग प्रोत्साहन र विकास कार्यक्रम

कर्णाली जडीबुटी तथा वनस्पति उद्योग स्थापना

युवा उद्यमी सञ्जाल निर्माण

युवा अनुभव आदान-प्रदान कार्यक्रम

**आधारस्तम्भ ३ः युवा स्वास्थ्य र सामाजिक सुरक्षा**

यस आधारस्तम्भ अन्तर्गत राखिएका लक्ष्य यस प्रकार छन् :

१. स्वास्थ्य क्षेत्रमा हुने लगानी कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत पुऱ्याई युवा लक्षित स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिएको हुने ।
२. विपन्न र विशेष प्राथमिकतामा परेका युवालाई लक्षित गरी सामाजिक सुरक्षाको दायरालाई हालको २५ प्रतिशतबाट ६० प्रतिशतसम्म पुऱ्याइएको हुने ।
३. युवामा लैङ्गिक हिंसा, मानव बेचबिखन, प्रजनन स्वास्थ्य, लागू पदार्थ दुर्व्यसन, एचआइभी/एड्स तथा यौन स्वास्थ्य सचेतनामा व्यापक सुधार भएको हुने ।

**योजना तथा कार्यक्रम**

उल्लिखित लक्ष्य हासिल गर्नका लागि निम्नानुसार योजना तथा कार्यक्रमहरू निर्धारण गरिएका छन् :

स्वास्थ्य सचेतनाका लागि युवा टेलिमेडिसिन कार्यक्रम

युवा बचाऔँ कार्यक्रम

एचआइभी/एड्सबारे युवा सचेतना

युवा स्वास्थ्य डेस्क स्थापना

मानसिक स्वास्थ्यमा लगानी

युवा स्वास्थका लागि सञ्चार अभियान

युवा स्वास्थ्य क्लब गठन

जोखिममा परेका युवाका लागि पुनःस्थापना केन्द्र

युवा प्राकृतिक स्वास्थ्य तथा आत्म उपचार

युवा स्वास्थ्यका लागि सामाजिक मिडिया सञ्जाल

किशोर किशोरी युवा सुरक्षा कार्यक्रम

सुरक्षित वैदेशिक रोजगारी

जीवन जिउने कला

युवा सफलताका कथा प्रकाशन एवं प्रसारण

**आधारस्तम्भ ४ः परिचालन, सहभागिता र नेतृत्व विकास**

यस आधारस्तम्भ अन्तर्गत राखिएका लक्ष्य यस प्रकार छन् :

१. सामाजिक, आर्थिक रूपान्तरण र वातावरणीय समस्या हल गरी राष्ट्र निर्माण गर्न युवा स्वयंसेवालाई आम संस्कृतिका रूपमा विकास गरिएको हुने ।
२. राष्ट्रिय नेतृत्व विकास प्रतिष्ठान मार्फत विभिन्न क्षेत्रका राष्ट्रिय स्तरका १,००० युवालाई हरेक वर्ष आवधिक तालिम दिई नेतृत्व विकास गरिएको हुने ।
३. राजनीति, निर्णय प्रक्रिया र विकास निर्माणमा युवा सहभागिता बढेको र नेतृत्व विकास भएको हुने ।

**योजना तथा कार्यक्रम**

उल्लिखित लक्ष्य हासिल गर्नका लागि निम्नानुसार योजना तथा कार्यक्रमहरू निर्धारण गरिएका छन् :

युवा स्वयंसेवा कार्यक्रम

समाजका लागि युवाको एक दिन

स्वयंसेवक समूह गठन र विपद् व्यवस्थापनमा युवा

पर्यटन प्रवर्द्धनमा युवा

वन संरक्षणका लागि युवा परिचालन

नागरिक युवा सञ्जाल परिचालन तथा सहकार्य

महिला हिंसा, जातीय विभेद तथा छुवाछूत, बोक्सी, छाउपडी, दाइजो प्रथा लगायतका साम( ाजिक विकृति विसङ्गति विरुद्ध युवा अभियान

युवा नेतृत्व विकासका लागि योजना तथा कार्यक्रम

शान्तिका लागि युवा अभियान

नागरिक हक अधिकार सुनिश्चितता

युवा सहकार्य

आमसञ्चार र युवा

**आधारस्तम्भ ५: खेलकुद र मनोरञ्जन**

यस आधारस्तम्भ अन्तर्गत राखिएका लक्ष्य यस प्रकार छन् :

१. दक्षिण एसियाली खेलकुदमा सम्मानजनक पदक हासिल, एसियाली खेलमा सम्मानजनक प्रतिस्पर्धा र पदक हासिल, ओलम्पिक खेलमा पदकमा प्रवेश र क्ष्ऋृऋ एक दिवसीय क्रिकेट खेलमा मान्यता प्राप्त गरी विश्वकपमा प्रवेश गरेको हुने ।

२. खेल पूर्वाधार तथा मनोरञ्जनका क्षेत्रमा व्यापक सुधार विस्तार गर्न हालको लगानीमा वृद्धि गरी कुल बजेटको २ प्रतिशत पुऱ्याइएको हुने ।

३. खेलकुदलाई विद्यालयस्तरबाट विकास गर्न एक मा.वि. एक खेल मैदान र एक खेल शिक्षकको व्यवस्था भएको हुने ।

**योजना तथा कार्यक्रम**

उल्लिखित लक्ष्य हासिल गर्नका लागि निम्नानुसार योजना तथा कार्यक्रमहरू निर्धारण गरिएका छन् :

आम युवाका लागि खेलकुद कार्यक्रम

खेलाडी प्रतिभा पहिचान तथा विकास

पूर्वाधार विकास र खेलकुद सामग्री सहयोग

खेलपर्यटन प्रवर्द्धन कार्यक्रम

शिक्षामा खेलकुद र रोजगारी सिर्जना

विद्यालय व्यायाम तथा योग कार्यक्रम

परम्परागत खेल विकास कार्यक्रम

मैत्रीपूर्ण खेलकुद आयोजना

लिजर टाइम व्यवस्थापन

सांस्कृतिक मनोरञ्जनमा युवा

**कस्तो छ कार्यान्वयन र अनुगमन मूल्याङ्कन व्यवस्था ?**

जनसङ्ख्याको ठूलो हिस्सा ओगटेको युवा क्षेत्रको विकासका लागि कुनै एउटा निकायबाट मात्र कार्यक्रम सञ्चालन गर्न सम्भव र व्यावहारिक नहुने तथ्यलाई मध्यनजर गरी युथ भिजन - २०२५ ले यसको कार्यान्वयन, अनुगमन, समन्वय र मूल्याङ्कनलाई प्रभावकारी बनाउन विशेष ध्यान पुऱ्याउन खोजेको पाइन्छ । युथ भिजनले परिलक्षित गरेका कार्यक्रमहरू कार्यान्वयनका लागि केन्द्रीय तहमा युवा सम्बद्ध मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, राजनैतिक युवा सङ्घ सङ्गठन तथा निजी क्षेत्रसँग समन्वय गरी मुख्य जिम्मेवारी युवा तथा खेलकुद मन्त्रालयलाई प्रदान गरेको छ भने सम्बन्धित क्षेत्रगत मन्त्रालयहरूलाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने

कार्यक्रमहरू आफ्ना नियमित तथा आवधिक तथा वार्षिक योजनाहरूमा समेटी कार्यान्वयन गर्दै लाने दायित्व प्रदान गरी जिम्मेवार बनाएको छ ।

साथै युवाको समग्र विकासका लागि कार्य गर्न स्वायत्त संस्थाका ¿पमा राष्ट्रिय युवा परिषद् गठन भइसकेको छ र युवा लक्षित कार्यक्रमहरू कार्यान्वयनको नेतृत्व र समन्वयका लागि स्थानीय तहसम्म परिषद्को संस्थागत संरचना विस्तार गर्ने व्यवस्था राष्ट्रिय युवा परिषद् ऐनले गरेको छ। युथ भिजनले त्यसरी तयार हुने राष्ट्रिय युवा परिषद्को संरचना मार्फत युवा विकासका कार्यक्रमह¿को कार्यान्वयन र समन्वय गर्ने कुरा सुनिश्चित गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, राजनैतिक युवा सङघ सङ्गठन तथा निजी क्षेत्र र विकास साझेदारहरूलाई सरोकारवाला मन्त्रालय तथा निकायहरूसँग समन्वय गरी युवा विकासका कार्यक्रम तथा स्रोतमा साझेदारी गरी युथ भिजनको कार्यान्वयनमा सहयोग गर्नु पर्ने व्यवस्था गरेको छ ।

उल्लिखित व्यवस्थाको कार्यान्वयनका लागि राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ कार्यान्वयनको अन्तर मन्त्रालय समन्वयका लागि युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा अन्तर मन्त्रालय 'राष्ट्रिय युवा नीति समन्वय समिति' रहने व्यवस्था गरेको छ भने 'युथ भिजन - २०२५' को कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल भए/नभएको अनुगमन तथा मूल्याङ्कनका लागि युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा युवा विकाससँग सरोकार राख्ने मन्त्रालयका प्रतिनिधि रहेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति रहने व्यवस्था गरेको छ । यसरी हेर्दा युथ भिजनमा यसको कार्यान्वयन पक्षमा ध्यान पु¥याउन खोजेको देखिन्छ ।

## अबको बाटो ...

नेपालको संविधान, २०७२ (नेपाल सरकार, २०७२) ले पनि युवाको सशक्तीकरण र विकास मार्फत व्यक्तित्व विकास गरी राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि अवसर प्रदान गर्ने नीति अङ्गीकार गरेको छ (नेपालको संविधान, २०७२)। संविधानको मार्ग दर्शनमा राष्ट्रिय युवा नीति र युथ भिजन २०२५ तयार भई कार्यान्वयनको प्रतीक्षामा छन् । युवाका सवालमा हाम्रो घरेलु वातावरण मात्र होइन अन्तर्राष्ट्रिय परिवेश पनि अनुकूल बनेको अवस्था छ । सन् २०१६ मा संयुक्त राष्ट्र सङ्घबाट पारित दिगो विकासका लक्ष्यहरू (The 2030 Aganda for Sustainable Development) को कार्यान्वयनमा युवाको सहभागितालाई उच्च प्राथमिकता दिइएको अवस्था छ । क्म्न का अधिकांश सूचकहरू युवा सहभागिता र विकाससँग सम्बन्धित छन् (United Nations, 2016) भने United Nations Resolution On Youth, Peace and Security ले पनि युवालाई रचनात्मक भूमिकामा सहभागी गराउन नसके त्यो शक्ति ध्वंसात्मक बाटोमा लाग्न सक्ने हुँदा विश्वमा दिगो शान्ति र विकासमा युवाको सहभागितामा जोड दिएको छ (United Nations, 2015) । यसबाट अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदार तथा UN Agencies को पनि प्राथमिकताको क्षेत्र बन्न गएको छ युवा क्षेत्र ।

यस पृष्ठभूमिमा नेपाली युवाको विकासका

सन्दर्भमा युथ भिजन-२०२५ कोसेढुङ्गाका रूपमा आएको छ । यसको निर्माणमा सबै सरोकारवाला पक्षको सहभागिता भएकै कारण यसलाई सबैले स्वीकारेको अवस्था छ। यसको कार्यान्वयनका समयमा राष्ट्रिय युवा परिषद्को गठन हुनुले पनि आम युवामा सकारात्मक आशाको सञ्चार गराएको पाइन्छ । त्यसैले युवाका आशालाई निराशामा परिणत हुन नदिन यसको कार्यान्वयनमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले विशेष पहल गर्नु जरुरी छ । युवा सम्बद्ध मन्त्रालय र सरकारी निकायको पनि यसमा गम्भीर ध्यान जानु आवश्यक छ भने युवाका क्षेत्रमा कार्यरत सङ्घसंस्था, निजी क्षेत्र, सहकारी र विकास साझेदारहरूले पनि अब आफ्नो अनुकूलका कार्यक्रममा नभई युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्सँगको समन्वयमा युथ भिजन-२०२५ले प्रस्ताव गरेका कार्यक्रम कार्यान्वयका लागि आफ्ना स्रोतसाधन, विज्ञता र अनुभवहरूलाई परिचालन गर्न जरुरी छ । यसका लागि सबै सरोकारवाला पक्षको सहभागितामा युथ भिजनले अघि सारेका पाँच आधारस्तम्भ अन्तर्गतका कुनकुन कार्यक्रम कसले कसरी कार्यान्वयन गर्ने भन्ने सहमति गरी युथ भिजन कार्यान्वयनको स्पष्ट र व्यावहारिक कार्ययोजना निर्माण गर्न जरुरी छ र यो सम्भव पनि छ । यदि सरकारले युवालाई स्वदेशमै रमाउने र अटाउने वातावरण निर्माण गर्न चाहेको हो भने अब आउने चौधौँ योजनामा युवा सम्बद्ध सबै निकायका योजना र कार्यक्रममा युथ भिजनले समेटेका युवा विकास र सहभागिताका विषयलाई प्राथमिकताका साथ समावेश गर्न सक्नु पर्दछ अनि तिनको कार्यान्वयनको समन्वय र अनुगमनमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्लाई बढी जिम्मेवार बनाइनु पर्दछ । त्यसो हुन सकेमा मात्र युथ भिजन-२०२५ को कार्यान्वयन मार्फत युवाको सहभागिता, श्रम र सिर्जनाले समुन्नत नेपाल निर्माणको परिकल्पना साकार हुनेछ । हाम्रा युवा हाम्रै देशमा रमाउन पाउनेछन् ।

### सन्दर्भ सामग्री सूची

नेपाल सरकार (२०७२), **नेपालको संविधान**, २०७२: नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, काठमाडौँ ।

युवा तथा खेलकुद मन्त्रालय (२०७२क), **राष्ट्रिय युवा नीति**, युवा तथा खेलकुद मन्त्रालय, काठमाडौँ ।

युवा तथा खेलकुद मन्त्रालय (२०७२ख), **युथ भिजन-२०२५**, युवा तथा खेलकुद मन्त्रालय, काठमाडौँ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७२), **राष्ट्रिय युवा परिषद् ऐन २०७२,** कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाडौँ ।

Ministry of Youth and Sports (2014). **Nepali Youth in Figures: Auther**, Kathmandu.

United Nations (2016). **Transforming Our World: The 2030 Aganda for Sustainable Development: Author**.

United Nations (2015). **Resolution 2250 on Youth, Peace and Security: Author.**

# युवा र सकारात्मक सोच

✍- रामजी अधिकारी

हात बाँधेर हुन्न अब - जाग्नु पर्छ युवा शक्ति ।

आजै अहिल्यैबाट राम्रो काम थाल्नु पर्छ युवा शक्ति ॥

भोलि भोलि भन्दै जाँदा आधा उमेर गइसक्यो ।

अहिल्यैदेखि देशको विकासमा लाग्नु पर्छ युवाशक्ति ॥

'युवा' शब्दलाई उल्टोबाट पढौँ त ! 'वायु' हुन्छ । आजसम्म युवा भन्ने वित्तिकै आँधी , तुफानसँग जोड्ने र तुलाना गर्ने गरिएको पाइन्छ। आँधी र तुफानले अन्तत : विनाश निम्त्याउँछ । आजको आवश्यकता अनि समयको पुकार भनेको हामी प्रत्येक युवा वायु (प्राण) बनेर देशको सेवामा निस्वार्थ एवम् स्वअपेक्षा रहित समर्पित भएर हाम्रा पुर्खाहरूले हाम्रो देश नेपालको छवि विश्व मानि( चत्रमा जसरी बनाएका छन् त्यो छविलाई कायम राख्दै देशको उचाइलाई सर्वोच्च स्थानमा पुऱ्याउनु हामी युवाको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ ।

जसले जिम्मेवारी वहन गर्छ उसैको शक्ति बढ्छ भन्ने शाश्वत सत्यलाई आत्मसात् गर्दै सकारात्मक सोचका साथ अगाडि बढ्न सके व्यक्तिगत जीवन त सुन्दर हुन्छ नै यो धर्ती नै स्वर्गमा रूपान्तरण हुन्छ । युवाले जे सोच्छ, त्यो त उसका लागि महत्त्वपूर्ण हुन्छ नै त्यसको प्रभाव सिङ्गो देश र विश्वमा समेत परेको हुन्छ । देशको भविष्य युवाहरूको विचारले तय गर्छ । भनिन्छ नि विचारको परिवर्तनले अन्ततः मानिसको जिन्दगी( लाई नै परिवर्तन गर्न सक्छ ।

आज हाम्रो देश नेपालको सकारात्मक रूपान्तरणको चाहना राख्दै थुप्रै सङ्घसंस्थाहरूले विभिन्न अभियानहरू चलाएको देख्न पाइन्छ । सकारात्मक रूपान्तरण कति भयो ? हामी कति सकारात्मक हुन सक्यौँ ? यो सोच्नु पर्ने विषय बनेको छ । जबसम्म देशका गहना, शिरका ताज अनि गलाका हार मानिने युवाहरूको विचारमा सकारात्मक सोचको विकास हुँदैन तबसम्म हामीले चाहेको समुन्नत राष्ट्र निर्माण हुन सक्दैन । यो निश्चित छ ।

कस्तो सोचलाई सकारात्मक सोच भन्ने त ? जिज्ञासा हुन सक्छ । यसबारेको जिज्ञासा मेट्न तलको सन्दर्भ बढी सान्दर्भिक हुने देखिन्छ - एउटा विद्यालयमा कक्षा सञ्चालन भइरहेको थियो । एक जना गुरुले पढाइरहेकै समयमा प्रसङ्गवश विद्यार्थीहरूलाई एउटा प्रश्न सोध्नुहुन्छ -"स्वर्ग जान कोको चाहन्छौ ?" कक्षामा सबै जनाले हात उठाउँछन् तर कक्षाकोठाको पछाडिको

✍ शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय ।

बेन्चका कुनामा बसेको नरेन्द्र नाम गरेको एक जना विद्यार्थीले चाहिँ हात उठाउँदैन । उसलाई देखेर गुरुलाई अचम्म लाग्छ र भन्नुहुन्छ - "स्वर्ग पनि जान नचाहने कस्तो विद्यार्थी ?" गुरु त्यस विद्यार्थीका छेउमा जानु हुन्छ र सोध्नु हुन्छ - "बाबु नरेन्द्र ! तिमी स्वर्ग जान चाहँदैनौ ?" नरेन्द्रले टाउको हल्लाउँछ र भन्छ -"म स्वर्ग जानुभन्दा पनि म आफू बसिरहेको यही धर्तीलाई नै स्वर्ग बनाउँछु ।" आहा १ हेर्नुहोस् त १ कति दिव्य विचार, सर्वोच्च विचार १ यस्तो सोचलाई नै भनिन्छ सकारात्मक सोच । आज हामी त्यही नरेन्द्र नाम गरेको विद्यार्थीलाई स्वामी विवेकान(न्दका नामले चिन्ने गर्दछौँ ।

मरेपछिको स्वर्ग र नर्कको परिकल्पना गर्नुभन्दा यस धर्तीमा रहुन्जेल प्रत्येक युवाले आफ्नो मलमलमय जीवनलाई अलमलमा नराख(ीकन आफ्नो जीवनलाई सुन्दर बनाउने यात्रामा हिँड्न सके देशको मुहार सुन्दर हुन सक्छ। जसरी महात्मा गौतम बुद्ध भन्ने बितिकै नेपाल, महात्मा गान्धी भन्ने बितिकै भारत, अब्राहम लिङ्कन भन्ने बित्तिकै अमेरिकाको नाम अगाडि आउँछ । यी सबैले आफ्ना असल कर्मद्वारा आफू जन्मेको मुलुकलाई विश्वभर चिनाएका हुन् । अनुभवले भन्छ -व्यक्ति जस्तो भयो घर, परिवार, समाज, राष्ट्र र विश्व त्यस्तै हुन्छ ।

म को हुँ ? यस संसारमा किन आएँ ? मेरो कर्तव्य के हो ? मेरो जीवनले कसैलाई वास्ना छरिरहेको छ या दुर्गन्ध ? फूल बनेको छ या काँडा ? यी प्रश्नहरूको उत्तर खोज्नु हामी युवाहरूको पहिलो दायित्व हुनुपर्छ । भनिन्छ नि १ हजारौँ माइलको यात्रा पहिलो पाइलाबाट सुरु हुन्छ तर आज धेरै देख्न र सुन्न पाउँछौँ - हामी धेरैको जीवनको पहिलो गाँसमै ढुङ्गा लागिरहेको छ ।

सबैको चाहना सुख, शान्ति, समृद्धि र आनन्द पाउनु नै हुन्छ तर त्यो आनन्द मानिसले प्राप्त गर्न सकिरहेको छैन तर किन ? एउटा भ्यागुतो सर्पको मुखमा पर्छ अनि त्यो सर्पले बिस्तारै बिस्तारै मुखमा च्याप्छ तर सर्पको मुखमा परेको त्यस भ्यागुतोका अगाडि कुनै कीरा या लामखुट्टे उडेर आयो भने त्यतिखेर पनि लामखुट्टेलाई समात्न मुख खोल्छ । त्यस भ्यागुतोलाई आफ्नो गतिको चाहिँ पत्तो नै हुँदैन कि ऊ आफै सर्पको आहारा बनिरहेको छ । अझ त्यस भ्यागुतोलाई लोभले छोडेको छैन । यस प्रसङ्गले दिन खोजेको सन्देश एउटै छ हामी पनि कालरुपी सर्पको मुखमा पर्ने नै छौँ । यो शाश्वत छ जन्मेपछि एकदिन मर्नै पर्छ । बिस्तारै बिस्तारै दिन, रात, जाडो, गर्मी भोग्दा भोग्दै आयु सकिन्छ । त्यसैले यस धर्तीमा हुन्जेल यस्तो कर्म गरौँ हाम्रो भौतिक शरीरले विश्रान्ति लिँदा हाम्रा आफन्त, छरछिमेक, समाज र पेसालाई नै हाम्रो अभावको अनुभुति होस् । भनिन्छ -मानिसको उचाइ वर्षले होइन उसको कर्मले नाप्नु पर्छ । जीवनको लम्बाइभन्दा पनि उचाइले महत्त्व राख्दछ ।

दुःख र अशान्तिको जड भनेको हाम्रो कर्म हो । हामीले बाँचुन्जेल फूल भएर बाँच्न सिक्नु पर्छ । वास्ना एवं सुगन्ध छरेझैँ हामीले पनि आफ्ना असल कर्मद्वारा समाजमा सुगन्ध छर्न सक्नु पर्दछ । हामीले आफ्नो जीवनलाई फूल सरह बन(ाउनु पर्छ । सुख, शान्ति, आनन्दको स्रोत भनेको हामीले गर्ने कर्म नै हो । तसर्थ हामी प्रत्येक युवाले

गर्ने प्रत्येक कर्म सचेत भई गर्नु जरुरी छ ।

असल कर्ममा कति शक्ति हुन्छ ? भन्ने कुरा हामी सबैले सुनेको र सम्मानका साथ लिने नाम  मदर टेरेसाबाट थाहा पाउन सकिन्छ । एक स्कुलमा पढाउने गरेकी उनले एक दिन बिहानको समयमा हिँड्दै कतै जाने क्रममा खोलाको किनारबाट मलाई बचाऊ १ मलाई बचाऊ ! भन्ने आवाज सुनिन् र त्यही आवाजलाई पछ्याउदै जाँदा एउटा ठुलो बाकसबाट आवाज आइरहेको देखिन् । त्यस बाकसलाई खोलेर हेर्दा उनले त्यसभित्र ६०/६५ वर्ष उमेरको व्यक्ति देखिन् जसलाई कुष्ठरोग भएकाले आफ्नै परिवारले बोझ ठानी फालिदि( एका रहेछन् । उसको त्यस्तो  दर्दनाक अवस्था देखेपछि मदर टेरेसाले उसलाई आफैसँग राख्ने अठोट गरिन् अनि आफ्नो बाँकी जीवन त्यस्तै दुःख पाएका, अशक्त,बेसहारा मानिसहरूको सेवा गरेर बिताउने अठोट गरिन् । उनले गरेको त्यही प्रतिबद्धता र त्यसका लागि निरन्तर गरेको असल कर्मले नै उनलाई सिस्टर टेरेसाबाट मदर टेरेसा बनायो । टेरेसा जस्ता अरू थुप्रै नामहरू पनि छन् -असल कर्मले सिद्धार्थ गौतमलाई उनको कर्मले महात्मा बुद्ध बनायो; मोहनदास चन्द्र गान्धीलाई महात्मा गान्धी बनायो अनि रत्नाकर डाँकुलाई ऋषि वाल्मीकि बनायो । उनीहरूले आफूलाई असल कर्ममा होमेको समय भनेको उनीहरूको युवावस्थाकै समय थियो ।

## त्यसैले हे युवा

युवा जीवन एउटा उपहार, यसलाई फैलाउनु छ

सुगन्ध भरी

जीवन दियो हो, यसलाई चम्काउनु छ

ज्योति भरी

जीवन एउटा तिर्खा हो, यसलाई मेट्नु छ

तृप्त हुने गरी

जीवन एउटा भाषा हो, यसलाई व्यक्त गर्नु छ

बुझिने गरी

जीवन एउटा आशा हो, यसलाई लक्ष्यमा पुऱ्याउनु छ

कोसिस गरी

जीवन एउटा प्रश्न हो, यसलाई सम्झनु छ

प्रयत्न गरी

जीवन आनन्द हो, यसलाई समेट्नु छ

खुसी उमङ्ग भरी

जीवन एउटा सत्य हो, यसलाई चिन्नु छ

अन्तर्मुखी बनी ।

अन्तमा, युवा हाँसे संसार हाँस्छ ।

लेखक : सर्वोत्कृष्ट जीवनः शाश्वत चिन्तन

(साँचो जीवन निर्माण अभियान) तथा मानवसेवा आश्रमका केन्द्रीय सचिव एवम् संयोजक हुनहुन्छ ।)

# अपमानदेखि सम्मानसम्मको यात्रा :

# मनोरञ्जनका क्षेत्रमा कार्यरत श्रमिक महिलाह¿को अवस्था

✍गोमावती पुन (सिर्जना)



(संस्थापक अध्यक्ष)

हालःकार्यकारी निर्देशक

महिलाका निम्ति महिला मञ्च नेपाल

फोनं.०१-४-३८१६८६

Email : wofowon@gmail.com

नेपाली महिलाहरूले आर्थिक उत्पादनका विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान गरिरहेका छन् । विभिन्न कारणले ग्रामीण क्षेत्रबाट ठुलो सङ्ख्यामा किशोरी तथा युवा महिलाहरू सुरक्षा र जीविकोपार्जनका लागि काम, शिक्षा तथा अवसर हरूको खोजीमा सहर पस्ने क्रम जारी छ । यसरी सहर प्रवेश गर्ने अधिकांश महिलाहरू ग्रामीण समाजमा जन्मी हुर्किएका र सशस्त्र द्वन्द्वका अवस्थामा विस्थापित भएका साधारण साक्षर साथै निराक्षर रहेको, साथै वर्गीय रुपमा गरिब, जातिय रुपमा जनजाती र दलित समुदायको बाहुल्य रहेको अध्ययन अनुसन्धानले देखाएका छन् । तसर्थ कुनै विशेष प्रकारको व्यावसायिक प्रमाणपत्र नचाहिने र काम पाउन सजिलो हुने वातवरण भएकाले अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रहरु (डान्स बार, क्याबिन रेस्टुरेन्ट, दोहोरी रेस्टुरेन्ट, मसाज पार्लर, खुल्ला रेस्टुरेन्ट आदि क्षेत्रहरूमा ठुलो सङ्ख्यामा महिलाहरू काम गरिरहेका छन् ।

सहर बजारमा सञ्चालित मनोरञ्जन तथा सेवा प्रदान गर्ने होटल तथा रेस्टुरेन्टहरूले देशमा बढिरहेको बेरोजगारी र कामदारहरूको रोजगारीको मागलाई एक हदसम्म पूरा गर्नुका साथै राजनीतिक अस्थिरता र लामो सङ्क्रमण कालका कारण रुग्ण बनेको देशको अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुऱ्याएका छन् । रोजगारीका लागि बाहिरी मुलुकहरूमा अनेकौं हिंसा, शोषण र भेदभावको सामना गर्नु परेको स्थितिलाई यस क्षेत्रले केही हदसम्म कम गर्न सहयोग पुऱ्याएको छ । यस व्यवसायले पर्यटन क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याई विदेशी मुद्रा आय आर्जन गरी देशको अर्थतन्त्रमा सहयोग पुऱ्याएको छ । दोहोरी साँझ तथा डान्सबार रेस्टुरेन्टहरूले नेपालको पौराणिक संस्कृतिलाई समेत जगेर्ना गरी राष्ट्रलाई पहिचान सहित आर्थिक उन्नतिमा समेत राम्रो



✍ उपसचिव, युवा तथा खेलकुद मन्त्रालय ।

योगदान पुऱ्याएको कुरालाई पनि नकार्न सकिँदैन ।

१० वर्षे सशस्त्र द्वन्द्वका कारण सरकार पक्ष र द्वन्द्वरत पक्ष दुवै तर्फको युद्ध त्रासले ग्रामीण क्षेत्रबाट किशोरी, युवा महिलाहरू स्थानान्तरण भई शान्ति, सुरक्षा, जीविकोपार्जनको खोजी गर्दै सहर पसेका छन् । नेपालका काठमाडौँ, विराटनगर, बुटवल, इटहरी, धरान, पोखरा, हेटौँडा, दाङ, धनगढी र चितवन जस्ता सहरहरूमा किशोरी युवा महिलाहरू स्थानान्तरण भएका छन् । सहरको महँगो जनजीवनमा बाँच्नका लागि सजिलो गरी पाउने काम महिलाहरूका लागि अत्यावश्यक रहेको देखिन्छ ।

सहरहरूमा बढ्दो रूपमा खुलेका दोहोरी साँझ, डान्स बार, मसाज पार्लर आदि मनोरञ्जनात्मक र सेवामूलक व्यवसायहरूले देशमा बढिरहेको बेरोजगारीलाई केही कम गर्न र द्वन्द्वका कारण रुग्ण बनेको देशको अर्थतन्त्रमा सकारात्मक योगदान पऱ्याएको छ भन्दा खासै अतियुक्ति नहोला । साथै यस्तो अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रहरूमा महिला श्रमिकहरू ठुलो सङ्ख्यामा काम गरिरहेका छन् । काठमाडौँ उप(त्यकाभित्रमा मात्र श्रमिक महिलाहरूको सङ्ख्या ४०,००० रहेको अनुमान गरिएको छ । आफ्नो जीविकोपार्जनका साथै राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान पऱ्याउँदै यस क्षेत्रमा कार्यरत श्रमिक महिलाहरू अनेकौँ हिंसा खेप्न बाध्य भएका छन् । न त श्रमको उचित मूल्य पाएका छन् न त रोजगारको सम्मान नै छ । बरु राज्य पक्ष, सुरक्षा निकाय, सञ्चालक तथा ग्राहकबाट शारीरिक, मानसिक, आर्थिक र यौनिक हिंसाका सिकार बन्न बाध्य छन् ।

श्रम गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो । प्रत्येक मानिसले बाँच्नका लागि श्रम गर्नुपर्दछ । श्रमविना उन्नत र विकसित समाजको परिकल्पना गर्न सकिँदैन । श्रम बाँच्नका लागि मात्र नभई मानिस, समाज र राष्ट्रको समुन्नतिका लागि अत्यावश्यक मानिन्छ । गुणस्तरीय जीवन तथा आर्थिक समृद्धिका लागि श्रम गर्न पाउनु प्रत्येक मानिसको आधारभूत मानव अधिकार पनि हुँदै हो । आधारभूत आर्थिक अधिकार पनि हो । विकासको आधार नै श्रम हो । कुनै पनि श्रम सकारात्मक वा नकारात्मक हुँदैन । श्रमका माध्यम र रूपहरु विभिन्न हुन सक्दछन् । तर पितृसत्तात्मक शक्ति संरचनाका कारण श्रमका क्षेत्रहरूमा स्वतन्त्र र सम्मानपूर्वक काम गर्न महिलाहरूलाई नियन्त्रण गर्ने गरिएको छ ।

श्रमिक महिलाहरूलाई कार्यस्थलमा होस् वा कामबाट घर फर्किंदा राति कुनै पनि सुरक्षा नरहेको अवस्था छ । त्यसमाथि पनि नारी अस्मिताको उपहास गर्दै गल्ती केवल महिला श्रमिकको मात्र हो भने झैँ गरी प्रहरी प्रशासन तथा केही सञ्चार माध्यमहरूले पनि ग्राहक, पीडक र सञ्चालकको संलग्नताको कुनै कुरा नै नउठाएर उल्टै श्रमिक महिलाहरूलाई नै दोषी मानेर कारबाही गर्ने गरेको तितो अनुभव पनि हामी सामु छन् ।

विशेष गरी अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रमा काम गर्ने महिलाहरूलाई परिवार, समाज, राज्यले श्रमका रूपमा मा(

न्यता प्रदान गरेको छैन । यस क्षेत्रमा काम गर्ने युवा महिलाहरूलाई नराम्रो चरित्र भएका महिलाका रूपमा हेयका दृष्टकोणले हेर्ने गरिन्छ । तर महिलाहरूले गरेको श्रम होटल व्यवसायी, लगानीकर्ताहरू मार्फत राज्यको कुल आय वा पर्यटन व्यवसायमा समेत ठुलो योगदान पुगेको छ भन्ने कुरा सधैँ ओझेलमा परेको छ । राज्यपक्ष, लगानीकर्ताहरू, ग्राहकहरू, गुण्डागर्दी आदि सबै पक्षबाट यस क्षेत्रमा कार्यरत महिलाहरूको मानव अधिकारमाथि चौतर्फी आक्रमण भएको छ । यस क्षेत्रमा काम गर्ने महिलाहरूलाई प्रहरी प्रशासनले सुरक्षा दिनुका सट्टा यौनकर्मी भन्दै बेला बेलामा छापा मार्ने काम गरेर सयौँ सङ्ख्यामा महिलाहरूलाई नियन्त्रणमा लिने गरेको छ । सञ्चालकलाई भन्दा पनि महिलाहरूलाई नै दोषी मान्ने, विनाकारण नियन्त्रणमा लिने र बुझ्नका लागि भन्दै छाडिदिने गर्दा महिलाहरूको आत्मसम्मान र सामाजिक प्रतिष्ठामा समेत गम्भीर असर परेको छ ।

राज्य तथा अर्थतन्त्रका लगानीकर्ताहरूले श्रमिक महिलाहरूलाई श्रमिकका रूपमा मान्यता दिने, तिनका कामको उचित सम्मान गर्ने र उपयुक्त वातवरणको सुनिश्चितता गर्नेतर्फ कुनै चासो देखाएका छैनन् । यस क्षेत्रमा कार्यरत महिला श्रमिकहरूले नागरिकता प्राप्तिको समस्या, कार्यघण्टाको अनिश्चितता, नियुक्ति पत्र विहीनता, श्रमको उचित मूल्य वा पारिश्रमिकको अभाव जस्ता चुनौतीहरूको सामना गर्नुपरेको छ । साथै सरकारले अनौपचारिक क्षेत्रलाई श्रम क्षेत्रका रूपमा स्वीकार नगर्दा श्रम ऐनले यस क्षेत्रका मुद्दाहरू समेट्न सकेको छैन । फलस्वरूप श्रमिक महिलाहरूमाथि श्रम शोषण, हिंसा र विभेद गर्नुका साथै तिनीहरूलाई इच्छा विरुद्धका काम गर्न बाध्य पारिएको छ ।

देशमा द्वन्द्व समाप्त भएसँगै २०६२ र २०६३ को जनआन्दोलनमा लोकतान्त्रिक गणतन्त्रका लागि मनोरञ्जनका क्षेत्रमा श्रमिक महिलाहरूले पनि योगदान दिएका थिए । सडकमा जनचेतनामूलक गीत सङ्गीतबाट जनतालाई एकजुट हुन ज्यानको बाजी राखी आन्दोलनमा ऐक्यबद्धता जनाएका थिए । शान्ति प्रक्रिया सुरु भएपछि यस क्षेत्रमा श्रमिक महिलाहरूले आफूले गरिरहेको कामको कदर र सम्मान हुनेछ र नयाँ नेपालमा परिवर्तनबाट शान्तिको सास फेर्न पाउने आशा राखेका थिए ।

२०६५ सालमा देशमा तत्कालीन गृहमन्त्री वामदेव गौतमको नेतृत्वमा सञ्चालित सरकारले यस क्षेत्रहरूलाई सामाजिक विखण्डन र अपराधीकरणको संज्ञा दिँदै श्रमिक महिलाहरूको आवश्यकता र वैकल्पिक रोजगारीको विकल्प तय नगरी रात्रि कालीन व्यवसायहरू बन्द गर्ने आदेशका कारण यस क्षेत्रमा श्रमिकहरूले ठुलो क्षति बेहोर्नु पऱ्यो । सङ्ख्यात्मक रूपमा धेरै श्रमिक महिलाहरू नै मारमा परेका थिए, श्रमिकहरूको स्वतन्त्र रोजगारी छान्न पाउने अधिकार, बाँच्न पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, स्वतन्त्र हिँड्डुल गर्न पाउने अधिकार, आत्मसम्मानको अधिकार, स्वास्थ्यको अधिकार, स्थानान्तरणको अधिकार, वास अधिकार, खान लाउन पाउने अधिकार, आधारभूत मानव अधिकारको व्यापक हनन गरिएको थियो ।

लाखौँ श्रमिकहरू बेरोजगार हुनु पर्ने अवस्था सृजना भई सामाजिक दृष्टिकोणमा पनि उथलपुथल भएको थियो । त्यस अवस्थामा धेरै महिलाहरू देश छोडेर वैदेशिक रोजगारीमा छिमेकी राष्ट्र तथा अन्य मुलुकमा रोजगारीका लागि प्रवेश गरी अनेकौँ हिंसा एवं शोषण खेप्न बाध्य परिएका छन् । बेचबिखनको सिकार बन्न पुगेका छन् । केही महिलाहरू जीवन धान्नका निम्ति र पेट पाल्नका निम्ति जस्तोसुकै काम गर्न पनि राज्य पक्षबाट नै बाध्य पारिएका छन् । सञ्चार माध्यमहरूले श्रमिकहरूका हितका लागि भन्दा पनि पूँजीवादकै पक्ष पोषण गर्ने र मानव अधिकारको हनन हुने खालका समाचारहरू सम्प्रेषण गर्दा महिलाहरूको रोजगारीलाई कुन्ठित पार्ने खालका त्यस्ता समाचारले महिलाहरू घर, परिवार र समाजबाट हपिनुका साथै बहिष्कृत हुनु परेको तितो यथार्थ हाम्रा सामु छन् ।

२०६५ सालमा कैयौँ महिलाहरू रोजगारीबाट वञ्चित भई सडकमा आएका थिए । श्रमिक महिलाहरूको निरन्तर आन्दोलन र सञ्चालक तथा रोजगारदाताहरूको पहलमा यस क्षेत्रलाई व्यवस्थित र मर्यादित गर्ने सम्झौता पश्चात् व्यवसायहरू सञ्चालनमा आएका थिए । तर पनि श्रमिकहरूका हक हितका लागि भन्दा पनि सञ्चालकका हितका लागि सम्झौता भएका छन् । हालसम्म पनि श्रमिकका हकहित सम्बन्धी कुनै पनि नीति तथा कानुन निर्माण नहुनु र वर्तमान श्रम ऐनले पनि यस क्षेत्रमा श्रमिकहरूका सबाललाई सम्बोधन नगर्दा श्रमिकहरूका समस्या जहाँको तहीँ छन् । यसले महिलाहरूको व्यक्तिगत सुरक्षा र सामाजिक सुरक्षामा समेत गम्भीर असर पारेको छ । यस क्षेत्रमा काम गरेकै कारणले महिलाहरूको शरीरमाथि हिंसाजन्य आक्रमण गर्नु राज्य, गैरराज्य, लगानीकर्ता, घर, समाज र गुण्डागर्दीका पक्षबाट समेत सामान्य जस्तै भएको छ । हिंसाजन्य अवस्थाबाट मानसिक तनाव, श्वास- प्रश्वास र अन्य रोगहरूले यस क्षेत्रमा कार्यरत महिलाहरूको स्वास्थ्य उच्च जोखिम परेको छ । श्रमिकहरू आधारभूत स्वास्थ्य अधिकारबाट समेत वञ्चित हुनुपरेको छ । श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका २०६५ ले मनोरञ्जनका क्षेत्रमा कार्यरत श्रमजीवी महिलाहरूका पक्षमा कानुनतः लेखिए तापनि मनोरञ्जनका क्षेत्रमा श्रमिक महिलाहरूको मानव अधिकार हननका घटनाहरू दैनिक रूपमा बढिरहेका छन् ।

## परिवर्तन

अनौपचारिक तथा मनोरञ्जनका क्षेत्रमा क्रियाशील श्रमिक महिलाहरूलाई जागरुक गराई उनीहरुकै नेतृत्वमा श्रमिक महिलाहरूको मानव अधिकारका लागि वकालत तथा पैरवी गर्ने वातावरण सृजना गर्न जरुरी ठानी सोही क्षेत्रमा श्रमिक महिलाहरूको नेतृत्वमा २०६४ सालमा महिलाका निम्ति महिला मञ्च नेपाल स्थापना भएको छ र यसले निरन्तर रूपमा मनोरञ्जनका क्षेत्रमा संलग्न श्रमिक महिलाहरूको श्रम अधिकार र मानवाअधिकारका निम्ति क्रियाशील रहँदै महिलाहरूलाई सङ्गठित गर्दै आएको छ । व्यक्तिगत सशक्तीकरणका माध्यमबाट सामूहिक बल तयार

गर्दै श्रमिक महिलाहरू सङ्गठित भई महिला ट्रेड युनियन गठन गर्न निकै जरुरी देखिएको छ। श्रमि(कलाई सङ्गठित गर्न सबै क्षेत्रहरूबाट सहयोगको पहल हुन अत्यवश्यक छ । निरन्तरको क्रियाक(लाप एवं सङ्गठित आवाजका कारण पहिलेका तुलनामा हाल श्रमिक महिलाहरूमा एकजुट भई आवाज उठाउन सक्ने क्षमताको विकास भएको छ ।

समाज परिवर्तन र श्रमिक महिलाहरूको अधिकार सुनिश्चितताका लागि निरन्तर उठान गर्दै क्रियाशील समेत रही महिला मञ्च नेपालको स्थापना र नेतृत्व मार्फत प्रभावित महिला तथा बालबालिकाको अधिकारका लागि निरन्तर पैरवी एवम् नेपाली युवालाई समाज सेवामा प्रेरित गरी सकारात्मक सोच प्रवाहित गरेका कार्यहरूको विष(यलाई उच्च मूल्याङ्कन गर्दै नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयका तर्फबाट संस्थापक अध्यक्ष गोमावती पुन (सृजना) लाई राष्ट्रिय युवा प्रतिभा सम्मान २०७२ रु. एकलाख नगद सहित निवर्तमान गृह मन्त्री वामदेव गौतमज्यूबाट भएको समुद्घाटन समारोह तथा उहाँका हातबाट सम्मान पाउँदा निकै खुसी लागेको छ। विगतका चुनौतीहरूलाई पार गर्दै सफलताको बाटोमा हिँडिरहेको महसुस भएको छ । यस सम्मानले अझ धेरै जिम्मेवारी तथा राष्ट्रको सम्बृद्धिका लागि श्रमिक महिलाहरूको हकहितका लागि निरन्तर काम गर्ने जिम्मेवारी थप भएको आभास भएको छ । साथै नेपाल सरकारका तर्फबाट कामको कदर र सम्मान गरिदिनु भएकोमा व्यक्तिगत तथा संस्थाका सम्पूर्ण सदस्यहरू लग(ायत सम्पूर्ण नेपाली श्रमिक महिलाहरूका तर्फबाट धन्यवाद ज्ञापन गर्दछु । साथै नेपाल सरकारको यस कदमले श्रमिक महिलाहरूको आन्दोलन तथा मुद्दाहरूप्रति सरकारको संवेदनशीलतामा अभिवृद्धि भएको परिवर्तनको सूचकका रूपमा पनि लिएको छु ।

## भूकम्पपछि श्रमिक महिलाहरूको योगदान तथा क्रियाशीलताको कदर भएको छ

वैशाख १२ गते गएको विनाशकारी भूकम्पले नेपालका १४ जिल्लालाई सबैभन्दा बढी प्रभावित पारेको छ । ग्रामीण भेगका प्रायः सबै घरहरू बस्न नमिल्ने गरी भत्किएका छन् भने सहरी भेगका पनि अधिकांश घरहरू बस्न नमिल्ने भएका छन् । यस्तो विषम परिस्थितिमा भूकम्पले क्ष(तविक्षत बनाएको भोलिपल्टदेखि महिलाका निम्ति महिला मञ्च नेपालका सदस्यहरू आफू लगायत परिवारलाई त्रिपालमा छोडेर, आफ्नो आँसु लुकाउँदै अरू आम मानिसहरूको सहयोगका लागि मैदानमा उत्रेका थिए । हिजोदेखि नै महिलाको अधिकारका लागि अहोरात्र खट्ने मञ्चका सदस्यहरू यस्तो विपत्का वेलामा पनि चुप लागेर आफ्ना लागि मात्र भनेर बस्न सक्ने अवस्था थिएन । तातोपानी, सिन्धुपाल्चोक, पाटन र नुवाकोट गरी ५ जना महिला मञ्च नेपालका सदस्यहरू लगायत श्रमिक महिलाहरूले ज्यान समेत गुमाएका छन् । कतिका आफ्ना परिवारका सदस्यहरू गुमेका छन् । यस्तो परिस्थितिमा पनि मञ्चमा आबद्ध सदस्यहरू दिन रात नभनी महिला बालबालिका र अरूको सहयोगका लागि खटिइरहेका थिए ।

यतिवेला मनभरि पीडा लिएर हिँडिरहेका साथीहरूले एकअर्कासँग मन फुकाएर कुरा समेत

गर्न पाएका थिएनन् । जसका कारणले अब हामी आफै थाकेर समस्यामा पर्ने अवस्थाको सृजना भइसकेको छ भने अर्कातिर अब दीर्घकालीन रूपमा श्रमिक महिलाहरूको अवस्थालाई मध्यनजर गर्दै महिलावादी सोचका साथ कसरी काम गर्ने भन्ने योजना हामीसँग हुन जरुरी छ । तर पनि आफ्नो ख्याल नगरी विभिन्न प्रभावित जिल्लाहरूमा मुस्कान अभियान मार्फत सांस्कृतिक कार्यक्रम, स्वास्थ्य सेवा, राहत वितरण, पुनर्निर्माण र अन्य सहयोगमा सिङ्गो महिलाका निम्ति महिला मञ्च नेपाल निरन्तर खटिरहेको छ ।

**यस क्षेत्रमा श्रमिक महिलाहरुको समस्याहरू**

- श्रमिक महिलाहरूले गरेका कामको मान्यता, उचित सम्मान र उपयुक्त वातवरणको सुनिश्चतता हुन सकेको छैन ।
- यस क्षेत्रमा कार्यरत महिला श्रमिकहरूले नागरिकता प्राप्तिका लागि सहज वातवरण सृजना हुन सकेको छैन ।
- कामको निश्चित कार्यघन्टा र नियुक्ति पत्र पाउने अधिकारबाट बञ्चित भएका छन् ।
- श्रमको उचित मूल्य वा पारिश्रमिकको अभाव छ ।
- श्रमिक महिलाहरूमाथि भइरहेका श्रम शोषण, यौन शोषण र तिनका इच्छाविरुद्धको काममा समेत लगाउने गरिएको छ ।
- श्रमिक महिलाहरूलाई कानुनी तथा सामाजिक न्याय प्राप्त हुन सकेको छैन ।
- घर, समाज र अन्य व्यक्तिहरूबाट पनि अपमान र हिंसा सहनु पर्ने बाध्यता रहेको छ ।
- यस क्षेत्रका श्रमिक महिलाहरू मात्रै दोषी तथा अपराधीकरू रूपमा स्थापित भएका छन् ।
- बनेका कानुन तथा निर्देशिकाहरू पालना गरिएका छैनन् ।
- अनावश्यक थुनामा पर्ने र धरौटी तिर्नुपर्ने अवस्था छ ।
- सामाजिक तथा सांस्कृतिक मान्यता पाएका छैनन् ।
- कार्य क्षेत्रमा असुरक्षा तथा यस क्षेत्रलाई श्रम ऐनले समेट्न सकेको छैन ।
- नागरिता सम्बन्धी समस्या छ ।
- विभिन्न प्रकारका हिंसाको सिकार बनेका छन् ।
- भूकम्पपछि थप मानसिक, आर्थिक समस्या र चुनौतीहरू थपिएका छन् ।

**सुझावहरू**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको पालना गरिनु पर्ने (विशेष रूपमा रोजगारी तथा श्रम सम्बन्धमा) ।
- सर्वोच्च अदालतको निर्देशिका २०६५ अनुरुप कानुन ल्याइनुका साथै उक्त निर्देशिकाको कार्यान्वयन गर्दै अनुगमन समितिको भूमिका सक्रिय बनाइनु पर्ने ।

- डान्स रेस्टुरेन्ट, मसाज सेन्टर, दोहारी साँझको दर्ता प्रकिया तथा अनुगमन गरिनु पर्ने जसले गर्दा उक्त स्थानमा कार्यरत श्रमिकहरू कानुनी रूपमा न्य(ायको खोजी गर्न सकून् ।
- समाज तथा सरकारी निकाय विशेष प्रहरी प्रशासनबाट श्रमिक महिलाहरूप्रति हेरिने दृष्टिकोण सकारात्मक हुनुपर्ने ।
- मनोरञ्जन क्षेत्रका श्रमिकहरूका हकमा पनि श्रम ऐन लागू गर्नु पर्ने ।
- नयाँ बन्ने संविधानमा श्रमिक महिलाहरूका सम्पूर्ण हक अधिकार सुनि(श्चत गरिनुपर्ने ।
- मनोरञ्जनका क्षेत्रका श्रमिकहरूको पहिचान, मान्यता तथा अधिकार सुनि(श्चताका लागि सबै क्षेत्रबाट पैरवी गर्नु पर्ने ।

**समाप्त**

# व्यावसायिक कृषिमा युवाको लगाव

✍ शरद शर्मा, काठमाडौँ

हाम्रो समाजमा पहिले जागिर उत्तम, व्यापार मध्यम र कृति खत्तम भन्ने गरिन्थ्यो । तर अहिले त्यसको ठिक विपरीत कृषि उत्तम, जागिर मध्यम र व्यापार खत्तम हुन पुगेको छ। अहिले हाम्रो समा(जका केही युवाहरूले पुरानको भनाइलाई बदल्दै कृषि पेसालाई उत्तम व्यवसायका रूपमा लिएका छन् र यसलाई उत्तम व्यवसायकै रूपमा प्रमाणित पनि गरिदिएका छन् । उनीहरूले अन्य पेसालाई भन्दा कृषिलाई नै स्वरोजगारको उत्तम माध्यम बनाएका छन् । कृषिलाई हेला गर्दै विदेश लागेका युवाहरूका लागि उनीहरूले एउटा भरपर्दो विकल्प दिएका छन् भन्दा सायदै फरक पर्ला । विदेशतिर पलायन भएका युवाहरूलाई उनीहरूले कृषिमा लोभ्याउने काम गरेका छन् । उनीहरूले कृषि व्यवसायबाट एकातिर मनग्यै आम्दानी गरेका छन् भने अर्कातिर अरूलाई पनि रोजगारी दिएका छन्। यस लेखमा त्यस्तै केही नेपाली युवाको सफलत(ाको कथा प्रस्तुत गरिएको छ ।

सिन्धुपाल्चोक भोटेचौरका महेश चौलागाई भर्खरै फस्टाइरहेको किवी खेतीतर्फ आकर्षित भएका छन् । शिक्षामा स्नातकोत्तर गरिरहेकी उनले आफ्नै ठाउँमा करिब ४ सय रोपनी जग्गा भाडामा लिई व्यावसायिक खेती गरेका छन् । ४० जना युवा मिलेर हैवगु सिन्धु हिमालयन एग्रिकल्चर अर्गानिक भिलेज प्रा.लि. खोलेर उनीहरूले किवीको व्यावसायिक खेती सुरु गरेका छन् । उनी पढेर जागिर मात्र खानु पर्दछ भन्ने मानसिकताको अन्त्य गर्न आफूहरू विगत ३ वर्षदेखि किवी खेतीतर्फ आकर्षित भएको बत(ाउँछन् । फाइदा बढी र जोखिम कम भएकाले पनि किवी खेतीतर्फ आफू आकर्षित भएको भनाइ उनको छ । एक पटक रोपेपछि ६० वर्षसम्म प्रतिफल पाइने भएकाले नै किवी खेतीप्रति आफ्नो झुकाव रहेको उनको भनाइ छ । उनीहरूले ३ वर्षअघि रोपेको किवी खेती अबको वर्षबाट भने प्रतिफल पाउँदै छन् । ३ वर्ष किवी बढ्न समय लाग्छ, त्यसैले उनीहरूले लगाएको किवी अहिले हुर्कँदै छ । यस वर्षदेखि भने किवी फल्ने गरेको छ, त्यसैले उनीहरू किवीबाट प्रशस्त कमाइ गर्न सक्ने भइसकेका छन् ।

किवी रोपेको तिन वर्ष पूरा भएपछि अर्को वर्षबाट फल्न सुरु गर्ने महेश बताउँछन् । किवी फल्न सुरु भएपछि वार्षिक ४० लाख ५० हजार किलो उत्पादन हुने उनको बुझाइ छ। एक पटक रोपेको किवी लगातार ६० वर्षसम्म फल्ने गर्छ । फल्न सुरु गरेपछि ६० वर्षसम्म किवी फल्ने कुरा बुझेका उनी भन्छन् -"एक वर्ष रोपेपछि ६० वर्षसम्म प्रतिफल पाइने भएकाले किवी खेतीलाई

रोजेका हौँ ।"

यस वर्ष लगभग ५ टन किवी फलेको थियो । किवी नेपालमा मात्र नभएर विदेशतिर पनि निर्यात गर्न सकिन्छ । चौलागाईले एक किलो किवीको होलसेलमा ३ सयका दरले बेच्ने गरेका छन् । तर त्यही किवी काठमाडौँमा खुद्रामा बेच्दा भने किलोको ८ सय पर्ने गरेको छ । उनका अनुसार चिसो ठाउँमा हुने किवीको एक बोटले प्रत्येक वर्ष ३० हजार रुपैयाँ आम्दानी दिने गर्दछ । ३५० देखि ५०० रुपैयाँसम्मका बिरुवा किनेर उनीहरूले ५ हजार २ सय किवीका बिरुवा लगाएका छन् । भर्खर फल्न थालेको किवी २०७४ सालदेखि भने राम्ररी फल्न थाल्दछ भनी उनी बताउँछन् ।

चौलागाईहरू ४० जनाको समूहमा छन् र उनीहरूले यस सम्बन्धी एउटा उद्योग नै दर्ता गराएका छन् । उनीहरूले प्रत्येकले २ लाख ५० हजारदेखि ३ लाखसम्म लगानी गरेका छन् । उनीहरूले एक करोड एघार लाख कृषि विकास बैङ्कबाट ऋण लिएका छन् भने आफूहरूबाट एक करोड तिस लाख सङ्कलन गरेका छन् । यही रकमबाट उनीहरूले किवी खेती सुरु गरेका हुन् ।

उनीहरूले वार्षिक प्रतिरोपनी ३ हजार भाडा तिरेर लिएको जग्गामा खेती गरेको किवी मानवीय स्वास्थ्यका लागि निकै लाभदायक मानिन्छ । उनीहरूले २५ वर्षका लागि जग्गा लि( जमा लिएका छन् । उनीहरू जग्गाधनीलाई एक सेयर सदस्य बनाएका छन् । उनीहरू ७ जनालाई मासिक ७ हजारदेखि १२ हजारसम्म तलब दिएर राखेका छन् । किवी फल्न सुरु गरेका खण्डमा ४० जना लगानीकर्तालाई नै प्रत्येक वर्ष १५ लाख आम्दानी हुने कुरा चौलागाई बताउँछन् । किवी उत्पादन गरेपछि भारत, न्युजिल्यान्ड लगायतका देशमा निर्यात गर्ने योजना रहेको पनि उनले सुनाए । अर्गानिक खेती गरिएको किवीको माग अहिले निकै बढ्दो छ ।

आफ्नो असल कर्मले सफल बन्ने अर्का युवा हुन् रमेश तिवारी । खोटाङ घर भई हाल भक्तपुरको गठ्ठाघरमा बस्दै आएका ३५ वर्षीय तिवारी कुखुरा पालन व्यवसायमा संलग्न छन् । तारकेश्वर नगरपालिका रावलटारमा मासिक २५ हजार भाडा तिरेर उनले ३ हजार कुखुराहरू पालेका छन् । छिटो प्रतिफल पाइने भएकाले नै उनले कुखुरा पालन व्यवसाय रोजेका हुन् । एक वर्षअघि कुखुराको व्यवसाय सुरु गरेका उनले राम्रो आम्दानी गरिरहेका छन् । उनले अहिलेसम्म तिन लट कुखुरा उत्पादन गरेर १४ लाख आम्दानी गरिसकेका छन् । विदेश गई रगत पसिना बगाउने युवालाई उनले स्वदेशमै बसेर कुखुरा पाल्न सके राम्रो आम्दानी गर्न सकिँदो रहेछ भन्ने उदाहरण प्रस्तुत गरेर गतिलै सन्देश दिएका छन् । विदेशमा रगत पसिना बगाउनु पर्ने कुरा रामैरी बुझेका उनी भन्छन् -"नेपालमा पसिना मात्र बगाउने हो भने राम्रो आम्दानी गर्न सकिन्छ ।"

सुरुमा साइबर कम्युनिकेसन व्यवसाय सञ्चालन गरेका तिवारी लोडसेडिङका कारण व्यवसाय चौपट भएपछि नै कुखुरा पालन व्यवसायतर्फ लागेका हुन् । आफूले पालेका कुखुरा बेच्न उनलाई कुनै समस्या छैन । दाना उत्पादन कम्पनीले नै कुखुरा बेच्न सहयोग गर्ने भएक( ाले कुखुरा कसरी बेच्ने हो भन्ने कुराको चिन्ता तिवारीले कहिल्यै गर्नु परेको छैन । कुखुरा बढ्न

धेरै समय नलाग्ने भएकाले युवाहरू कुखुरा व्यवसायप्रति बढी आकर्षित भएको पनि उनी बताउँछन् । कुखुरा पालेको ४५ देखि ५० दिनमा बेच्न लायकका हुन्छन् । कुखुरा पालेपछि प्रतिफल पाउन पनि धेरै समय नलाग्ने भएकाले नै आफूले यसै पेसालाई रोजेको बताउने तिवारी विदेश पलायन हुने युवाका लागि प्रेरणास्रोत बन्न पुगेका छन् । कुखुरा पालन व्यवसायमा केही जोखिम भने अवश्यै छ किनभने तापक्रम नमिल्दा कखुराहरू भुतुभुतु मर्न सक्छन् । त्यसैले अलिकति ध्यान मात्र दिने हो भने यो व्यवसाय जीविकोपार्जनका लागि निकै सार्थक हुने उनको ठम्याइ छ ।

तिवारी विदेश गएका/जाने युवाहरूलाई नेपालमै उत्पादनमुखी व्यवसायमा लगाउन सकिने बताउँछन् । यदि सरकारले युवाहरूलाई उचित ऋणको व्यवस्था गरिदिने हो भने धेरै युवाहरू स्वदेशमै स्वरोजगार बन्न सक्ने बुझाइ उनको छ । त्यसैले उनी युवालाई स्वदेशमै स्वरोजगार बनाउने कार्यमा सरकार नै लाग्नु पर्दछ भन्ने धारणा अघि सार्दछन् ।

आफै परिश्रम गरेर सफल बन्ने युवाहरूका लहरमा उभिन पुगेका अर्का एक कर्मशील युवा हुन् रामकुमार अधिकारी । टोखा नगरपालिका झोरमहाकालका उनी कृषिलाई नै मुख्य पेसा बनाएर १५ रोपनी जग्गामा तरकारी खेती गर्दै आइरहेका छन् । पढेर पनि जागिर नपाएपछि उनी यस व्यवसायतिर लागेका हुन् । उनले विगत दुई वर्षदेखि झोरमहाकालमा १३ रोपनी जग्गा भाडामा लिएर टमाटर खेती गरिरहेका छन् । अधिकारीसँगै कृष्णप्रसाद अधिकारी र लक्ष्मण विनाडीले श्रमिक बहुउद्देश्यीय सहकारी मार्फत व्यावसायिक टमाटर खेती गरेका हुन् । **वार्षिक १५ हजार** रुपैयाँमा उनीहरूले जग्गा भाडामा लिएका हुन् । पहिलो चरणमा ५ टन्डेलमा टमाटर खेती गरेका उनीहरू राम्रो उत्पादन भएपछि त्यसमा अझै थप गरेका छन् । टमाटरको व्यावसायिक खेती गरेका उनीहरू थप १५ रोपनीमा टन्डेल बनाएर टमाटर उत्पादन गर्न कस्सिएका छन् ।

सुरुमा गाई पालन गरेका उनीहरू गाईको मल त्यसै खेर जान थालेपछि त्यसलाई सदुपयोग गर्ने उद्देश्यका साथ केही जग्गा भाडामा लिएर तरकारी खेती गर्न थालेका हुन् । उनीहरूले सुरुमा बन्दा, काउली आदि तरकारीको खेती गरेका थिए । तर पछि टन्डेल खेती राम्रो हुन थालेपछि त्यसतर्फ आकर्षित भएका हुन् । उनीहरू भन्छन् -"काउली बन्दाभन्दा टमाटर खेतीमा फाइदा भयो अनि टमाटर खेती सुरु गर्‍यौं ।" अन्य खेतीभन्दा टमाटरामा राम्रो आम्दानी भएपछि उनीहरूले टन्डेल खेती थपेका हुन् । उनीहरू अहिले ३० ठाउँमा टन्डेल खेती गरिरहेका छन् । उनीहरू ३० लाई बढाएर ८० पुर्‍याउने योजनामा रहेका छन् । एउटा टन्डेलबाट एक सिजनमा ५० हजार आम्दानी हुने गरेको छ । टमाटर खेतीको टन्डेल एक पटक बनाएपछि करिब ५ वर्षसम्म ढुक्क हुन्छ । एउटा टन्डेल बनाउन ३० हजार खर्च लाग्ने गरेको छ । ती टन्डेलमा ५ वर्षसम्म टमाटर लगाउन पाइन्छ ।

उनीहरूले अहिलेसम्म आम्दानी गरेको रकम व्यवसायमै लगानी गरेर त्यसलाई बढाउँदै लगेका छन् । रोजगारीको माध्यम कृषिलाई नै बनाएकै कारण आम्दानी पनि यसैमा थप्नु परेको हो

भन्ने भनाइ उनीहरूको छ । उनीहरू अझै पनि यसै व्यवसायमा लगानी बढाउने दाउमा रहेका छन् । उनीहरूले सुरुमा कृषि विकास बैङ्कबाट २० लाख ऋण लिई व्यवसाय सुरु गरेका थिए । अहिले उनीहरू केही गरेर बाँच्न चाहने युवाहरूका लागि गतिलो प्रेरणास्रोत बनेका छन् ।

माथि उल्लेख गरिएका केही युवाहरूका सफलताका कथाले निश्चय नै नेपाली युवाहरूलाई स्वदेशमै स्वरोजगार बनेर देखाउनु पर्दछ भन्ने सन्देश प्रवाह गर्न काफी छन् । यसका लागि सरकारले सुलभ ब्याजदरमा सरल ढङ्गबाट ऋण उपलब्ध गराउन सके निश्चय नै नेपाली युवाहरू स्वदेशमै स्वरोजगार बनेर अवश्यै सुखी जीवन बिताउन सक्नेछन् ।

# नेपाली युवा : समृद्ध नेपालका आधार

✍ -शान्ता चौधरी

**पूर्वसभासद् तथा अध्यक्ष, प्राकृतिक स्रोत तथा साधन समिति**

नेपाली सामाजमा कुनै युवाले आँट र साहस देखाउँदै अलि पाको पुस्तालाई चुनौती दिने कुरा गऱ्यो भने निरुत्साहित गर्दै भनिन्छ -"ओठ निचोर्दा दूध आउनेले यति ठुला कुरा गर्ने ?" यसो भनिरहँदा उनीहरूले यो सत्य बिर्सिरहेका हुन्छने कि नेपालको एकीकरणको प्रयास पृथ्वीनारायण शाहले बिस वर्षको उमेरमा सुरु गरेका थिए । एक वर्षको उमेरमा त उनले नुवाकोटलाई गोर्खा राज्यमा विलय गराइसकेका थिए । तिस वर्षको अल्पायुमै बितेका मोतीराम भट्टले नेपाली गजल( को इतिहासमा आफूलाई अब्बल स्रष्टाका रूपमा मात्र उभ्याएनन् आदिकवि भानुभक्त आचार्यलाई संसारले चिन्न सक्ने बनाएका थिए । तेत्तिस वर्षको उमेरमै जननेता विश्वेश्वर प्रसाद कोइरालाले जहानिया राणा शासनका विरुद्ध सङ्घर्ष गर्न खोलेको नेपाली राष्ट्रिय काङ्ग्रेसको अध्यक्ष पद सम्हालेका थिए । शङ्कास्पद दुर्घटना दिवङ्गत भएका (मारिएका ?) जननेता क. मदन भण्डारीले उनन्चालिस वर्षको उमेरमा नेकपा एमालेको महासचिव पदको दायित्व मात्र पूरा गरेका थिएनन् उक्त पार्टीलाई सैद्धान्तिक आवरण र दिशाबोध समेत गर्न सकेका थिए । नेपाली इतिहास हेर्दा राजनीतिमा मात्र होइन सांस्कृतिक आन्दोलनकी मानक योगमायादेखि लिएर सोह्र वर्षको कलिलो उमेरमै चीन गई नेपाली वास्तुकलाको अनुपम उदाहरण पेस गर्ने र आजसम्म पनि नेपाल चीन सम्बन्धको बिम्ब बनेका अर्निको युवा थिएनन् ? केवल अल्छी र विगतमा ससाना प्रयास र प्राप्तिमा रमाउने आशाको दियो बाल्न नसक्नेहरूले मात्रै इतिहास र वर्तमानको अवमूल्यन गर्छन् । तिनीहरूमा भविष्यको उज्यालो रेखा कतै भेटिँदैन ।

हामी नेपाली युवाहरू आफ्नो नाइटोमा सुगन्ध रहेको पनि थाहा नपाउने कस्तूरी जस्ता भएका छौं । इतिहासले राष्ट्र निर्माण गर्न यति धेरै बलिया पाखुरा भएको उमेर समूह कहिल्यै दिएको थिएन नेपाललाई । उत्पादनशील उमेरको ठुलो हिस्सा ओगट्छ अहिले नेपालको जनसङ्ख्याले । हामीसँग के छैन ? संसारले वीर र इमानदार भनेर चिन्दछ र जहाँ पनि नेपालीले रोजगार पा( एका छन् । चन्दा असुली जस्ता कुकृत्य मात्रै रोक्ने हो भने थोरै मिहिनेतले पनि धेरै नाफा कमाउन सक्ने औद्योगिक वातावरण नेपालमै छ । पहाडका थुम्कादेखि झरनासम्म कलकल बग्ने नदीदेखि मनोरम तालतलैयासम्म, तराईका जङ् गलदेखि पहाडका बुटीसम्म सबैतिर सुन फलाउन सकिन्छ । जुनसुकै वस्तु पनि गुणस्तरीय रूपले

उत्पादन गर्न सक्यो भने त्यसको बजार खोज्न धेरै टाढा पुग्नै पर्दैन विश्वको एक तिहाइ जनसङ्ख्या हाम्रै छिमेकमा छ । यस्तो वेलामा पनि बनाउन नसकेको देश कहिले बनाउन सकिन्छ र ?

हुनत सबै प्रयासहरू सफल नहुन सक्छन् । तर मलाई के लाग्दछ भने प्रत्येक मानिसमा एउटा छुट्टै अन्तर्निहित क्षमता जन्मैदेखि आएको हुन्छ । हामी प्रायः आफूमा भएको त्यस क्षमत(ाभन्दा बाहिरको क्षेत्रमा प्रयास गरिरहेका हुन्छौ । हाम्रो समाजले सधैं डाक्टर इन्जिनियर भएको देख्न चाहन्छ आफ्ना सन्तानलाई । देशको भाग्य कोर्ने नेता होओस् या हजारौंलाई रोजगार दिन सक्ने उद्यमी होओस् भनेर कहिल्यै भन्दैनौं हामी । हामी आफ्ना सन्तानलाई केवल जागिरे बनाउन चाहन्छौं सर्जक, उद्यमी, कुटनीतिज्ञ, राजनीतिज्ञ, अन्वेषक आदि बनाउन किमार्थ चाहँदैनौं । त्यसैले गर्दा हाम्रा सन्तानहरू, दाजुभाइ तथा दिदीबहिनीहरूले अपेक्षित सफलता हासिल गर्न नसकेका हुन सक्छन् । तसर्थ नेपाली युवाहरूलाई त्यो स्वतन्त्रता र वातावरण दिनु आवश्यक छ जहाँ उनीहरूले आफूमा अन्तर्निहित त्यस क्षमताको उपयोग गर्न सकून् र आफ्नो योगदानप्रति गर्व गर्न सकून् ।

अहिलेका युवावर्गले सबैभन्दा बढी आलोचना गर्ने वर्ग हो राजनीतिज्ञ । मलाई के अचम्म लाग्छ भने हामीससाना कुरा जसलाई नियमसङ्गत तरिकाले नै गराउन सकिन्छ त्यसका लागि पनि नेता गुहाछौं । यसले पद्धति र प्रणालीको विकास गर्न होइन भत्काउन मात्र सघाउँछ । प्रशासन संयन्त्रमा अनावश्यक राज(नीतिक हस्तक्षेप बढाउँछ । तर हामी आफैले नेता प्रयोग गर्ने र आफैले सबैभन्दा बढी सत्तो सराप पनि नेताहरूकै गरिरहेका हुन्छौं । देशको नीतिमा हस्तक्षेप गरी देशको भाग्य निर्माण गर्न सक्ने क्षेत्र नै राजनीति हो । हाम्रो इतिहासका हरेक परिवर्तित मोडमा युवा पुस्ताको योगदानले यसलाई पुष्टि गरेको छ । तसर्थ यस क्षेत्रलाई घृणा नगरौं । यसलाई विकृत हुन नदिन हामीले नै योगदान गरौं । म आफैले देशका लागि कति योगदान दिएँ त्यसको मूल्याङ्कन गर्ने वेला भएको छैन तर पनि कमैया कम्लरी आन्दोलन मात्र नभई समाजका सीमान्तीकृत समुदायमा आशाको सञ्चार गर्न र उनीहरूमा आत्मसम्मानको अलिकति भए पनि भावना जगाउन राजनीतिले नै ठाउँ दिएको हो भन्ने कुरा निर्धक्क भन्न सक्छु ।

यसो भनिरहँदा सबै राजनीतिमा आउनु पर्छ भन्ने होइन । मलाई साह्रै मन पर्ने आनी छोइङ डोल्माले गाएको गीतको याद आउँछ यहाँ । फूलको आँखामा फूलै संसार....। राज(नीति बाहेकका हरेक क्षेत्र उत्तिकै महत्त्वपूर्ण छन् । जाँगरमा ख्याति कमाएको नेपाली युवा पुस्ताले उद्यमशीलतालाई बढावा नदिँदासम्म हामी अरबको मरुभूमिमा रगत, पसिना र आँसुसँग साटेको केही विदेशी मुद्रामा मात्र निर्भर हुनेछौं । त्यसले देशलाई समृद्धि, आत्मसम्मान र आत्मनिर्भरताको बाटोमा लैजान सक्ने छैन । केही यहीं गरौं तर अलिक फरक ढङ्गले गरौं । विदेशबाट सिकेर आएको सीपमा अलिकति प्रविधि अनि अलिकति मौलि(कता थपेर नेपालीपानामा ढाली नयाँ उत्पादनको सुरुवात गर्ने हो भने रोजगार मात्र सृजना हुने छैन भत्किँदै गएको पारिवारिक वातावरण र संस्कृति फेरि आफ्नै पुरानो र गर्विलो बाटामा फर्कने छन् ।

यी सबैका लागि शिक्षा र स्वास्थ्यमा ठुलो लगानीको पनि आवश्यकता छ । प्राकृतिक रूपले यति सुन्दर देशका उच्च पहाडी भागमा सुविधा सम्पन्न विश्वविद्यालयहरू हुँदा हुन् त संसारको कुन मान्छेलाई यहाँ आएर पढ्न रहर नलाग्दो हो । योग र आयुर्वेदका नामुद अस्पताल खोल्न सकिँदो हो त नेपाली कन्दराका कुन बुटीहरूले सुन नफलाउँदा हुन् ? कुन नेपाली भारतका काला पहाड, आसामका कोइलाखानी र अरबका मरुभूमिमा जानु पर्दो हो ? नेपाली हावापानी र प्राकृतिक सौन्दर्यसँग शिक्षा र स्वास्थ्यलाभ लिन आउने विदेशीहरूको लर्कोले मात्रै नेपाल समृद्ध हुन सक्ने थियो । राज्यले यतातर्फ सोच्नु पर्छ र नेपाली युवा उद्यमीहरूले परम्परागत उद्यमबाट अलिकति माथि उठेर आँट गर्नुपर्छ यी नयाँ सम्भ( ावनाहरू खोतल्न । यी कुरा पुराना पुस्ताबाट सम्भव नहुन सक्छन् । त्यसका लागि हामीले हाम्रा नयाँ पुस्तालाई रोजगारमूलक र उद्यमशील शिक्षा अहिलेदेखि नै दिनु पनि उत्तिकै आवश्यक छ ।

हामीसँग थुप्रै चुनौती पनि छन् तर त्यसको कैयौँ गुणा सम्भावना छन् । नेपाली युवा निराश र कुण्ठामा बाँचेको देख्दा म अचम्ममा पर्छु । म आफै वर्षौंवर्षको दासतामा बाँचेर त्यसका विरुद्ध सङ्घर्ष गर्दै यहाँसम्म आइपुग्दा मैले जानेको एक मात्र कुरो के हो भने हामीमा एउटा अविचलित लक्ष्य र त्यसका लागि निरन्तर प्रयास गर्ने हो भने जुनसुकै क्षेत्रमा पनि सफलता हासिल गर्न सकिन्छ । सबै क्षेत्र उत्तिकै महत्त्वपूर्ण छन् यहाँ । कला, साहित्य, उद्योग, राजनीति, खेलकुद, अन्वेषण आदि जतातिर लागे पनि आफ्नो रुचिको क्षेत्रमा लाग्नुपर्दछ । क्षमता त विकास गर्दै लैजाने कुरा हो । जन्मिँदै कोही सुबेदारको फुली लगाएर जन्मेको हुँदैन । राज्यले उपयुक्त वातावरण चाहिँ बनाइदिनु पर्दछ तर गर्ने हामीले नै हो । नेपालको मुहार उज्यालो पार्न हाम्रो पुस्ताले पनि केही गर्न सकेनौँ भने इतिहासले हामीलाई कहिल्यै माफ गर्ने छैन । कतै सुनेको एउटा भनाइ यहाँ सम्झन पुगेको छु -"उद्यमशील मानिस नै समाजका सिंह हुन् । उनीहरूका अधीनमा लक्ष्मी हुन्छिन् । भाग्यले दिन्छ भन्ने त कायरहरू मात्र हुन् । सुतेको सिंहको मुखमा आएर मृग पस्दैन ।" स्वामी विवेकानन्दको भनाइ सापटी लिँदै भन्न चाहन्छु -"नेपाली युव हो जाग, उठ र आफूमा रहेको क्षमताको उपयोग गरेर ईश्वरीय वरदानको अनुभूति गर ।"

# नेपालमा युवाको स्वास्थ्य अवस्थाः अवसर र चुनौती

✍-सुदर्शन पौडेल

**सहायक प्राध्यापक**

नेपाल युवा देश हो किनकि यहाँका अधिकांश नागरिक युवा छन् । युवा शब्दलाई उल्टाएर हेर्दा 'वायु' बन्दछ। यस अर्थमा युवाहरू देशका चलायमान् शक्ति हुन् भनेर मान्न सकिन्छ । असीमित चाहना भएको र ऊर्जाशील यस शक्तिले परिवार, समाज, देश र विश्वमा विभिन्न कृयाकलापबाट सकारात्मक परिवर्तन ल्याएको छ। हाम्रो जस्तो अस्थिर समाजिक आर्थिक अवस्थाबाट गुज्रिरहेको देश यिनै युवाहरूको भरोसामा अडेको छ। तर एउटा सर्वमान्य कुरा के हो भने त्यसको पृष्ठभूमि आजको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य आदि क्षेत्र र तिनमा राज्यले गर्ने लगानीले निर्धारण गर्दछ।

संयुक्त राष्ट्र सङ्घ जनसङ्ख्या कोषले १० वर्ष देखि २४ वर्ष समूहको जनसङ्ख्यालाई युवा मानेको छ । यद्यपि हरेक देशले आफ्नो कानुन अनुसार युवा जनसङ्ख्यालाई परिभाषित गरेका छन्। जस्तो कि भारतले १३ देखि ३५ वर्ष समूहको जनसङ्ख्यालाई युवा मानेको छ भने अर्को छिमेकी मुलुक पाकिस्तानले १५ वर्ष दखि २९ वर्षको जनसङ्ख्यालाई युवा मानेको छ। तर नेपालले सन् २०१५ मा जारी गरेको युवा ऐनमा भने १६ देखि ४० वर्षको जनसङ्यालाई युवा मानेको छ।

मानिसको युवावस्थाको मापन उसको उमेरलाई भन्दा पनि उसमा निहित ऊर्जाशील अवस्थाका आधारमा गरिन्छ। यस अवस्थामा शारीरिक, जैविक, मानसिक र आवेगात्मक रूपमा मानिस परिपक्क हुँदै जान्छ । नेपालमा 'युवा संस्कृति' विकास हुँदै आएको पाइन्छ । अर्थात् समाजमा युवाको जीवनशैली र उनीहरूका विचारहरू बेग्लै संस्कृतिका रूपमा उजागर भएर आएको छ। कुनै पनि संस्कृति विकासको चरणमा तिन प्रकारका चरणहरू देखा पर्दछन्- पाशविक (barbarism), अर्ध नागरिक चेतना (half-civilization) र पूर्ण नागरिक चेतना (civilization)। विभिन्न सामाजिक सांस्कृतिक परिवेश भएका समुदाय र व्यक्तिहरूमा फरक फरक देखा पर्ने गर्दछ। त्यस्तो प्रभाव पनि लैङ्गिक रूपमा समेत फरक फरक हुनु स्वाभाविकै हो । कुनै पनि समाज वा सांस्कृतिक परिवेशका युवाहरूले आफ्नो उमेर वा त्यहाँको अवस्था अनुसार वातावणीय उतार चढावहरूसँगै आफूलाई समायोजित गराउँछन् भने कतिपय अवस्थामा जोखिमपूर्ण व्यवहार



शाखा अधिकृत,

का अलावा गम्भीर स्वास्थ्य समस्याको कारणसम्म बन्न पुग्दछन् । त्यसैले यो युवा अवस्थाको सुरुवात र अन्त्यको वैज्ञानिक मापनभन्दा पनि उपलब्ध तथ्यका आधारमा तय गर्ने विषय हो । यस अर्थमा आज नेपालका सन्दर्भमा किटान गरिएको उमेरको सीमा आगामी दिनमा परिमार्जन हुन सक्ने विषय पनि हो ।

नेपालको कुल जनसङ्ख्याको ४०.३ प्रतिशत (१०,६८९,८४२ जनसङ्ख्या) यो समूहको जनसङ्ख्यामध्ये पूर्वयुवा अवस्थामा (१६ देखि २५ वर्ष) रहेका युवाहरूको शिक्षाका क्षेत्रमा पुरुषको पहुँच ८८.२ प्रतिशत र महिलाको पहुँच ७६.७ प्रतिशत साक्षर रहेको छ भने उत्तरयुवा अवस्थामा (२६ देखि ४० वर्ष) यसको अनुपात ४९.४ प्रतिशत महिला र ७५.७ प्रतिशत पुरुष रहेको छ । शिक्षाको अवसर पाएका नागरिकहरू आफ्नो स्वास्थ्यका बारेमा समेत बढी जिम्मेवार हुन सक्छन् । नेपालको गण्डकी अञ्चल युवा शिक्षाका लागि अग्रणी स्थानमा (५९.३ प्रतिशत) रहेको छ ।

नेपालको जनसङ्ख्या तथा घरधुरी सभेर्क्षण २०११ अनुसार कुल जनसङ्ख्याको ०.६१ प्रतिशत र युवा जनसङ्ख्याको १.५२ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको पाइएको छ । उक्त सर्भेक्षणले अपाङ्गतालाई आठ किसिमले वर्गीकरण गरेकामा करिब ३८.२ प्रतिशतमा शारिरीक अप( ाङ्गता रहेको र ०.१२ प्रतिशतमा बहुअपाङ्गता रहेको पाइएको थियो । कुल अपाङ्गता भएकामध्ये पुरुषको सङ्ख्या ५५ प्रतिशत रहेकाले उनीहरूमध्ये पर निर्भर हुनेको सङ्ख्या पनि उल्लेख्य हुन सक्दछ । मध्य पश्चिमाञ्चल विकास क्षेत्र युवा अपाङ्गतामा सबै भन्दा अगाडि रहेको पाइएको छ जहाँ कुल युवा मध्ये २.६८ प्रतिशत पुरुष र १.८४ प्रतिशत महिलामा कुनै न कुनै प्रकारको शारीरिक वा बौद्धिक असक्षमता रहेको पाइएको छ । यसो हुनुका धेरै कारणहरू हुन सक्छन् जुन आगामी दिनमा अध्ययनको विषय हुन सक्छ तर जनस्वास्थ्यका दृष्टिकोणबाट आजको अवस्थालाई हेर्दा त्यहाँ रहेको गरिबी, अत्यावश्यक सेवाको अप्रर्याप्तता वा मानिसको शिक्षा र आय आर्जनको अवसरमा कमी जस्ता कारणले यो समस्या विकाराल बनेको हो भन्ने देखिन्छ । जस्तो प्रर्याप्त पोषिलो खानाको अभावमा हुर्केका युवाहरूले अक्सर कमजोर, रोगी वा अपाङ्गता भएका बालबालिको जन्म दिन्छन् । यदि नवशिशु स्वस्थ नै जन्मिएको भए तापनि समय समयमा हुन सक्ने साधारण बिरामीको उचित आहार, हेरचाह, उपचार आदिका अभावमा अपाङ्गता विकास हुन सक्ने हुँदा नेपालमा देखिएको हालको उच्च दर न्यूनीकरण गर्न सकिन्छ तर त्यसका लागि राज्य, समाज र परिवारले ठूलो भूमिका खेल्नु जरुरी छ ।

नेपालको श्रम सर्भेक्षण २००८ को प्रतिवेदन अनुसार हरेक वर्ष करिब चार लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् । उक्त प्रतिवेदनमा पढेर पनि रोजगारी नपाउने समस्या अति उच्च (५४ प्रतिशत) रहेको देखाएको थियो । देशमा ७० प्रतिशत युवा शिक्षित भएको तथ्याङ्क क एकतर्फछ भने सीपमूलक तालिम पाएको युवा जनसङ्ख्या त्यसको करिब एक चौथाइ मात्र रहेको देखिन्छ । नेपालमा हाल उपलब्ध जनशक्तिलाई प्रर्याप्त रोजगारीको अवसर नभएकै कारण वा देशभित्र श्रमको राम्रो मूल्य नपाएकै कारण निकै ठूलो सङ्ख्यामा युवाहरू कामको खोजीमा विदेश जाने

गरेका छन् । धौलागिरी अञ्चलबाट मात्र करिब ९२.८ प्रतिशत पूर्वयुवा अवस्थाका मानिस खाडी वा अन्य देशमा श्रम बेच्न गएको देखिन्छ । समग्र देशको तथ्याङ्क हेर्दा कुल युवा जनसङ्ख्याको २२.७ प्रतिशत पुरुष र २६.४ प्रतिशत महिला (पूर्व युवाअवस्थाको) रोजगारी वा अध्ययनका सिलसिलामा देश बाहिर रहेको देखिएको छ । साथै विदेशमा अध्ययन गरेको जनसङ्ख्या देशमा फर्केर सेवा गर्न नै नचाहने एक गम्भीर चुनौती एकातर्फ छ भने जीवन निर्वाहका लागि रोजगारीको खोजीमा विदेसिने कैयौँ युवाको मृत्यु हुने, बाँचेकाहरूमध्ये ठुलो सङ्ख्या रोगी, अपाङ्ग वा कुलतको सिकार हुने गरेको पाइन्छ । युवाहरू विदेशमा अध्ययन वा रोजगारीका लागि जानु सकारात्मक हुन सक्छ तर त्यसले उनीहरूको स्वास्थ्य तथा उनीहरू मार्फत भित्रिने सामाजिक विकृतिहरूतर्फ राष्ट्र सजग र हनु पर्दछ । युवा विदेसिने वेलामा गन्तव्य देशको नियम अनुसार स्वास्थ्यको जाँच गरी निरोगित(ाको प्रमाण पेस गर्नु पर्दछ जबकि उनीहरू स्वदेश फर्कने वेलामा कुनै स्वास्थ्य तथा अन्य जोखिमपूर्ण गतिविधिमा संलग्न भए नभएको कुराको जाँच गर्ने गरिएको पाइँदैन । त्यसबाट व्यक्त अव्यक्त रूपमा जनस्वास्थ्यमा विभिन्न समस्याहरू निम्तिन सक्ने कुरातर्फ सचेत हुनु आवश्यक छ ।

नेपालमा युवाहरूले गर्ने कामको विवेचना गर्दा उनीहरूमध्ये अधिकांश निर्वाहमुखी कृषि (२६.७ प्रतिशत) र घरायसी धन्दा (१९.४ प्रतिशत) मा संलग्न भएको पाइन्छ । केवल २२.७ प्रतिशत युवा शिक्षा आर्जनमा संलग्न हुने गरेका भए पनि तीमध्ये पनि अत्यन्त कम मात्रैले सीपमूलक र प्राविधिक शिक्षाको अवसर पाएका छन् । फलस्वरुप २९.४ प्रतिशत युवाले मात्र रोजगारी पाएको देखिन्छ । घरभित्रको काममा लाग्ने वा अन्य प्रत्यक्ष अनुत्पादक काममा संलग्न महिला युवाको सङ्ख्या कुल सङ्ख्याको एक तिहाइभन्दा बढी रहेको तथ्यबाट नै पुष्टि हुन्छ ।

नेपालमा विवाहलाई सामजमा विशेष महत्त्वका साथ हेरिने हुँदा उत्तर युवा अवस्थाका अधिकांश युवाहरू वैवाहिक सम्बन्धमा (९१ प्रतिशत पुरुष र ९६ प्रतिशत महिला) गाँसिने गरेको पाइन्छ । पूर्व युवावस्थामा हुने विवाह क्रमश: कम हुँदै गएको कुरा (३०.१ प्रतिशत पुरुष र ५६.६ प्रतिशत महिला) तथ्याङ्कले देखाएको छ । सन् २०११ को तथ्याङ्क अनुसार नेपालमा विवाहको औसत उमेर पुरुषमा २३.८ वर्ष र महिलामा २०.६ वर्ष रहेको पाइन्छ जुन नेपालको कानुनले परिभाषित गरेको उमेरको न्यूनतम हदभन्दा सरदर ३ प्रतिशतले बढी हो । यसैको परिणाम हुन सक्छ, हालको प्रजनन उमेरका महिलाको कुल प्रजनन दर २.५ प्रति महिला रहेको छ । यस क्रममा तुलनात्मक रूपमा आर्थिक तथा सामाजिक रूपमा कमजोर अवस्थाका क्षेत्रमा प्रजनन दर उच्च (कालिकोट जिल्लामा ५.९) रहेको छ भने नेपा(लको राजधानीका तिन जिल्लाहरूमा प्रजनन दर १.८ मात्र रहेको छ । यसबाट शिक्षा, स्वास्थ्य, रोजगारी तथा अन्य सामाजिक आर्थिक अवस्था र ाम्रो रहेका क्षेत्रमा कुल प्रजनन दरमा निकै सुधार भएको पाइन्छ । परिपक्व भएर विवाह गर्ने हालको

प्रवृत्तिले महिलामाथि हुने सामाजिक आर्थिक तथा यौन सुरक्षाका घटनाहरू क्रमशः कम हुदै आएका छन् ।

स्वास्थ्यका दृष्टिले हेर्दा लामो समयदेखि थाती रहेका युवाका स्वास्थ्य एवं सामाजिक सरो कार सम्बन्धी चाहना र आवश्यकतालाई सम्बोधन गर्ने दिशामा विश्व जनमत जिम्मेवार ढङ्गले अघि बढ्न नीतिगत रूपमा प्रतिबद्ध भएको कुरा संयुक्त राष्ट्र सङ्घको सन् १९९० को चार्टरमा उल्लेख भएबाट देखिन्छ । उक्त प्रतिबद्धता सन् १९४६ मा विश्व स्वास्थ्य सङ्गठनको प्रस्तावनामा अङ् गीकार गरिएको स्वास्थ्यको परिभाषाको परिधिभित्र रहेर तयार गरिएको हो । फलस्वरुप अधिकांश दे शका नीति निर्माताहरूले युवाप्रति केन्द्रित सेवा र सूचनामूलक कार्यक्रम तयार पारी लागू गने र्गरेको पाइन्छ । यद्यपि उक्त प्रतिबद्धताका कति( पय महत्त्वपूर्ण बुँदाहरूको पालना भने अधिकांश विकासोन्मुख र अतिकम विकसित देशहरूले गरे को पाइँदैन ।

विश्व जनमत युवाको स्वास्थ्य एवं साम( ाजिक सरोकारप्रति उन्मुख हुनुका मुख्य तिन वटा कारण रहेका छन् । पहिलो कारण जनसङ्ख्यामा यस समूहको उच्च स्थान हुनु हो । यो संख्या सन् २०३० सम्म उच्च विन्दुमा पुग्ने अनुमान गरिन्छ । दोस्रो चाहिँ यस उमेर समूहका अधिकांश मानिसको बानी व्यवहार निर्धारण हुन्छ जुन उसको भविष्यको स्वास्थ्य तथा सामाजिक स्थानको निर्धारक बन्न सक्छ । यस समूहका युवाहरू धुम्रपान, मद्यपान, जोखिमपूर्ण यौन व्यवहार, नशालु पदार्थको सेवनदे खि आपराधिक गतिविधिमा संलग्न हुने खतरा र हन्छ भने राम्रो पारिवारिक, सामाजिक सद्भाव, र ाज्यबाट शिक्षा, स्वास्थ्य र क्षमता वृद्धिमा सहयोग पाएका युवाहरु भविष्यका प्रतिभाशाली नागरिक बन्ने अवसर पनि हो । तेस्रो कारण चाहिँ आजका युवाहरू नै भोलिको सन्ततिका अभिभावक हुन् । उनीहरुको जीवनको उपलब्धिसँगै भविष्यका सन्ततिको भविष्य धेरै हदसम्म गाँसिने हुँदा पनि राष्ट्रले यस समूहका नागरिकलाई परिवार, समाज र राष्ट्रप्रति जिम्मेवार बनाउनका लागि तिनको स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी गर्नु अत्यावश्यक छ ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रा( लयले हालै जारी गरेको 'युवा भिजन २०२५' ले आगामी दश वर्षे स्वास्थ्य र सामाजिक सुरक्षा रणनीति तय गर्दै यस क्षेत्रमा सरकारी लगानी वृद्धि गरी युवाको आधारभूत स्वास्थ्य निःशुल्क र सर्वसुलभ बनाउने प्रतिबद्धता जनाएको छ । यसका अलावा जोखिममा परेका, अपाङ्गता भएका, महिला, विपन्न र सीमान्तकृत युवालाई लक्षित गरी विशेष कार्यक्रम मार्फत उपचार, उद्धार तथा राहत प्रदान गर्ने प्रतिबद्धता जाहेर गरिएको छ ।

युवा रणनीतिको अर्को राम्रो पक्ष भनेको प्रकृति र आधुनिक प्रविधिको अधिकतम सदुपयो ग गरी स्वास्थ्य चेतना अभिवृद्धि अभियान अघि बढाउनु हो । यसमा प्राकृतिक र आत्म चिकित्सा पद्धतिको विकास गरी युवामा रोग लाग्न नदिने वातावरण सिर्जना गर्ने लक्ष्य राखिएको छ । त्यसका लागि परम्परागत किसिमका सञ्चार प्रविधिका अलावा मोबाइल अनि सामाजिक सञ्जालहरुको अधिकतम उपयोग गर्ने नीति लिएको छ । संसार का धेरै देशले यस प्रकारको नीतिबाट स्वास्थ्य तथा सामाजिक क्षेत्रमा निकै राम्रो उपलब्धि हासिल गरे

का परिप्रेक्ष्यमा नेपालको कार्यक्रम पनि उपयोगी हुने अनुमान गर्न सकिन्छ । यसका लागि युवाका मनोवैज्ञानिक तथा अन्य स्वास्थ्यसँग सम्बन्धित संवेदनशील विषय ( प्रजनन स्वास्थ्य, परिवार नियोजन, मातृशिशु स्याहार, मातृत्व अधिकार, यौन तथा जोखिम व्यवहार न्यूनीकरण, मानसिक समस्या आदि) सँग सम्बन्धित कुराहरूलाई स्वास्थ्य संस्थासँग समन्वय गरी सचेतना प्रदान गर्ने र सेवा लिने दिने बिचको दुरी कम गरी गुणस्तरीय सेवा प्रदान गर्नका लागि कार्यक्रमहरू सञ्चालन गर्न सकिने भनिएको छ ।

अपाङ्गता भएका युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने प्रतिबद्धताका साथ राज्यले निर्माण गर्ने सार्वजनिक स्थलमा अनिवार्य रूपमा अपाङ्गमैत्री भौतिक संरचना निर्माण गर्ने र अपाङ्गताको प्रकृति हेरी सेवा र उपचारको व्यवस्था गर्ने अनि नैतिक तथा आध्यात्मिक शिक्षाका माध्यमबाट जोखिमपूर्ण व्यवहारबाट मुक्त गराउने उद्देश्य राखिएको छ । यसका साथै युवाका स्वास्थ्य तथा सामाजिक सुरक्षाका अन्य सबालहरूलाई विद्यालयस्तरको पाठ्यक्रमदेखि अनौपचारिक शिक्षाका साथै लक्षित समूह परिचालनका माध्यमबाट सुसुचित गराइनेछ । लैङ्गिक, यौन शोषित, जातीय भेदभावमा परेका, बेचबिखनमा परेका युवाको सामाजिक, न्यायिक र आर्थिक सुरक्षाको जिम्मा समाज तथा राष्ट्रले लिनु पर्दछ ।

१६ देखि ४० वर्षको उत्पादक जनसङ्ख्या उच्च विन्दुमा रहनु देश र समाजका लागि सकारात्मक पक्ष हो । यस समूहको सकारात्मक दबाबका कारण देशमा शिक्षा, स्वास्थ्य र रोजगारीका केही राम्रा अवसरहरू पनि थपिँदै गएको हामी पाउँछौँ । संसारको जनसाङ्खिक तथ्याङ्क हेर्दा विकसित देशहरूमा यस समूहको जनसङ्ख्या घट्दो क्रम सुरु भइरहेको देखिन्छ जब कि नेपाल लगायतका कम विकसित देशमा उच्चतम विन्दुमा रहेको छ । तर उचित व्यवस्थापन गर्न नसक्दा यो समुह देशमा सामाजिक एवं सांस्कृतिक अस्थिरताको कारण पनि बन्न सक्छ भन्ने कुरालाई हामीले किमार्थ भुल्नु हुंदैन । नेपालको जनसङ्ख्या पिरामिडको तुलनात्मक अध्ययन गर्दा हालको अवस्था लामो समयसम्म नरहन सक्ने सङ्केत देखिएको छ कि( नकि देशमा १५ वर्षभन्दा कम उमेरको जनसङ्ख्याको भार द्रुत गतिमा घट्दै आएको छ । यसको असर नेपालमा करिब २० वर्षपछि क्रमशः 'युवा क्षय'को अवस्था राष्ट्र र समाजले महसुस गर्ने अवस्थाको सृजना हुन सक्नेछ । त्यस वेला देशको श्रम बजारमा न्यून जनशक्ति उपलब्ध हुनेछ । अतः जनसङ्ख्यालाई राज्यको विकासको प्रवाह मान्ने हो भने हालको अवस्था उपयुक्त रहेको छ ।

नेपाल लगायतका देशमा युवा जनसङ्ख्याको हालको उच्च उपस्थितिका कारण वस्तु तथा सेवाको बजारमाथि परेको उच्च दबाबलाई सम्बोधन गर्न सरकारसँग बहुआयामिक नीति तथा कार्यक्रम हुनु पर्दछ । पूर्वयुवावस्था प्रजनन स्वास्थ्यका दृष्टिले निकै ऊर्जाशील हुन्छ । नेपा( लमा १८ वर्ष अगावै विवाह र बच्चा जन्माउने क्रम एसियाका अरू देशका तुलनामा उच्च रहेको छ । भलै देशमा १५ वर्षमुनिको जनसङ्ख्या हाल घट्दो क्रममा रहेको भए तापनि १६ देखि २४ वर्षभित्रको उच्च प्रजनन दरले देशमा जनसाङ्ख्यिक असन्तुलनको स्थिति सृजना हुन सक्ने

तर्फ सचेत रहनु पर्दछ । यसको प्रत्यक्ष असर ऊर्जाशील समूह सेवा र उत्पादन बजारमा निष्क्रिय रहने वा कम उत्पादक बन्ने खतरा रहन्छ । तसर्थ यस समूहको जनसङ्ख्यालाई लक्षित गरी युवा मैत्री आधारभूत स्वास्थ्य उपचारको उचित व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ ।

नेपालका युवाहरूमा सामाजिक मान्यताका कारण प्रजनन स्वास्थ्य तथा यौनका बारेमा खुलेर कुराकानी गर्ने वा शिक्षा हासिल गर्ने वातावरण छैन । रेडियो वा पत्रपत्रिकाबाट प्राप्त हुने त्यस सम्वन्धि जानकारी वा सूचना पनि सबै युवाले सही ढङ्गले बुझ्दछन् भन्ने छैन । पछिल्लो समयमा केही निजी तथा सामाजिक संस्थाहरूले यस सम्बन्धी लक्षित कार्यक्रम सञ्चालन गरेको पाइन्छ । तर त्यस्ता सेवाहरू प्रायः सहर केन्द्रित वा संस्था केन्द्रित छन् । नेपालका ग्रामीण भेकका युवालाई लक्षित गरी सरकारी स्वास्थ्य तथा अन्य निकायबाट युवा स्वास्थ्य तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि ल्याउनु जरुरी भइसकेको छ ।

सरकारले निजी तथा गैरसरकारी निकायहरूलाई कार्यक्रम र कार्यक्षेत्र तोकेर परिचालन गर्नु पर्दछ । यसैसँग गाँसिएको अर्को विचारणीय पक्ष भनेको कतिपय जोखिम व्यवहार भएका युवाहरू उपलब्ध सेवा पनि लिन इच्छुक भएको पाइँदैन । केही वर्ष पहिले कलेजमा अध्ययन गर्ने युवाहरूमा गरिएको अध्ययनमा करिब आधाभन्दा बढीले पहिलो पटक यौन सम्पर्क गर्दा कण्डमको प्रयोग नगरेको पाइयो । त्यस्तै घटनाको परिणाम पछिल्लो तथ्याङ्कले पनि नेपालमा किशोरी अवस्थामा गर्भधारण वा आमा बन्नेको सङ्ख्या उच्च रहेको देखिएको छ । वैवाहिक जीवनमा समेत अनुच्छुक गर्भधारण हुनुको कारण हालका दिनमा गर्भपतनका घटना निकै बढेको छ । त्यसका लागि सुरक्षित गर्भपतन केन्द्रमा सम्पर्क नराख्ने वा लजाउने प्रवृत्तिका कारण कैयौँको अकालमा ज्यान जाने गरेको छ ।

## युवा केन्द्रित विशेष कार्यक्रमको आवश्यकता

संयुक्त राष्ट्र सङ्घको बालअधिकार सम्बन्धी घोषणापत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूलाई स्वास्थ्य तथा अन्य कार्यक्रम निर्माण र त्यसको कार्यान्वयन अधिकारमा आधारित हुन पर्ने, स्थानीय सामुदायिक सङ्घ संस्था तथा अभिभावक लगायत लक्षित वर्ग स्वयंलाई पनि सहभागी बनाउनु पर्ने कुरा औंलाएको छ । उक्त घोषणापत्रले प्रजनन स्वास्थ्यका क्षेत्रमा सिफारिस गरेका कार्यक्रम निम्न रहेका छन् :

क) शारीरिक, मानसिक, संवेगात्मक क्षमताको वृद्धि र विकासको जानकारी

ख) यौन तथा प्रजनन स्वास्थ्य शिक्षा

घ) गर्भपतन

ङ) यौनजन्य सङ्क्रमण

च) शरीरको रोगप्रतिरोधात्मक क्षमता कम गर्ने अवस्था वा रोगको रोकथाम (जस्तो कि HIV/AIDS)

छ) बालविवाह (कानुनले तोकेको उमेर अगावैको विवाह रोक्ने)

ज) लैङ्गिक तथा सामाजिक विभेदको अन्त्य गर्ने,

झ) परिवार नियोजन सेवा

छ) व्यक्तिगत तथा समुदायिक सरसफाइ र पोषण स्वास्थ्यको प्रवर्द्धन

माथि उल्लिखित क्षेत्रका अलावा बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्ने, लागू पदार्थको प्रयोगलाई नियन्त्रण वा व्यवस्थापन गर्ने, धुम्रपान-मद्यपानको प्रयोगलाई नियन्त्रण वा व्यवस्थापन गर्ने, बढ्दो क्रममा रहेको आत्महत्याको प्रयास वा घटनालाई न्यूनीकरण गर्ने, युवाहरूमा बढ्दो दीर्घ रोगको दरलाई न्यूनीकरण गर्ने, साङ्घातिक हमलाबाट हुने चोट पटक न्यूनीकरण गर्ने, असुरक्षित पेसा एवं व्यवसायमा लाग्न निरुत्साहित गर्ने जस्ता गतिविधिबाट हाल देखिएको युवाको स्वास्थ्य र विकासको क्षेत्रमा ठूलो योगदान पुग्नेछ ।

त्यसै गरी माथि उल्लिखित स्वास्थ्य कार्यक्रमको प्रवर्द्धन गर्न युवा मैत्री स्वास्थ्य शिक्षाको ठुलो भूमिका हुन्छ । त्यसका लागि सेवा प्रदायक, समुदायका अगुवा, परिवारका जिम्मेवार व्यक्ति लगायत स्वयं युवालाई केन्द्रित गरी विशिष्टीकृत स्वास्थ्य शिक्षाको तालिम अभिमुखीकरण तथा उपर्युक्त स्वास्थ्य सेवाको वातावरण बनाइ दिनु पर्दछ ।

यस क्रममा आम सञ्चार माध्यम लग(ायत सामाजिक सूचना सञ्जालहरू, स्वयंसेवी समूह (self-help group) आदिले सेवाग्राही युवालाई तथ्यपरक सूचना दिने मात्र नभई सेवाबाट बञ्चित भएकाहरूको अधिकार प्राप्तिका लागि सघाउन सक्छन् । विगतको दशकमा देशमा मोबाइल फोनका प्रयोगकर्ताहरू निकै बढेका परि प्रेक्ष्यमा यस प्रविधिलाई युवा स्वास्थ्यको सूचना तथा शसक्तीकरणमा प्रयोग गर्न सक्ने बलियो सम्भावना पनि रहेको छ ।

## हालका चुनौतीहरू

नेपालले युवाको सहभागितामा अघि सारेका क्षमता विकास कार्यक्रमहरूले केही मात्रामा भए पनि उनीहरूलाई स्वरोजगारी र समुदायमा नेतृत्वदायी भूमिका खेल्न प्रेरित गरेको छ । केही राम्रा सङ्केतका बाबजुत नेपालमा स्वास्थ्य व्यवस्थापक र सेवा प्रदायकहरूमा अझै पनि परम्परित जड सोच हटेको छैन । त्यसैको फलस्वरुप आज पनि सुरक्षित मातृत्व, विद्यालय स्वास्थ्य शिक्षा जस्ता कार्यक्रमलाई देखाउँदै युवा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी रहेको बताउने गरिन्छ । यसैलाई पनि उपलब्धि मान्दा स्वास्थ्य संस्थामा पूर्वयुवाहरूप्रति गरिने व्यवहारले सेवाग्राही प्रोत्साहित हुने स्थिति छैन । युवाका सरोकारका विषयलाई राज्यको कुनै एक वा बढी पक्ष सकारात्मक भएर मात्र पुग्दैन । यसका लागि सिङ्गै राज्य संयन्त्र नै सुसूचित र जिम्मेवार ढङ्गले परिचालित हुनु पर्दछ । त्यसमा पनि विशेषतः जीवन उपयोगी ज्ञान र सीपको अभिवृद्धि गर्ने सेवा, सूचना र क्षमताको विकास राज्य, समुदाय र परिवारबाट जुटाइदिनु पर्ने आवश्यकता हुन्छ ।

देश र समुदायले ख्याल गर्नुपर्ने अको गम्भीर पक्ष भनेको पूर्वयुवा अवस्थामा देखिन सक्ने जोखिमपूर्ण व्यवहार हो । एसियाका कतिपय

देशहरूमा हालैका केही दशकभित्र परम्परागत जीवन पद्धतिबाट आधुनिक जीवन पद्धतिमा फड्को मार्ने क्रममा त्यसको सबैभन्दा बढी प्रभाव र असर युवाहरूमा परेको पाइन्छ । यस सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानले पनि पूर्वयुवा अवस्थाका थुप्रै जनसङ्ख्या अस्वस्थ खानपिन, असुरक्षित पेसा , बढ्दो धुम्रपान, मद्य( पान, नशालु पदार्थको सेवन, असुरक्षित वा जो खिमपूर्ण यौन गतिविधिमा लागेको पाइन्छ। यसैका कारण कम विकसित देशमा व्यवहारजन्य गम्भीर रोग (प्रतिरोधात्क क्षमता ह्रास हुने ) बाट युवाहरू बढ्दो मात्रामा सङ्क्रमित वा प्रभावित हुँदै आएको पाइएको छ । देश विकासको क्रमसँगै अव सम्भ( ावित रूपमा आउने यस्तो अवस्थालाई समस्याका रूपमा विकसित भइसकेपछि समाधान खोज्नु निकै महँगो र असम्भवप्रायः हुन्छ । नेपाल त्यस गम्भीर मोडबाट अगाडि बढ्दै गरेको अवस्थामा राज्य तथा समुदायस्तरबाट परिवर्तित सामाजिक सांकृतिक अवस्थासँगै युवालाई राष्ट्र निर्माणमा उत्तरदायी बनाउने मूल ध्येयका साथ युवा केन्द्रित कार्यक्रमहरू ल्याउनु अत्यावश्यक भइसकेको छ । यहाँका कतिपय युवाहरू स्वास्थ्यका दृष्टिले खतर ाजन्य सङ्क्रमण र दुर्घटनाको सिकार भइरहेका छन् । त्यसको फलस्वरुप उत्पादनशील अवस्थामा अप( ाङ्गता हुने वा अरूमाथि भर परेर बाँच्नुपर्ने अवस्था हुनेहरूको जमात पनि बढ्दो क्रममा रहेको छ ।

हरेक राज्यका नीति तथा कार्यक्रमहरूको मुख्य उद्देश्य जनसङ्ख्याको परिवर्तन अस्वाभाविक नहोस् भन्ने नै रहेको हुन्छ । त्यसतर्फको एक कदमका रूपमा वैवाहिक अवस्थालाई व्यवस्थित गर्ने कार्यक्रमलाई लिन सकिन्छ। हालको नेपालको कानुनले पनि विवाहका लागि केटीको उमेर १८ र केटाको उमेर २१ वर्ष तोकेको छ । तर शि( क्षित र सहरका युवाहरू माझ बढ्दो क्रममा रहे को अविवाहित रहने चाहनाले उनीहरू परिवार वा समाजबाट टाढा रहने क्रम बढ्दै गएको छ । उनीहरूको यस किसिमको प्रवृत्तिको अर्को असर चाहिँ उनीहरू असामाजिक वा कानुनबाट वर्जित क्रियाकलापमा संलग्न हुने जोखिम पनि उच्च रहे को छ ।

सन् १९९० को सुरुतिरका अवस्थामा एसियामा अध्ययनमा लागेका युवाहरूको तुलनामा हाल आएर अध्ययन गर्ने युवाहरूको सङ्ख्यामा निकै वढोत्तरी भएको छ । यद्यपि दक्षिण पूर्वी एसियाली देश नेपालमा भने अझै पनि प्राविधिक (उच्च) शिक्षामा युवाहरूको पहुँच तुलनात्मक रूपमा कम छ । त्यसै गरी आधारभूत शिक्षामा विद्यार्थीको सङ्ख्या क्रमशः बढिरहेको अवस्थाले उच्च शिक्षामा अत्यधिक चाप बढाउनेछ । यस्तो प्रवृत्तिले राज्यहरूले शिक्षामा लगानी गरेको स्रो त साधनको सही उपयोग हुन नसक्ने वतर्मान अवस्थाले निरन्तरता पाउने साथै युवाको स्वास्थ्य तथा सामाजिक सुरक्षाको अवस्था कमजोर हुने क्रम निरन्तर चलिरहनेछ । देशको विष्फोटक शै क्षिक युवा जनशक्तिलाई थेग्न सक्ने रोजगारीको अवसर नभएकै कारण यहाँ लिङ्ग, जात र पहुँचका आधारमा सीमित व्यक्तिले अवसर पाइरहेका छन् । युवाहरू आत्मनिर्भर हुन चाहने प्रवृत्तिका कारण केही स्वरोजगारमा पनि संलग्न भइरहेका छन् तर त्यसका लागि आवश्यक पर्ने लगानी, बजार तथा आवश्यक प्रविधिको कारण त्यहाँ पनि आशातीत फाइदा नभइरहेको अवस्थाले अन्योलको अवस्था

सृजना भइरहेको छ ।

**समाधानका उपायहरू**

क्षमता र रुचि अनुसारको अवसर वा जिम्मेवारी दिँदा त्यसले युवाहरूलाई आफ्नो स्वास्थ्य र भविष्यप्रति आशावादी बन्न प्रेरित गराउँछ । यसका लागि सबैभन्दा ठुलो भूमिका परिवार, समाज र राज्यले खेल्नु पर्दछ । परिवारले बालक वा किशोरावस्थामा उनीहरूका जिज्ञासाहरूको सही जानकारी पाए भने उनीहरूले युवा अवस्थामा आउन सक्ने शारीरिक, मानसिक तथा संवेगात्मक आरोह अवरोहको उचित तरिकाले सामना गर्न सक्दछन् । त्यसका अलावा नेतृत्व विकासको अवसर दिँदा उनीहरूले धेरै कुरा सिक्दै र थप जोश र जाँगरका साथ काम गने ँ हौसला समेत पाउँछन् । यद्यपि यहाँ युवाका समस्याको समाधानका केही बुँदाहरू प्रस्तुत गरिएका छन् :

क) **सामाजिक तथा आर्थिक सबलीकरण** : आज पनि हाम्रा सामाजिक मान्यताहरू निकै सङ्कीर्ण खालका छन् । त्यसमा पनि महिलाहरूमाथि थुप्रै सामाजिक र आर्थिक चुनौतीहरू ब्याप्त छन् । यसको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध युवाको स्वास्थ्य र सामाजिक आर्थिक सबलीकरणसँग रहेको हुन्छ । पढेका मानिसलाई सेवाका क्षेत्रमा मात्र नभई उत्पादनका क्षेत्रमा समेत लाग्न प्रेरित गर्नु पर्दछ । देशको कृषि र परम्परागत ज्ञानलाई बचाई राख्न पनि पढेका युवाहरू उत्पादनका क्षेत्रमा आकर्षित हुनु जरुरी छ । छोरीहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाएर मात्र विवाह गर्ने सामाजिक परिपाटी बसाउन सकेमा उनीहरूमाथि हुनेगरेका कैयौं विभेदहरू स्वतः न्यूनीकरण भएर जानेछन् । हाम्रो समाजमा कतिपय युवाहरूमाथि अझै पनि विश्वासको अभाव छ जुन समाज परिवर्तनका लागि घातक हुन पुगेको छ ।

ख) **राजनैतिक तथा धार्मिक क्षेत्रको प्रयास** : राजनीतिले देशको शासन व्यवस्था सञ्चालन गरे झैँ धर्मले नैतिक एवं सामाजिक रीतिस्थिति बनाई राख्न ठुलो भूमिका खेल्दछ । तसर्थ नीति निर्माणमा युवाको सहभागिताले युवाका वर्तमान चुनौतीहरूको वस्तुपरक विश्लेषण हुनाका साथै तिनको  उचित समाधानका लागि पनि सहज परिस्थितिको निर्माण हुन्छ । त्यसका अलावा धार्मिक क्षेत्रले आफूमा रहेका परम्परागत जड धारणाहरूलाई समय सापेक्ष परिमार्जन गर्दै समाजमा व्याप्त असमानता र जातीय तथा लैङ्गिक विभेद न्यूनीकरण गर्न भूमिका खेल्न सक्छ ।

ग) **सूचना प्रविधिका माध्यमबाट स्वास्थ्य तथा सचेतना कार्यक्रममा युवाको पहुँच** : युवा भिजन २०२५ ले परिलक्षित गरे झैँ टेलिसेन्टर वा मोबाइलमा आधारित स्वास्थ्य तथा सबलीकरण कार्यक्रम सञ्चालन गरेर युवाको स्वास्थ्य सचेतना तथा सेवाको पहुँच बढाउन सकिन्छ । नेपालमा मोबाइलको पहुँच ८० प्रतिशतभन्दा बढी जनसङ्ख्यामा रहेको र त्यसमा पनि करिब २७ प्रतिशतमा इन्टरनेटको पहुँच भएबाट सूचना प्रविधिको प्रयोग निकै उपयोगी हुन सक्छ । त्यसका अलावा युवाहरूका बिच निकै लोकप्रिय सामाजिक सञ्जालहरू मार्फत स्वास्थ्य तथा सचेतना कार्यक्रममा सक्रियता बढ्नु पनि अत्यावश्यक छ ।

घ) **खेलकुद र मनोरञ्जनका माध्यमबाट**

**स्वास्थ्य तथा सामाजिक सुरक्षा** : युवाहरू खेलकुद र मनोरञ्जनका माध्यमबाट आफूलाई सक्रिय राख्न चाहन्छन् । खेलकुदले युवालाई अनुशासित बन्न र स्वस्थ्य रहन मदत गर्दछ भने मनोरञ्जनात्मक क्रियाकलापहरूले उनीहरूलाई कामप्रति लगन( शील बन्न सिकाउँछन् ।

**अन्त्यमा**

नेपाल सरकारले युवाहरूको शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक अवस्थाको विकास गर्दै राष्ट्र निर्माणमा समाहित गराउने लक्ष्यका साथ विभिन्न नीतिगत तथा व्यवस्थापकीय कार्य सम्पादन गर्दै आएको छ । यद्यपि सरकारी स्तरबाट थालनी गरिएका प्रयासहरू प्रर्याप्त र सोचे जस्तो प्रभावकारी नभएको हुन सक्छ । त्यसैले यसका लागि राज्यले युवाको सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारी र नीति निमार्णमा सहभागिता जस्ता नैसर्गिक अधिकारको प्रत्याभूति गर्ने वातावरण सृजना गर्न हाल आएर मात्र केही ठोस प्रयास गरेको पाइन्छ ।

देशको हालको अवस्थाको आँकलन गर्दा युवाहरूको स्वास्थ्य तथा सामाजिक सुरक्षाका सन्दर्भमा चार किसिमका चुनौतीहरू रहेको पाइन्छन् । यस्ता चुनौतीका असरहरू लिङ्ग, जात वा बसोवास गरेको क्षेत्रका आधारमा समेत फरक रहेको पाइन्छन् । पहिलो समस्याका रूपमा आयआर्जन वा श्रम बजारको अप्रर्याप्ततालाई लिन सकिन्छ । श्रम बजारमा रहेका युवाहरूले पनि सम्मानजनक किसिमले आफ्नो क्षमता र रुचिको काम गर्ने अवसर नपाउनुका साथै कामको उचित प्रतिफल पाउन नसकिरहेको अवस्था छ । दोस्रो समस्या भनेको जीवन उपयोगी ज्ञान सिप दिने शिक्षा वा तालिमको अप्रर्याप्तता हो । आज पनि दुर्गम स्थानका कैयौँ युवा कलेजस्तरको अध्ययनको अवसरबाट वञ्चित छन् । पढेका युवाहरू शिक्षित बेरोजगारका रूपमा परिवारमाथि आश्रित रहनु पर्दा उनीहरूमा मनोवैज्ञानिक रूपमा ठुलो दबाब परेको छ, । यसैका कारण हुन सक्छ युवाहरू अवाञ्छित कियाकलापमा संलग्न भएका घटनाहरू प्रशस्त सुन्न पाइन्छ । तेस्रो समस्या चाहिँ शारिरीक, बौद्धिक र सामाजिक रूपमा कमजोर, रोगको (जोखिम एवं व्यवहारका कारण सृजना हुने दीर्घरोग वा उत्पादकत्व न्यूनीकरण गर्ने प्रकृतिका) सङ्कमण भएका युवा लक्षित कार्यक्मको अप्रर्याप्तता हो । हरेक समाजमा यस्ता केही जनसङ्ख्या हुन्छन् जसलाई विशेष (सकारात्मक विभेद) कार्यक्रमहरूको आवश्यकता हुन्छ । तर हाम्रो समाजमा रहेका त्यस्तो अवस्थाका युवालाई लक्षित गरी सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी र विकासमा सहभागिताका थुप्रै काम गर्नु पर्ने बाँकी रहेको छ । चौथो समस्यमा भनेको प्रजनन स्वास्थ्य लगायत अन्य स्वास्थ्य सेवाको सहज र युवामैत्री वातावरणको प्रत्यभूति नहुनु नै हो । नेपालका परिप्रेक्ष्यमा जुन व्यक्तिलाई प्रजनन स्वास्थ्य तथा अन्य सेवाका बारेमा बढी जानकारी हुनु पर्ने हो तिनीहरूको ठुलो हिस्सा सामाजिक अवरोध वा सेवाको माग कम भएका कारण सेवाबाट विमुख भइरहेका छन् । फलस्वरुप आज पनि स्वास्थ्य तथा सामाजिक सुरक्षासँग सम्बन्धित राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रममा युवा लक्षित कार्यक्रमहरू निकै थोरै वा अप्रर्याप्त छन् ।

लामो समयदेखि थाती रहेका सामाजिक, सांस्कृतिक, आर्थिक तथा नीतिगत दिशाहीनताका कारण केही युवाहरूमा नैराश्यता, कुण्ठा वा भविष्यप्रतिको उदासीनता जस्ता दीर्घकालीन असर परेको हुन सक्छ । युवामा परेको यस किसिमको असरलाई जतिसक्दो चाँडो कम गर्नु वा समाप्त नै पार्नु राज्यका सामाजिक अङ्गहरूको मुख्य दायित्व हो । त्यसका लागि माथि उल्लिखित अवस्थालाई समयमै सम्बोधन गर्ने दिशामा कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्न सकेमा युवाको गरिबत्री विरुद्धको सङघर्षमा सफलता मिल्ने र त्यसको प्रभाव पोषण स्थितिमा सुधार लगायत सामाजिक सहकार्यमा सकारात्मक योगदान मिल्न सक्छ। साथै सामाजिक व्यवहार सुधारका कार्यक्रम मार्फत सामाजिक विसङ्गतिका रूपमा रहेका बाल विवाह, अपरिपक्व उमेरको गर्भधारण, जात, क्षेत्र वा लिङ्गका आधारमा हुने भेदभाव न्यूनीकरणमा कमी आई समाज वा राष्ट्रमा सकारात्मक ऊर्जा प्राप्त हुनेछ । यस किसिमको परिवर्तनका लागि हरेक युवाले आआफ्नो क्षेत्रबाट सकारात्मक प्रयास गर्नु पर्दछ अनि उनीहरूले गर्ने होस्टेमा परिवार, समाज र राष्ट्रले हैंसे गर्नु जरुरी छ ।

* **सहायक प्राध्यापक, समुदाय स्वास्थ्य विज्ञान विभाग, स्कूल अफ मेडिसिन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर नेपाल**

## सन्दर्भ सामग्रीहरू

राष्ट्रिय युवा नीति, २०७२, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

युथ भिजन २०२५ तथा दशवर्षे रणनितिक योजना, २०७२, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

Understanding Youth issues in selected countries in the Asian and Pacific Region, UNESCAP 2007

http://www.unescap.org/esid/psis/publications/YouthRep/Youth%20Report.pdf

Towards Adulthood: Exploring the Sexual and Reproductive Health of Adolescents in South Asia. Sarah Bott, Shireen Jejeenjoy, Iqbal Shah, Chander Puri. World Health Organization, 2003

Vulnerable Youth: Background and Policies. Adrienne L. Fernandes-Alcantara. Congressional Research Service. 2014. (www.crs.gov)

World Youth Report, Youth and Health Issues. 2003 (access on Jan 1, 2016 from http://www.un.org/esa/socdev/unyin/documents/ch04.pdf)

Youth Reproductive Health in Nepal: Is Participation the Answer? Sanyukta Mathur, Manisha Mehta, Anju Malhotra. Engender Health and Internal center for CRW. 2004.

Self-reported health: A study of older adults from a developing Country – Nepal.

Hom Nath Chalise, Tami Saito, Ichiro Kai. BioScience Trends

2007;1(2):102-107.

Adolescent and Youth Reproductive Health in the Asia and Near East Region: Status, Issues, Policies, and Programs. Karen Hardee, Pamela Pine, Lauren Taggart Wasson. 2004. POLICY Occasional Paper # 9. ISBN 0-9605196-9-6

Nepali Youth in Figures. Government of Nepal. Ministry of Youth and Sports. 2014

Adolescent and youth reproductive health in Nepal: status, issues, policies, and programmes. Kathmandu: Pradhan A, Strachan M. Policy Project, 2003. 18 p.

Adolescent and youth in Nepal in population monograph of Nepal 2000. Aryal R, Adhikary U. Kathmandu: National Planning Commission Secretariat, 2003. 352 p

UNDP youth strategy 2014-2017; Empowered Youth, Sustainable Future. United Nations Development Program, 2014

# आ^नै देशमा पनि धेरै थोक गर्न सकिन्छ

✍ रीता साह

सप्तरी राजविराज छेउछाउका केही युवाहरूले समूह बनाएर गाई पालन गर्ने योजना बनाएका थिए । उनीहरूले सुरुमा बिहारपुर भन्ने गाउँमा गाई पालन सुरु पनि गरेका थिए । पछि गएर तीमध्ये केही साथीहरू अलग भए, पढेलेखेका केही थप युवाहरू जोडिए । नयाँ शैलीबाट व्यावसायलाई अगाडि बढाउँदै भैंसी र माछा पालन पनि गर्न थाले । गाई र भैंसीबाट आ( एको दुध राजविराज बजारमा बिकी केन्द्र खोलेर बिकी गरेर अहिले उनीहरूले राम्रो आम्दानी गरिरहेका छन् । अहिले ती युवाहरू आत्मनिर्भर मात्र भएका छैनन्; दर्जनौँलाई जागिर दिनुका साथै धेरैका लागि प्रेरणाका स्रोत पनि बनेका छन् ।

सप्तरी सकरपुरा गाउँकी पार्वतीदेवी साहको कथा झनै रोचक छ । उनको पारिवारिक अवस्था अत्यन्त नाजुक थियो । साहुसँग ऋण काढेर उनले श्रीमान् सुवास साहलाई विदेश पठाइन् । तर श्रीमान् त्यहाँ पुगेर ठगिए । उनेले भनेजस्तो काम पाएनन् । उतै अलपत्र परेका थिए । यता ऋणको ब्याज बढ्दै गएपछि पार्वतीले आफ्नै २ कट्ठा क्षेत्रफल भएको बारीमा तरकारी खेती थालिन् । पहिलो पटक सप्रिएन । हरेश नखाई उनी एक तालिममा सहभागी भइन् । त्यसपछि अर्काको ५ कट्ठा जग्गा लिजमा लिएर तरकारी खेती गरिन् । अब भने खेती सप्रियो । अहिले १० बिघा जग्गामा तरकारी खेती गर्न भ्याएकी उनी जिल्लामै चर्चित महिला किसान बन्न पुगेकी छिन् । (स्रोत : नागरिक दैनिक, पुष ११, २०७२)

माथिका यी दुई उदाहरणहरू प्रतिनिधि मात्र हुन् । यस्ता सफलताका घटनाहरू हाम्रो समाजमा धेरै छन् । सप्तरी जिल्लामा मात्रै होइन, पहाड र हिमालमा पनि युवाहरू सङ्गठित र एकल रूपमा मिहिनेत गरेर आफ्नै देश गाउँ, ठाउँमा बसेर धेरै प्रगति गरेका छन् । पछिल्लो समयमा शिक्षित युवाहरू पनि कृषि क्षेत्रमा माछा पालन, गाई पालन, पाउलोनिया खेती, तरकारी खेती आदि गरेर राम्रो आम्दानी गरिरहेका उदाहरण पनि प्रशस्त भेटिएका छन् ।

तर अझै पनि नेपालका अधिकांश युवाहरूमा विदेसिने लहर नै चलेको छ । माओवादी द्वन्द्व सकिएपछि धेरै शिक्षित र अशिक्षित युवाहरू विदेसिए । पछिल्ला केही वर्षमा वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या अत्यधिक बढेको छ । यसरी विदेश जानेहरूमा धेरैजसो युवाहरू नै छन् । २०६८

सालको जनगणना अनुसार १९लाख २१ हजार चार सय चौरानब्बे अर्थात् कुल जनसङ्ख्याको ०.७६ प्रतिशत जनसङ्ख्याको उपस्थिति देशभित्र छैन जसमध्ये अधिकांश १५ देखि २४ वर्षका युवायुवतीहरू रहेका छन् । यसले लगभग २० लाख जनसङ्ख्या विदेसिएको पुष्टि गर्छ । जसमध्ये अधिकांश १५ देखि २४ वर्षका युवायुवतीहरू नै रहेका छन् । यसरी अनुपस्थित रहेकामध्ये लगभग ९० प्रतिशत वैदेशिक रोजगारमा गएको मानिन्छ ।

त्यस्तै वैदेशिक रोजगार विभागका अनुसार वैद्य अवैद्य तरिकाबाट विदेश पुग्नेहरूको सङ्ख्या ३० लाख रहेको छ जसमध्ये १० देखि १५ प्रतिशत महिला रहेको अनुमान छ । दैनिक करिब १ हजार ५ सय युवाहरू रोजगारका लागि मात्रै विदेश जाने गर्छन् । क्षेत्रगत हिसाबले हेर्दा सन् २०१३/२०१४ मा विदेश जानेहरूमध्ये ५०.४ प्रतिशत तराई, ४३.९ प्रतिशत पहाड र ५.७ प्रतिशत हिमाल रहेका छन् । (स्रोत : हिमाल, २०७१ पुष २७)

नेपाल राष्ट्र बैङ्कको २०६६/२०६७ को प्रतिवेदन अनुसार ५६ प्रतिशत नेपालीले कुनै न कुनै रूपमा विप्रेषण प्राप्त गर्छन् । प्रति घर परिवारले औसत रु. ८०,३४६ प्राप्त गरेको र विगत १५ वर्षका अन्तरालमा प्रतिव्यक्ति विप्रेषण रु. ६०५ बाट करिब १५ गुणाले वृद्धि भई रु. ९,२४५ पुगेको उल्लेख छ । त्यसै गरी हाल नेपालको कुल जनसङ्ख्याको ७ प्रतिशतभन्दा बढी जनसङ्ख्या विश्वका विभिन्न मुलुकमा रहेको तथ्याङ्कले देखाएको छ (केन्द्रीय तथ्याङक विभाग-२०१२ ) । यसरी रोजगारीका लागि विदेश जानेमध्ये निम्न( मध्यम परिवारका बढी छन् । त्यसमा पनि २० देखि ४४ वर्ष उमेर समूहका अदक्ष ७५ प्रतिशत, अर्धदक्ष २३ प्रतिशत र दक्ष २ प्रतिशत युवाहरू वैदेशिक रोजगारीमा गइरहेका छन् ।

विदेश जानेहरूमा केही रोजगारीका लागि गएका छन् भने केही अध्ययन गर्नका लागि गएका छन् भन् केही भने स्थायी बसोवास गर्ने उद्देश्यले जाने गरेका छन् । विदेश जानेहरूका पनि आआफ्नै सामाजिक एवम् आर्थिक पृष्ठभूमिले काम गरेका हुन्छन् । गाउँका निम्नमध्यम र मध्यम वर्गका युवाहरू प्रायःजसो खाडी मुलुक जान्छन् भने मध्यम र उच्च वर्गका युवाहरु जाप(ान, अष्ट्रेलिया, युरोप र अमेरिका जाने गर्छन् । खाडी मुलुक जानेहरू अधिकांश अदक्ष, अशिक्षित वा पढाइ नै पूरा नगरी जानेहरूको सङ्ख्या धेरै छ । उनीहरू प्रायः साहुसँग ऋण काढेर जाने गर्छन् । विदेश जानेहरू कतिपय रोजगारी नपाएर बाध्यताले जाने गर्छन् भने कतिपय अरूको देखासिकी गरेर लहैलहैमा जान्छन् ।

उच्च र मध्यम वर्गका युवाहरू अध्ययनका लागि विदेश जाने भए पनि उतै स्थायी रूपमा बसोवास गर्नेहरूको सङ्ख्या बढ्दो छ । जुनै ठाउँ वा वर्गका युवा भए पनि अहिल्यै विदेशिने लहर नै चलेको देखिन्छ । यसरी युवाहरूमा विदेशिने सोच बढ्दै जानुको मुख्य कारण बेरोजगारी, विद्यमान राजनीतिक अस्थिरता, गरिबी, पैसा कमाएर सुखद जीवनयापन गर्ने सोच तथा नयाँ अनुभव लिनु नै रहेका पाइन्छन् ।

यति धेरै युवा जनशक्ति विदेशिनु कुनै पनि देशका लागि शुभ सङ्केत भने होइन । यसले देशको समग्र अर्थतन्त्रमा दूरगामी असर

पार्नेछ । साथै यसले सामाजिक, सांस्कृतिक परम्परामा समेत असर पार्छ। पारिवारिक संरचन(ालाई हेर्दा पनि संयुक्तबाट एकल परिवारमा बस्ने परम्परा बढ्दै गएको छ। गाउँमा बस्ने दम्पतीहरू साहरमा गएर बस्ने, छोराछोरीहरूलाई महँगो स्कुलमा पढाउने तथा विलासिताका समानहरूको उपयोग गर्ने परम्परा बढेको छ जसले गर्दा विप्रेष(णबाट आएको धेरै पैसा यस्तै कुराहरूमा खर्च हुने गर्छ । नेपाल राष्ट्र बैङ्कको आ.व. २०६६/६७ को प्रतिवेदन अनुसार विप्रेषणबाट प्राप्त रकममध्ये दैनिक उपभोग्यका लागि ६९.९ प्रतिशत, ऋण चुक्ताका लागि ७.१ प्रतिशत, घर जग्गामा २.४ प्रतिशत, शिक्षामा ३.५ प्रतिशत र पुँजी निर्माणमा २.४ प्रतिशत खर्च हुने गर्दछ । यसले पनि के देखाएको छ भने विप्रेषणबाट प्राप्त आम्दनीको सही रूपमा उपयोग हुन सकेको छैन ।

परिवारका सदस्यको पलायनले घरपरिवार, समाज र संस्कृतिमा प्रभाव पर्छ। परिवारको कार्यबोझ पुरुषबाट महिलाम(ाथि थपिन्छ । गाउँघरतिर अचेल वृद्धवृद्धा र बच(चाहरू मात्रै हुने गर्दछन् । गाउँघर युवाविहीन हुँदै छ जसले गर्दा खेतबारी बाँझो हुनुका साथै कृषि कामदारको अभाव हुन थालेको छ । वृद्धवृद्धाको रेखदेख गर्ने मान्छेको पनि अभाव हुन थालेको छ। लामो समयसम्म श्रीमान् विदेशमा बस्दा परिवार टुक्रिँदै गएका र सामाजिक विकृति बढ्दै गएका घटनाहरू बढ्न थालेका छन् ।

वैदेशिक रोजगारमा रहेका युवाहरूले नेपालको अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याएकाले त्यसबाट तत्कालीन समस्या समाधान गरे जस्तो देखिए पनि यसले देश र समाजमा दूरगामी असर पारेको छ । युवाहरूमा पलायनमुखी प्रवृत्तिको विकास हुन पुगेको छ। आफ्नो जग्गा बाँझो राखेर अनि ऋण काढेर भए पनि युवाहरू पलायन हुनु राम्रो कुरा किमार्थ होइन । रोजगारीका लागि विदेसिएका युवाहरू फर्केर पनि आउने गर्छन् तर उच्चशिक्षा हासिल गर्न गएका अधिकांश युवाहरू उतै बस्ने गर्छन् । यसले गर्दा देशभित्र शिक्षित र सक्षम जनशक्तिको अभाव हुन थालेको छ । परिवारका सदस्यको पलायनले घर परिवारबाट समाज र संस्कृतिमा र सामाजिक संरचनामा पनि असर पर्न थालेको छ। सरकारी स्कुल सुनसान हुन थालेका छन् । ग्रामीण भेगमा शिक्षाको स्तर झनै खस्किँदो छ । पारिवारिक सम्बन्धमा पनि फाटो आउन थालेको छ ।

वैदेशिक रोजगारको जे जति नाकारात्मक प्रभाव रहे पनि हाम्रो देशको अर्थतन्त्र विप्रेषणले नै धानेको छ। यसले निम्नमध्यम वर्गका शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकताहरू सहजै पूरा हुँदो रहेछ । पुरुषहरू घरमा नहुँदा महिलाहरू आर्थिक र सामाजिक रूपमा शसक्त पनि हुँदा रहेछन् ।

विज्ञहरूका अनुसार विप्रेषणले चलेको देश बालुवाको घरजस्तै हुन्छ, जतिबेला पनि ढल्न सक्ने । उनीहरू ४० प्रतिशत युवा जनसङ्ख्या हुनु कुनै पनि देशका लागि धेरै राम्रो पक्ष हो भन्छन् । यो राष्ट्र निर्माणको महत्त्वपूर्ण अवसर पनि हो । यदि हामीले सही रूपमा यसलाई परिचालन गर्न सक्यौं भने देशले विकासको फड्को सजिलैसँग मार्न सक्छ। त्यसैले सरकारी पक्ष(ाबाट पनि युवाहरूका लागि स्वदेशमै रोजगारी,

शिक्षा तथा सुखद जीवनयापनको सुनिश्चिता हुनु आवश्यक छ । साथै युवाहरूले पनि आफ्नै देशमा धेरै थोक गर्न सकिन्छ भन्ने सकारात्मक सोच राख्नुपर्छ । देखासिखीमा पढाइ नै पूरा नगरी विदेशिने लहरलाई अन्त्य गर्नका लागि गाउँ केन्द्रित युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सरकारी तथा गैरसरकारी संस्थाहरूले पहल थाल्नु जरुरी छ । नेपाल कृषिप्रधान देश भएको हुनाले र अझै पनि देशको लगभग ८५ प्रतिशत जनसङ्ख्या गाउँमै बसोवास गर्छन् । तसर्थ युवाहरूलाई व्यावसायिक कृषि, पशुपालन तथा कृषिमा यान्त्रिकीकरण गरेर युवा पलायन हुनबाट रोक्न सकिन्छ । त्यसका लागि युवा लक्षित बजेट तथा कार्यक्रम मार्फत गाउँ केन्द्रित कार्यक्रम सञ्चालन गरेर युवालाई स्वरोजगार बनाउन सकिन्छ । त्यस्तै, युवाहरूले पनि आफ्नै गाउँठाउँमा बसेर देशकै लागि केही गर्ने सोचका साथ आगाडि बढ्नु पर्ने बेला आइसकेको छ ।

रीता साह

स्वतन्त्र लेखन एवं अनसन्धान कार्यमा संलग्न ।

शिक्षा : स्नातकोत्तर, समाजशास्त्र, त्रिविबाट ।

स्थायी ठेगानाः सप्तरी ।

हाल : काठमाडौँ

इमेल : sahritakumari@gmail.com